"लोकतन्त्र, शान्ति र राष्ट्रिय एकताका लागि"

नेपाल सरकार

शान्ति तथा पुनर्निर्माण मन्त्रालय

(मा.मन्त्रीस्तर) स्वीकृत राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक)

# निर्माण तथा व्यवस्थापन कार्यविधि-२०७३

एवं

# नेपाल सरकार मन्त्रीपरिषद्को

# मिति २०६४/२/११

# (सामाजिक समिति-२०६४/२/२८)

# र

# २०६९/१/४ को निर्णयानुसार

# स्वीकृत वन कार्ययोजना तथा

# अन्य सन्दर्भ सामग्रीहरू

**प्रकाशकः राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक)**

**पार्क निर्माण तथा व्यवस्थापन समिति,**

गोकर्णेश्वर न.पा.९, गोकर्ण, जगडोल, काठमाडौं

**सम्पादक मण्डलः**

| | |
|---|---|
| स्टेयरिङ्ग कमिटी संयोजकः | श्री सुर्दशन सिग्देल |
| स्टेयरिङ्ग कमिटी सदस्यः | श्री त्रिलोचन पौड्याल |
| स्टेयरिङ्ग कमिटी सदस्यः | श्री गोविन्द बहादुर श्रेष्ठ |
| स्टेयरिङ्ग कमिटी सदस्यः | श्री हरिकृष्ण श्रेष्ठ |
| स्टेयरिङ्ग कमिटी सदस्यः | श्री राजेश कुमार विष्ट |

**मुद्रणः कृपा प्रिन्टर्स**

**चाबहिल, फोन** : ४४८८३३३

# सीता देवी यादव

मन्त्री

## शान्ति तथा पुनर्निर्माण मन्त्रालय

प.सं.- ०७३।७४

च.नं.- ७१

नेपाल सरकार

फोन : ४२११०८९
फ्याक्स : ४२१११८६
४२११५५४
Web: www.peace.gov.np

निजी सचिवालय
सिंहदरबार, काठमाडौं ।


### शुभकामना



नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६४/०२/११ र सामाजिक समितिको मिति २०६४/०२/२८ को निर्णयबाट काठमाण्डौ जिल्ला साविक गोकर्णेश्वर, कपन, बालुवा, जोरपाटी गाविस (हाल गोकर्णेश्वर नगरपालिका र बुढानिलकण्ठ नगरपालिका) हरुको बीचमा अवस्थित यज्ञडोल (जगडोल) सामुदायिक वन क्षेत्रमा स्वीकृत वन कार्ययोजना अनुसार विगतमा चालिएका सबै प्रकारका आन्दोलन तथा ऐतिहासिक जनआन्दोलन २०६२/०६३ मा शहादत प्राप्त गर्नुहुने शहीदहरुको सम्झनामा शहीद पार्क निर्माण गर्ने र राष्ट्रिय वनमा राष्ट्रिय शहीद तथा निजामती पार्क निर्माण तथा ताप्लेजुङ्ग जिल्लाको घुन्सा हेलिकप्टर दुर्घटनामा मृत्युवरण गर्नुहुने २४ जना संरक्षणविद् एवं वन विज्ञहरुको सम्झनामा घुन्सा स्मृति स्मारक बनाउने घोषणा भएको छ ।

यस पृष्ठ भूमिमा सो क्षेत्रमा शहादत प्राप्त गर्नेहरुको स्मृति स्वरुप पार्क निर्माण कार्य भईरहेको अवस्थामा पार्क निर्माणका लागि राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) को कार्याविधि, २०७३ का साथै स्वीकृत वन कार्ययोजना बमोजिम पार्क निर्माणको क्रममा नेपाल सरकारले गरेका निर्णयहरु एवं सान्दर्भिक दस्तावेजहरु संकलन गरी पुस्तकको रुपमा प्रकाशन गर्न लागेकोमा मलाई अत्यन्त खुसि लागेको छ ।

यस प्रकाशनले पार्क निर्माण कार्यमा संलग्न हुने निकाय, जनशक्ति, उपभोक्ता एवं मन्त्रालय स्वयंका लागि समेत उपयोगी हुन भई निर्माण कार्यमा जनचासो बढने तथा निर्माण र आर्थिक स्रोत व्यवस्थापनमा समेत पारर्दशिता ल्याउन मद्दत पुग्न जानुका साथै आम नागरिक तथा शहीद परिवार प्रति केही न केही सम्मान पुग्ने विश्वास लिएको छु । निर्माण कार्यमा संलग्न राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) निर्माण तथा व्यवस्थापन समितिले आगामी समयमा अझ बढी सक्रियता देखाउन सक्नेछ भन्ने विश्वास व्यक्त गर्दै पार्क निर्माण कार्य र यस प्रकाशनमा संलग्न सबै प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

सीता देवी यादव

(सीतादेवी यादव)

मन्त्री

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
नेपाल सरकार
सिंहदरवार, काठमाडौं

**मा. शंकर भण्डारी**
**वन तथा भू-संरक्षण मन्त्री**

पत्र सं.:- 063/064
च. नं.:-

मिति: २०७३/१०/१२ गते



## शुभकामना

सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि जीवन बलिदान गर्नु हुने शहीदहरुको सम्मान स्वरुप काठमाडौं जिल्ला गोकर्णेश्वर, कपन, बालुवा र जोरपाटी गाउँ विकास समिति (हालको गोकर्णेश्वर नगरपालिका र बूढानिलकण्ठ नगरपालिकाहरु) को बीचमा अवस्थित यज्ञडोल सामुदायिक वन क्षेत्रमा पार्क निर्माण गर्ने कार्य आगाडि बढेकोमा अत्यान्त खुशी छु । यस पार्कको क्षेत्रमा विगतका बिभिन्न आन्दोलन तथा ऐतिहासिक जनआन्दोलनमा शहादत प्राप्त गर्नु भएका शहीदहरुको सम्झनामा शहीद पार्क, राष्ट्रिय शहीद तथा निजामती पार्क तथा ताप्लेजुङ्ग जिल्लाको घुन्सा हेलिकप्टर दूर्घटनामा मृत्युवरण गर्नु भएका २४ जना संरक्षणविद् एवं वन विज्ञहरुको सम्झनामा घुन्सा स्मृति स्मारकको निर्माणले पर्यापर्यटनको विकासमा ठूलो योगदान पुचाउने विश्वास लिएको छु ।

नेपाल सरकारले वि.सं.२०७१ देखि २०८० सम्मको दश वर्षलाई "वन दशक" घोषणा गरेको छ । वन दशक कार्यक्रमको लागि "एक घर एक रुख, एक गाऊँ एक वन, एक नगर अनेक उद्यान" को नारा तय गरी वन दशकको वार्षिक कार्यक्रम कार्यान्वयन भईरहेको छ । उक्त कार्यलाई समाजिक रुपमा वन र वातावरणको महत्व स्थापित गरी वन संरक्षण, प्रवर्धन र स्वच्छ वातावरणको पुनर्स्थापना एवं जर्गेना गर्ने उद्देश्यले आम नेपालीहरुलाई जागरुक गराई लग्ने कुरालाई पनि राष्ट्रिय शहीद तथा शान्ति पार्क(स्मारक) पार्क निर्माण तथा व्यवस्थापन समितिले सक्रियता लिएकोमा म समिति प्रति आभारी छु ।

अन्तमा, राष्टिय शहिद तथा शान्ति पार्कको स्वीकृत वन कार्ययोजना तथा पार्क ब्यबस्थापन कार्यायोजना एवं कार्यबिधि २०७३ लगायत नेपाल सरकारले गरेका निर्णयहरुको सङ्ग्रहित पुस्तकमा मेरा शुभकामना सन्देश प्रस्तुत गर्ने अवसर दिनु भएकोमा हार्दिक धन्यबाद दिन चाहन्छु ।

...................
शंकर भण्डारी
मन्त्री,
ने.का. केन्द्रीय सदस्य तथा
संसद सदस्य, तनहुँ क्षेत्र नं.१

मन्त्री
वन तथा भू-संरक्षण

मोबाईल नं.- ९८५१०७७४३९, निवास :- ५५५५६८८, ५५४२१४६, कार्यालय :- ४२११६६०, फ्याक्स नं. :- ४२११७८४

नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं, नेपाल

☎ [ कार्यालय: ४२११०३४
टेलिग्राम: "योजना"
फ्याक्स: ९७७-१-४२११७००
वेभसाईट: www.npc.gov.np
ईमेल: ksprasad@npc.gov.np

डा. कृपा सिन्धु प्रसाद
सदस्य


मिति: २०७२/१०/११

पत्र संख्या:- ६८१



## शुभकामना

शहीद स्वयं राष्ट्रका सम्पत्ति तथा भावी पुस्ताका निम्ति मार्गदर्शक हुने भएकाले शहीद प्रति श्रद्धा र सम्मान गर्नु हामी सम्पूर्ण नेपालीहरुको दायित्व र कर्तव्य हो । नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६४/०२/११ र सामाजिक समितिको मिति २०६४/०२/२८ को निर्णयबाट काठमाडौं जिल्ला साविक गोकर्णेश्वर, कपन, बालुवा, जोरपाटी गाविस (हाल गोकर्णेश्वर नगरपालिका र बूढानिलकण्ठ नगरपालिका) हरुको बीचमा अवस्थित यज्ञडोल ( जगडोल) सामुदायिक वन क्षेत्रमा स्वीकृत वन कार्ययोजना अनुसार ऐतिहासिक जनआन्दोलन ,शसस्त्र संघर्स,मधेश आन्दोलन, थारु आन्दोलन तथा जनजाती आन्दोलन लगायत सबै खालका आन्दोलनहरुमा शहादत प्राप्त गर्नुहुने शहीदहरुको सम्झनामा शहीद पार्क निर्माण गर्न लागेको थाहा पाउँदा अत्यन्त खुशी लागेको छ ।

नेपालका वीर अमर शहीदहरु हाम्रा ऊर्जा र प्रेरणाका स्रोत हुन् । शहीदहरुले देखाएको बाटो पहिल्याउँदै संघिय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास मार्फत दिगो शान्ति , सुशासन र आर्थिक समृद्धि हासिल गर्न तिर उन्मुख हुनु पर्ने छ । यसै सन्दर्भमा राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) पार्क निर्माण तथा व्यबस्थापन समिती मार्फत पार्क सञ्जाल विकास गरी केन्द्रिय पार्क, सहायक पार्क, प्रान्तीय पार्क, जिल्ला समिति र स्थानीय समितिहरु निर्माण भई मुलुक भरी नै शान्ति प्रवर्द्धनका लागि जल, जमिन र जंगललाई संरक्षण संवर्द्धन तथा उपयोग गरी पर्यापर्यटन विकाशमा समेत टेवा पुऱ्याउदै नेपाललाई संवृद्धि बनाउनु तथा मुलुक भित्रै रोजगारको सृजना गर्नु आफैंमा अत्यन्त अहम् र महत्वपूर्ण भूमिका भएको र त्यस तर्फ अग्रसर हुनु सकारात्मक र राम्रो भएकोले प्राथमिकता प्राप्त आयोजना पार्क समितिबाट सञ्चालन भएको देख्न पाउँदा अत्यन्तै खुशी लागेको छ ।

पार्क समितिले आफ्ना गतिविधिहरु, भावी योजनाहरुलाई आम नेपाली जनताहरुको बीचमा पुऱ्याउनका लागि संग्रहित सामग्रीहरु समावेश भई प्रकाशन भएको प्रस्तुत पुस्तकले सामाजिक उत्तरदायित्व वहन गर्न सफलता प्राप्त गरोस् भन्ने शुभकामना व्यक्त व्यक्त गर्दै शहीदले देखाएको बाटोमा हिँड्नु तपाईं हामी सबैको कर्तव्य भएकोले शहीद र राष्ट्रलाई सम्झेर कार्य गर्न सबैमा शुभकामना व्यक्त गर्दछु ।

.................................
डा.कृपा सिन्धु प्रसाद

नेपाल सरकार

# शान्ति तथा पुनर्निर्माण मन्त्रालय

प.सं. ०७३/०७४

च.नं.

सिंहदरबार, काठमाडौं

नेपाल ।

मिति : २०७३/१०/१२



## शुभकामना

विभिन्न समयमा भएका सवै प्रकारका आन्दोलन तथा ऐतिहासिक जनआन्दोलन २०६२/०६३ मा शहादत प्राप्त गर्नुहुने शहीदहरुको सम्झनामा काठमाण्डौ जिल्ला साविक गोकर्णेश्वर, कपन, बालुवा, जोरपाटी गाविस (हाल गोकर्णेश्वर नगरपालिका र बुढानिलकण्ठ नगरपालिका) हरुको बीचमा अवस्थित यज्ञडोल (जगडोल) सामुदायिक वन क्षेत्रमा स्वीकृत वन कार्ययोजना अनुसार शहीद पार्क निर्माण गर्ने र राष्ट्रिय वनमा राष्ट्रिय शहीद तथा निजामती पार्क निर्माण तथा ताप्लेजुङ्ग जिल्लाको घुन्सा हेलिकप्टर दुर्घटनामा मृत्युवरण गर्नुहुने २४ जना संरक्षणविद् एवं वन विज्ञहरुको सम्झनामा घुन्सा स्मृति स्मारक बनाउने गरी नेपाल सरकार मन्त्रिपरिषद्वाट मिति २०६४/०२/११ र सामाजिक समितिवाट मिति २०६४/०२/२८ मा घोषणा भएको छ ।

शहीद तथा शान्ति पार्कको गुरुयोजना अनुरुप निर्माण कार्यहरु गर्नका लागि व्यवसायीहरुको छनोट गरी निर्माण कार्यहरु भईरहेकोले अगामी समयमा निर्माण कार्यलाई थप गति दिनका लागि कार्यान्वयनमा संलग्न सवैपक्षले विशेष चासो दिई लक्ष्य प्राप्ति तर्फ उन्मुख हुनेमा विश्वास लिएको छु ।

यसै सन्दर्भमा शहादत प्राप्त गर्नेहरुको स्मृति स्वरुप पार्क निर्माण कार्य भईरहेको अवस्थामा पार्क निर्माणका लागि राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) को कार्यविधि, २०७३ का साथै स्वीकृत वन कार्ययोजना बमोजिम पार्क निर्माणको क्रममा नेपाल सरकारले गरेका निर्णयहरु एवं सान्दर्भिक दस्तावेजहरुलाई पुस्तकको रुपमा प्रकाशन गर्न लागेकोमा मलाई खुसि लागेको छ ।

यस प्रकाशनले पार्क निर्माण कार्यमा संलग्न हुने निकाय र निर्माण कार्यमा सहजता ल्याउन मद्दत पुग्ने विश्वास लिएको छु । शहीद तथा शान्ति पार्क निर्माण कार्यमा संलग्न राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) निर्माण तथा व्यवस्थापन समिति र यस प्रकाशनमा संलग्न सवै प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

सुमन प्रसाद शर्मा

सचिव

"शान्ति र शिक्षा : समृद्ध नेपालको अपेक्षा"

फोन नं. ४२११९८९, ४२११०८९, ४२११७७१, ४२११७७६, ४२११५५० फ्याक्स : ९७७-१-४२११९८६
Website: <www.peace.gov.np> E-mail: info@peace.gov.np

पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखि हुन
अपेक्षित छ ।

नेपाल सरकार

# वन तथा भू-संरक्षण मन्त्रालय

EX: पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाडौं

पत्र संख्या :-
चलानी नं.:- ६२९
प्राप्त पत्र संख्या र मिति :-

मिती : २०७२।११।११



# शुभकामना

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६४/०२/११ र सामाजिक समितिको मिति २०६४/०२/२८ को निर्णयबाट काठमाडौं जिल्ला साविक गोकर्णेश्वर, कपन, बालुवा, जोरपाटी गाविस (हाल गोकर्णेश्वर नगरपालिका र बूढानिलकण्ठ नगरपालिका) हरुको बीचमा अवस्थित यज्ञडोल (जगडोल) सामुदायिक वन क्षेत्रमा स्वीकृत वन कार्ययोजना अनुसार विगतमा चालिएका सबै प्रकारका आन्दोलन तथा ऐतिहासिक जनआन्दोलन २०६२/०६३ मा शहादत प्राप्त गर्नुहुने शहीदहरुको सम्झनामा शहीद पार्क निर्माण गर्ने र राष्ट्रिय वनमा राष्ट्रिय शहीद तथा निजामती पार्क निर्माण तथा ताप्लेजुङ्ग जिल्लाको घुन्सा हेलिकप्टर दुर्घटनामा मृत्युवरण गर्नुहुने २४ जना संरक्षणविद् एवं वन विज्ञहरुको सम्झनामा घुन्सा स्मृति स्मारक बनाउने घोषणा भए बमोजिम पार्क निर्माणका लागी राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) को दिगो व्यवस्थापनका लागि पुनः वन तथा भू-संरक्षण मन्त्रालययको प्रस्तावमा नेपाल सरका सामाजिक समितिको मिति २०६९/०१/०४ को निर्णय तथा स्वीकृत गुरुयोजना बमोजिम राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) पार्क निर्माण तथा व्यवस्थापन समितिको स्वीकृत वन कार्ययोजना तथा पार्क व्यवस्थापन कार्ययोजना र कार्यविधि-२०७३ बमोजिम नेपाल सरकार शान्ति तथा पुनर्निर्माण मनत्रालय (मा.मन्त्रिस्तर) को मिति २०७३/४/७ को निर्णयानुसार स्वीकृत भएकोले पार्कको दीगो व्यवस्थापन हुन्छ भन्ने कुरामा विश्वस्त छु । नेपालको भूधरातलीय संवेदनशिलता, वन र वातावरण बीचको अन्तरसम्बन्ध तथा नेपालको दिगो विकास र शान्तिका लागि वन र वातावरणको महत्वलाई दृष्टिगत गरी वि.सं.२०७१ देखि २०८० सम्मको दश वर्षलाई "वन दशक" घोषणा गरेको छ । वन दशक कार्यक्रमको लागि "एक घर एक रुख, एक गाऊँ एक वन, एक नगर अनेक उद्यान" को नारा तय गरी वन दशकको वार्षिक कार्यक्रम कार्यान्वयनमा यस समितिको भूमिका महत्वपूर्ण रहेकोले उक्त दस्तावेज सहितको संग्रह पुस्तकको प्रकाशन लागेको पुस्तकले मार्गदर्शकको रुपमा काम गर्नेछ भन्ने विश्वास लिँदै शुभकामना व्यक्त गर्दछु ।

..............................
डा. पेम नारायण कडेंल
नि. सचिव

सचिव: ४२११५६७, वातावरण: ४२११८९२, प्रशासन: ४२११८९१, योजना: ४२११९३६, अनुगमन: ४२११८६४, वैदेशिक : ४२११८६२, फ्याक्स : ४२११८६८

# अध्यक्षको कलम



सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात वीर अमर शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। शहीद स्वयं राष्ट्रका सम्पत्ति तथा भावी पुस्ताका निम्ति मार्गदर्शन हुने भएकाले शहीदप्रति श्रद्धा र सम्मान गर्नु हामी सम्पूर्ण नेपालीहरुको दायित्व र कर्तव्य हो । नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६४/०२/११ र सामाजिक समितिको मिति २०६४/०२/२८ को निर्णयबाट काठमाडौं जिल्ला साविक गोकर्णेश्वर, कपन, बालुवा, जोरपाटी गाविस (हाल गोकर्णेश्वर नगरपालिका र बूढानिलकण्ठ नगरपालिका) हरुको बीचमा अवस्थित यज्ञडोल (जगडोल) सामुदायिक वन क्षेत्रमा स्वीकृत वन कार्ययोजना अनुसार विगतमा चालिएका सवै प्रकारका आन्दोलन तथा ऐतिहासिक जनआन्दोलन २०६२/०६३ मा शहादत प्राप्त गर्नुहुने शहीदहरुको सम्झनामा शहीद पार्क निर्माण गर्ने र राष्ट्रिय वनमा राष्ट्रिय शहीद तथा निजामती पार्क निर्माण तथा ताप्लेजुङ्ग जिल्लाको घुन्सा हेलिकप्टर दुर्घटनामा मृत्युवरण गर्नुहुने २४ जना संरक्षणविद् एवं वन विज्ञहरुको सम्झनामा घुन्सा स्मृति स्मारक बनाउने घोषणा भए बमोजिम पार्क निर्माणका लागि राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) को बोलपत्र (Tender) प्रक्रियाबाट गुरुयोजनाले निर्दिष्ट ९ वटा प्याकेज मध्ये ५ वटा प्याकेज राष्ट्रिय शहीद तथा निजामती पार्क निर्माण आयोजनबाट निर्माण व्यवसायीहरुको छनौट एवं जनसहभागिता मार्फत निर्माण कार्य भईरहेको छ। निर्माण कार्य जुन गतिमा अगाडि बढ्नु पर्ने हो सो अनुसार बढ्न नसक्नुमा निर्माण व्यवसायी सम्बन्धि समस्या, बिनाशकारी महाभूकम्प-२०७२, अघोषित नाकाबन्दी लगायत अन्य विविध कारणहरुबाट पनि निर्माण कार्य लक्ष्य अनुसारको प्रगति हुन सकेको छैन । त्यसका बाबजुत पनि पार्कको दिगो व्यवस्थापनका लागि नेपाल सरकार मन्त्रिपरिषद् सामाजिक समितिको मिति २०६९/०१/०४ को निर्णय तथा स्वीकृत गुरुयोजना बमोजिम राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) पार्क निर्माण तथा व्यवस्थापन समितिको स्वीकृत वन कार्ययोजना तथा पार्क व्यवस्थापन कार्ययोजना तेस्रो संसोधन विधान २०७२ लाई द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजनाको संयोजनमा मिति २०७२/०८/०२ गतेको पत्र मार्फत संलग्न गरी शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा पेश भएकोलाई नेपाल सरकार (सचिव स्तर) को मिति

२०७२/०७/२९ गतेको निर्णयबाट राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) पार्क निर्माण तथा व्यवस्थापन समिति यज्ञडोल (जगडोल)को विधान २०६४, २०७२ को कार्यविधि मस्यौदा तयार बनाउन कार्यदल गठन गरी कार्यदलले तयार पारेको मस्यौदा कार्यविधि-२०७३ लाई नेपाल सरकार शान्ति तथा पुनर्निर्माण मनत्रालय (मा.मन्त्रिस्तर) को मिति २०७३/४/७ को निर्णयानुसार स्वीकृत भएको छ ।

कार्यविधी २०७३ एवं स्वीकृत वन कार्ययोजना बमोजिम मिति २०७७/२/११ गते भित्र समय सिमामा सहायक पार्कहरुको समेत निर्माण सम्पन्न गर्ने गरी नेपाल सरकार, राजनीतिकदलहरु, शहीद परिवारजन, घाइते वीर योद्धा र सरोकारवालाहरुले हाम्रो काँधमा जिम्मेवारी सुम्पिएकोले राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) केन्द्रिय पार्क भएकोले यस कार्यको बस्तुगत निर्णयहरुको सूचनामा सहज पहुँच पुगोस भन्ने उद्देश्यका साथ पार्क निर्माणको क्रममा उपलब्ध दस्तावेजहरुलाई पुस्तकको रुपमा बनाई आम नागरिक शहीद परिवारजनहरु, वीरयोद्धा घाइतेहरु र सम्बन्धित सवै सरोकारवालाहरुमा सार्वजनिकिकरण गर्नका लागि प्रस्तुत गरेको छु ।

नेपाल सरकार  मन्त्रिपरिषद् सामाजिक समितिको मिति २०६९/०१/०४ को निर्णयहरुको पालना गर्ने गरी पार्क (स्मारक) निर्माण प्रयोजनका लागी निर्णय फाईलमा संलग्न रहेको स्वीकृत डिजाईन, नापनक्सा र पार्क कार्ययोजना अनुसार हुने गरी वन क्षेत्रको जग्गा वन ऐन २०४९ को दफा ६७ र ६८ एवं वन क्षेत्रको जग्गा अन्य प्रयोजनका लागि उपलब्ध गराउने कार्यविधी २०६३ बमोजिम उक्त वन क्षेत्रको भूस्वामित्व नेपाल सरकारमा रहने गरी प्राथामिकता प्राप्त आयोजनालाई प्रयोग गर्ने मिती २०६९ जेष्ठ ३० गते वन विभाग, बबरमहल र राष्ट्रिय शहीद तथा निजामती पार्क निर्माण आयोजना ईकाई कार्यालय गोकर्ण काठमाडौं बिच भएको सम्झौता बमोजिम स्वीकृत पार्क कार्ययोजना अनुसार १० वटा सहायक पार्कहरु निर्माणका लागि नेपाल सरकारद्वारा स्वीकृत भएकोमा उल्लेखित पार्कहरु मध्ये प्रथम चरणमा ५ वटा सहायक पार्क निर्माणका लागि गत आ.व.२०७१/०७२ मा राष्ट्रिय शहीद तथा निजामती पार्क निर्माण आयोजनाबाट परामर्शदाता डिजिकोन इन्जिनियरिङ्ग कन्सल्टेन्ट प्रा.लि.लाई नियुक्त गरी गुरुयोजना तयार पार्ने कार्य संपन्न भई उक्त गुरुयोजनामा पार्कहरुको दिगो व्यवस्थापनका लागि राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) पार्क निर्माण तथा व्यवस्थापन समितिको तेस्रो संशोधन विधान २०७२ लगायत सहायक

पार्कहरुसँग सम्बन्धित नेपाल सरकारले गरेका निर्णयहरु लाई सहायक पार्कहरुको गुरुयोजनाका लागि महत्वपूर्ण अंश भएको र सम्बन्धित सामुदायिक वनहरुबाट सामुदायिक वन कार्ययोजनामा पार्क निर्माणका लागि समावेश भई सकेको हुँदा सहायक पार्क निर्माण एवं कार्यान्वयनका लागि आ.व २०७६/०७७ मा सहायक पार्कहरुको निर्माण कार्य सम्पन्न गर्नु पर्ने लक्ष्य लिइएको छ।

नेपालको भूधरातलीय संवेदनशिलता, वन र वातावरण बीचको अन्तरसम्बन्ध तथा नेपालको दिगो विकास र शान्तिका लागि वन र वातावरणको महत्वलाई दृष्टिगत गरी नेपाल सरकारले वि.सं.२०७१ देखि २०८० सम्मको दश वर्षलाई "वन दशक" घोषणा गरेको छ । वन दशक कार्यक्रमको लागि "एक घर एक रुख, एक गाऊँ एक वन, एक नगर अनेक उद्यान" को नारा तय गरी वन दशकको वार्षिक कार्यक्रम कार्यान्वयन भई रहेको छ । जिल्ला वन कार्यालयहरु मार्फत कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ। उक्त कार्यलाई समाजिक रुपमा वन र वातावरणको महत्व स्थापित गरी वन संरक्षण, प्रवर्धन र स्वच्छ वातावरणको पुनर्स्थापना एवं जर्गेना गर्ने उद्देश्यले आम नेपालीहरुलाई जागरुक गराई संलग्न गराउने विषय सरकारी निकायको सक्रियताले मात्र सफल हुन कठिनाई हुने महशुस भएकोले सहमति सहकार्यका साथ वृहत सामाजिक परिचालनको लागि व्यापक जन सहभागिता आवश्यक र अपरिहार्य हुन्छ । नेपालको सहर भित्रका आम नागरिक देखि निजि क्षेत्र, गैर सरकारी क्षेत्र र सरकारी क्षत्रेको समन्वयात्मक परिचालनबाट मात्र सफल हुन सक्दछ। वन र वातावरण प्रति जागरुक गैर आवसी नेपाली र नेपाल भित्रका शुभेच्छुकहरुको सहयोग पनि उत्तिकै महत्वपूर्ण हुन्छ । यसर्थ सम्पूर्ण सर्वसाधारण, सवै वर्ग, तहतप्का र सवै किसिमका नीजि वा गैर सरकारी संगठीत संस्था वा अन्य संघ, संस्था र सार्वजनिक निकायको परिचालनको लागि सामाजिक अभियान नै संञ्चालन गर्नु महत्वपूर्ण भूमिका भएकोले तत्कालिन वन विभागका महानिर्देशकज्यूको अध्यक्षतामा मिति २०७१/०७/०३ गतको बैठक बसी उक्त कार्यक्रमलाई प्रभावकारी रुपले अभियानकै रुपमा मनाउनका लागि राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक), गोकर्णका अध्यक्षज्यूको नेतृत्वमा समिति बनाई देश व्यापी रुपमा प्रचार प्रसार गरी यस महान कार्यक्रमलाई सफल बनाउने उद्देश्य लिएकोलाई वन तथा भू-संरक्षण मन्त्रालयका तत्कालीन श्रीमान् सचिव शरद चन्द्र पौडेलज्यू र राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक), पार्क निर्माण तथा व्यवस्थापन समितिको सहमतीमा भएको निर्णय अनुसार वन दशक सामाजिक अभियानमा लाग्नु हुने हरित सद्भावना दुत पहिचान गर्न पार्क समिति र वन विभागको मिति

२०७२/०३/०२ गतेको बैठकबाट प्रतिस्ठित व्यक्तिहरुलाई हरित सद्भावनादुत र हरित स्वयम सेवक  नियुक्त गर्न सिफारिसका लागि कार्यवीधि तयार भएको छ ।

नेपाल सरकार(सचिवस्तर) को मिति २०७२/०२/३१ गतेको निर्णयानुसार वन दशक सामाजिक अभियान कार्यक्रम (२०७१-२०८०) राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक)को नेतृत्वमा गत आ.व.२०७२/०७३ मा निजामति सेवा दिवस-२०७२ को अवसरमा मिती २०७२ भाद्र १९ गते नेपाल सरकारका मुख्य सचिव डा.सोमलाल सुवेदीज्यूको प्रमुख आतिथ्यता, वन मन्त्रालयका तत्कालिन श्रीमान् सचिव मधु प्रसाद रेग्मीज्यूको अध्यक्षता रहेको कार्यक्रममा राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) पार्क निर्माण तथा व्यवस्थापन समितिका अध्यक्षज्यूलाई वन दशक सामाजिक अभियानको झण्डा हस्तान्तरण गरी राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक)बाट वन दशक सामाजिक अभियानको स्तम्भको शिलान्यास समेत गरी मुलुक भरीनै वन दशक सामाजिक अभियानमा विभिन्न संघ संस्था एवं स्थानिय उपभोक्ता समितिहरुको सहभागितामा कार्यक्रमसञ्चालन भै रहेको छ । उक्त कार्यक्रमहरुलाई सम्पूण सरोकारवाला आम नेपाली जनताहरुमा सक्रिय सहभागिता एवं सफल पारिदिनुहुनका लागि हार्दिक अपिल गर्दछु ।

यस महान् कार्यमा सहयोग पुऱ्याउनु हुने राजनीतिक दलका नेतृत्वगणहरु, पूर्वप्रधानमन्त्रीज्युहरु, माननीय मन्त्रीज्यूहरु, माननीय सांसद् ज्यूहरु, नेपाल सरिकारका सम्बन्धित मन्त्रालयका प्रतिनिधिहरु, नागरिक समाज, अधिकारकर्मी, शहीद तथा घाइते परिवारजनहरु, पत्रकार मित्रहरु र स्थानीय जनता तथा वन प्रतिनिधि एवं एरिया संयोजकहरु प्रति विशेष धन्यवाद ! ज्ञापन गर्दै नेपाल सरकारले हाम्रो काधमा सुम्पेको जिम्मेवारी र सामाजिक दायित्व सफलतापूर्वक पूरा गर्ने प्रण गर्दछौं । नेपाल सरकार र अन्य निकायहरुबाट पार्क/स्मारक निर्माणको लागि प्राप्त आर्थिक एवं जिन्सी सहयोगलाई भरपर्दो रुपमा व्यवस्थापन गरी सामाजिक परिक्षण (Social Audit) गर्नेछौं ।

नेपाल सरकारको ऐन, नियम, निर्देशिका र कार्यविधि पालना गर्नु हाम्रो कर्तव्य हो । वीर अमर शहीदहरु हाम्रा ऊर्जा र प्रेरणाका स्रोत हुन् । शहीदहरुले देखाएको बाटो पहिल्याउँदै राष्ट्रियता, प्रजातन्त्र र समाजवादको संस्थागत विकास गरौं । जे अघिल्तिर छ, त्यसैसँग लड्नुनै चुनौति या अवसर हो जसले बाटो पनि देखाउँछ । त्यसबाट विजय पाउन हिड्न सक्नुनै हाम्रो विकास या सम्वृद्धि भएकोले पार्क सञ्जाल विकास गरी केन्द्रिय पार्क, सहायक पार्क, क्षेत्रिय पार्क, जिल्ला समिति र स्थानीय समितिहरु निर्माण भई मुलुक भरी नै शान्ति प्रवर्द्धनका

लागि र काठमाडौंको उत्तरी क्षेत्रमा हरियाली पार्क नै पार्कको शहर बनाउने हाम्रो लक्ष्य रहेकोले यस सामाजिक विकाशको अभियानमा अझ गतिशिल थप उर्जा प्रदान गर्दै जल, जमिन र जंगललाई संरक्षण संवर्द्धन तथा उपयोग गरी पर्यापर्यटन विकाशमा टेवा पुऱ्याउदै समृद्ध नेपाल बनाउनु, रोजगारको सृजना गर्नु हाम्रो दृढ संकल्प हो । साथै यस पुस्तक प्रकाशन गर्न दस्तावेजहरुलाई क्रमवद्ध बनाउन सहयोग गर्नुहुने सम्पादक मण्डल पार्क समिति स्टेयरिङ्ग कमिटीका सदस्यज्यूहरु, कार्यालयका कर्मचारीहरु तथा लेआउट, डिजाइन तथा प्रकाशनको लागि सहयोग गर्नुहुने कृपा प्रिन्टर्स, चावहिल प्रति धन्यवाद ज्ञापन समेत गर्न चाहन्छु ।

महान् वीर शहीदहरु अमर रहुन् !

शहीदहरुको सपना पूरा गर्ने प्रण गरौं !

वीर योद्धा घाइतेको सम्मान गरौं !

बेपत्ता भएकाहरुको परिवार प्रति सहानुभूति प्रकट गरौं !

संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गरौं

धन्यवाद !

**सुदर्शन सिग्देल**

अध्यक्ष

**राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक)**

**पार्क निर्माण तथा व्यवस्थापन समिति**

गोकर्णेश्वर न.पा-९, गोकर्ण, जगडोल, काठमाडौं

# विषय सूची

**खण्ड (क)**

**(पेज नं.१ देखि २२ सम्म)**

१. स्वीकृत कार्यविधि-२०७३

**खण्ड (ख)**

**(पेज नं. २३ देखि १६४ सम्म)**

नेपाल सरकार मन्त्रिपरिषद्का निर्णय एवं स्वीकृत वन कार्ययोजना

१. स्वीकृत विधान २०६४, तेश्रो संसोधित विधान २०७२

२. कर्मचारी (सेवा, सर्त) विनियम तथा आर्थिक विनियम

३. पार्क अध्ययन कार्यदलको प्रतिवेदन, शान्ति स्मारक निर्माण तथा शान्ति सम्मानको आवश्यकता, औचित्य र प्रक्रिया

४. राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) पार्क निर्माण तथा व्यवस्थापन समितिको कार्यकारी सारांश

५. जैविक विविधता वन तथा वातावरण, शैक्षिक सूचना

६. आई.ई.ई. प्रतिवेदन स्वीकृत कार्यकारी सारांश

**खण्ड (ग)**

**(पेज नं. १६५ देखि १७५ सम्म)**

१. वन दशक कार्यक्रम (२०७१-२०८०)

**खण्ड (घ)**

**(पेज नं. १७६ देखि १८५ सम्म)**

१. खेलकुद ग्राम

# खण्ड (क)
# स्वीकृत कार्यविधि-२०७३

नेपाल सरकार

# शान्ति तथा पुनर्निर्माण मन्त्रालय

प.सं. ~ ६३/६४
च.नं. ०२

सिंहदरबार, काठमाडौं
नेपाल ।

मितिः-२०७३।४।७

श्री राष्ट्रिय शहिद तथा शान्ती पार्क (स्मारक),
पार्क निर्माण तथा व्यवस्थापन समिति,
गोकर्णेश्वर न.पा २ जगडोल, काठमाण्डौ ।

**विषयः-कार्यविधि पठाएको ।**

राष्ट्रिय शहिद तथा शान्ती पार्क (स्मारक) निर्माण तथा व्यवस्थापन कार्यविधी, २०७३ नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०७३।४।७ को निर्णयानुसार स्वीकृत भएकोले आवश्यक कायार्थ यसै साथ संलग्न गरी पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध गरिन्छ ।

(चन्द्रकान्त पौडेल)
उपसचिव

**बोधार्थः-**
श्री द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजना,
तिनकुने, काठमाण्डौ ।

"शान्ति र शिक्षा : समृद्ध नेपालको अपेक्षा"

फोन नं. ४२११९८९, ४२११०८९, ४२१११७१, ४२१११७६, ४२११५५० फ्याक्स : ९७७-१-४२१११८६
Website: <www.peace.gov.np> E-mail: info@peace.gov.np

नेपाल सरकार (मा.मन्त्रिस्तर) बाट स्वीकृत भएको मिति २०७३।४।०७

## राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) निर्माण तथा व्यवस्थापन कार्यविधी,२०७३

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०६४।२।११ को निर्णय र सामाजिक समितिको मिति २०६४।२।२८ को निणर्य अनुसार काठमाण्डौ जिल्ला गोकर्णेश्वर १ मा अवस्थित यज्ञडोल (जगडोल) सामुदायिक वन क्षेत्रमा रहेको २० हेक्टर क्षेत्रमा स्वीकृत वन कार्ययोजना अनुसार शहिदहरुको संझनामा शहिद पार्क घोषणा गरिएको र उक्त सामुदायिक वन क्षेत्रको दक्षिण तर्फ रहेको संपूर्ण राष्ट्रिय वनलाई निजामती पार्क घोषणा गर्ने, ताप्लेजुङ जिल्लाको घुन्सामा हेलिकप्टर दुर्घटनामा परेका स्वदेशी तथा विदेशी विशिष्ट २४ जना व्यक्तिको संझनामा स्मृती स्मारक वनाउने र उक्त निर्णयमा उल्लेखित पार्कहरुको Master Plan तयार गर्न भौतिक योजना तथा निर्माण मन्त्रालय र वन तथा भू संरक्षण मन्त्रालय लाई जिम्मेवारी दिने समेतको निर्णय भएको सन्दर्भमा राष्ट्रिय योजना आयोगको मिति २०६५-३-१७ को निर्णय वाट उक्त गुरुयोजना स्वीकृत भएको र उक्त आयोजना राष्ट्रिय प्राथमिकता प्रप्त आयोजना भएकोले उल्लेखित निर्णयहरुको प्रभावकारी कार्यान्वयन र कार्य सिघ्र रुपमा सम्पन्न गर्नकोलागि मन्त्रालयले यो कार्यविधि तर्जुमा गरेको छ।

१.**संक्षिप्त नाम र प्रारम्भ:** (१) यस आदेशको नाम "राष्ट्रिय शहिद तथा शान्ति पार्क (स्मारक) निर्माण तथा व्यवस्थापन कार्यविधी, २०७३" रहेको छ।

(२)यो कार्यविधी मन्त्रालयवाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) **"समिति"** भन्नाले दफा ५ वमोजिम गठित राष्ट्रिय शहिद तथा शान्ति पार्क (स्मारक) निर्माण तथा व्यवस्थापन समिति सम्झनुपर्छ।

(ख) **"बोर्ड"** भन्नाले दफा १० वमोजिम गठित निर्देशन बोर्ड सम्झनुपर्छ।

(ग) **"पार्क क्षेत्र"** भन्नाले काठमाडौ जिल्ला, गोकर्णेश्वर नगरपालीका वडा नं.९ यज्ञडोल (जगडोल) स्थित सामुदायिक तथा राष्ट्रिय वन क्षेत्रमा निर्माणगरिने राष्ट्रिय शहिद तथा शान्ति पार्क (स्मारक), निजामति पार्क, संग्रहालय, सामुदायिक केन्द्र र मनोरञ्जन केन्द्रको निर्माण तथा व्यवस्थापनको लागि नेपाल सरकार शान्ति तथा पुनर्निर्माण मन्त्रालयको मिति २०६८-२-०५ को निर्णय अनुसार छुट्याईएको क्षेत्र सम्झनु पर्छ।

1

(घ) **"सहायक पार्क"** भन्नाले पार्क क्षेत्र वाहेक अन्य स्थानमा निर्माण गरिने सहायक पार्क, खेलकुद ग्राम तथा मनोरञ्जन केन्द्र सम्झनु पर्छ ।

(ङ) **"परियोजना"**भन्नाले मन्त्रालय अर्न्तगतको द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजना सम्झनु पर्छ ।

(च) **"कर्मचारी"** भन्नाले समितिको कर्मचारी सम्झनु पर्छ ।

(छ) **"इकाई कार्यालय"** भन्नाले राष्ट्रिय शहिद तथा निजामती पार्क आयोजना इकाई कार्यालय सम्झनु पर्छ ।

(ट) **"मन्त्रालय"** भन्नाले शान्ति तथा पुर्ननिर्माण मन्त्रालय सम्झनु पर्छ ।

३. **भौतिक संरचनाको निर्माण तथा व्यवस्थापनः**(१) पार्क क्षेत्र भित्र अनुसुचि-१ वमोजिम नेपाल सरकारको निर्णय र पार्क गुरुयोजना अनुसार समितिले निर्माण कार्य गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम भौतिक संरचनाको निर्माण सम्पन्न भएपछि समितिले मन्त्रालय समक्ष निर्माण सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) वमोजिम प्राप्त प्रतिवेदन मन्त्रालयले नेपाल सरकार मन्त्रिपरिषद समक्ष पेश गर्नेछ ।

(४) यस दफा वमोजिम निर्माण गरिने भौतिक संरचनाको लागि आवश्यक पर्ने प्राविधिक परामर्श प्रदान गर्ने तथा निर्माणको सुपरिवेक्षण गर्ने कार्य इकाई कार्यालयबाट हुनेछ ।

४. **कार्ययोजना तयार गर्नुपर्ने** : (१) दफा ३ वमोजिमको भौतिक संरचना निर्माण गर्दा समितिले कार्ययोजना तयार गरी स्वीकृतिका लागि वोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

(३) समितिले कार्ययोजना पेश गर्दा वोर्डले दिएको निर्देशन, पार्क निर्माण गुरुयोजना, नेपाल सरकारको निर्णय तथा मन्त्रालयले दिएको निर्देशन समेतलाई आधार मान्नु पर्नेछ ।

५. **समितिको गठनः** (१) पार्क क्षेत्र भित्र निर्माण गरिने काम कारवाही सुचारु रुपले सञ्चालन व्यवस्थापनको लागि देहाय वमोजिमको राष्ट्रिय शहिद तथा शान्ति पार्क (स्मारक) निर्माण तथा व्यवस्थापन समिति रहने छ :-

| | |
|---|---|
| (क) मन्त्रालय वाट मनोनित व्यक्ति | -अध्यक्ष |
| (ख) स्वीकृत वन कार्ययोजना अनुसार सचिवालय व्यवस्थापन समितिका एघार जना सदस्य | -सदस्य |
| (ग) अध्यक्ष वाट मनोनित पाचँ जना | -सदस्य |
| (घ) इकाई कार्यलय प्रमुख | -सदस्य सचिव |

(२)यो कार्यविधी स्विकृत हुँदाका बखत कायम रहेको खण्ड (क) बमोजिमको अध्यक्ष यसै कार्यविधी बमोजिमको अध्यक्ष मानिनेछ ।

(३) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमका सदस्यहरु अनुसुचि-२ मा उल्लेख भए वमोजिम हुनेछन ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि मन्त्रालयले आवस्यकता अनुसार समितिको अध्यक्ष तथा सदस्यमा हेरफेर तथा थपघट गर्न सक्नेछ ।

(५) समितिले आवश्यक ठानेमा कुनै विज्ञलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ।

(६) समितिको सचिवालयको कार्य इकाई कार्यालयबाट सम्पादन हुनेछ ।

६. **समितिको काम कर्तव्य तथा अधिकार:** नेपाल सरकारका निर्णय तथा यस कार्यविधिको अधिनमा रही समितिको काम कर्तव्य तथा अधिकार देहाय वमोजिम हुनेछ ।

(क) पार्क क्षेत्र भित्र गुरु योजना वाहेक आन्तरिक श्रोत तर्फको भौतिक संरचनाको निर्माण, विकास, संरक्षण तथा व्यवस्थापनको लागि आवश्यक पर्ने नीति, नियम,वजेट तथा कार्यक्रम वनाई स्वीकृतिको लागि वोर्ड समक्ष पेश गर्ने,

(ख) समितिको लागि आवश्यक पर्ने विनियमावलीको तर्जुमा गरी स्वीकृतिको लागि वोर्ड समक्ष पेश गर्ने,

(ग) पार्क भित्र मनोरञ्जन क्षेत्र निर्धारण गरी सो क्षेत्रमा वनभोजको लागि आवश्यक पूर्वाधार तथा सेवा सुविधाको व्यवस्था गर्ने,

(घ) पार्क क्षेत्र भित्र अन्य भौतिक पूर्वाधारको विकास एवं सरसफाईको व्यवस्था गर्ने,

(ङ) पार्क भित्रको वन जंगलको रेखदेख, संरक्षण, व्यवस्थापन तथा वृक्षारोपण गर्ने,

(च) पार्क क्षेत्र भित्र प्रवेश गर्दा लाग्ने प्रवेश शुल्क तथा पार्कमा समितिले उपलब्ध गराएको सेवा सुविधा उपयोग गरे बापत लिईने सेवा शुल्कअसुल उपर गर्ने,

(छ) शहीदहरूको स्मृतिमा निर्माण तथा स्थापना भएका अन्य स्मारक तथा पार्क सञ्चालन गर्ने व्यक्ति वा निकायसँग आवश्यकता अनुसार स्थानिय शान्ति समिति सँग समन्वय गर्ने,

(ज) पार्क क्षेत्र भित्रको सामुदायिक वनबाट प्राप्त हुने आय स्वीकृत वन कार्ययोजना तथा विधान वमोजिम यज्ञडोल (जगडोल) इलाका वन कार्यालय,चण्डेश्वरी इलाका वन कार्यालय र लप्सी फेदी इलाका वन कार्यालय अन्तर्गतका सहायक पार्क तथा सम्वन्धित सामुदायिक वन हरुको संरक्षण र व्यवस्थापनको लागि सदुपयोग गर्ने,

(झ) पार्क क्षेत्रको संरक्षण र विकासको लागि आवश्यक पर्ने अन्य भौतिक, प्राविधिक तथा आर्थिक श्रोतको व्यवस्था गर्ने,

(ञ) पार्क क्षेत्रका सम्वन्धमा वोर्ड तथा मन्त्रालयको निर्णय तथा निर्देशनको कार्यान्वयन गर्ने, गराउने,

(ट) समितिको उदेश्य पूर्तिको लागि अन्य कार्य गर्ने, गराउने ।

3

७. **समितिको बैठक सम्वन्धि कार्यविधि:** (१) समितिको बैठक कम्तीमा महिनाको एक पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा वस्नेछ ।

(३) समितिको बैठक बस्ने सूचना समितिको सदस्य सचिवले बैठक बस्नु भन्दा कम्तीमा तीन दिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको एकाउन्न प्रतिशतभन्दा वढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैंठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिले कुनै विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको निर्णय अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(९) समितिको बैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **अध्यक्षको सुविधा** : (१) अध्यक्ष समितिको पूर्णकालिन कार्यकारी प्रमुख हुनेछ ।

(२) अध्यक्षले नेपाल सरकारको विशिष्ट श्रेणीको अधिकारी सरहको पारिश्रमिक तथा सुविधा स्वीकृत वन कार्ययोजना तथा विधानमा उल्लेख भए अनुसार पाउने छ ।

९. **अध्यक्षको काम, कर्तव्य तथा अधिकार:** अध्यक्षको काम, कर्तव्य तथा अधिकार देहाय वमोजिम हुनेछ,-

(क) समितिको प्रशासकिय प्रमुखको हैसियतले दैनिक कार्य सञ्चालन गर्ने, गराउने,

(ख) वोर्डको अध्यक्षको निर्देशानुसार वोर्डको बैठक आव्हान गर्ने,

(ग) वोर्डको वैठक समक्ष पेश गर्नु पर्ने एजेण्डा तयार गर्ने,

(घ) वोर्डको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ङ) समितिको कार्यक्षेत्रभित्रको विषयमा वार्षिक वजेट, योजना तथा कार्यक्रम तयार गरी स्वीकृतिको लागि वोर्ड समक्ष पेश गर्ने,

(च) पार्क क्षेत्र भित्र गुरु योजना अनुसारको निर्माण तथा व्यवस्थापन कार्य भए नभएको विषयमा निरिक्षण तथा अनुगमन गर्ने,

(छ) समितिको आयव्ययको औचित्यता, मितव्ययिता, उपयुक्तता र पारदर्शिता अपनाई सञ्चालन गर्ने गराउने,

(ज) वोर्ड तथा मन्त्रालयले तोके वमोजिमका अन्य काम गर्ने, गराउने ।

१०. **बोर्डको गठन** : समितिको काम कारवाहीमा सहजीकरण गर्न देहाय वमोजिमका व्यक्तिहरु रहेको वोर्ड रहनेछ ।

(क) शान्ति तथा पुनर्निर्माण मन्त्री/ राज्यमन्त्री - अध्यक्ष

4

(ख) समितिको अध्यक्ष - उपाध्यक्ष

(ग) सहसचिव, गृह मन्त्रालय - सदस्य

(घ) सहसचिव, संघिय ममिला तथा स्थानीय विकास मन्त्रालय - सदस्य

(ङ) सहसचिव, अर्थ मन्त्रालय - सदस्य

(च) सहसचिव, वन तथा भू-संरक्षण मन्त्रालय - सदस्य

(छ) सहसचिव, शान्ति तथा पुनर्निर्माण मन्त्रालय - सदस्य

(ज) सहसचिव, सामान्य प्रशासन मन्त्रालय - सदस्य

(झ) सहसचिव, युवा तथा खेलकुद मन्त्रालय - सदस्य

(ञ) सभापति, जिल्ला विकास समिति, काठमाडौं - सदस्य

(ट) गुरुयोजनाको संस्थागत संरचनामा रहेको Steering committee का सदस्यहरु - सदस्य

(ठ) प्रमुख, गोकर्णेश्वर नगरपालिका - सदस्य

(ड) परियोजना प्रमुख - सदस्य सचिव

११. **बोर्डको काम, कर्तव्य र अधिकार** : बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) पार्कको गुरु योजना अनुसार निर्माण, सञ्चालन तथा व्यवस्थापनको सम्वन्धमा नीति निर्माण गर्ने,

(ख) समितिको वार्षिक वजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(ग) पार्क क्षेत्र भित्र लगाईने कर दस्तुरको दर निर्धारण गर्ने,

(घ) पार्कको निर्माण र व्यवस्थापनको सम्वन्धमा समितिबाट भए गरेका काम कारवाहीको समीक्षा गरी आवरश्यक निर्देशन दिने,

(ङ) समितिको लेखापरिक्षण प्रतिवेदन उपर छलफल तथा अनुमोदन गर्ने,

(ङ) पार्क क्षेत्रको विकासको लागि अन्य आवश्यक निर्णय गर्ने ।

१२. **बोर्डको बैठकः** (१) वोर्डको बैठक कम्तीमा तीन महिनाको एक पटक बस्नेछ ।

(२) वोर्डको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा वस्नेछ ।

(३) वोर्डको बैठक बस्ने सूचना वोर्डको सदस्य सचिवले बैठक बस्नु भन्दा कम्तीमा तीन दिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) वोर्डको कुल सदस्य संख्याको एकाउन्न प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) वोर्डले कुनै विज्ञलाई वोर्डको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) वोर्डको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(७) वोर्डको बैठक सम्वन्धी अन्य कार्यविधि वोर्ड आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१३. **समितिको वजेट** :(१) समितिको लागि आवश्यक वजेटको व्यवस्था नेपाल सरकारले गरेको निर्णयका आधारमा हुनेछ ।

(२) उपदफा (१) वमोजिमको वजेटका अतिरिक्त समितिको कार्य सञ्चालनको लगि आवश्यक रकम देहाय बमोजिमका स्रोतबाट व्यहोरिनेछ :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्था, विदेशी सरकार वा दातृ निकायबाट सहयोग स्वरुप प्राप्त हुने रकम,

(ग) समितिले उपलब्ध गराएको सेवा सुविधामा लगाईने शुल्क बापत प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि समितिले नेपाल सरकारको पूर्व स्वीकृत लिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको समितिको नाममा रहने रकम वोर्डले तोकेको बैंक तथा वित्तिय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम वित्तिय कारोबार गर्न स्थापना भएको "क" वर्गको इजाजत प्राप्त कुनै बैंकमा खाता खोली जम्मा गर्नुपर्नेछ ।

(५) समितिको नामबाट गरिने खर्च उपदफा (२) बमोजिमको बजेटस्रोतबाट व्यहोरिनेछ ।

(६)समितिको आर्थिक प्रशासन सम्वन्धी कार्य सञ्चालन नेपाल सरकारको प्रचलित कानून वमोजिम हुनेछ ।

(७)समितिको आर्थिक कारोवरको लेखा परिक्षण नेपाल सरकारवाट मान्यताप्राप्त दर्तावाला लेखापरिक्षक बाट हुनेछ ।

(८) समितिले उपदफा (६) बमोजिमको लेखा परिक्षण प्रतिवेदन एक प्रति मन्त्रालयमा पेशगरी एक प्रति सार्वजनिक समेत गनुपर्नेछ ।

(९) समितिले आफ्नो बार्षिक कार्यक्रम तथा चौमासिक खर्चको विवरण सार्वजनिक रुपमा प्रकासन गर्नुपर्नेछ।

१४. **कर्मचारी सम्वन्धी व्यवस्था** : (१) समितिमा आवश्यक सङ्ख्यामा कर्मचारीहरू रहनेछन् ।

(२) समितिका कर्मचारीको पारिश्रमिक एवं अन्य वजेट खर्च समितिले आफ्नै स्रोतबाट व्यहोर्नेछ ।

(३) समितिमा अर्थ मन्त्रालयको पूर्व स्वीकृति नलिई नेपाल सरकारलाई आर्थिक व्ययभार पर्ने गरी कर्मचारी नियुक्त गर्न सकिने छैन ।

(४) समितिका कर्मचारीहरूको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवा शर्तहरू विनियमावलिमा उल्लेख भए बमोजिम हुनेछ ।

१५ <u>उपसमिति तथा कार्यदलको गठनः</u> (१) समितिले विभिन्न स्थानहरुमा सहायक पार्कहरुको व्यवस्थापन र सञ्चालनको लागि वोर्डको स्वीकृती लिई आवश्यकता अनुसार विभिन्न उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यदलको अन्य काम, कर्तव्य, र अधिकार वोर्डले तोकिदिए बमोजिम हुनेछ ।

(३) सहायक पार्कको सञ्चालन तथा व्यवस्थापन सम्वन्धी अन्य व्यवस्था वोर्डले तोकिदिए बमोजिम हुनेछ ।

१६. <u>बैठक भत्ताः</u> वोर्ड, समिति तथा दफा १५ वमोजिम गठिन उपसमिति वा कार्यदलका सदस्यहरुले आ-आफ्नो कामको सिलसिलामा बैठकमा भाग लिए बापत नेपाल सरकारले तोके वमोजिम बैठक भत्ता पाउनेछन् ।

१७. <u>अधिकार प्रत्यायोजनः</u> समितिले आफुलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य वा दफा १५ वमोजिम गठित उपसमिति वा कार्यटोली वा समितिको कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१८. <u>निर्देशन दिन सक्ने</u> : (१) मन्त्रालयले समितिद्वारा गरिने काम कारवाहीको सम्वन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१९. <u>कार्यविधिको व्याख्या र संशोधनः</u> यस कार्यविधिको व्याख्या र संशोधन मन्त्रालयबाट हुनेछ ।

२०. <u>बचाउ</u> यो कार्यविधी प्रारम्भ हुनुपूर्व राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) निर्माण सचिवालय व्यवस्थापन समितिको नामबाट गरिएको कामकारवाही यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

## अनुसूची - १

### (दफा ३(१) सँग सम्बन्धित)

(१) काठमाण्डौ जिल्ला गोकर्णेश्वर - १ मा अवस्थित यज्ञडोल (जगडोल) सामुदायिक वन क्षेत्र भित्र राष्ट्रिय शहिद तथा शान्ति पार्क घोषणा गर्ने सम्वन्धी मिति २०६४/०२ /२८ को नेपाल सरकार मन्त्रिपरिषदको निर्णय ।

(२) नेपाल सरकार मन्त्रिपरिषदको मिति २०६९/०१/०४ को निर्णय अनुसारको स्वीकृत वन कार्ययोजना ।

(३) शान्ति तथा पुनर्निर्माण मन्त्रालय (मा.मन्त्रीस्तर) को मिति २०६७/०६/१८ को निर्णय अनुसार पार्क अध्ययन कार्यदलको प्रतिवेदन ।

(४) राष्ट्रिय शहिद तथा शान्ति पार्क (स्मारक) को विस्तृत आयोजना प्रतिवेदन ।

## अनुसूची - २

### (दफा ५(३) सँग सम्बन्धित)

नेपाल सरकारद्धारा स्वीकृत राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) पार्क निर्माण तथा व्यवस्थापन समितिको विधानमा उल्लेखित सदस्यहरुको नामावली :-

१) श्री सुदर्शन सिग्देल - अध्यक्ष
२) श्री त्रिलोचन पौडेल - सदस्य
३) श्री गोविन्द बहादुर श्रेष्ठ - सदस्य
४) श्री हरिकृष्ण श्रेष्ठ - सदस्य
५) श्री राजेश कुमार विष्ट - सदस्य
६) श्री रामलाल श्रेष्ठ - सदस्य
७) श्री रविन्द्र के.सी. - सदस्य
८) श्री सन्तोष चालिसे - सदस्य
९) श्री रमेश सिग्देल - सदस्य
१०) श्री मुरली प्रसाद सिंह - सदस्य
११) प्रतिनिधि, जिल्ला वन कार्यालय, काठमाडौं - सदस्य
१२) समितीको अध्यक्षद्धारा दफा ५ को उपदफा (१) को खण्ड (ग) बमोजिम मनोनित पाँचजना - सदस्य
१३) राष्ट्रिय शहीद तथा निजामती पार्क निर्माण आयोजना ईकाइ कार्यालय प्रमुख - सदस्य सचिव

४

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(.................... शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

संख्या: ~~(हस्तलिखित)~~ 9648/058

मिति:........ २०६४।३।२८

स्थानीय विकास मन्त्रालय
सचिवज्यूको कार्य कक्ष
दर्ता नम्बर:- ३९५६
मिति:- ०६४।३।१२
दस्तखत:-

श्री सचिवज्यू,
स्थानीय विकास मन्त्रालय ।

मिति २०६४।३।२८ मा बसेको मन्त्रिपरिषद्को सामाजिक समितिको बैठकबाट देहायबमोजिम निर्णय भएको व्यहोरा अनुरोध गर्दछु –

"'शहीद पार्क र निजामती पार्क' विषयको स्थानीय विकास मन्त्रालयको नं. २१।७-०६४।३।८ को प्रस्ताव मं.प.बै.सं. ४।०६४ मिति २०६४।३।११ को मन्त्रिपरिषद्को बैठकबाट "मन्त्रिपरिषद्को सामाजिक समितिमा छलफल गरी समितिको निर्णय बमोजिम गर्ने" निर्णय भएअनुसार आज मिति २०६४।३।२८ मा सो समितिको बैठक बसी छलफल हुँदा देहायमा लेखिएबमोजिम गर्न स्वीकृति दिने निर्णय भयो-

१. काठमाडौं जिल्ला गोकर्णेश्वर ९ मा अवस्थित यज्ञडोल (जगडोल) सामुदायिक वन क्षेत्रभित्र रहेको २० हेक्टर क्षेत्रमा स्वीकृत वन कार्ययोजना अनुसार विगतमा सामन्ती राजतन्त्रका विरुद्धमा र लोकतन्त्रको पक्षमा चालिएका सबै प्रकारका आन्दोलनहरु र ऐतिहासिक जनआन्दोलन २०६२।६३ मा शहादत प्राप्त गर्नुहुने शहीदहरुको सम्झनामा शहीद पार्क घोषणा गर्ने ।

२. यज्ञडोल (जगडोल) सामुदायिक वन क्षेत्रको दक्षिणतर्फ रहेको सम्पूर्ण राष्ट्रिय वनलाई निजामती पार्क घोषणा गर्ने र उक्त पार्कमा ताप्लेजुङ्ग जिल्लाको घुन्सामा हेलिकप्टर दुर्घटनामा परेका स्वदेशी तथा विदेशी विशिष्ट २४ जना व्यक्तिको सम्झनामा स्मृति स्मारक बनाउने ।

३. उल्लेखित पार्कहरु निर्माण कार्यदलको संरचना लोकतान्त्रिक आन्दोलनकारी दलहरुको सहमतिमा गठन गर्ने तथा सो को संयोजन जिविस काठमाडौंले गर्ने ।

४. उल्लिखित शहीद पार्क र निजामती पार्कले ओगट्ने वन क्षेत्रको जग्गाको स्वामित्व नेपाल सरकारमै रहने ।

५. उल्लेखित पार्कहरुको Master Plan तयार ~~पार्ने भौतिक योजना~~ तथा निर्माण मन्त्रालय र वन तथा भू-संरक्षण मन्त्रालयलाई जिम्मेवारी दिने र अन्य प्रारम्भिक कार्य सम्पन्न गर्न रु. १५ लाख जिल्ला विकास समितिको कार्यालय,काठमाडौंलाई अर्थ मन्त्रालयबाट उपलब्ध गराउने ।"

( नारायणप्रसाद सिलवाल )
सचिव

टेलिफोन: ४२११०००, ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स: ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं.:२३३१२, काठमाडौं, नेपाल
इमेल: info@opmcm.gov.np
वेब साइट: http://www.opmcm.gov.np

नेपाल सरकार

# स्थानीय विकास मन्त्रालय

(.............................................................शाखा)

स्थानीय निकाय सहयोग

फोन : ५-५२१७२७, ५-५२१७२८, ५-५२१७३१

फ्याक्स नं.: ५-५२२०४५

५५२२०१८

पत्र संख्या:- स्था.नि.स.०६३-६४

चलानी नं.:- १०८३

श्रीमहल, पुल्चोक

ललितपुर ।

मितिः २०६४-३-४

विषयः शहीद पार्क र निजामति पार्क सम्बन्धमा ।

**श्री भौतिक योजना तथा निर्माण मन्त्रालय, सिंहदरवार ।**

**श्री वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरवार ।**

**श्री जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौं ।**

उपरोक्त सम्वन्धमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको मिति २०६४।२।२८ च.नं. १७५।०६४ को पत्रावाट मन्त्रीपरिषद्को मिति २०६४।२।११ को बैठकबाट यज्ञडोल जगडोल सामुदायिक वन क्षेत्र भित्र शहीद पार्क तथा निजामति पार्क निर्माण सम्बन्धमा मन्त्रीपरिषदको सामाजिक समितिमा छलफल गरी समितिको निर्णय बमोजिम गर्ने निर्णय भए अनुसार सामाजिक समितिको मिति २०६४।२।२८ को निर्णयबाट देहाय वमोजिम गर्न निर्णय भएको व्यहोरा जानकारी एवं आवश्यक कारवाहीका लागि पठाएको व्यहोरा निर्णयानुसार अनुरोध गरिन्छ :–

१. काठमाडौं जिल्ला गोकर्णेश्वर १ मा अवस्थित यज्ञडोल (जगडोल) सामुदायिक वन क्षेत्र भित्र रहेको २० हेक्टर क्षेत्रमा स्वीकृत वन कार्ययोजना अनुसार विगतमा सामन्ती राजतन्त्रका विरुद्धमा र लोकतन्त्रको पक्षमा चालिएका सबै प्रकारका आन्दोलनहरु र ऐतिहासिक जन आन्दोलन २०६२।६३ मा शहादत प्राप्त गर्नुहुने शहिदहरुको सम्झनामा शहिद पार्क घोषणा गर्ने ।

२. यज्ञडोल (जगडोल) सामुदायिक वन क्षेत्रको दक्षिणतर्फ रहेको सम्पूर्ण राष्ट्रिय वनलाई निजामती पार्क घोषणा गर्ने र उक्त पार्कमा ताप्लेजुङ जिल्लाको घुन्सामा हेलिकप्टर दुर्घटनामा परेका स्वदेशी तथा विदेशी विशिष्ठ २४ जना व्यक्तिको सम्झनामा स्मृति स्मारक वनाउने ।

३. उल्लेखित पार्कहरु निर्माण कार्यदलको संरचना लोकतान्त्रिक आन्दोलनकारी दलहरुको सहमतिमा गठन गर्ने तथा सो को संयोजन जिविस काठमाण्डौले गर्ने ।

४. उल्लेखित शहिद पार्क र निजामती पार्कले ओगट्ने वन क्षेत्रकों जग्गाको स्वामित्व नेपाल सरकारमै रहने ।

५. उल्लेखित पार्कहरुको master plan तयार पार्न भौतिक योजना तथा निर्माण मन्त्रालय र वन तथा भू–संरक्षण मन्त्रालयलाई जिम्मेवारी दिने र अन्य प्रारम्भिक कार्य सम्पन्न गर्न रु. १५ लाख जिल्ला विकास समितिको कार्यालय, काठमाडौंलाई अर्थ मन्त्रालयवाट उपलब्ध गराउने ।

***संलग्न कागजातहरुः***

१. यज्ञडोल जगडोल सामुदायिक वन उपभोक्ता समितिको स्वीकृत कार्ययोजना,

२. यस मन्त्रालयमा रहेका पार्क निर्माण सम्वन्धी कागजातहरु ।

२०६४।३।४

भरत मणी पाण्डे
शाखा अधिकृत

***बोधार्थः***

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरवार ।

श्री योजना तथा बैसस शाखा,
स्थानीय विकास मन्त्रालय । (निर्णयको बुँदा नं. ५ को कारवाही अगाडि बढाई दिनु हुन)

श्री यज्ञडोल जगडोल सामुदायिक वन उपभोक्ता समिति,
गोकर्ण, काठमाण्डौं ।

# खण्ड (ख)

## नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयहरु तथा स्वीकृत कार्ययोजना

१. स्वीकृत विधान २०६४, तेश्रो संसोधित विधान २०७२

२. कर्मचारी (सेवा, सर्त) विनियम तथा आर्थिक विनियम

३. पार्क अध्ययन कार्यदलको प्रतिवेदन, शान्ति स्मारक निर्माण तथा शान्ति सम्मानको आवश्यकता, औचित्य र प्रक्रिया

४. राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) पार्क निर्माण तथा व्यवस्थापन समितिको कार्यकारी सारांश

५. जैविक विविधता वन तथा वातावरण, शैक्षिक सूचना

६. आई.ई.ई. प्रतिवेदन स्वीकृत कार्यकारी सारांश

७. वन दशक

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(मं.प.समिति तथा सं.निकाय शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

प.सं. ९४८३ ०६९।१।८

(संख्या :- मं.प.सं.नि. ०६९

च.नं. :- ४

१२१ १।८

मिति :- २०६९।१।१४

श्री योजना महाशाखा

श्री सचिवज्यू,
वन तथा भू-संरक्षण मन्त्रालय ।

मन्त्रिपरिषद्, सामाजिक समितिको मिति २०६९।१।१४ मा बसेको बैठकबाट देहायबमोजिम निर्णय भएको व्यहोरा अनुरोध गर्दछु-

"राष्ट्रिय शहिद तथा निजामती पार्क आयोजनाको लागि वन क्षेत्रको जग्गा उपलब्ध गराउने विषयको वन तथा भू-संरक्षण मन्त्रालयको नं. १३।५७-०६८।१२।६ को प्रस्तावमा मं.प.बै.सं ७३।०६८ मिति २०६८।१२।१० गतेको मन्त्रिपरिषद्को बैठकबाट "मन्त्रिपरिषद् सामाजिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने।" निर्णय भएअनुसार आजको बैठकमा छलफल हुँदा प्रस्तावसाथ संलग्न रहेको अनुसूची -१ "राष्ट्रिय शहिद तथा निजामती पार्क आयोजनाको लागि वन क्षेत्रको जग्गा उपलब्ध गराउने सम्बन्धी शर्तहरू" मा रहेको दफा २. हटाइ सोको सट्टा देहायको दफा २. राखी अरू प्रस्तावमा लेखिएबमोजिम गर्ने–

"२. संरचना निर्माणकालागि हटाउनै पर्ने देखिएका रूखहरूमात्र हटाउने र यसरी हटाउनुपर्ने रूखहरू आयोजनाले आफ्नै खर्चमा कटान, मुछान गरी जिल्ला वन कार्यालय, काठमाडौंले तोकिदिएको स्थानमा काठ दाउरा घाट गद्दी गरी जिल्ला वन कार्यालयलाई हस्तान्तरण गर्नुपर्नेछ ।"

(पुरूषोत्तम ओझा)
सचिव

श्री सचिव,
वन तथा भू-संरक्षण मन्त्रालय।

राष्ट्रिय शहिद तथा निजामती पार्क आयोजनाको लागि वन क्षेत्रको जग्गा उपलब्ध गराउने विषयको वन तथा भू-संरक्षण मन्त्रालयको नं. १३।५७-०६८।१२।६ को प्रस्ताव मं.प.बै.सं. ७३।०६८ मिति २०६८।१२।१० को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेकोछु –

<u>नेपाल सरकारको निर्णय</u> –

"मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।"

( माधवप्रसाद घिमिरे )
मुख्यसचिव
२०६८।१२।१०

पत्रोत्तरमा पत्र सङ्ख्या र मिति उल्लेख हुन अपेक्षित छ ।

नेपाल सरकार
# वन तथा भू-संरक्षण मन्त्रालय
योजना तथा जनशक्ति महाशाखा

सचिव : ४२२००६७
वातावरण : ४२२४८९२
प्रशासन : ४२६२८२८
योजना : ४२२१९३६
अनुगमन : ४२२४८६४
वैदेशिक : ४२२३८६२
फ्याक्स : ४२२३८६८

EX: पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाडौं

पत्र संख्याः- योजना।२०६८।६९ नं. टि.नं.
चलानी नं.:- ११०८
प्राप्त पत्र संख्या र मितिः-

मिति : २०६९।०१।१०

विषय : मं.प. को निर्णय पठाएको।

श्री वन विभाग,
बबरमहल ।

उपरोक्त सम्बन्धमा "राष्ट्रिय शहिद तथा निजामती पार्क आयोजनाको लागि वन क्षेत्रको जग्गा उपलब्ध गराउने" बिषयमा मन्त्रिपरिषद् सामाजिक समितिको मिति २०६९।०१।०४ को बैठकबाट देहायबमोजिम निर्णय गरेकोले सो बमोजिम निर्णय कार्यान्वयन हुन निर्णय सहित त्यहांको सम्बन्धित टिप्पणी फायल यसै साथ संलग्न राखी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

नेपाल सरकारको निर्णयः
"मन्त्रिपरिषद् सामाजिक समितिमा छलफल गरी समितिको निर्णय बमोजिम गर्ने" निर्णय भए अनुसार अनुसूची-१ राष्ट्रिय शहिद तथा निजामती पार्क आयोजनाको लागि वन क्षेत्रको जग्गा उपलब्ध गराउने सम्बन्धी शर्तहरु" मा रहेको दफा २. हटाई सो को सट्टा देहायको दफा २. राखी अरू प्रस्तावमा लेखिए बमोजिम गर्ने"
"२. संरचना निर्माणका लागि हटाउनै पर्ने देखिएका रुखहरू मात्र हटाउने र यसरी हटाउनु पर्ने रूखहरू आयोजनाले आफ्नै खर्चमा कटान, मुछान गरी जिल्ला वन कार्यालय, काठमाडौले तोकिदिएको स्थानमा काठ दाउरा घाटगद्दी गरी जिल्ला वन कार्यालयलाई हस्तान्तरण गर्नुपर्नेछ।"

निर्णयको व्यहोरा :
"राष्ट्रिय शहिद तथा निजामती पार्क आयोजनालाई काठमाण्डौको गोकर्णेश्वर गा.वि.स. १ मा अवस्थित यज्ञडोल (जगडोल) सामुदायिक वनको १७.४४ हेक्टर र सरकारद्वारा व्यवस्थित वनको ९.९७ हेक्टर गरी जम्मा २७.३७ हेक्टर वन क्षेत्रको जग्गा राष्ट्रिय शहिद तथा निजामती पार्क (स्मारक) निर्माणका लागि प्रयोग गर्ने र सो वन क्षेत्रमा रहेका ४४५ गोटा सल्ला जातका रुखहरू हटाउन संलग्न अनुसूची १ को शर्तहरु पालना गर्ने गरी स्वीकृति दिने ।"

(निरन्जन बिजु) १।१०
शाखा अधिकृत

बोधार्थ :
श्री मध्यमान्चल क्षेत्रीय वन निर्देशनालय, हेटौडा ।
श्री शान्ति तथा पुर्ननिर्माण मन्त्रालय, सिंहदरवार ।

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय

विषय: राष्ट्रिय शहिद तथा निजामती पार्क आयोजनाको लागि वन क्षेत्रको जग्गा उपलब्ध गराउने ।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मिति : २०६८।१२।०५

१. विषयको संक्षिप्त ब्यहोरा :
राष्ट्रिय शहिद तथा निजामती पार्क आयोजनाको लागि काठमाण्डौको गोकर्णेश्वर गा.वि.स. १ मा स्थित यज्ञडोल (जगडोल) सामुदायिक वनको १७.४४ हेक्टर र सरकारद्वारा व्यवस्थित वनको ९.९७ हेक्टर गरी २७.३७ हेक्टर वन क्षेत्रको जग्गा राष्ट्रिय शहिद तथा निजामती पार्क (स्मारक) निर्माणको लागि राष्ट्रिय शहिद तथा निजामती पार्क आयोजना इकाई कार्यालयबाट माग भई आएको । राष्ट्रिय शहिद तथा निजामती पार्क (स्मारक) निर्माण गर्न उल्लेखित वनक्षेत्र प्रयोग गर्नु बाहेक अन्य विकल्प नभएकोले उक्त सामुदायिक वनको १७.४४ हेक्टर र सरकारद्वारा व्यवस्थित वनको ९.९७ हेक्टर गरी जम्मा २७.३७ हेक्टर वन क्षेत्र प्रयोग गर्न र सो वन क्षेत्रमा रहेको ४४५ गोटा सल्ला जातका रुखहरु हटाउन आवश्यक रहेको ।

२. प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुरा :
राष्ट्रिय योजना आयोगको सचिवालय (गरिबी अनुगमन शाखा) च.न. ८७३ मिति २०६८।१०।२० को पत्रबाट राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रुपमा सिफारिस गर्ने निर्णय भएको ।

३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र मन्त्रालयको सिफारिस:
काठमाण्डौको गोकर्णेश्वर गा.वि.स. १ मा अवस्थित यज्ञडोल (जगडोल) सामुदायिक वनको १७.४४ हेक्टर र सरकारद्वारा व्यवस्थित वनको ९.९७ हेक्टर गरी जम्मा २७.३७ हेक्टर वन क्षेत्रको जग्गा राष्ट्रिय शहिद तथा निजामती पार्क (स्मारक) निर्माणको लागि प्रयोग गर्न र सो वन क्षेत्रमा रहेको ४४५ गोटा सल्ला जातका रुखहरु हटाउन वन ऐन, २०४९ को दफा ६८ र बन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०६३ को अधिनमा रही प्रयोग गर्ने निर्णयका लागि नेपाल सरकार, मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्न माननीय वन तथा भू-संरक्षण मन्त्रीज्यूबाट स्वीकृति प्राप्त भएकोले नेपाल सरकार (कार्य सम्पादन) नियमावली, २०६४ को अनुसूची-१ बिषयसंख्या ३५ बमोजिम यो प्रस्ताव पेश गरिएको छ।

४. निर्णय हुनु पर्ने ब्यहोरा :
राष्ट्रिय शहिद तथा निजामती पार्क आयोजनालाई काठमाण्डौको गोकर्णेश्वर गा.वि.स. १ मा अवस्थित यज्ञडोल (जगडोल) सामुदायिक वनको १७.४४ हेक्टर र सरकारद्वारा व्यवस्थित वनको ९.९७ हेक्टर गरी जम्मा २७.३७ हेक्टर वन क्षेत्रको जग्गा राष्ट्रिय शहिद तथा निजामती पार्क (स्मारक) निर्माणका लागि प्रयोग गर्न र सो वन क्षेत्रमा रहेका ४४५ गोटा सल्ला जातका रुखहरू हटाउन संलग्न अनुसूची १ को शर्तहरु पालना गर्ने गरी स्वीकृति दिने ।

(नवीनकुमार घिमिरे)
सचिव

मिति : २०६८।१२।०६

## अनुसूची-१

### राष्ट्रिय शहिद तथा निजामती पार्क आयोजनाको लागि वन क्षेत्रको जग्गा उपलब्ध

१. वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली, २०५४ अनुसार अध्ययन प्रतिवेदन अनिवार्य रुपमा स्वीकृत गरी पेश गर्नुपर्नेछ ।

२. हटाउनुपर्ने रुखहरु आयोजनाले आफ्नै खर्चमा कटान, मुछान गरी जिल्ला वन कार्यालय काठमाडौंले स्थानमा काठ दाउरा घाटगद्दी गरी जिल्ला वन कार्यालयलाई हस्तान्तरण गर्नुपर्नेछ ।

३. वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि उपलब्ध गराउने कार्यविधि, २०६३ बमोजिम आयोजनाले क्षतिपूर्ति वापत वृक्षारोपण गर्नुपर्ने वन क्षेत्र प्रयोग गरे वापतको २८ हेक्टर र आयोजना कार्यान्वयन गर्दा हटाउनुपर्ने रुख संख्या १:२५ को अनुपातमा हुने विरुवा संख्या १११२५ रोपण गर्न ७ हेक्टर (प्रति हेक्टर १६०० विरुवाको दरले हुने ) गरी जम्मा ३५ हेक्टर क्षेत्रफलमा जिल्ला वन कार्यालय काठमाडौंले तोकिदिएको स्थानमा स्थानीय हावापानी सुहाउँदो प्रजातिका बिरुवाहरु बक्षारोपण गरी पाँच वर्षसम्म स्याहार सम्भार संरक्षण गरी सम्बन्धित जिल्ला वन कार्यालयलाई बुझाउनुपर्नेछ । आयोजनाले उक्त कार्य गर्न नसक्ने भएमा सो को लागि लाग्ने लागत अनुमान बमोजिमको रकम सम्बन्धित जिल्ला वन कार्यालयलाई उपलब्ध गराउनुपर्नेछ र जिल्ला वन कार्यालयले वृक्षारोपण र संरक्षणको कार्य गर्नेछ ।

४. पार्क क्षेत्र प्रस्ताव बमोजिम नबढने गरी ५०% संरक्षित क्षेत्र (Reserve Area) को व्यवस्थापन गर्नुपर्नेछ ।

५. पार्कमा जैविक विविधता, वन र वातावरण सम्बन्धी शैक्षिक सूचना एवं जानकारीको व्यवस्था गर्नुपर्नेछ ।

६. पार्क व्यवस्थापनका संयन्त्रहरुमा जिल्ला वन कार्यालय काठमाडौंका जिल्ला वन अधिकृत र यज्ञडोल (जगडोल) सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधिलाई समावेश गर्नुपर्नेछ ।

७. सामुदायिक वन उपभोक्ता समूहको निर्णय सिफारिश अनुसार लाभको बाँडफाँड व्यवस्था गरिनुपर्नेछ ।

८. काठमाडौं जिल्ला वन कार्यालय अन्तर्गतको जगडोल रेन्जपोष्ट कार्यालय भवन पार्क क्षेत्रमा पर्ने हुँदा संस्थागत संरचना निर्माण हुँदा उक्त भवनको निर्माण हुनुपर्नेछ ।

९. उल्लेखित आयोजनाको वातावरणीय प्रतिवेदन अनुसार क्षति न्यूनिकरणका उपायहरुको कार्यान्वयन र आयोजनाको पार्क निर्माण क्षेत्र भित्र परेका रुखहरुको कटान, मुछान तथा उत्पादित काठ दाउराको व्यवस्थापन आदिको नियमित अनुगमन गरी वन तथा भू संरक्षण मन्त्रालय र वन विभागलाई पृष्ठपोषण गर्न निम्न अनुसारको अनुगमन संयन्त्र रहनेछ । उक्त संयन्त्रले कम्तिमा ६ (छ) महिनामा एक पटक अनुगमन गरी वन तथा भू संरक्षण मन्त्रालय र वन विभागमा प्रतिवेदन पेश गर्नुपर्नेछ । अनुगमनको लागि लाग्ने खर्च सम्बन्धित आयोजनाले व्यहोर्नु पर्नेछ ।

| | |
|---|---|
| क) क्षेत्रीय निर्देशक, मध्यमाञ्चल क्षेत्रीय वन निर्देशनालय | संयोजक |
| ख) अधिकृत प्रतिनिधि, शान्ति तथा पुनर्निर्माण मन्त्रालय | सदस्य |
| ग) अधिकृत प्रतिनिधि, वन विभाग | सदस्य |
| घ) अधिकृत प्रतिनिधि, सम्बन्धित जिल्ला प्रशासन कार्यालय | सदस्य |
| ङ) अधिकृत प्रतिनिधि, सम्बन्धित मालपोत कार्यालय, काठमाडौं | सदस्य |
| च) अधिकृत प्रतिनिधि, सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रण कार्यालय | सदस्य |
| छ) अधिकृत प्रतिनिधि, सम्बन्धित आयोजना | सदस्य |
| ज) सम्बन्धित जिल्लाको जिल्ला वन अधिकृत | सदस्य |
| झ) प्रतिनिधि, सम्बन्धित सामुदायिक वन उपभोक्ता समूह | सदस्य |

नेपाल सरकार

# राष्ट्रिय योजना आयोगको सचिवालय

(गरीबी अनुगमन शाखा)

पो.ब.नं.: १२८४
फोन नं. ४२११९४२
फ्याक्स : ४२११७००
URL: www.npc.gov.np
सिंहदरवार
काठमाण्डौं, नेपाल ।

च.नं./ Ref No: ८६३

मिति २०६८/१०/२०

श्री शान्ति तथा पुनर्निर्माण मन्त्रालय
सिहदरबार, काठमाडौ ।

विषय : राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना बारे ।

प्रस्तुत विषयमा तहा मन्त्रालयको प.सं.२०६८/६९ च.नं.९२ मिति २०६८/१०/०६ को पत्रमार्फत राष्ट्रिय शहिद तथा निजामती पार्क आयोजना, गोकर्णलाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रूपमा सिफारिस गरीदिन अनुरोध भै आए अनुसार राष्ट्रिय योजना आयोगको मिति २०६८/१०/१९ को बैठकबाट उक्त आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रूपमा सिफारिस गर्ने निर्णय भएको व्यहोरा अनुरोध छ ।

२०६८/१०/२०
ठगबहादुर महोत्रा
योजना अधिकृत

राष्ट्रिय शहीद तथा निजामती पार्क आयोजना (यज्ञडोल ) को
निर्माणका लागि उपलब्ध


वन क्षेत्रको जग्गा भोगाधिकार र रुख हटाउने
सम्बन्धमा

# वन विभाग र राष्ट्रिय शहीद तथा निजामती पार्क आयोजना इकाई कार्यालय, ववरमहल काठमाण्डौं

बीच भएको

## सम्झौता पत्र

२०६९



## सम्झौता पत्र

श्री राष्ट्रिय शहीद तथा निजामति पार्क आयोजनाको पार्क (स्मारक) निर्माणका लागि काठमाडौं जिल्ला गोकणेश्वर गाविस वडा नं. १ मा रहेको यज्ञडोल (जगडोल) सामुदायिक वनभित्र पर्ने १७.४४ हेक्टर र सो को दक्षिणमा रहेको सरकारद्वारा व्यवस्थित वनको ९.९७ हे. गरी कूल जम्मा २७.३७ हेक्टर वन क्षेत्रको जग्गाको स्वामित्व नेपाल सरकारमा रहने गरी प्रयोग गर्न दिन र उक्त वन क्षेत्रमा रहेका रुखहरुमध्ये आयोजना संचालनका लागि हटाउनु पर्ने आवश्यकता अनुसार बढीमा ४४५ गोटा रुखहरु हटाउन नेपाल सरकार (मन्त्रीपरिषद) सामाजिक समितिको मिति २०६९।१।४ मा निर्णय भएकाले निर्णय बमोजिम निम्न शर्तहरुको अधिनमा रही नेपाल सरकार, वन तथा भूसंरक्षण मन्त्रालय, वन विभाग (यसपछि विभाग भनिएको) र नेपाल सरकार शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राष्ट्रिय शहीद तथा निजामति पार्क आयोजना (यसपछि आयोजना भनिएको) बीच सम्झौता **(MoU)** गर्न दुवै पक्ष सहमत भएकाले विभाग र आयोजना बीच यो सम्झौता गरी १/१ प्रति लियौं/दियौं ।

### शर्तहरु :

१. राष्ट्रिय शहीद तथा निजामति पार्क आयोजनाले जनआन्दोलन २०६२/६३ का शहीदहरु र धुन्सा दुर्घटनामा परेका प्रकृतिप्रेमी एवं निजामति कर्मचारहिरुको सम्झनामा पार्क (स्मारक) निर्माण प्रयोजनका लागि निर्णय फाईलमा संलग्न रहेको स्वीकृत डिजाईन, नापनक्सा र पार्क कार्ययोजना अनुसार हुने गरी काठमाडौंको गोकर्णेश्वर गाविस १ मा पर्ने यज्ञडोल (जगडोल) सामुदायिक वनको १७.४४ हे. र सोही सामुदायिक वनको दक्षिणमा जोडिएको सरकारद्वारा व्यवस्थित वनको ९.९७ हे. गरी कूल जम्मा २७.३७ हेक्टर वन क्षेत्रको जग्गा वन ऐन २०४९ को दफा ६७ र ६८ एवं वन क्षेत्रको जग्गा अन्य प्रयोजनका लागि उपलब्ध गराउने कार्यविधि- २०६३ बमोजिम उक्त वन क्षेत्रको भू-स्वामित्व नेपाल सरकारमा रहने गरी आयोजनालाई प्रयोग गर्न दिइएको छ ।

२. वातावरण संरक्षण ऐन २०५३, वातावरण संरक्षण नियमावली २०५४ आयोजनाको प्रतिवद्धता अनुसार अध्ययन प्रतिवेदन अनिवार्य रुपमा स्वीकृत गरी पेश गर्नुपर्ने छ ।

३. हटाउनु पर्ने रुखहरु आयोजनाले आफ्नै खर्चमा कटान, मुछान गरी जिल्ला वन कार्यालय काठमाण्डौले तोकिदिएको स्थानमा काठदाउरा घाटगद्धी गरी जिल्ला वन कार्यालयलाई हस्तान्तरण गर्नु पर्नेछ ।

४. वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि उपलब्ध गराउने कार्यविधि, २०६३ बमोजिम आयोजनाले क्षतिपूर्ति वापत वृक्षरोपण गर्नुपर्ने वन क्षेत्र प्रयोग गरे बापतको २८ हेक्टर र आयोजना कार्यान्वयन गर्दा हटाउनुपर्ने रुख संख्या १:२५ को अनुपातमा हुने विरुवा संख्या ११,१२५ रोपण गर्न ७ हेक्टर (प्रति हेक्टर १६०० विरुवाका दरले हुंने) गरी जम्मा ३५ हेक्टर क्षेत्रफलमा जिल्ला वन कार्यालय काठमाण्डौले तोकिदिएको स्थानमा स्थानीय हावापानी सुहांउदो प्रजातिका विरुवाहरु वृक्षारोपण गरी पांच वर्षसम्म स्याहार सम्भार संरक्षण गरी सम्बन्धित जिल्ला वन कार्यालयलाई बुझाउनुपर्नेछ । आयोजनाले उक्त कार्य गर्न नसक्ने भएमा सो को लागि लाग्ने लागत अनुमान बमोजिमको रकम सम्बन्धित जिल्ला वन कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ र जिल्ला वन कार्यालयले वृक्षारोपण र संरक्षणको कार्य गर्नेछ ।

५. पार्क क्षेत्र प्रस्ताव बमोजिम नबढ्ने गरी ५० प्रतिशत संरक्षित क्षेत्र **(Reserve Area)** को व्यवस्थापन गर्नुपर्नेछ ।

६. पार्कमा जैविक विविधता, वन र वातावरण सम्बन्धि शैक्षिक सूचना एवं जानकारीको व्यवस्था गर्नुपर्नेछ।

७. पार्क व्यवस्थापनका संयन्त्रहरुमा जिल्ला वन कार्यालय काठमाण्डौंका जिल्ला वन अधिकृत र यज्ञडोल ( जगडोल) सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधिलाई समावेश गर्नु पर्नेछ।

८. सामुदायिक वन उपभोक्ता समुहको निर्णय सिफारिस अनुसार लाभको बांडफाड व्यवस्था गरिनु पर्नेछ।

९. काठमाण्डौ जिल्ला वन कार्यालय अन्तर्गतको जगडोलं रेन्जपोष्ट कार्यालय भवन पार्क क्षेत्रमा पर्ने हुंदा संस्थागत संरचना निर्माण हुंदा उक्त भवन २ (दुई) बर्षभित्र निर्माण हुनुपर्नेछ।

१०. उल्लेखित आयोजनाको वातावरणीय प्रतिवेदन अनुसार क्षति न्यूनिकरणका उपायहरुको कार्यान्वयन र आयोजनाको पार्क निर्माण क्षेत्रभित्र परेका रुखहरुको कटान, मुछान तथा उत्पादित काठ दाउराको व्यवस्थापन आदिको नियमित अनुगमन गरी वन तथा भुसंरक्षण मन्त्रालय र वन विभागमा पृष्टपोषण गर्न निम्नानुसारको अनुगमन संयन्त्र रहनेछ। उक्त संयन्त्रले कम्तिमा ६ (छ) महिनामा एक पटक अनुगमन गरी वन तथा भुसंरक्षण मन्त्रालय र वन विभागमा प्रतिवेदन पेश गर्नुपर्नेछ। अनुगमनको लागि लाग्ने खर्च आयोजनाले व्यहोर्नुपर्नेछ।

- क्षेत्रीय निर्देशक, मध्यमाञ्चल क्षेत्रिय वन निर्देशनालय : संयोजक
- अधिकृत प्रतिनिधि, शान्ति तथा पुनर्निर्माण मन्त्रालय : सदस्य
- अधिकृत प्रतिनिधि, वन विभाग
- अधिकृत प्रतिनिधि, सम्बन्धित जिल्ला प्रशासन कार्यालय : सदस्य
- अधिकृत प्रतिनिधि, सम्बन्धित मालपोत कार्यालय, काठमाण्डौ : सदस्य
- अधिकृत प्रतिनिधि, सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रण कार्यालय : सदस्य
- अधिकृत प्रतिनिधि, सम्बन्धित आयोजना : सदस्य
- सम्बन्धित जिल्लाको जिल्ला वन अधिकृत : सदस्य
- प्रतिनिधि, सम्बन्धित सामुदायिक वन उपभोक्ता समूह : सदस्य

११. यो सम्झौतामा कुनै किसिमको संशोधन गर्नु परेमा प्रचलित ऐन कानुन बमोजिम हुनेछ।

१२. यो सम्झौता कार्यान्वयनको क्रममा कुनै मत भिन्नता वा विवाद उत्पन्न हुन गएमा दुवै पक्षको आपसी छलफलको आधारमा निराकरण गरिनेछ। आपसी छलफलबाट बिबाद निराकरण हुन नसकेमा वन तथा भू-संरक्षण मन्त्रालय र शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट समन्वय गरि निराकरण गरिनेछ।

१३. यो सम्झौतामा उल्लेख भएको विषयमा सोही बमोजिम हुनेछ र यसमा उल्लेख नभएको विषयहरुमा प्रचलित ऐन कानुन बमोजिम हुनेछ।

१४. यो सम्झौता हस्ताक्षर भएको मितिदेखि लागू हुनेछ।

| | |
|---|---|
| **श्री राष्ट्रिय शहीद तथा निजामति पार्क आयोजना, गोर्कणेश्वर- १, काठमाडौं ।** | **नेपाल सरकार वन तथा भूसंरक्षण मन्त्रालय वन विभाग, बबरमहल, काठमाडौं ।** |
| टे.फो : ०१४२२३८०१ फ्याक्स : ०१४९२३५९४ | टे.फो : ०१४२२७५७४ फ्याक्स : ०१४२२७३७४ |
| तर्फबाट | तर्फबाट |
| नाम : शम्भु कार्की | नाम : हेमलाल अर्याल |
| हस्ताक्षर : | हस्ताक्षर : |
| दर्जा : आयोजना प्रमुख | दर्जा : वन संरक्षण अधिकृत |

साक्षी / रोहवर

| | |
|---|---|
| नाम : रामजी दवाई | नाम : बिनोद कुमार गौतम |
| हस्ताक्षर : | हस्ताक्षर : |
| दर्जा : कानून अधिकृत | दर्जा : कानून अधिकृत |
| | नाम : लोकनाथ घिमिरे |
| | हस्ताक्षर : |
| | दर्जा : सहायक वन अधिकृत |

इति सम्वत् २०६९ साल जेष्ठ महिना ३० गते रोज ३ शुभम् ....... ।

# खण्ड (ख) १

# स्वीकृत विधान २०६४, तेश्रो संसोधित विधान २०७२

# स्वीकृत भएको मिति :

नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय मिति : २०६४ ज्येष्ठ ११

मन्त्रिपरिषद् सामाजिक समितिको निर्णय मिति : २०६४ ज्येष्ठ २८

यज्ञडोल (जगडोल) सामुदायिक वन उपभोक्ता समूहको वन कार्ययोजना तथा विधान २०५५

वन कार्ययोजना तथा विधान पुनरावलोकन २०६१

वन कार्ययोजना तथा विधान संशोधन २०६४,

दोस्रो संशोधन २०६७

नेपाल सरकार मन्त्रिपरिषद्को
मिति २०६९ बैशाख ४ गतेको निर्णय
तथा
स्वीकृत गुरुयोजना बमोजिम
राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक),
पार्क निर्माण तथा व्यवस्थापन समितिको
स्वीकृत वन कार्ययोजना तथा पार्क व्यवस्थापन कार्ययोजना
तेश्रो संसोधन विधान २०७२

आ.व.२०७२/०२/१२ देखि २०७७/०२/११ सम्म

प्रस्तावना

वन एक बहुमूल्य नवीकरणीय प्राकृतिक स्रोत हो । यसको संरक्षण तथा संवर्द्धन मानव जीवन लगायत सम्पूर्ण प्राणी जगत्‌लाई नै अति आवश्यक छ । “हरियो वन नेपालको धन” भन्ने उक्ति हामी सबैलाई अवगतै छ तर हामीले यस धनलाई आर्थिक, राजनीतिक, सामाजिक तथा व्यक्तिगत स्वार्थपूर्तिका लागि यस जीवनदायिनी सम्पदालाई विनाशको निकटमा पुऱ्यायौं । ढिलै भए पनि यस सम्पदाको संरक्षण तथा संवर्द्धनबारे हामीमा आएको चेतना र हाम्रो जनजीवनमा आइपरेको कठिनाईलाई ध्यानमा राखी नेपाल सरकारको सामुदायिक वन कार्यालय अन्तर्गत हामी गाउँलेहरू तथा आम नेपाली जनताको दैनिक वन पैदावारका आवश्यकता परिपूर्ति र स्वस्थ वातावरणको जगेर्ना गर्न मात्रै नभएर राष्ट्र, राष्ट्रियता, प्रजातन्त्र, सङ्घीय लोकतान्त्रिक गणतन्त्र र मानव अधिकार तथा कानूनी राज्य स्थापनाका लागि विभिन्न कालखण्डमा आफ्नो जीवन उत्सर्ग गर्ने महान वीर शहीदहरूको बलिदानीलाई चिरस्मरण र ताजकी राख्नका लागि एवं अमर वीर महान सपूतहरू हाम्रा लागि ऊर्जा र प्रेरणाका स्रोत पनि हुन्, (राणाकालीन, पंचायतकालीन तथा शाहीकालीन) शासनको अन्त्य गर्ने महान वीर शहीदहरू गंगालाल श्रेष्ठ, धर्मभक्त माथेमा, दशरथ चन्द, र शुक्रराज शास्त्री सहित २०४६, सालको जन आन्दोलन २०६२/६३ को लोकतान्त्रिक जनआन्दोलन, दश बर्षे जनयुद्ध (द्वन्द्व काल), मधेश तराई आन्दोलनसम्म आई पुग्दा नयाँ नेपाल निर्माण गर्ने क्रममा थुप्रै नेपाली जनताहरूबाट सहादत प्राप्त गर्नुको साथै हजारौं वीर योद्धाहरू अङ्गभङ्ग तथा घाइते भएका छन् । तिनका बारेमा राज्यले हेर्नुपर्ने दायित्व छ नै । तर पनि नागरिक समाजबाट तिनका बारेमा आवाज उठाउनु पर्ने र राज्यबाट त्यसप्रति कम महत्व दिइएको कुरा आत्मसात् गर्दै अर्कोतिर जनताहरूबाटै ठाउँ ठाउँमा ती महान वीर अमर शहीदरहरूको सम्झना एवं मुलुकभरि छरिएर रहेका शहीदहरूको नाममा बनेका संघसंस्थासँग समन्वय सहकार्य गर्दै महान् शहीदहरूको अभिलेखहरू तयार गर्न राष्ट्रियस्तरको शहीद पार्क तथा शान्ति (स्मारक) एवं निजामती राष्ट्र सेवकहरूको सम्झनामा स्मृति स्मारकहरू पनि बनाईंदै छ । मुलुकले अर्को अपूरणीय क्षति मिति २०६३/०६/०७ गते ताप्लेजुङ्गको घुन्सामा भएको हेलिकप्टर दुर्घटनाले तत्कालीन वन राज्यमन्त्री गोपाल राई लगायत २४ जनाको दुःखद निधनबाट वन विज्ञ एवं संरक्षणविदहरू गुमाएका छौं । उहाँहरूबाट तयार गरिएका वन क्षेत्रका महत्वपूर्ण योगदानहरूलाई समेटिएका कृतिहरूका

साथै उहाँहरूसँग सम्वन्धित संग्रहालय निर्माण गरी २४ जना व्यक्तिहरूको सम्झनामा स्मृति स्मारक बनाउन यज्ञडोल (जगडोल) सामुदायिक वन उपभोक्ता समूह, गोकर्णेश्वर गा.वि.स.वडा नं. १ को वन कार्ययोजना तथा विधान २०५५, वन कार्ययोजना तथा विधान पुनरावलोकन २०६१, नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६४/०२/११ र सामाजिक समिति २०६४/०२/२८ को निर्णयानुसार स्वीकृत वन कार्ययोजना बमोजिम उच्चस्तरीय शहीद पार्क एवं निजामती पार्क निर्माण आयोजना पार्क निर्माण कार्यदल कार्यसम्पादन समितिको विधान संशोधन २०६४, लाई नेपाल सरकार स्थानीय विकास मन्त्रालय (माननीय मन्त्रिस्तर)को मिति २०६५/११/१३ को निर्णयानुसार उच्चस्तरीय शहीद पार्क एवं निजामती पार्क निर्माण आयोजनाको नामलाई परिवर्तन गरी राष्ट्रिय शहीद तथा शान्ति स्मारक (पार्क) को निर्देशन समिति (बोर्ड)को कार्य क्षेत्रगत विवरण **TOR** मस्यौदा तयार पारिएको परिप्रेक्षमा एकद्वार प्रणली अन्तर्गत शान्ति तथा पुनर्निर्माण मन्त्रालय मार्फत पार्क सञ्चालन गर्ने निर्णय मिति २०६६/०६/१९ चलानी नं. ७२ अनुसार स्थानीय विकास मन्त्रालयबाट उच्चस्तरीय शहीद पार्क एवं निजामती पार्क निर्माण आयोजना पार्क निर्माण कार्यदल कार्यसम्पादन समिति, यज्ञडोल (जगडोल) सामुदायिक वन, गोकर्ण-१ शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा हस्तान्तरण गरियो । हस्तान्तरण गरिए पश्चात शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट पूनः उक्त मस्यौदालाई संशोधन सहीत स्थानीय विकास मन्त्रालयसँग सहमति माग भएकोमा स्थानीय विकास मन्त्रालयको चलानी नं. ३२७ मिति २०६७/०२/१४ को पत्रले सहमति दिएको नेपाल सरकार अर्थ मन्त्रालयको पनि सहमति आवश्यक पर्ने देखि शान्ति तथा पुनर्निर्माण मन्त्रालयको २०६६/०६७ चलानी नं. ४५१ मिति २०६७/०१/०७ को पत्र "राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) विकास समिति (गठन) आदेश २०६६" को सहमति माग भएको सम्वन्धमा निर्माण अवधि भर विकास समिति गठन गर्न सहमति दिन नसकिने भनी नेपाल सरकार, अर्थ मन्त्रालय (मन्त्रिस्तर) को मिति २०६७/०२/१६ को निर्णय भएको छ । विकास समिति गठन गर्न नसकिने निर्णय भए पश्चात संस्थाको दिगो व्यवस्थापन, संरक्षण एवं संम्वर्धन र उपयोग गर्न नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६४/०२/११ र सामाजिक समिति २०६४/०२/२८ को निर्णय नं. १,२ र ३ अनुसार विद्यमान क्रियाशील स्वीकृत वन कार्ययोजना तथा विधान २०६४ लाई संशोधनका लागि विशेष भेलाले दिएको अधिकार प्रयोग गरी ५ दिनसम्मको छलफलबाट आएका

सुझावहरूलाई मिति २०६७/०२/११ मा तत्कालीन शान्ति तथा पुनर्निर्माण राज्यमन्त्री डिल्ली वहादुर महतज्यूको प्रमुख आतिथ्यतामा प्रस्तुत नीति तथा कार्यक्रम र विधान संशोधन प्रस्ताव पेश भई छलफल गरी मिति २०६७/०२/१५ गते नेकपा एमालेका अध्यक्ष माननीय झलनाथ खनालज्यूको प्रमुख आतिथ्यतामा बृहत वार्षिक भेला समापन गरी उक्त भेलाको म्यान्डेट बमोजिम सम्वन्धित सरोकारवालाहरूबाट आएका सुझावहरूलाई स्वीकृत गुरुयोजना, स्वीकृत वनकार्ययोजना तथा विधान २०६४ संशोधन गर्न मिति २०६७ अषाढ १८ र १९ गते बृहत कार्यशाला गोष्ठी गरी उक्त कार्यशाला गोष्ठीमा तत्कालीन शान्ति तथा पुनर्निर्माण मन्त्री रकम चेम्जोङ्गज्यूको प्रमुख आतिथ्यतामा उक्त बृहत भेलाको म्यान्डेट बमोजिमको स्वीकृत गुरुयोजना एवं वन कार्ययोजना तथा विधान २०६४ संशोधन एवं परिमार्जन गरी शहीद तथा शान्ति पार्क (स्मारक) निर्देशन समिति बोर्ड **TOR** समेत पारित भई राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) ५ वर्ष (मिति २०७२/०२/११ गते) भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी गरिवी निवारण, स्वरोजगार श्रृजना तथा पर्यापर्यटनको विकास एवं राष्ट्र निर्माणमा समेत टेवा पुऱ्याउने उद्धेश्यले राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) यज्ञडोल (जगडोल) सामुदायिक वन गोकार्ण विस्तृत आयोजना प्रतिवेदन कार्यकारी सारांशको परियोजना कार्यान्वयन योजना मुताविक बैशाख २०७१ भित्र पार्क सञ्चालन आरम्भ भएकोमा उक्त कार्य विविध कार्यले सम्पन्न हुन नसकेकोमा उक्त आयोजनालाई समय पुनरावलोकन गर्नु भएकोले राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) पार्क निर्माण कार्यदल कार्यसम्पादन समितिको विधान २०६४, दोस्रो संशोधन २०६७ लाई नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयहरु तथा गुरुयोजनाले निर्दिष्ट गरिएका कार्यहरु मध्ये संस्थागत दिगो व्यवस्थापनमा सदस्यता प्राप्ति प्रक्रिया तथा नविकरण कार्य लगायतलाई स्वीकृत वन कार्ययोजना तथा संशोधन दोस्रो विधान-२०६७ पुनरावलोकन गर्न राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) पार्क निर्माण कार्यदल कार्यसम्पादन समितिको विधान परिच्छेद १ को दफा १.२ को उद्देश्य अनुसार सम्बन्धित सरोकारवालाहरुसँग छलफल बहस र लोकतान्त्रिक आन्दोलनकारी दलहरुको सहमती, सहकार्य र एकताका साथ कार्ययोजना पुनरावलोकन गर्न माननीय वन तथा भू-संरक्षण मन्त्री महेश आचार्यज्यूको प्रमुख आतिथ्यतामा अन्तर्राष्ट्रिय पार्क दिवस, अन्तर्राष्ट्रिय शान्ति दिवस, आठौ घुन्सा स्मृति दिवस पारेर शहीद तथा घाइतेहरुसँग जोडिएको संघ/संस्थाहरु पार्क समितिसँग आवद्ध हुन अनुरोध

गरिएका संस्थाहरु संस्थागत सदस्य, नयाँ तथा अध्यावधिक गर्न लगायत मिति २०७१ असोज ६ र ७ गतेको २ दिने राष्ट्रिय भेलाले गरेको निर्णय बमोजिम केन्द्रिय तथा सहायक पार्क निर्माणको संयन्त्रमा ५ वटा संस्थागत सदस्यहरु १. शहीद परिवार तथा पिडित नागरिक अधिकार समूह कार्यान्वयन समिति, २.राजनीतिक संयन्त्र तथा लोकतान्त्रिक आन्दोलनकारीदल/पार्टी प्रतिनिधि समन्वय समिति, ३. सामुदायिक सेवा केन्द्र (संघ/संस्था) कार्यन्वयन समिति, ४. यज्ञडोल (जगडोल) सामुदायिक वन उपभोक्ता समूह कार्यन्वयन समिति, ५. जैविक विविधता वन, वातावरण, शिक्षा, सूचना तथा अन्तर पार्क विकास सञ्जाल कार्यन्वयन समिति गठन भई मिति २०७२ जेठ ११, ९औं स्थापना दिवस-२०७२ तथा साधारण सभाको प्रमुख अतिथि पार्क समितिका सल्लाहकार, पार्क निर्माण अनुगमन तथा मूल्याङ्कन राजनीतिक संयन्त्रका संयोजक एवं माननीय सभासद् रामेश्वर फुयालज्यू, विशेष अतिथि पार्क समितिका सल्लाहकार एवं माननीय सभासद् भिमसेन दास प्रधानज्यू र शान्ति तथा पुनर्निर्माण मन्त्रालयका श्रीमान् सचिव खुमराज पुञ्जालीज्यू लगायत लोकतान्त्रीक आन्दोलनकारी दलका पार्टी प्रतिनिधिहरु, वन प्रतिनिधि (क्रियाशिल/संगठित सदस्य), संस्थागत सदस्यहरुको समेत उपस्थितिमा साधारण सभा सम्पन्न भएको छ।

उक्त साधारण सभाले राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) पार्क निर्माण तथा व्यवस्थापन समिति गम्भिर हुनुका साथै निरन्तर कटिवद्ध रहि सहमती सहकार्य र एकताका साथ नेपाल सरकारको निर्णय बमोजिम तथा निर्माण कार्य सम्पन्न गर्न तेश्रो संशोधन विधान २०७२ अनुसार मिति २०७२ जेठ १२ गते देखि २०७७ जेठ ११ सम्म ५ वर्षे स्वीकृत वन कार्ययोजना तथा पार्क व्यवस्थापन कार्ययोजनामा केन्द्रिय पार्क, सहायक पार्क, क्षेत्रिय पार्क, जिल्ला समिति र स्थानिय समितिको खाका तयार पारी स्वीकृत वन कार्ययोजना तथा पार्क व्यवस्थापन कार्ययोजना तेस्रो संशोधन विधान २०७२ पारित गर्दै एक अभिच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुने गरी यो विधान जारी गरिएको छ ।

## परिच्छेद-१

### उपभोक्ता समूहको परिचय तथा उद्देश्य

१.१ (क) उपभोक्ता समूहको नाम र ठेगाना :

नेपाल सरकारद्वारा घोषित, राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक),

पार्क निर्माण तथा व्यवस्थापन समिति गोकर्णेश्वर, नगरपालीका वडा नं. ९, जगडोल, काठमाडौं ।

Manded by Goverment of Nepal, National Martyr's and Peace Park (Memorial), Park Construction and Management Committee, Gokarneshwor, Municipality–9, Jagadol, Kathmandu भनिने र अंग्रेजिमा छोटो नाम (NMP,PCMC) भनिनेछ ।

१.२ उद्देश्यः

क) खाली भएका स्थानहरूमा बहुउद्देश्यीय जातको विरूवाहरू वृक्षारोपण गरी वन क्षेत्रलाई भूक्षय हुनबाट रोकी वातावरण संरक्षण गर्ने ।

ख) उपभोक्ताहरूको दैनिक आवश्य- कताहरू (घाँस, दाउरा, स्याउला, पात, पतिङ्गर आदि) निरन्तर रूपमा उपलब्ध गराउँदै लाने ।

ग) सामुदायिक वनको संरक्षण, सम्बर्द्धन तथा सदुपयोग गर्ने ।

घ) विभिन्न गैर सरकारी तथा सरकारी संघसंस्थासँग समन्वय गरी समूह र वनको हित हुने किसिमका कार्यक्रमहरू संचालन गर्ने ।

ङ) वनमा रहेका वन्यजन्तु, पशुपंक्षिको संरक्षण गर्ने ।

च) गरीब तथा विपन्न वर्ग एवं महिला उत्थानको लागि आवश्यक पर्ने सीपमूलक कार्यक्रमहरू संचालन गर्ने ।

छ) सामुदायिक वन क्षेत्रमा हरियाली पार्क, पिकनिक स्पोट निर्माण गरी आन्तरिक एवं वाह्य पर्यटनलाई बढावा दिई उपभोक्ता समूहको आय आर्जनमा वृद्धि गराउने ।

ज) सामुदायिक वनको विकास संरक्षण कार्यमा स्थानीय संघ संस्था (क्लव) हरुलाई सहभागी गराई युवाहरूलाई वनप्रति सकारात्मक योगदान दिन प्रेरित गराउने ।

झ) लोकतान्त्रिक आन्दोलनका समयमा घटेका महत्वपूर्ण घटनाहरूको विवरण तथा तथ्यांक संकलन गरी त्यसलाई संस्थागत रूपमा अभिलेख गरी शहीद तथा शहीदका परिवारहरूको सम्मान, लोकतन्त्र प्राप्तिका लागि भएका आन्दोलनहरूमा विशिष्ट योगदान दिने व्यक्ति वा संस्थालाई उचित पुरस्कार यस्ता व्यक्ति वा संस्थाहरूलाई प्रदान गर्नुपर्ने सहयोग जस्ता शान्ति सम्मान कार्यहरू गर्न लोकतान्त्रिक आन्दोलनका महत्वपूर्ण घटना, व्यक्ति तथा स्थानको पहिचानको लागि विभिन्न संघ संस्थाहरूबाट शहीद पार्क एवं राष्ट्र सेवकहरूका लागि तयार गरिएका निजामती पार्कहरू संरक्षणविद् र वन विज्ञहरूको सम्झनामा बनाइएका संघसंस्थासँग समन्वय गर्दै

विभिन्न जिल्लाका जिल्ला विकास समितिहरूको सहयोगमा लोकतान्त्रिक आन्दोलनकारी दलहरूको सहमतिमा जिल्ला तथा स्थानीय तहमा समन्वय गर्दै लोकतान्त्रिक आन्दोलनका शहीदहरू महत्वपूर्ण घटना तथा स्थानहरूको चीरस्मरणका लागि शान्ति स्मारक, स्तम्भ वा बाटिका निर्माण गर्ने स्थानीय तहमा समिति गठन गर्ने ।

ञ) राष्ट्रियस्तरको शहीद पार्क निर्माण गरी राष्ट्र प्रमुखहरू, मन्त्रीहरू, विदेशी पाहुनाहरू लगायत आम नेपाली जनताहरूबाट शहीदहरूप्रति सम्मान गर्ने थलोको विकास गर्ने ।

ट) सरकारी (मन्त्रालय तथा निकायहरू) यस सँग सम्बन्धित इच्छुक, गैर सरकारी, संघ संस्था, स्थानीय तहमा लोकतन्त्र स्थापनामा महत्वपूर्ण योगदान पुऱ्याउने संघ, संगठन तथा युनियन तथा व्यक्तिहरू शहीद परिवार, जनआन्दोलनका घाइते, निजी क्षेत्र, स्थानीय समुदाय तथा नागरिकहरूको साझा सहमति, सहयोग र सहकार्यमा शहीद पार्क निर्माण पार्क र वन विज्ञहरूको नाममा संग्राहलय, अनुसन्धान केन्द्र, कलेज लगायतको इतिहासलाई जीवन्तता राखी भावी पुस्तालाई राष्ट्रप्रति नागरिक शिक्षा दिने खालका कार्यक्रम बनाउने छ ।

ठ) माथि उल्लिखितका महत्वपूर्ण कार्य गर्नको लागि अन्तर्राष्ट्रिय संघ संस्था र नागरिकहरूको सहयोग जुटाउने गरी कोषको छुट्टै व्यवस्थापन गरी आर्थिक नियमावली तथा कर्मचारी नियमावली अनुसार संचालन गर्ने ।

ड) केन्द्र देखि जिल्ला र स्थानीय तहसम्मको संरचना बनाउने छ साथै केन्द्रीय समितिको सहयोगको लागि माननीय मन्त्रीज्यूको अध्यक्षतामा निर्देशन समिति (बोर्ड) समेत रहने छ ।

ढ) लोकतान्त्रिक आन्दोलनहरूमा राणाकालीन, पंचायतकालीन, (शाहीकालीन) जनआन्दोल २०४६ र दोस्रो जनआन्दोलन २०६२/०६३ सम्मका नयाँ नेपाल बनाउने क्रममा वीर योद्धाहरूको जनआन्दोलनका क्रममा घाइते, अंगभंग भएकाहरूको हक, हित तथा संरक्षणका बारेमा हित गर्ने खालका नीति तथा कार्यक्रम तय गर्न नीति निर्माताहरूलाई सुझाव सल्लाह प्रदान गर्ने तथा त्यसको नीति तथा कार्यक्रम तय एवं लागू गर्न दवावमूलक कार्यक्रमहरू संचालन गर्ने ।

१.३ केन्द्रीय समितिको छाप, झण्डा, प्रतीक चिन्ह र शपथ ग्रहण

राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) पार्क निर्माण तथा व्यवस्थापन समिति गोकर्णेश्वर नगरपालीका वडा नं. ९, जगडोल, काठमाडौंको लोगो

लोकतन्त्र, शान्ति र राष्ट्रिय एकताको लागि शान्तिको प्रतिक उडेको परेवामा शहीदका प्रतिविम्ब ताराहरु माथि राष्ट्रिय झण्डा गोलाकार भित्र रहनेछ। साथै सपथ ग्रहण सहित क) झण्डा, ख) प्रतिक चिन्ह र ग) सपथ ग्रहण अनुसूची १ मा राखिएको छ।

१.४ परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा

- उपभोक्ता समूहको विधान भन्नाले यज्ञडोल (जगडोल) सामुदायिक वन उपभोक्ता समूह तथा राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) पार्क निर्माण कार्यदल कार्यसम्पादन समितिको विधान वा नियमावली भन्ने सम्झनुपर्दछ।
- उपभोक्ता समूह भन्नाले यज्ञडोल (जगडोल) सामुदायिक वन उपभोक्ता समूहका सदस्यलाई जनाउँछ।
- समिति भन्नाले राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) पार्क निर्माण कार्यदल कार्यसम्पदान समिति यज्ञडोल (जगडोल) सामुदायिक वन गोकर्ण २०६४ को दोस्रो संशोधन २०६७ लाई जनाउँछ।
- वन पैदावार भन्नाले घाँस, दाउरा, काठ, स्याउँला, पात पतिङ्गर आदि वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएका पैदावार सम्झनु पर्दछ।
- चौपाया भन्नाले जुनसुकै जातको पाल्तु चारखुट्टे जनावर सम्झनु पर्दछ।
- सामुदायिक वन भन्नाले सामुदायिक हितका लागि वनको विकास, संरक्षण, उपयोग गर्न वन ऐन २०४९ को दफा ५ बमोजिम उपभोक्ता समूहलाई सुम्पेको यज्ञडोल (जगडोल) सामुदायिक वन सम्झनु पर्दछ।
- वन कार्ययोजना भन्नाले यज्ञडोल (जगडोल) सामुदायिक वन, राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) पार्क निर्माण कार्यदल कार्यसम्पादन समिति यज्ञडोल (जगडोल) सामुदायिक वन गोकर्णको पार्क निर्माण, संरक्षण, संवर्द्धन तथा उपयोग गर्न समूहले प्राविधिक सहयोगमा तयार गरी नेपाल सरकारको मन्त्रीपरिषद्को मिति २०६४।०२।११ र मन्त्रीपरिषद्को मिति २०६४।२।२८ को निर्णय बमोजिम स्वीकृत वन कार्यायोजनालाई जनाउँछ।
- साधारण सभा भन्नाले राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) पार्क निर्माण कार्यदल कार्यसम्पादन समिति यज्ञडोल (जगडोल) सामुदायिक वन गोकर्ण २०६४ दोस्रो संशोधन २०६७ को आम भेलालाई सम्झनुपर्दछ।
- टाँचा भन्नाले यज्ञडोल (जगडोल) सामुदायिक वनको टाँचा जिल्ला वन कार्यालयमा दर्ता गरेको भन्ने सम्झनुपर्दछ।
- निर्देशन (बोर्ड) समिति भन्नाले मन्त्रीज्यूको अध्यक्षतमा सम्बन्धित सरोकारवालासँग बस्ने समीक्षा वैठकलाई सम्झनु पर्नेछ।

- शहीद भन्नाले जहाँनिया राणाशासन, निरङ्कुश पंचायतकालीन र शाही शासन कालमा राष्ट्रका लागि जीवन उत्सर्ग गर्ने महान कर्मठ वीर योद्धा सपूत भन्ने जनाउँछ ।
- घाइते भन्नाले जहाँनीय राणाशासन, निरङ्कुश पंचायतकालीन र शाही शासन कालमा राष्ट्रका लागि नयाँ नेपाल बनाउन लोकतान्त्रिक आन्दोलनका मैदानमा हजारौं घाइते भएका छन् तिनै महान् कर्मठ वीर योद्धाहरू भन्ने जनाउँछ ।
- निजामती सेवा भन्नाले राष्ट्र सेवक निजामति कर्मचारीलाई सम्झनु पर्दछ ।
- वन विज्ञहरू भन्नाले ताप्लेजुङ्गको घुन्सामा हेलिकोप्टर दुर्घटनामा दुःखद् निधन भएका वन राज्यमन्त्री गोपालराई, वन सचिव डा. दामोदर पराजुली, डा. हर्क गुरूङ्ग लगायतका २४ जना व्यक्तिहरूलाई वन विज्ञ सम्झनु पर्नेछ ।
- पदाधिकारी भन्नाले अध्यक्ष, बरिष्ठ उपाध्यक्ष,महिला उपाध्यक्ष, महासचिव, सदस्य सचिव कोषाध्यक्ष, क्षेत्रिय उपाध्यक्ष, र सदस्यहरूलाई सम्झनु पर्दछ ।
- भेला भन्नाले वार्षिक कार्यक्रम एवं नीति तथा कार्यक्रम तयार गर्ने भेलालाई सम्झनु पर्नेछ ।
- अधिवेशन भन्नाले केन्द्र, जिल्ला र स्थानीयस्तरको अधिवेशनलाई सम्झनु पर्नेछ ।
- सदस्य भन्नाले २.६ बमोजिम साधारण सदस्यता प्राप्त गर्ने सदस्यहरूलाई सम्झनु पर्नेछ ।
- संस्थापक सदस्य भन्नाले उच्चस्तरीय शहीद पार्क एवं निजामती पार्क निर्माण आयोजना, पार्क निर्माण कार्यदल कार्यसम्पादन समिति यज्ञडोल (जगडोल) सामुदायिक वन गोकर्ण २०६४ गठन गर्ने पदाधिकारी एवं सदस्यलाई सम्झनु पर्दछ ।
- जनता भन्नाले आम नेपाली जनता सम्झनु पर्दछ ।
- विभाग भन्नाले शान्ति तथा पुनर्निर्माण मन्त्रीज्यूको अध्यक्षतामा मिति २०६५/०६/३० मा गठन गरिएका विभागहरूलाई सम्झनु पर्ने छ ।
- तोकिएको वा तोकिए बमोजिम भन्नाले यस विधानको विभिन्न दफा, उपदफामा उल्लेख भएको वा यस विधानको अधिनमा रही बनेका नियम विनियमहरूमा उल्लेख भएका कुराहरू समेत जनाउँदछ ।
- खेलकुद ग्राम भन्नाले नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयको अग्रसरतामा राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक)को सहायक पार्क भित्र निर्माण हुने खेलकूद क्षेत्रलाई जनाउँछ ।
- वन दशक भन्नाले वन दशक कार्यक्रम अन्तर्गत क्रियाकलापहरुको

कार्यान्वयन /कार्यविधी-२०७१ तथा वन दशक कार्यक्रम-२०७१ (२०७१-२०८० सम्म) अवधारणा तथा सुझाव सहितको प्रस्तावित कार्यक्रलाई जनाउने छ ।

- सहायक पार्क भन्नाले राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) यज्ञडोल (जगाडोल) सामुदायिक वन गोकर्ण विस्तृत आयोजना प्रतिवेदन कार्यकारी सारांशको मुख्य सिफारिस बुदा नं. ६ मा व्यवस्था भए बमोजिम सम्बन्धित सामुदायिक वनहरुको स्वीकृत १० वटा पार्कहरुलाई जनाउने छ ।
- सामुदायिक सेवा केन्द्र भन्नाले सामाजिक संघ, संस्था, क्लब तथा विद्यालयहरु सम्मिलीत यस क्षेत्रमा क्रियाशलि सामाजिक सेवामा समर्पण भई समुहहरुमा एक्बद्वता जनाई सामूहिक नेतृत्व निर्माण भएकोलाई जनाउने छ ।

## परिच्छेद-२

उपभोक्ता समूह (जनता) सम्बन्धी व्यवस्था

२.१ उपभोक्ता समूह (जनता) का वन प्रतिनिधीहरु (क्रियाशिल/संगठित सदस्यहरुको प्रतिनिधिबाट चयन भएका संस्थागत सदस्यहरुको नामावली अनुसूचि २ मा राखिएको छ ।

२.५ समुहको पहिचान नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६४।२।११ र मन्त्रिपरिषद् सामाजिक समितिको मिति २०६४।२।२८ को निर्णय र पुनः मन्त्रिपरिषद् सामाजिक समितिको मिति २०६९/०१/०४ को निर्णयानुसार सिङ्गो मुलुककै आम नेपाली जनताहरूको समूह सदस्य हुन गएकोले नेपाल सरकार मन्त्रीपरिषद्को निर्णय र स्थानीय विकास मन्त्रालयबाट शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा हस्तान्तरण गरिएको पत्र तथा राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक), पार्क निर्माण तथा व्यवस्थापन समितिको विस्तृत आयोजना प्रतिवेदन कार्यकारी सारांश बमोजिम संस्थागत संरचनाहरु परियोजना निर्माण संरचना र परियोजना व्यवस्थापन संरचना अनुसार समुह पहिचान भएको छ ।

२.६ सदस्यता प्राप्तिको प्रक्रिया तथा नवीकरण :क) दफा २.१ अनुसार बसोबास गर्ने घरधुरी सामुदायिक वन उपभोक्ता तथा जनता (समुह) बाट राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) पार्क निर्माण तथा व्यवस्थापन समितिको संरक्षण, संवर्द्धन र उपयोग गर्न चाहने घरधुरीहरूका महिला तथा पुरूषलाई समावेश गर्न सकिने छ साथै विभिन्न जिल्लाहरूमा गठित समितिहरूको प्रतिनिधिहरू यसको सदस्य रहने छन् ।

ख) प्रत्येक समूह सदस्यहरूले सदस्यता वापत आर्थिक वर्ष समाप्त भएपछि नविकरणको लागि वार्षिक रू. २५ का दरले र जिल्लाको हकमा समितिहरू मार्फत् बनेका सदस्यहरूको लागि रू. २५० का दरले नवीकरण शुल्क लाग्नेछ ।

ग) समूहले निर्धारण गरेको सदस्य वार्षिक सदस्य शुल्क नतिरे समूहको सदस्यता समाप्त भएको मानिनेछ ।

घ) नयाँ सदस्यता स्थानीय समितिका लागि रू. ७५ र जिल्ला समितिको हकमा रू. ३०० लाग्नेछ साथै गोकर्णेश्वर नगरपालिका र बूढानिलकण्ठ नगरपालीका (साविक कपन, जोरपाटी, बालुवा, गोकर्णेश्वर र चुनिखेल गा.वि.स.) स्थानीय उपभोक्ता (जनता) ले ३० घरधुरी बराबर समूह सदस्यबाट १ जना वन प्रतिनिधि (क्रियाशील/संगठित) सदस्यहरू चयन सम्बन्धित संयोजकमार्फत चुनिएका र जिल्लाको हकमा ५०० जना साधारण सदस्यले कम्तिमा ३० वटा स्थानीय समिति गठन गरी सदस्यता लिएका व्यक्तिहरू ३० जना वन प्रतिनिधिहरू (क्रियाशील/ संगठित) सदस्यहरू संस्थागत सदस्यताका निमित्त योग्य रहने छन् ।

२.६ को १ संस्थागत सदस्यहरु :

१. शहीद परिवार तथा पिडित नागरिक अधिकार समूह कार्यान्वयन समितिका संयोजक पार्क निर्माण तथा व्यवस्थापन समितिका अध्यक्ष रहेको पदाधिकारी एवं सदस्यहरुको नामावली अनुसूचि ३ मा राखिएको छ ।

२. राजनीतिक संयन्त्र तथा लोकतान्त्रिक आन्दोलनकारीदल/पार्टी प्रतिनिधि समन्वय समितिका संयोजक पार्क निर्माण तथा व्यवस्थापन समितिका महासचिव रहेको पदाधिकारी एवं सदस्यहरुको नामावली अनुसूचि ४ मा राखिएको छ ।

३. यज्ञडोल (जगडोल) सामुदायिक वन उपभोक्ता समूह कार्यन्वयन समितिका संयोजक पार्क निर्माण तथा व्यवस्थापन समितिका कोषाध्यक्ष रहेको पदाधिकारी एवं सदस्यहरुको नामावली अनुसूचि ५ मा राखिएको छ ।

४. सामुदायिक सेवा केन्द्र (संघ/संस्था) कार्यन्वयन समितिका संयोजक पार्क निर्माण तथा व्यवस्थापन समितिका सदस्य-सचिव रहेको पदाधिकारी एवं सदस्यको नामावली अनुसूचि ६ मा राखिएको छ ।

५. जैविक विविधता, वन वातावरण, शिक्षा, सूचना तथा अन्तर पार्क विकास सञ्जाल कार्यन्वयन समितिका संयोजक पार्क निर्माण तथा व्यवस्थापन समितिका सह-कोषाध्यक्ष रहेको पदाधिकारी एवं सदस्यहरुको नामावली

अनुसूचि ७ मा राखिएको छ। साथै तथा कानून तथा न्याय सम्पादन समिति एवं प्राविधि समितिको नामावली उल्लेख गरिएको छ।

ङ) राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) पार्क निर्माण तथा व्यवस्थापन समिति, गोकर्णेश्वर नगरपालिका-९, जगडोल, काठमाडौंको विधान, २०६४ दास्रो संशोधन २०६७, तेस्रो संशोधन विधान-२०७२ मा व्यवस्था भए अनुसार सदस्यहरुको लागि परिचय-पत्र तथा लेटरप्याडमा सामुदायिक वनको लोगो र राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक), पार्क निर्माण तथा व्यवस्थापन समितिको लोगो दायाँ र बायाँ समावेश गरी अनुसुचि ८ क र ख मा राखिएको छ।

२.७ सदस्यता नरहने अवस्थाः

क) सदस्यताबाट हट्न स्वेच्छाले निवेदन दिई साधारण सभाले स्वीकृति दिएमा।

ख) समूहको विधान र कार्ययोजनाको वारम्बार विपरीत काम गरेको हो भनी साधारण सभाले निष्काशन गर्न सिफारिश गरेमा।

ग) सामुदायिक वनको विकास सम्बन्धी कुनै कार्यमा आवश्यक परेको सहयोग नपुऱ्याउने सदस्यहरूलाई समेत साधारण भेलाले सदस्यता खारेजी गर्न सक्नेछ।

२.८ उपभोक्ता सदस्यहरूको काम कर्तव्य र अधिकारः

क) विधान अनुसारको प्रक्रिया पुऱ्याई सदस्यता लिने तथा नवीकरण गर्ने।

ख) सामुदायिक विकास तथा सामुदायिक वनको संरक्षण, संवर्द्धन तथा सदुपयोग कार्यहरूमा सक्रीय रूपमा सहभागी हुने।

ग) समूहको साधारण तथा विशेष साधारण सभामा सहभागि भई निर्णय प्रक्रियामा भूमिका खेल्ने।

घ) शहिदहरू, राष्ट्रिय महत्वका व्यक्तित्वहरू, समूहहरू एवं राष्ट्रसेवकहरू (निजामती) र वन क्षेत्रका विज्ञहरूको नाममा बनाईएका पार्क र स्तम्भ बनाउन सहभागी हुने।

ङ) प्रचलित वन ऐन, नियमावली, नीति तथा निर्देशनको पालना गर्ने। साधारण भेला वा समितिको वैठकले दिएको कुनै पनि कार्य जिम्मेवारीपूवर्क गर्ने।

च) संस्थागत सदस्यता लिन चाहने स्थानीय समितिको हकमा रू. ५०१।- र जिल्लाको हकमा रू १००१।- दस्तुर सहित आवेदन दिएपछि आवेदनमाथि आवश्यक छानविन गरी आवद्धता संस्थागत सदस्यता प्रदान गर्न सकिनेछ।

छ) सहायक पार्कको संस्थागत सदस्यता लिन चाहने हकमा रू. १,५०१।-

दस्तुर सहित आवेदन दिएपछि आवेदनमाथि आवश्यक छानविन गरी केन्द्रिय समितिले आवद्धत प्रदान गर्न सकिनेछ ।

२.९ संस्थागत सदस्य/वनप्रतिनिधि (क्रियाशील सदस्य/संगठित) सदस्यको अधिकार :

क) नीति निर्माणमा सहभागिताको समान अधिकार ।

ख) रकम लेखा जोखा गर्न पाउने अधिकार ।

ग) निर्वाचनमा सहभागिताको समान अधिकार ।

घ) स्थानीय समिति/जिल्ला समिति/सहायक पार्क समिति र केन्द्रीय समितिको प्रतिनिधिहरूले महाधिवेशन निर्वाचनमा भाग लिई निर्वाचित गराउने छ ।

२.१० सदस्यताको समाप्ति :

यस विधानमा अन्यत्र जेसुकै लेखिएको भए तापनि देहायको अवस्थामा सदस्यता समाप्त हुनेछ ।

क) सदस्यताबाट राजीनामा दिएमा ।

ख) तोकिएको समयभित्र सदस्यता नवीकरण नगरेमा ।

ग) मृत्यु भएमा ।

घ) विधान बमोजिम सदस्यता समाप्त भएमा ।

ङ) मगज बिग्रेमा ।

छ)नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाँय पाएको प्रमाणित भएमा ।

ज) संस्थागत सदस्यको सदस्यता खारेज भएमा वा सदस्यता फिर्ता लिन सम्बन्धित स्थानीय समिति/जिल्ला समितिको अधिवेशनले निर्णय गरी समितिलाई जानकारी दिएमा ।

२.११ सदस्यको आचरण :

२) संस्थागत सदस्यले देहाय बमोजिम आचरण पालन गर्नुपर्नेछ ।

क) आफ्ना सदस्यबाट केन्द्रीय समितिको सदस्यता शुल्क नियमित रूपमा संकलन गरी केन्द्रीय समितिमा बुझाउनु पर्ने ।

ख) केन्द्रीय समितिको नीति, निर्णय र निर्देशनको पालना गर्नुपर्ने ।

ग) केन्द्रीय समितिको हित, उद्देश्य र विधान विपरीत काम कारवाही गर्न नहुने ।

घ) संस्थागत सदस्यको साइन बोर्ड, लेटर प्याड र अन्य प्रकाशनहरूमा संघको नामसँग राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) पार्क निर्माण तथा व्यवस्थापन समितिसँग आवद्ध रहेको भन्ने प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ ।

ङ) केन्द्रीय समितिको नीति विरूद्ध कुनै पनि राजनीतिक दल, संस्था वा व्यक्तिको

प्रभावमा काम गर्न वा राजनीतिक दल, संस्था वा व्यक्तिलाई सहयोग गर्न पाइने छैन तर सर्वदलीय, सर्वपक्षीय अवधारणामा काम गर्नुपर्नेछ ।

२.१२ आचरण विरूद्धको कारवाही :

१) साधारण सदस्य उपरको कारवाही:

क) केन्द्रीय समितिका कुनै पनि साधारण सदस्यले आचरण विरूद्धको काम कार्यवाही गरेको देखिएमा कुनै सदस्यद्वारा जिल्ला समिति वा केन्द्रीय समिति समक्ष सप्रमाण उजुरी गर्न सकिनेछ ।

ख) जिल्ला समितिले त्यस्तो उजुरी उपर छानविन गरी आचरण विरूद्ध काम गरे नगरेको ठहर गर्नेछ ।

ग) आरोपित सदस्यले आचरण विरूद्ध काम नगरेको ठहर भएमा कारवाही नचलाउने र आचरण विरूद्ध काम गरेको ठहर भएमा कारवाहीको लागि जिल्ला समितिले केन्द्रीय समिति समक्ष सिफारिश गर्नुपर्नेछ ।

घ) आचरण विरूद्धको कार्यवाही सम्बन्धी अन्तिम निर्णय केन्द्रीय समितिद्वारा गठित न्यायिक समितिको सिफारिशमा केन्द्रीय समितिले गर्नेछ ।

ङ) जिल्ला समितिले गरेको निर्णय चित्त नबुझेमा केन्द्रीय समिति समक्ष र केन्द्रीय समितिले गरेको निर्णय चित्त नबुझेमा केन्द्रीय अधिवेशन वा भेला समक्ष चित्त नबुझ्ने पक्षले पुनरावेदन गर्न सक्नेछ ।

च) आचरण विरूद्धको कारवाही गर्दा देहाय बमोजिमका सजायँमध्ये कुनै एक सजायँ गर्न सकिने छ ।

१) चेतावनी

२) नसिहत

३) निलम्बन

४) सदस्यता खारेजी

छ) आचरण विरूद्धको कार्यवाही गर्नुपूर्व सम्बन्धित सदस्यहरूलाई सफाइको उचित मौका प्रदान गर्नुपर्नेछ ।

२) संस्थागत सदस्य उपरको कारवाही :

क) संस्थागत सदस्यले आचरण विरूद्ध काम गरेको छ भन्ने कुरा केन्द्रीय समिति समक्ष सप्रमाण कुनै सदस्य मार्फत् उजूर गर्न सकिने छ ।

ख) संस्थागत सदस्यउपर परेको उजुरीको छानविन न्यायिक समितिले गर्नेछ ।

ग) आचरण विरूद्ध काम गरेको प्रमाणित भएमा सजायँ गर्नका लागि न्यायिक समितिले केन्द्रीय समिति समक्ष सिफारिश गर्नेछ ।

घ) केन्द्रीय समितिले न्यायिक समितिको सिफारिशमा देहायका सजायँहरूमध्ये कुनै एक सजायँ गर्न सक्नेछ ।

१) चेतावनी

२) नसिहत

३) निलम्बन

४) सदस्यता समाप्ती (खारेजी)

ङ) आचरण विरूद्धको कार्यवाही गर्नुपूर्व सम्बन्धित सदस्यहरूलाई सफाइको उचित मौका प्रदान गर्नुपर्नेछ ।

३) पदाधिकारीहरुको आचार संहिता (Code of Conduct)

राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक), पार्क निर्माण तथा व्यवस्थापन समितिका पदाधिकारीहरुले समितिको तर्फबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरु लगायत समितिको बैठकको समयमा देहाय बमोजिमको आचार संहिता (Code of Conduct) अनुसूचि ९ मा राखिएको छ ।

परिच्छेद-३

३.१ कार्य समितिको गठनः

केन्द्रीय समितिको गठन देहाय बमोजिम हुनेछ ।

क) स्थानीय समितिः

स्थानीय समितिको अधिवेशनले आफूमध्येबाट निर्वाचित अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, कोषाध्यक्ष १, सदस्य ५ र अध्यक्षद्वारा मनोनित सदस्य २ जना गरी बढीमा ११ जनाको स्थानीय समितिको गठन गर्नेछ ।

ख) जिल्ला समितिः जिल्ला अधिवेशनले आफूहरुमध्येबाट अध्यक्ष १, महिला सहित उपाध्यक्ष २, सचिव १, कोषाध्यक्ष १, सह-सचिव १ र सदस्य बढीमा १३ जना र अध्यक्षद्वारा मनोनित सदस्य बढीमा ६ जनासमेत जम्मा २५ जनासम्मको जिल्ला समिति गठन गर्नेछ । यज्ञडोल (जगडोल) सामुदायिक वन उपभोक्ता समितिको नै यसको जिल्ला समितिको काम, कर्तव्य र अधिकार प्रयोग गर्ने छन् । उक्त समितिको पदाधिकारी एवं सदस्यज्यूहरूको नामावली अनुसुची ३ मा उल्लेख गरिएको छ ।

(ग) क्षेत्रिय पार्क

क्षेत्रिय अधिवेशनले आफूहरुमध्येबाट अध्यक्ष १, महिला सहित उपाध्यक्ष २, सचिव १, कोषाध्यक्ष १, सह-सचिव १ र १४ अञ्चलबाट १/१ जना प्रतिनिधित्व सहित १४ जना सदस्य र अध्यक्षद्वारा मनोनित सदस्य ५ जना

समेत जम्मा गरी २५ जनासम्मको क्षेत्रिय समिति गठन गर्नेछ ।

(घ) सहायक पार्क

राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक), पार्क निर्माण तथा व्यवस्थापन समितिको सहायक पार्कहरु दशवटा स्वीकृत भएकोले सहायक पार्कको अधिवेशनले आफूमध्येबाट निर्वाचित अध्यक्ष १, महिला सहित उपाध्यक्ष २, सचिव १, कोषाध्यक्ष १, सदस्य ६ र अध्यक्षबाट मनोनित १ महिला सहित २ जना समेत गरी जम्मा १३ जनासम्मको सहायक पार्क समिति गठन गर्नेछ । राजनीतिक पार्टी प्रतिनिधि ५ जना, सम्बन्धित इलाका वन कार्यालयको प्रतिनिधी २ जना, सम्बन्धित सामुदायिक वन प्रतिनिधि ३ जना, शहीद परविार तथा पीडित नागरिक अधिकार समुह प्रतिनिधि २ जना, यज्ञडोल (जगडोल) सामुदायिक वन उपभोक्ता समूह प्रतिनिधि २ जना, सामुदायिक सेवा केन्द्र प्रतिनिधि १ जना, सम्बन्धित नगरपालिकको प्रतिनिधी २ जना, जैविक विविधता वन, वातावरण, शिक्षा सूचना तथा अर्न्तपार्क संजाल प्रतिनिधि १ जना, सदस्य समेत गरी जम्मा ३१ जनासम्मको सहायक पार्क समिति गठन गर्नेछ । माथि उल्लेखित समूहहरुको प्रतिनिधित्व आ-आफ्नो क्षेत्रबाट अधिवेशन गराई सदस्य पूर्णता प्राप्त भएपछि आ.व. ०७२/०७३ को वार्षिक भेलाबाट पदिय जिम्मेवारी तोकिने छ । अर्को व्यवस्था नभए सम्म सचिवालय व्यवस्थापन समितिको सदस्यहरुलाइ दिइएको जिम्मेवारी अनुसार समितिको पदाधिकारी एवं सदस्यज्यूहरु विधान बमोजिम प्रतिनिधिहरुलाई समाविष्ट गरी केन्द्रिय समितिले सिफारीश दिने छ ।

३.२ केन्द्रीय समितिः

क) केन्द्रीय अधिवेशनले आफूमध्येबाट निर्वाचित अध्यक्ष १, वरिष्ठ उपाध्यक्ष १, महिला उपाध्यक्ष १, महासचिव १, सदस्य सचिव १, कोषाध्यक्ष १, सह-कोषाध्यक्ष १, क्षेत्रिय उपाध्यक्ष ५, अध्यक्षबाट मनोनित ५, राष्ट्रिय शहीद तथा निजामती पार्क निर्माण आयोजना इकाइ कार्यालय प्रतिनिधि १, जिल्ला वन कार्यालय काठमाडौं प्रतिनिधि १, जिल्ला विकास समिति, काठमाडौं प्रतिनिधि १, राजनैतिक पार्टी प्रतिनिधि ९, शहीद परिवार तथा पिडित नागरिक अधिकार समूह प्रतिनिधि ९, यज्ञडोल (जगडोल) सामुदायिक वन उपभोक्ता समूह प्रतिनिधि ९, सामुदायिक सेवा केन्द्र प्रतिनिधि ५, जैविक विविधता, वन वातावरण, शिक्षा, सूचना तथा अन्तर पार्क विकास सञ्जाल प्रतिनिधि ५ गरी जम्मा ५७ जना र आधिकारिक निजामती कर्मचारी,

संघ/संगठन/युनियनका प्रतिनिधि आमन्त्रित सदस्य रहने छ, केन्द्रिय कार्य समिति, अध्यक्षको नेतृत्वमा सचिवालय व्यवस्थापन समितिमा १५ जना, स्टेयरिङ्ग कमिटी (कार्यान्वयन समिति) ७ जना रहेको उक्त समितिको पदाधिकारी एवं सदस्यज्यूहरूको नामावली अनुसुची १० (क), (ख) र (ग) मा उल्लेख गरिएको छ ।

३.३ निर्देशन समिति (बोर्ड) को काम कर्तव्य र अधिकार :

सम्बन्धित मन्त्रालयको मन्त्रीज्यूको अध्यक्षतामा सम्बन्धित सरोकार-वालाहरूसँग प्रत्येक ४/४ महिनामा समीक्षा गरी केन्द्रीय समितिबाट भएगरेका कामको जानकारी लिदै अनुमोदित गर्नेछ । उक्त (बोर्ड)मा पार्कको सचिवालय व्यवस्थापन समितिको १५ जना बैठकमा सहभागी रहनेछ साथै निर्देशन समिति (बोर्ड) को (Term of Reference) तथा निर्देशन समितिका पदाधिकारी एवं सदस्यज्यूहरूको नामावली अनुसूचि ११ मा उल्लेख गरिएको छ ।

३.४ अधिवेशनः

१) स्थानीय अधिवेशनः

क) देहाय बमोजिमका प्रतिनिधिहरू समावेश भई बस्ने वैठक नै स्थानीय समितिको अधिवेशन हो ।

ख) स्थानीय समितिको अधिवेशन कम्तिमा ३० जनासदस्यहरूसहितको भौगोलिक क्षेत्रमा स्थानीय तहमा बस्ने वैठकबाट गठन गर्न सकिनेछ । स्थानीय समितिका पदाधिकारी एवं सदस्यज्यूहरूले भाग लिन पाउनेछन् ।

२) जिल्ला अधिवेशनः

देहाय बमोजिमका प्रतिनिधिहरू समावेश भई बस्ने बैठक नै जिल्ला अधिवेशन हो ।

क) जिल्ला अधिवेशनबाट ३० जना साधारण सदस्य सम्ममा १ जना र सो भन्दा बढी भएमा थप १ जनाका दरले छनौट भई आएका प्रतिनिधिहरू ।

ख) जिल्ला समितिका पदाधिकारी तथा सदस्यहरू ।

३) क्षेत्रिय पार्क अधिवेशनः

देहाय बमोजिमका प्रतिनिधिहरू समावेश भई बस्ने बैठक नै क्षेत्रिय पार्क अधिवेशन हो ।

क) क्षेत्रिय पार्क अधिवेशनमा १५० जना साधारण सदस्य बराबर १ जना र सो भन्दा बढी भएका थप १ जनाका दरले छनौट भई आएका प्रतिनिधिहरू ।

ख)  क्षेत्रिय पार्क समितिका पदाधिकारी तथा सदस्यहरू ।

४) सहायक पार्क अधिवेशन:

देहाय बमोजिमका प्रतिनिधिहरू समावेश भई बस्ने बैठक नै सहायक  पार्क अधिवेशन हो ।

क) क्षेत्रिय पार्क अधिवेशनमा २५० जना साधारण सदस्य बराबर १ जना र सो भन्दा बढी भएका थप १ जनाका दरले छनौट भई आएका प्रतिनिधिहरू ।

ख)  सहायक पार्क समितिका पदाधिकारी तथा सदस्यहरू ।

५) केन्द्रीय अधिवेशन:

केन्द्रीय अधिवेशनमा देहाय बमोजिमका प्रतिनिधिहरू समावेश हुनेछन् ।

क) सम्बन्धित जिल्लाबाट केन्द्रीय अधिवेशनका लागि छनौट भएका ५०० साधारण सदस्य सम्ममा १ जना र सो भन्दा बढी भएमा थप १ जनाका दरले छनौट भई आएका प्रतिनिधिहरू ।

ख) केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरू ।

ग) केन्द्रीय अध्यक्षबाट मनोनित १५ जना केन्द्रीय प्रतिनिधिहरू ।

घ) माथि उल्लेखित (ख) को व्यवस्था प्रथम अधिवेशनको हकमा मात्र लागू हुनेछ ।

३.५ भेला:

१) स्थानीय भेला: स्थानीय अधिवेशनका सदस्यहरूको प्रत्येक वर्षको एक पटक बस्ने वैठक नै स्थानीय  भेला हो ।

२) जिल्ला भेला: जिल्ला समितिका अधिवेशनका सदस्यहरू, स्थानीय अध्यक्षज्यूहरू सम्मिलित वर्षको एक पटक बस्ने वैठक नै जिल्ला भेला  हो ।

३) क्षेत्रिय भेला: क्षेत्रिय पार्क समितिका १४ अञ्चलका अध्यक्षहरु सम्मिलित वर्षको एक पटक बस्ने वैठक नै क्षेत्रिय भेला हो ।

४) सहायक पार्क भेला: सहायक पार्कको अधिवेशनमका सदस्यहरू, जिल्ला अध्यक्ष, क्षेत्रिय अध्यक्षहरु सम्मीलित वर्षको एक पटक बस्ने वैठक नै सहायक पार्क भेला  हो ।

५) केन्द्रीय भेला: केन्द्रीय अधिवेशनका सम्पूर्ण सदस्यहरूलाई अधिवेशनले बराबरी संख्यामा दुई समूहमा विभाजन गर्नेछ र सो दुवै समूहहरू मध्ये एक वर्ष प्रथम समूह र अर्को वर्ष दोस्रो समूहले आलोपालो गरी बस्ने वैठक नै केन्द्रीय भेला हुनेछ । केन्द्रीय भेलाको वैठक अधिवेशन भएपछिको पहिलो वर्ष पहिलो समूहको र दोस्रो वर्ष दोस्रो समूहको बैठक बस्नेछ ।

३.६ कार्यअवधि:

क) कार्यसमितिको कार्यअवधि निर्वाचन भएको मितिले ५ वर्षको हुनेछ ।

ख) प्रत्येक तहका अधिवेशनहरू कार्य समितिको कार्यावधि समाप्त हुने सालमा बोलाउनु पर्नेछ ।

ग) प्रथम केन्द्रीय अधिवेशनको हकमा लोकतान्त्रिक दलहरूको सहमतिमा माननीय मन्त्रीज्यूको अध्यक्षतामा बसेको समीक्षा वैठक (बोर्ड)बाट अनुमोदित गराई ५ वर्षसम्म स्वीकृत वन कार्ययोजना तथा पार्क व्यवस्थापन कार्ययोजना अनुसार काम गर्नेछ ।

घ) केन्द्रीय अधिवेशनमा वहालवाला कार्य समितिले कार्यभार हस्तान्तरण गरे पछि नव निर्वाचित समितिले सोही अधिवेशनबाट कार्यभार वहन गर्नेछ ।

३.७ कार्याविधी थप हुनसक्ने:

विशेष परिस्थितिवश निर्वाचन सम्पन्न हुन नसकेमा वा अधिवेशन हुन नसकेमा वहालवाला कार्य समितिले बढीमा ६ महिनासम्म कार्य गर्न सक्नेछन् ।

३.८ विशेष अधिवेशन:

१) सम्बन्धित कार्य समितिको दुई तिहाई बहुमतले आवश्यक ठानेमा वा सम्बन्धित अधिवेशनका कूल प्रतिनिधि संख्याको ३५ प्रतिशतले उचित कारणसहित अधिवेशन बोलाउन लिखित सूचना गरेमा सम्बन्धित समितिले निवेदन दर्ता भएको मितिले तीन महिनाभित्र विशेष अधिवेशन बोलाउनु पर्नेछ । यसरी अधिवेशन बोलाउँदा सम्बन्धित सदस्यलाई कम्तिमा १५ दिन अघि सूचित गर्नुपर्नेछ ।

२) विशेष अधिवेशन बोलाउँदा आवश्यकतका देखाई निवेदनमा उल्लेख गरिएका विषयहरू वाहेक अन्य विषयमा त्यस्तो अधिवेशनमा छलफल तथा निर्णय गरिने छैन ।

३) नियमित अधिवेशन वा भेला बोलाउँदा सम्बन्धित समितिले ठाउँ, मिति र छलफलका विषयहरू समेत उल्लेख गरी कम्तिमा ३० दिन अगावै सम्बन्धित सदस्यहरूलाई सूचना दिनुपर्नेछ ।

४) गणपूरक संख्या:

क) अधिवेशन वा भेलाका कूल प्रतिनिधि संख्याको कम्तिमा ५१ प्रतिशत उपस्थिति भएमा गणपूरक संख्या पुगेको मानिने छ ।

ख) पहिलो पटक बोलाइएको अधिवेशन वा भेला गणपूरक संख्या नपुगेमा पुनः कम्तिमा तीन दिनको  समय दिई दोस्रो पटक अधिवेशन वा भेला बोलाइने

छ, जसमा कम्तिमा २५ प्रतिशत प्रतिनिधिहरूको उपस्थितिलाई गणपूरक संख्या मानिनेछ ।

३.९ छलफल र निर्णयः

१) अधिवेशन वा भेलाको अध्यक्षता सम्बन्धित समितिको अध्यक्षले र अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछन् । उपाध्यक्षको अनुपस्थितिमा कार्यसमितिले तय गरेको समितिको सदस्यले अध्यक्षता गर्नेछन् ।

२) उपस्थित प्रतिनिधिहरूको बहुमत प्राप्त रायलाई अधिवेशन वा परिषद्को निर्णय मानिने छ ।

३) अधिवेशन वा भेला छलफलमा गरिने विषयहरू सम्बन्धित कार्य समितिको तर्फबाट प्रस्तावको रूपमा पेशगर्नुपर्नेछ ।

३.१० माइन्यूट राख्नुपर्नेः

अधिवेशन वा भेलामा भएका निर्णयहरू उतार गरी अध्यक्षता गर्ने व्यक्ति र कम्तिमा पाँच जना प्रतिनिधिद्वारा प्रमाणित गराई माइन्यूट राख्नु पर्नेछ ।

३.११ निर्णयको जानकारी दिनुपर्नेः

अधिवेशन वा भेलाले गरेका निर्णयहरूको जानकारी आवद्ध स्थानीय समिति र जिल्ला समितिमार्फत सदस्यहरूलाई गराउनु पर्नेछ ।

३.१२ अधिवेशन र भेलामा पेश गरिने विषयहरूः

१) अधिवेशनमा पेश गरिने विषयहरूः

क) वार्षिक प्रतिवेदन ।

(झ) सम्वन्धीत वन उपभोक्ता समूहको सहयोग तथा सहकार्यमा पार्क भित्रको वन जंगलको रेखदेख, संरक्षण, व्यवस्थापन तथा वृक्षारोपण गर्ने,

(ञ) पार्कमा प्रवेशको लागि प्रवेश शुल्क तथा पार्कमा समितिले उपलब्ध गराएको सेवा सुविधा उपयोग गरे बापत लिईने सेवा शुल्कको निर्धारण गरी असुल उपर गर्ने,

(ट) शहीदहरूको स्मृतिमा निर्माण तथा स्थापना भएका अन्य स्मारक तथा पार्क सञ्चालन गर्ने व्यक्ति वा निकायसँग आवश्यकता अनुसार सहकार्य गर्ने,

(ठ) पार्कमा पर्ने सामुदायिक वनबाट प्राप्त हुने आय सम्वन्धीत वन उपभोक्ता समूहको स्वीकृत वन कार्ययोजना तथा विधान वमोजिम यज्ञडोल (जगडोल) रेन्ज पोष्ट अन्तर्गतका त्यस्तो सामुदायिक वन संरक्षण, व्यवस्थापन, पार्क निर्माण तथा विकासको लागि खर्च गर्ने एवं कार्यक्रम लागु गर्ने ।

(ड) समितिको उदेश्य पूर्तिको लागि अन्य कार्य गर्ने, गराउने,

५. मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेः- नेपाल सरकारको लगानी वा बैदेशिक सहयाताबाट पार्कको भौतिक निर्माण र विकास सम्वन्धी कार्यक्रम सञ्चालन गर्दा मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ ।

६. समितिको बैठक सम्वन्धि कार्यविधि : (१) समितिको बैठक कम्तीमा चार महिनाको एक पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति र समयमा समितिको कार्यालयमा वस्नेछ ।

(३) समितिको बैठक बस्ने सूचना समितिको सदस्य सचिवले बैठक बस्नु भन्दा कम्तीमा सात दिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको एकाउन्न प्रतिशतभन्दा वढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैंठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिले कुनै पदाधिकारी वा विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको निर्णय अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(९) समितिको बैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७. उपाध्यक्ष सम्वन्धी व्यवस्था : (१) उपाध्यक्ष समितिमा पूरा समय काम गर्ने प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ ।

(२) उपाध्यक्षको पारिश्रमिक, सेवा अन्य शर्त तथा सुविधा सम्वन्धि व्यवस्था तोकिए वमाजिम हुनेछ ।

८. उपाध्यक्षको काम, कर्तव्य र अधिकार : उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय वमाजिम हुनेछः-

(क) समितिको वार्षिक वजेट, योजना तथा कार्यक्रम तयार गरी समिति समक्ष पेश गर्ने,

(ख) समितिमा निर्णय हुनु पर्ने विषयमा प्रस्ताव तयार गरी समिति समक्ष पेश

गर्ने,

(ग) समितिको बैठकबाट भएका निर्णयको कार्यान्वयन गर्ने,

(घ) समितिको प्रशासनिक तथा आर्थिक काम कारवाहीको नियन्त्रण तथा अनुगमन गर्ने,

(ङ) समितिबाट सञ्चालित योजना तथा कार्यक्रमको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(च) समितिको उद्धेश्य प्राप्तिको लागि तोकिएको बमोजिम अन्य काम गर्ने, गराउने,

९. कर्मचारी सम्वन्धी व्यवस्था :

(१) समितिको कार्य सम्पादनको लागि समितिमा आवश्यक सङ्ख्यामा कर्मचारीहरू रहनेछ ।

(२) समितिले आफ्नै स्रोतबाट खर्च व्यहोर्ने गरी समितिको कर्मचारी नियुक्त गर्नेछ ।

(३) नेपाल सरकार, अर्थमन्त्रालयको पूर्व स्वीकृति नलिई नेपाल सरकारलाई आर्थिक व्ययभार पर्ने गरी समितिमा कर्मचारी नियुक्त गर्न सकिने छैन ।

(४) समितिका कर्मचारीहरूको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवा शर्तहरू तोकिए बमोजिम हुनेछ ।

१०. समितिको कोष : (१) समितिको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकम रहनेछः-

(क) नेपाल सरकाबाट प्राप्त अनुदान,

(ख) कुनै व्यक्ति वा संस्थाबाट सहयोग वा सहयाता स्वरुप प्राप्त रकम,

(ग) अन्तर्राष्ट्रिय संघ, संस्था, विदेशी सरकार वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम,

(घ) समितिले उपलब्ध गराएको सेवा सुविधामा लगाईने सेवा शुल्क बापत प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम,

(२) उपदफा(१) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि समितिले नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्व स्वीकृत लिनु पर्नेछ ।

(३) समितिको उपदफा (१) बमोजिमको कोषमा रहने रकम समितिले तोकिएको नेपाल भित्रको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(४) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(५) समितिको कोषको सञ्चालन कार्यकारी वा सदस्य सचिव उपाध्यक्ष र समितिको लेखा सम्वन्धि काम गर्ने प्रमुख कर्मचारीको संयुक्त दस्तखतबाट

हुनेछ ।

(६) समितिको कोषको सञ्चालन सम्वन्धि अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

११. लेखा र लेखापरीक्षण :

(१) समितिले आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राख्नेछ ।

(२) समितिको आन्तरिक लेखापरीक्षण समितिले तोकेको संस्था वा व्यक्तिले गर्नेछ ।

(३) समितिको अन्तिम लेखापरिक्षण महालेखा परीक्षक वा निजले तोकेको लेखापरीक्षकबाट हुनेछ ।

(४) नेपाल सरकारले समितिको आय व्ययको लेखा, नगदी, जिन्सी वा अन्य कागजात जुनसुकै वखत जाँच्न वा जाँच्न लगाउन सकिनेछ ।

१२. उपसमिति वा कार्यटोली गठन गर्न सक्ने : (१) समितिले आफ्नो कार्य सुचारु रुपले सम्पादन गर्नको लागि आवश्यकता अनुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यटोली कार्यक्षेत्रगत शर्त तथा कार्यावधि समितिले तोके बमोजिम हुनेछ ।

१३. अधिकार प्रत्यायोजन : समितिले आफुलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, कार्यकारी उपाध्यक्ष, सदस्य, दफा (१२) वमोजिम गठित उपसमिति वा कार्यटोली वा समितिको कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सकिनेछ ।

१४. बैठक भत्ता : समितिका पदाधिकारी तथा सदस्यहरु समितिको बैठकमा भाग लिए बापत मन्त्रालयले तोकिएको बमोजिम बैठक भत्ता पाउनेछन् ।

१५. निर्देशन दिन सक्ने : (१) मन्त्रालयले समितिद्वारा गरिने काम कारवाहीको सम्वन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । (२) उपदफा (१) बमोजिम दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१६. समितिको कार्यालय : समितिको कार्यालय मन्त्रालयले तोकेको स्थानमा रहनेछ र आवश्यकता अनुसार शाखा कार्यालय स्थापना गर्न सक्नेछ ।

१७. नेपाल सरकारसँग सम्पर्क : समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१८. नियम बनाउने अधिकार : समितिले यस आदेशको उद्धेश्य पूर्तिका लागि आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम नेपाल सरकारबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

अनुसूचि १२

(वरिष्ठ सल्लाहकार एवं पूर्व मन्त्रीज्यूहरु, सल्लाहकार एवं माननीय सभासदज्यूहरु, राजनीतिक पार्टीका पार्टी प्रतिनिधिहरू, सम्बन्धित सरोकारवाला प्रतिनिधिहरू र नागरिक समाजका प्रतिनिधिहरू रहेको सल्लाहकार समितिः

**वरिष्ठ सल्लाहकारहरूः**

पूर्वमन्त्री एवं माननीय सांसद राजेन्द्र पाण्डे

पूर्वमन्त्री दिलेन्द्रप्रसाद बडु

पूर्वमन्त्री हृदयेश त्रिपाठी

पूर्वमन्त्री गणेश शाह

पूर्वमन्त्री ढुण्डीराज शास्त्री

पूर्वमन्त्री रामबहादुर थापा 'बादल'

पूर्व राज्यमन्त्री तीर्थराम डंगोल

पूर्व राज्यमन्त्री कृष्णगोपाल श्रेष्ठ

**सल्लाहकार**

माननीय सभासद् गगन कुमार थापा

माननीय सभासद् श्री रामेश्वर फुयाँल

माननीय सभासद् भिमसेनदास प्रधान

माननीय सभासद् दिपक प्रसाद कुइँकेल

माननीय सभासद् एकराज भण्डारी

पशुपति क्षेत्र विकास कोषका पूर्व सदस्य-सचिव, श्री निर्मल कुइँकेल

महिला आयोगका सदस्य श्रीमती मनु हुमागाईं

शहीद परिवार श्री खिलनाथ दाहाल

समाजसेवी श्री जीवनसिंह भण्डारी

वरिष्ठ कलाकार शंखरनाथ रिमाल

वरिष्ठ पत्रकार बिजय चालिसे

# खण्ड (ख) २

# कर्मचारी (सेवा, सर्त) विनियम तथा आर्थिक विनियम

# कर्मचारी (सेवा, सर्त) विनियम तथा आर्थिक विनियम

यज्ञडोल (जगडोल) सामुदायिक वन उपभोक्ता समूह (वन कार्ययोजना तथा
विधान २०५५ को
संशोधन २०६४ दफा ६.११ अनुसार तयार पारिएको दोस्रो संशोधन २०६७

कर्मचारी (सेवा, शर्त) विनियम, २०६४, दोस्रो संशोधन २०६७

लोकतन्त्र, शान्ति र राष्ट्रिय एकताको लागि"
नेपाल सरकारद्वारा घोषित
राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक)
पार्क निर्माण कार्यदल कार्यसम्पादन समिति
यज्ञडोल (जगडोल) सामुदायिक वन, गोकण-१ को विधान-२०६४, को दोस्रो
संशोधन २०६७

समितिले पारित गरेको मिति :
२०६४ पौष ११ गते बुधवार (शान्ति तथा पुनर्निर्माण मन्त्रालयको सभाकक्ष)

तयार गर्ने
श्रीमान् श्याम शर्मा, सहसचिव शान्ति तथा पुर्निर्माण मन्त्रालय
श्रीमान् हुम बहादुर के.सी. ज्यू, सदस्य कानुन न्याय तथा संसदीइ व्यवस्था
मन्त्रालय
श्री हरिकृष्ण श्रेष्ठ सदस्य
श्री प्रेमा थापा सदस्य
श्री त्रिलोचन पौड्याल सदस्य

विशेष सहयोगी :
राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक)
पार्क निर्माण कार्यदल कार्यसम्पादन समिति
यज्ञडोल (जगडोल) सामुदायिक वन, गोकर्ण-१ काअध्यक्ष श्री सुदर्शन सिग्देल

स्वीकृत भएको मिति :

नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय मिति : २०६४ ज्येष्ठ ११

मन्त्रिपरिषद् सामाजिक समितिको निर्णय मिति : २०६४ ज्येष्ठ २८

यज्ञडोल (जगडोल) सामुदायिक वन उपभोक्ता समूहको वन कार्ययोजना तथा विधान २०५५

वन कार्ययोजना तथा विधान पुनरावलोकन २०६१

वन कार्ययोजना तथा विधान संशोधन २०६४, दोस्रो संशोधन २०६७

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६९ बैशाख ४ गतेको निर्णय तथा स्वीकृत गुरुयोजना बमोजिम

राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक), पार्क निर्माण तथा व्यवस्थापन समितिको स्वीकृत वन कार्ययोजना तथा पार्क व्यवस्थापन कार्ययोजना तेश्रो संसोधन विधान २०७२

अनुसार परिच्छेद ६ को धारा ६.११ बमोजिम

कर्मचारी (सेवा, सर्त) विनियम २०६४, दो स्रो संसोधन २०६७, तेश्रो संसोधन २०७२

प्रस्तावनाः

राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) पार्क निर्माण तथा व्यवस्थापन समिति, गोकर्णेश्वर न.पा-९, जगडोल, काठमाडौं विधानको दफा ६.११ ले दिएको अधिकार प्रयोग गरी समितिले देहायको विनियमहरू बनाएको छ :

परिच्छेद-१

प्रारम्भिक

१.१. संक्षिप्त नाम र प्रारम्भः

(१) यो विनियमको नाम राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) पार्क निर्माण तथा व्यवस्थापन समिति, गोकर्णेश्वर न.पा-९, जगडोल, काठमाडौंको कर्मचारी (सेवा, शर्त) विनियमावली, २०६४ को दोस्रो संशोधन २०६७, तेश्रो संसोधन २०७२ रहेको छ ।

२) यो विनियमावली समितिले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ ।

१.२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमा

क) "समिति" भन्नाले राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) पार्क निर्माण तथा व्यवस्थापन समिति, गोकर्णेश्वर न.पा-९, जगडोल, काठमाडौंको समितिलाई सम्झनु पर्नेछ ।

ख) "विधान" भन्नाले राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) पार्क निर्माण तथा व्यवस्थापन समिति, गोकर्णेश्वर न.पा-९, जगडोल, काठमाडौंको विधान, २०६४ तथा दोस्रो शंसोधन २०६७, तेश्रो संसोधन २०७२ लाई सम्झनु पर्छ

ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनुपर्छ ।

घ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले अध्यक्षलाई समेत जनाउनेछ ।

ङ) "कार्यालय" भन्नाले समितिको केन्द्रीय कार्यालय सम्झनुपर्छ र सो शब्दले शाखा कार्यालय वा परियोजनालाई समेत जनाउँनेछ ।

च) "कर्मचारी" भन्नाले समितिको कार्य संचालनका लागि विधान तथा यस विनियमावली बमोजिम समितिले नियुक्त गरेका समितिका कर्मचारी सम्झनुपर्छ र सो शब्दले समितिको काममा वैतनिक रूपमा कार्यरत व्यक्तिलाई समेत जनाउने छ तर सो शब्दले आंशिक रूपमा काम गर्ने वा

दैनिक ज्यालादारीमा काम गर्ने व्यक्तिलाई जनाउने छैन ।

छ) "अधिकृत कर्मचारी" भन्नाले समितिका छैटौं तह वा सो भन्दा माथिल्लो तहका कर्मचारीलाई जनाउँछ ।

ज) "सहायक कर्मचारी" भन्नाले समितिका पाँचौ तह वा सो भन्दा तल्लो तहका कर्मचारीलाई जनाउँछ ।

झ) "पदाधिकारी" भन्नाले समितिका अध्यक्ष, सदस्य र समितिका अधिकृत कर्मचारीलाई जनाउँछ ।

ञ) "कार्यालय प्रमुख" भन्नाले केन्द्रीय कार्यालको हकमा अध्यक्ष र समितिका शाखा कार्यालय, परियोजनाको हकमा सम्बन्धीत कार्यालय वा परियोजना प्रमुखलाई जनाउँछ ।

ट) "संयोजक" भन्नाले विभिन्न जिल्लाहरूमा जिल्ला विकास समितिको सहयोगमा लोकतान्त्रिक आन्दोलनकारी दलहरूको सहमतिमा समितिले गठन गरेको व्यक्तिलाई जनाउँछ ।

ठ) "उप समिति" भन्नाले समितिले सम्पादन गर्ने कुनै कार्य सम्पादन गर्ने प्रयोजनार्थ समितिबाट गठित उपसमितिलाई जनाउँछ ।

ड) "आर्थिक वर्ष" भन्नाले प्रत्येक वर्ष साउन १ गतेदेखि असार मसान्तसम्मको अवधिलाई सम्झनु पर्छ ।

१.३. यस विनियमावलीको व्याख्या:

(१) यस विनियमावलीको व्याख्या गर्ने अधिकार समितिलाई हुनेछ ।

(२) यस विनियमावलीको कुनै विनियम प्रयोग गर्दा गरेको व्याख्याबाट कुनै कर्मचारीलाई मर्का परे निजले समितिका अध्यक्ष मार्फत समिति समक्ष निवेदन दिन सक्नेछ । समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

(३) उपविनियम (१) बमोजिम पर्न आएको निवेदनको सम्बन्धमा समितिले गरेको व्याख्यालाई समिति अन्तर्गतका कार्यालयहरूको जानकारी तथा मार्गदर्शनको निमित्त पठाउने छ ।

## परिच्छेद-२

## संगठन संरचना, पद व्यवस्था तथा पद पूर्ति

२.१. संगठन तालिका र दरबन्दी:

(१) समितिको सेवामा रहने कर्मचारी संगठन तालिका र दरबन्दी समितिले

समय समयमा स्वीकृत गरे बमोजिम हुनेछ ।

(२) समितिमा रहने कर्मचारीहरूको सेवा, समूह र पद नाम खुलेको दरबन्दी विवरण तथा तह विभाजन समितिले समय समयमा निर्णय गरे बमोजिम हुनेछ ।

२.२. कार्य विवरणः

समितिका सबै पदहको काम, कर्तव्य र जिम्मेवारी खुलेको कार्य विवरण समितिले स्वीकृत गरे बमोजिम हुनेछ ।

२.३. पद नभै कर्मचारी नियुक्ति गर्न नहुनेः

समितिमा दरबन्दी भन्दा बढी कर्मचारी नियुक्त गर्न सकिने छैन ।

२.४ नियुक्त गर्ने अधिकारः

यस विनियमावलीको विनियम २.६ मा व्यवस्था भए बमोजिमको पदपूर्ति समितिको सिफारिशमा समितिको अधिकृत स्तरका कर्मचारीको नियुक्ति समितिबाट र सहायकस्तरका कर्मचारीहरूको नियुक्ति अध्यक्षबाट गरिनेछ ।

२.५ नियुक्तिको प्रकारः समिति अन्तर्गत रहेका पदहरूमा देहाय बमोजिम नियुक्ति गर्न सकिने छः

क) स्थायी नियुक्तिः समितिको रिक्त पदमा यस विनियमावलीको विनियम २.६ बमोजिम गठित पदपूर्ति समितिको सिफारिशमा स्थायी नियुक्ति गरिने छ ।

ख) अस्थायी नियुक्तिः समितिको सहायकस्तरका पदहरूमा स्थायी पूर्ति नहुँदासम्म तत्काल काममा लगाउनको लागि बढीमा ६ महिनाको लागि अस्थायी नियुक्ति गर्न सकिने छ। यसरी नियुक्त भएको कर्मचारीको म्याद ३-३ महिना गरी दुई पटक थप गर्न सकिने छ ।

ग) करारमा नियुक्तिः विशेषज्ञता आवश्यक पर्ने कुनै खास कामको लागि समितिको मौजुदा दरबन्दीबाट कार्य संचालन हुन नसक्ने देखिएमा निश्चित अवधि तोकी उपयुक्त योग्यता, सेवा शर्त एवं काम, कर्तव्य र जिम्मेवारी सहित समितिको स्वीकृति लिई उपयुक्त व्यक्तिलाई करारमा नियुक्ति गर्न सकिने छ। यस किसिमको नियुक्ति गर्दा समितिले करार अवधिसम्मको लागि विशेष दरबन्दी सिर्जना गर्न सक्नेछ ।

२.६ पदपूर्ति समितिको गठनः

(१) समितिको रिक्त पदहरूमा स्थायी नियुक्ति वा बढुवाद्वारा पूर्ति गर्नका निमित्त देहाय बमोजिमको पदपूर्ति समिति गठन गरिनेछ ।

क) अध्यक्ष

ख) समितिसँग सम्बन्धीत मन्त्रालयका प्रतिनिधि सदस्य

ग) अध्यक्षद्वारा मनोनित वरिष्ठ अधिकृत सदस्य

घ) समितिले तोकेको सम्बन्धीत विषयको विशेषज्ञ एकजना सदस्य

ङ) समितिको प्रशासनको शाखा प्रमुख वा समितिको सदस्य सचिवले पदपूर्ति समितिको सचिवको काम गर्ने छ ।

२) पदपूर्ति समितिले आफ्नो वैठकमा आवश्यकतानुसार पदसँग सम्बन्धित कुनै विशेषज्ञलाई आमन्त्रितको रूपमा सहभागी तुल्याउन सक्नेछ ।

३) पदपूर्ति समितिको वैठक सो समितिको अध्यक्षको अनुमति लिई सचिवले बोलाउने छ ।

४) वैठक पदपूर्ति समितिको सम्बन्धीत कार्यविधि सो समिति आफैले निर्धारण गर्नेछ ।

५) पदपूर्ति समितिको सचिवालयको काम समितिको कर्मचारी प्रशासन सम्बन्धी काम गर्ने शाखाले गर्नेछ ।

२.७ उपसमितिको गठन गर्नसक्नेः पदपूर्ति समितिले आफ्नो कामको सिलसिलामा उप समिति गठन गर्न सक्नेछ ।

२.८ पदपूर्ति समितिले व्यवस्था गर्नसक्नेः

यो परिच्छेदमा उल्लेखित व्यवस्थाको कार्यान्वयनको क्रममा पदपूर्ति समितिले यस विनियमावलीको प्रतिकूल नहुने गरी आवश्यक निर्णय गर्न सक्नेछ ।

## परिच्छेद-३
## काज र कायमुकायम

३.१. काजः

१) समिति अन्तर्गतका कर्मचारीलाई अवलोकन भ्रमण, प्रशिक्षण (तालिम) सेमिनार (गोष्ठी) र समितिको कामको सिलसिलामा नेपाल भित्र वा विदेशमा अवधि तोकी काजमा खटाउन सकिने छ ।

२) समितिको मनोनयनमा कर्मचारीलाई तालिमको लागि काजको रूपमा खटाउन सकिने छ । यस प्रकारको तालिमको अवधि छ हप्ता भन्दा बढी हुने भएमा निजले पाइ आएको तलव भत्ता पाउने छैन ।

३) समितिको अध्यक्षले समितिको कार्यको सिलसिलामा भ्रमण काजमा जाँदा

समितिबाट स्वीकृति लिनुपर्ने छ । तर नेपाल भित्र समितिको कार्य क्षेत्रमा कामको सिलसिलामा अपर्झट जान परेमा समितिलाई जानकारी गराई बढीमा सात दिनसम्म काज जनाई जान सकिने छ । अन्य सबै तहका कर्मचारीहरूलाई अध्यक्षले काज खटाउन सक्ने छ ।

३.२. कायमुकायम गर्ने:

१) कुनै कर्मचारीलाई समिति अन्तर्गत एक तह माथि कार्यालय प्रमुखको पदमा कायमुकायम मुकरर गर्न सकिने छ ।

२) कायमुकायम मुकरर गरिएको कर्मचारीले कायमुकामय गरेको मिति देखि काम गरेको पदको सुरू स्केलको तलव भत्ता पाउनेछ । तर निजले साविक देखि खाइपाइ आएको तलव अंक कायमुकाम गरेको पदको सुरू स्केलको अंक बराबर वा सोभन्दा बढी भएमा निजले पाइरहेको अंकको सबैभन्दा नजिकको माथिल्लो स्केलको तलव पाउने छ ।

३) कुनै एक पदमा एकै समयमा एकभन्दा बढी कर्मचारीलाई कायमुकामय मुकरर गर्न सकिने छैन ।

३.३. निमित्त भै काम गर्ने:

कुनै कार्यालय प्रमुख विदा वा काजमा गएमा वा सो पद कुनै व्यहोराले रिक्त रहेमा अधिकार प्राप्त अधिकारीको लिखित आदेशमा तत्काल मुनिका जेष्ठ कर्मचारीले निमित्त भई कार्य संचालन गर्नुपर्नेछ । यसरी निमित्त भई कार्य संचालन गरेको जानकारी केन्द्रीय कार्यालयलाई गराउनु पर्नेछ । पन्ध्र दिन भन्दा बढी अवधि निमित्त भई काम गरेमा निमित्त भई काम गरेको पदको सुरू स्केलको तलव भत्ता पाउने छ तर निजले आफ्नो पदाधिकार रहेको पदमा खाइपाइ आएको तलव सो निमित्त भएको पदको सुरू स्केलको तलवभन्दा बढी भए खाईपाइ आएका तलव नै पाउने छ ।

## परिच्छेद-४
## कार्यालय समय, हाजिरी र विदा

४.१ कार्यालय समय:

समितिको कार्यालय समय फाल्गुन देखि कार्तिक मसान्तसम्म नौ महिनाको लागि बिहान दश बजे देखि पाँच बजे सम्म र मंसिर देखि माघ मसान्तसम्म बिहान दश बजे देखि चार बजे सम्म हुनेछ । सामान्यतया नेपाल सरकारले सरकारी कार्यालयहरूको लागि तोकेको कार्यालय समयलाई नै समितिको

कार्यालय समय मानिने छ ।

४.२ सार्वजनिक विदाः

प्रत्येक शनिबार लगायत समितिले तोके बमोजिम समितिको कर्मचारीले सार्वजनिक विदा उपभोग गर्न पाउने छन् ।

४.३ कर्मचारीको हाजिरीः

समितिले व्यवस्था गरे बमोजिम कर्मचारीको नियमित रूपमा कार्यालयमा आएको र कार्यालयबाट गएको समय जनाई हाजिर गर्नुपर्नेछ । निर्धारित समयमा कार्यालय नआउने वा कार्यालय प्रमुखको स्वीकृति वेगर कार्यालय समयमा कार्यालय छोडी जाने कर्मचारीलाई गयल गर्न सकिने छ ।

४.४कर्मचारीको सबै समय समितिको अधीन हुनेः

कर्मचारीको सबै समय समितिको अधिनमा रहने छ तर कार्यालय समय बाहेक समय वा विदाको दिनमा कर्मचारीलाई काममा लगाइदा तोकिए बमोजिम ओभर टायम भत्ता वा खाजा खर्च दिइने छ ।

४.५विदाको व्यवस्थाः

१) कुनै पनि कर्मचारीले अधिकारको रूपमा विदाको दावी गर्न पाउने छैन । कामको अनुकूल हेरी विदा स्वीकृति दिन पाउने अधिकारीले आफ्नो तजविजबाट विदा स्वीकृत अथवा अस्वीकृत गर्न सक्नेछ ।

२) कुनै पनि कर्मचारी विदा नलिई कार्यालयमा अनुपस्थित हुनु हुँदैन ।

३) उप विनियम (१) र (२) उलंघन गरी उपस्थित नहुने कर्मचारीलाई गयल गरी सो दिनको तलव भत्ता दिइने छैन तर निकासा नहुँदै विदा बसे तापनि सो अनुपस्थित भएको अवधिको लागि विदाको निवेदन गरी सो विदा स्वीकृत भएमा यो विविनियम उलंघन गरेको मानिने छैन ।

४) विरामी विदा र भैपरि आउने विदा वाहेक अरू विदाको लागि कर्मचारीले आफूलाई चाहिएको विदाको निमित्त विदाको माग फाराम भरी विदा दिने अधिकारीबाट विदा बस्नु अगावै स्वीकृत गराई बस्नु पर्नेछ । बिरामी विदाको हकमा त्यस्तो विदामा बस्ने कर्मचारीले भरसक विदा बसेकै अवधि भित्र विदाको माग फाराम गरी पठाउनु पर्नेछ ।

५) अस्थायी कर्मचारीले भैपरी आउने विदा, बिरामी विदा, घर विदा, क्रिया विदा र प्रशुति विदा मात्र पाउनेछ ।

४.६विदाको किसिमः समितिको स्थायी कर्मचारीले देहाय बमोजिमको विदा

पाउन सक्नेछन्ः

क) भैपरि आउने र पर्व विदा

ख) घर विदा

ग) बिरामी विदा

घ) किरिया विदा

ङ) प्रसूति विदा

च) प्रसूति स्याहार विदा

क) भैपरि आउने र पर्व विदाः_

१) समितिको कर्मचारीले प्रत्येक वर्ष ६-६ दिनमा नबढाई भैपरि आउने र पर्व विदा पाउन सक्ने छन् ।

२) भैपरि आउने र पर्व विदा लिइ बसेको कर्मचारीले पूरा तलव पाउने छ ।

३) भैपरि आउने र पर्व विदा आधा दिन पनि लिन पाउने छ ।

४) एक वर्षको भैपरि आउने र पर्व विदा सन्चित गरी अर्को वर्ष लिन पाइने छैन ।

५) भैपरि आउने र पर्व विदा साधारणतया एक पटकमा (सात दिनसम्म दिन सकिने छ ।

स्पष्टीकरणः उप विविनियम (३) को प्रयोजनको लागि आधा दिन भन्नाले दैनिक कार्यालय समयको आधा समय सम्झनु पर्दछ ।

ख) घर विदाः_

१) कर्मचारीले प्रत्येक वर्षमा ३० दिनको दरले घर विदा पाउने छ ।

२) घर विदा बढीमा एक सय पचास दिन सम्म संचित गरी राख्न सकिने छ । कुनै कर्मचारीको घर विदा साठी दिन भन्दा बढी संचित रहेमा र निजले त्यस्तो बढी संचित रहेको घर विदाको सट्टा तलव लिन चाहेमा निजले सो समयमा खाइपाइ आएको तलव हिसावले दिन तीसमा नबढाई वर्षमा एक पटक तलव लिन पाउने छ । तर पन्ध्र दिन भन्दा घटीको विदा वापत कुनै रकम दिइने छैन ।

३) कर्मचारीले जुनसुकै कारणबाट सेवाबाट अवकाश लिए वा पाएपछि त्यस वखतसम्म निजको संचित रहेको पुरै घर विदाको सेवाबाट अवकाश पाएको समयमा निजले खाइपाइ आएको तलवको हिसावले घर विदाको दिन बराबर तलव पाउने छ ।

४) घर विदामा बसेको कर्मचारीले पूरा तलव, भत्ता पाउने छ ।

५) घर विदा पेश्की लिन पाइने छैन ।

६) आफ्नो संचित घर विदा स्वीकृत गराई वर्षको एक पटक घर विदामा जाने कर्मचारीले बाटो म्याद पाउने छ । बाटो म्यादको माग गर्दा समितिमा सात दिनको घर विदा स्वीकृत गराएको हुनुपर्नेछ । बाटोको म्याद दिँदा उपलब्ध सबै भन्दा छिटो साधनबाट गन्तव्य स्थानसम्म जान आउन लाग्ने खुद् अवधि दिइने छ । पैदल यात्रा गर्नुपर्ने अवस्थामा दैनिक आठ कोषको दरले म्यादको हिसाव गरिनेछ । यस्तो किसिमको बाटो म्याद सात दिनभन्दा बढी दिइने छैन ।

ग) बिरामी विदाः_

१) कर्मचारीले प्रत्येक वर्ष १२ दिनको दरले बिरामी विदा पाउने छ । त्यस्तो बिरामी विदा साल भुक्तानी नहुँदै बढीमा १२ दिन सम्म पेश्की दिन सकिनेछ। तर अध्ययन विदा र असाधारण विदा लिई बसेको अवधिको बिरामी विदा पाउने छैन ।

२) लगातार ७ दिनभन्दा बढी अवधिको विरामी विदाको अनुरोध गर्ने कर्मचारीले नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको चित्सिकको सिफारिश पेश गर्नु पर्दछ । त्यस्तो सिफारिश पेश गर्ने साधारणतया सम्भव छैन भने विदा दिने अधिकारीलाई विश्वास भएमा निजले सोही व्यहोरा जनाई प्रमाण पत्र पेश गर्नु नपर्ने गर्न सक्नेछ ।

३) कर्मचारीले जुनसुकै व्यहोराले आफ्नो सेवा छुटे पनि त्यस वखत सम्म आफ्ना संचित भए जति बिरामी विदाको अवधिको सेवाबाट अवकास पाउँदाको अवस्थाको पदाधिकार रहेको पदको तलव भत्ताका दरले हुन आउने रकम पाउने छ ।

४) कुनै कडा रोग लागि स्वीकृत चित्सिकको प्रमाण पेश गरको कर्मचारीले आफ्नो संचित विरामी विदा नभएमा वा नपुग भएमा बढीमा ४५ दिनसम्म थप बिरामी विदा पाउन सक्नेछ । यस्तो बिरामी विदा वापत एक दिनका दरले घर विदा कट्टा गरिने छ । त्यसरी पेश्की बिरामी विदा लिई बसेको कर्मचारीले पूरा तलव भत्ता पाउने छ। पेश्की बिरामी विदा लिने कर्मचारीको मृत्यु भएमा त्यसरी पेश्की लिएको बिरामी विदा स्वतः मिन्हा हुनेछ ।

५) उप विनियम (४) बमोजिम लिएको विदाले नपुग भई थप विदा लिनु परेमा विशेषज्ञ चिकित्सकको सिफारिशमा कर्मचारीले पाउने असाधारण विदाबाट

कट्ट हुने गरी सेवा अवधि भरमा बढीमा एक वर्ष वेतलवी असाधारण विदा लिन सक्नेछन् ।

घ) किरिया विदाः_

१) समितिको कुनै कर्मचारीले कूल धर्म अनुसार आफै किरिया बस्नु परेमा पन्ध्र दिन किरिया विदा पाउने छ । समितिको महिला कर्मचारी किरिया बस्नु परेमा पनि १५ दिन विदा दिइने छ ।

२) किरिया विदामा बस्दा समितिका कर्मचारीले पूरा तलव भत्ता पाउने छ ।

ङ) प्रसूति विदाः_

१) समितिको महिला कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघि पछि गरी साठी दिन प्रसूति विदा पाउने छ ।

२) प्रसूति विदा बसेको महिला कर्मचारीले पूरा तलव पाउने छ ।

३) उप विनियम (१) बमोजिमको प्रसूति विदा सेवा अवधिभरिमा बढीमा दुई पटक मात्र पाउने छ ।

४.७. विदा दिने अधिकारीः

१) अध्यक्षले भैपरि आउने, पर्व विदा र एक पटकमा ७ दिन सम्मको विरामी विदा आफैले जनाइ लिन सक्नेछ । ७ दिनभन्दा बढी बिरामी विदा र अन्य विदाको लागि समितिको स्वीकृति लिनुपर्नेछ ।

२) अध्यक्ष वाहेक अन्य कार्यालय प्रमुखले भैपरि आउने र पर्व विदा ३ दिन सम्म आफैले जनाई लिन सक्नेछन् । सो भन्दा बढी र अन्य विदा कार्यकारी प्रमुखले स्वीकृत गर्नेछ ।

४.८स्वीकृत विदाको अवधिभित्र हाजिर हुनेः

पूर्व स्वीकृत लिई विदामा बसेका कर्मचारीले लिएको विदा बाँकी छदै विदा आवश्यक नपरी बीचैमा कार्यालयमा हाजिर हुन आएमा विदा स्वीकृत गर्ने अधिकारी समक्ष कर्मचारीले लिखित निवेदन दिई स्वीकृत भए पछि मात्र बीचैमा हाजिर हुन पाउने छ ।

४.९ विदा गाभिनेः

भैपरि आउने र पर्व विदा वाहेक अरू कुनै प्रकारको विदा लिई बसेका कर्मचारीले सो विदा भुक्तान हुँदा सार्वजनिक विदा पर्न गएमा र सार्वजनिक विदापछि पनि समितिमा हाजिर नभएमा सो सार्वजनिक विदाको अवधि पनि निज कर्मचारीले लिई बसेको प्रकारको विदा वा सो विदा बाँकी नभएमा

निजको बाँकी रहेको अरू विदामा बसेको मानिनेछ ।

४.१० विदा लिने तरिकाः

आफूलाई चाहिएको विदाको किसिम, अवधि र कारण समेत खोली कर्मचारीले आफ्नो कार्यालयमा दरखास्त पेश गर्नुपर्नेछ । विदा स्वीकृत वा अस्वीकृत भएको व्यहोरा विदा दिने अधिकारीले जनाई दस्तखत गर्नुपर्नेछ । तर भैपरि आउने विदा र पर्व विदाको हकमा भने विदा दिने अधिकारीले मौखिक स्वीकृत पनि दिन सक्ने छन् । विदा दरखास्तको फाराम तोके बमोजिम हुनेछ ।

४.११ इलाका छोड्नु परेमाः

कर्मचारीले विदामा बसेको अवधिमा इलाका छोडी जानु परेमा वा विदेश जान परेमा जाने स्थानको पूरा ठेगाना सहित कार्यालय प्रमुखलाई जानकारी दिनुपर्नेछ ।

४.१२ विदाको अभिलेखः

कार्यालय प्रमुखले कर्मचारीको विदाको अभिलेख राख्न लगाउनु पर्नेछ ।

## परिच्छेद-५

## तलव, भत्ता, औषधीउपचार तथा अन्य सुविधा

५.१ तलवमानः

१) समितिको कर्मचारीको तलवमान समितिले समय समयमा तोकिदिए बमोजिम हुनेछ ।

२) समितिको कर्मचारीले हाजिर भई काम गरेको मिति देखि तोकिएको पद अनुसारको तलव भत्ता पाउने छ ।

३) समितिमा सुरू नियुक्ति हुने कर्मचारीले नियुक्ति भएको पदको सुरू स्केलको तलव भत्ता पाउने छन् ।

४) कर्मचारीले काम गरी पकाएको तलव भत्ता निज जुनसुकै कारणबाट सेवा मुक्त भएपछि पनि पाउने छ तर समितिको कुनै रकम निजसँग असुल उपर गरिलिनु पर्ने रहेछ भने कट्टा गरी बाँकी रकम मात्र निजलाई दिइनेछ ।

५) सामान्यतया प्रत्येक महिनाको तलव भत्ता सोही महिनाको आखिरी हप्तामा दिइने छ ।

६) समितिको सेवाबाट मुक्त भएको दिन देखिको तलवभत्ता दिइने छैन ।

तर समितिको सेवामा छँदै मृत्यु भएमा त्यस्तो कर्मचारीको मृत्यु भएको महिनाको पुरै तलव भत्ता दिइने छ ।

७) एक महिना वा सो भन्दा बढी विदा बस्ने कर्मचारीलाई विदाको तलव भत्ता विदा बसेको दिन एकमुष्ट दिन सकिने छ ।

५.२ बडा दशैं खर्च:

१) समितिको स्थायी कर्मचारीलाई निजले खाइपाइ आएको एक महिनाको तलव बराबरको रकम प्रत्येक वर्ष घटस्थापनाको १५ दिन अगाडि दशैं खर्चको रूपमा दिइने छ । दशैं खर्च दिँदा वडा दशै भन्दा अघिल्लो महिना भुक्तान भइनसके तापनि अघिल्लो महिनाको तलव समेत खर्च लेखिदिन सकिने छ ।

२) अस्थायी कर्मचारीको हकमा घटस्थापनाको १५ दिन अगाडि ६ महिना सेवा अवधि पुगेको भएमा दशैं खर्च दिइने छ । कर्मचारीले सेवा अवधि ६ महिना पुगेको रहेनछ भने निजलाई दशैं खर्च पेश्कीको रूपमा दिइनेछ र निजको सेवा अवधि ६ महिना पुगेपछि मिनाहा गरी पेश्की फछ्र्यौट गरिने छ । ६ महिना नपुग्दै सेवाबाट अलग भएका दामासाहीले रकम मिनाहा गरी बाँकी रकम असुल उपर गरिने छ ।

३) करार सेवामा रहेको कर्मचारीको करारनामा लेखिए बमोजिम वा समितिको निर्णयअनुसार हुनेछ ।

५.३ बढुवा भएमा पाउने तलव:

कुनै कर्मचारी बढुवा भएको पदको तलवमानको सुरू तलव पाउने छ तर निजले बढुवा हुनु भन्दा पहिलेको पदमा खाइपाइ आएको तलव उक्त माथिल्लो वेतनमान्को सुरूको तलवसँग बराबर मात्र वा सो भन्दा बढी भएमा निजले खाइपाइ आएको तलवको अंकमा बढुवा भएको पदको एक वार्षिक वृद्धि थप पाउने गरी निजको तलव मिलान गरि तोकिने छ ।

५.४ तलव वृद्धि:

१) तलव वृद्धि रोक्का भएको अवस्थामा वाहेक प्रत्येक कर्मचारीको तलव स्केल बमोजिम प्रत्येक वर्ष तलव वृद्धि हुँदै जानेछ । विभागीय सजायँको रूपमा रोक्का भएको तलव वृद्धि विभागीय सजायँ नदिनु पर्ने कारण फुकुवा भएमा त्यसरी रोक्का भएको अवधिको समय गणना गरी साविक बमोजिम थप पाउने छ ।

२) नयाँ नियुक्ति र पदोन्नति भएका कर्मचारीले प्रत्येक वर्ष पूरा गरेपछि एक

स्केल वृद्धि थप पाउने छ ।

३) कार्य दक्षताको सीमापार गर्नको निमित्त योग्य छ भनी कार्यकारी अध्यक्षले लिखित रूपमा व्यक्त नगरे सम्म कुनै कर्मचारीको कार्य दक्षताको सीमापार हुने छैन ।

५.५ अस्थायी नियुक्ति वा कायमुकायम भएको कर्मचारीले ग्रेड नपाउनेः

समितिमा अस्थायी नियुक्त भएका वा कायमुकायम मुकरर भएको कर्मचारीले अस्थायी नियुक्ति भएको वा कायमुकायम भएको पदको ग्रेड वृद्धि पाउने छैन ।

५.६ निलम्बन अवधिको तलबः

१) फौजदारी अभियोगमा प्रचलित कानून बमोजिम थुनामा रही स्वतः निलम्बन भएका कर्मचारीले निलम्बनको अवधिभर कुनै तलब भत्ता पाउने छैन ।

२) हिरासतबाट छुट्टी तारिखमा रहेपछि यस अवस्थाको निलम्बनको स्थिति स्वतः समाप्त हुनेछ र सो कर्मचारीलाई कार्यालयमा हाजिर गराई काम लगाइने छ । तर, विशेष प्रहरी विभाग वा यस्तै अन्य निकायले तारिखमा राखिएकोमा त्यस्तो कर्मचारीले कार्यालयमा काम गर्न नपाए पनि सो अवधिको पूरा तलब पाउने छ ।

३) तारिखमा हाजिर हुन जाँदा कार्यालयमा हाजिर हुन नसक्ने भए, त्यस्तो अवधिको दैनिक भत्ता नपाउने गरी काज जनाइने छ ।

४) जुन अभियोगमा हिरासतमा राखिएको हो सो अभियोग प्रमाणित नभएमा हिरासत रहेको निलम्बन अवधिको पूरै समेत तलब भत्ता पाउने छ ।

५.७ ओभर टायम भत्ताः

समितिका कर्मचारीहरूको कार्यालय समय वाहेक अतिरिक्त समयमा काम गर्नु पर्दा पाउने ओभर टायम भत्ता समितिले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

५.८ प्रोत्साही पुरस्कारः

कुनै पनि कर्मचारीलाई राम्रो काम गरे वापत प्रोत्साहन स्वरूप पुरस्कारको रूपमा बढीमा दुई ग्रेड सम्म नियुक्ति गर्ने अधिकारीले वृद्धि गर्न सक्नेछ । यस्तो ग्रेड साधारणतयाः सम्बन्धीत कर्मचारीको सुपरीवेक्षकबाट भएको ठोस सिफारिशको आधारमा दिनुपर्नेछ । प्रोत्साहित पुरस्कार नगद पनि दिन सकिनेछ । प्रोत्साही पुरस्कार सम्बन्धी विस्तृत कार्यविधि तोकिए बमोजिम

हुनेछ ।

५.९ जोखिम दुर्घटना बिमाः

समितिका पदाधिकारी र कर्मचारीहरूको देहाय बमोजिम रकमको जोखिम दुर्घटना विमा समितिले गरी दिनेछ ।

| पदाधिकारी/कर्मचारी | रकम |
|---|---|
| क) समितिका अध्यक्ष, सदस्य | दुई लाख |
| ख) अधिकृत कर्मचारी | एक लाख |
| ग) सहायक कर्मचारी | पचास हजार |

५.१० लुगा भत्ताः

समितिमा कार्यरत ड्राइभर र पियनस्तरका कर्मचारीहरूलाई हिउँदमा दुई जोर र वर्षामा दुई जोर गरी वार्षिक जम्मा चार जोर पोशाक दिइनेछ । साथै, समिति अन्तर्गतका कर्मचारीहरूलाई प्रत्येक आर्थिक वर्षमा पोशाक खर्च वापत पाँच हजार रूपैयाँ प्रदान गरिनेछ । तर, समितिमा कम्तीमा एक वर्ष सेवा अवधि पूरा नगरेको कर्मचारीलाई यो सुविधा उपलब्ध गराउने छैन ।

५.११ कर्मचारीको तलवबाट कट्टा गरी संचय कोषमा रकम जम्मा गर्नेः

१) कर्मचारीहरूको तलवबाट महिना महिनामा निजको स्केलको तलवको दश प्रतिशतका दरले हुन आउने रकम कट्टी गरी संचय कोषमा रकम जम्मा गरिनेछ ।

२) कर्मचारीहरूको तलवबाट महिना महिनामा संचय कोषको लागि कट्टी भएको रकमको शत प्रतिशत रकम समितिले थपी संचय कोषमा जम्मा गरिदिनेछ ।

३) निलम्बन भएका कर्मचारीको निलम्बन हुँदा पाउने तलवको संचय कोष सुविधा दिने छैन तर निलम्वन फुकुवा भई सो अवधिको पुरै तलव पाउने भएमा पाउने तलवको संचयकोष सुविधा दिइने छ ।

५.१२ भ्रमण आदेशः

अध्यक्षलाई समितिको निर्णयले र अन्य कर्मचारीलाई अध्यक्ष वा निजले तोकेको अधिकृतले भ्रमणमा खटाउन सक्नेछ । अध्यक्ष आफ्नो कार्यक्षेत्र भित्र भ्रमण गर्नुपरेमा भ्रमणको कारण सहितको सूचना समितिलाई दिई भ्रमणमा जान सक्नेछ ।

५.१३ भ्रमण गर्ने तरिकाः

क) भ्रमण गर्दा भ्रमण आदेशमा तोकिए बमोजिम गर्नु पर्नेछ ।

ख) भ्रमण गर्दा कर्मचारीले सामान्यतया छिटो साधनद्वारा र कम खर्चिलो हुने गरी गर्नु पर्दछ ।

ग) भवितव्य परी तथा अन्य मुनासिव माफिकको कुनै कारणबाट भ्रमण लम्बिन गएमा त्यसको कारण स्पष्ट खुलाई भ्रमण गर्ने कर्मचारीले खर्च लेखेको हो र भ्रमणको स्वीकृति दिने अधिकारीले पनि बुझ्दा कुरा मुनासिब ठहरिएमा सो खर्च स्वीकृत गर्न सक्नेछ ।

घ) भ्रमण वा काज खटाउनु पर्ने पर्याप्त आवश्यक कारण नभई भ्रमण वा काजमा खटाउनु हुँदैन ।

५.१४ टेलिफोन सेवा, सुविधा र अतिथि सत्कारः

क) समितिका अध्यक्षलाई विशिष्ट श्रेणीको सुविधा र टेलिफोन महशुल वापत प्रतिमहिना रू. ....... उपलब्ध गराइने छ ।

ख) अध्यक्ष वा कार्यालय प्रमुखलाई आगन्तुक अतिथि सत्कार खर्च सालको रू............ सम्म दिन सकिने छ ।

५.१५ कर्मचारीले पाउने थप सुविधाः

यस विनियममा लेखिए देखि बाहेक कर्मचारीले पाउने सुविधा समितिले तोकेअनुसार हुनेछ ।

## परिच्छेद-६

६.१ अनिवार्य अवकाशः

समितिका कर्मचारीको उमेर ५८ वर्ष भएपछि नीजलाई समितिको सेवाबाट अनिवार्य अवकाश दिइने छ ।

६.२ स्वेच्छिक अवकाशः

१) बीस वर्षसम्म सेवा गरिसकेको कर्मचारीलाई निजको इच्छा भएमा समितिको विनियमानुसार नियुक्ति गर्ने अधिकारीले स्वेच्छिक अवकाश दिन सक्नेछ ।

२) ५५ वर्ष उमेर पुगेको वा २० वर्ष वा सो भन्दा बढी स्थायी अवधि पुगेको कर्मचारीले समितिको सेवाबाट स्वेच्छिक अवकाश लिन चाहेमा निजको सेवा अवधिमा ५ वर्ष थप गरी हुन आउने उपदान, औषधोपचार वापतको रकम र अन्य सुविधा विनियमानुसार दिई समितिले स्वेच्छिक अवकाश दिन सक्नेछ । माथि जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कर्मचारी वहाल रहेको पद खारेज भई कर्मचारीको सेवा समितिलाई आवश्यक नदेखिएमा समितिले

मनासिव माफिकको कारण खुलाई त्यस्तो कर्मचारीलाई तीन महिना बराबरको (खाइपाइ आएको) तलव र तत्काल प्रचलित विविनियम बमोजिम पाउने अन्य सुविधा दिई सेवाबाट अवकाश दिन सक्नेछ ।

६.३ उपदानः

१) ५ वर्ष वा सो भन्दा बढी समितिको स्थायी सेवा गरेको समितिको कर्मचारीले देहाय बमोजिमको उपदान पाउने छन्ः

क) तह एकमा कार्यरत पियन, वाचमैन स्तरका कर्मचारीलाई काम गरेको प्रत्येक वर्षको निमित्त निजले आखिरी महिनामा खाइपाई आएको साढे तीन महिना तलव बराबरको रकम ।

ख) तह दुई देखि तह पाँच सम्मका सहायकस्तरका कर्मचारीलाई काम गरेको प्रत्येक वर्षको निमित्त निजले आखिरी महिनामा खाइपाइ आएको ३ महिना बराबरको रकम ।

ग) तह ६ देखि तह १० सम्मका अधिकृतस्तरका कर्मचारीलाई काम गरेको प्रत्येक वर्षको निमित्त निजले आखिरी महिनामा खाइपाइ आएको दुई महिना पन्ध्र दिन तलव बराबरको रकम ।

घ) तह एघारको मुख्य प्रबन्धक र सो भन्दा माथिका कर्मचारीलाई काम गरेको प्रत्येक वर्षको निमित्त निजले आखिरी महिनामा खाइपाइ आएको दुई महिनाको तलव बराबरको रकम ।

६.४ पारिवारिक उपदानः

समितिमा कार्यरत स्थायी कर्मचारीको मृत्यु भएमा विनियम ७.३ बमोजिम कर्मचारीले पाउने उपदानको अतिरिक्त प्रति वर्ष खाइपाइ आएको अन्तिम तलवको पन्ध्र दिनको तलव बराबरको रकम मृतक कर्मचारीले पाउने रकम निजको पति वा पत्नीलाई एकमुष्ट उपलब्ध गराइने छ ।

६.५ उपदान पाउने परिवारका सदस्यको क्रमः

कर्मचारीको सेवामा वहाल छँदै मृत्यु भएमा निजले यस विनियमावली बमोजिम पाउने उपदानको रकम निजले इच्छाएको व्यक्तिले र कसैलाई नइच्छाइएको वा इच्छाइएको व्यक्तिको पनि मृत्यु भएमा मृत कर्मचारीका परिवारका सदस्यहरू जो जीवित छ उसैले पाउने छ ।

परिच्छेद-७

आचरण तथा अनुशासन

७.१ आचरण: समितिको कर्मचारीले देहायको आचरणहरू पालना गर्नुपर्नेछः

क) समितिको काम कुनै प्रकारले असर पर्न सक्ने गरी कुनै पनि कर्मचारीले नियुक्ति गर्ने अधिकारीको पूर्व स्वीकृति वेगर कसैबाट कुनै प्रकारको दान, दातव्य, कोसेली र उपहार स्वीकार्न वा आफ्नो परिवारको कुनै सदस्यबाट स्वीकार गराउन हुँदैन ।

ख) समितिको कर्मचारीले पूर्व स्वीकृति वेगर चन्दा माग्न वा कुनै किसिमको आर्थिक सहायता लिनु हुँदैन ।

ग) समितिको पूर्व स्वीकृति नलिई कुनै पनि कर्मचारीले कुनै व्यापार वा व्यवसाय गर्नु वा अन्यत्र नोकरी स्वीकार गर्नु हुँदैन । तर यस उपविनियममा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारीले कार्यालय समय र काममा बाधा नपार्ने गरी आफ्नो साहित्यिक, ऐतिहासिक, वैज्ञानिक वा कलात्मक एवं विशेष ढंगको प्रतिभा प्रदर्शनको कार्य गर्न सक्नेछन् ।

घ) समितिको सेवामा रहेका कुनै पनि कर्मचारीले समितिको प्रमुखको सामान्य अथवा विशेष रूपबाट अख्तियार नपाई वा प्रचलित नेपाल कानूनले वाध्य गरेको अवस्थामा वाहेक आफ्नो ओहदाको कर्तव्य पालन गर्दा ज्ञात हुन आएमो कुरा प्रसार गर्न वा प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट संकेत वा प्रकट गर्नु हुँदैन ।

ङ) समितिका कर्मचारीले आफ्नो कर्तव्य परिश्रम र तत्परताको साथ पालना गर्नुपर्दछ ।

च) समितिका कर्मचारीले आफ्नो समितिको काम सम्बन्धी कुरामा आफू भन्दा माथिका अधिकृतले दिएको आज्ञालाई शीघ्रता र परिश्रमका साथ पूरा गर्नुपर्दछ ।

छ) समितिका कर्मचारीलेआफूभन्दा माथिको सबै अधिकृतहरू प्रति उचित आदर देखाउनु पर्दछ ।

ज) समितिका कर्मचारीले समितिको हित विरूद्ध कुनै कार्य गर्नु गराउनु हुँदैन ।

झ) समितिका कुनै पनि कर्मचारीले आफूले बुझाउनुपर्ने नगदी, जिन्सी, कागजले जति छ सबै म्याद भित्र बुझाइदिनुपर्ने छ र बुझ्नु पर्नेले पनि म्यादभित्र बुझी लिनुपर्नेछ ।

ञ) कर्मचारीले समितिको नीति विरूद्ध सार्वजनिक आलोचना गर्न वा प्रचार

प्रसार समेत गर्न गराउनु हुँदैन ।

ट) कर्मचारीले इमान्दारीका साथ काम गरी समितिको भलाइको निमित्त यथाशक्य प्रयत्न गर्नुपर्दछ ।

७.२ सम्पत्तिको विवरणः

समितिमा वहाल रहेको कर्मचारीले विनियम लागू भएको तीन महिनाभित्र र नयाँ भर्ना हुने कर्मचारीले वहाल भएको एक महिनाभित्र समितिले तोकेको फारामको ढाँचामा देहाय बमोजिमको सम्पत्तिको विवरण पेश गर्नु पर्नेछ ।

क) आफ्नो अथवा परिवारका सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति शेयर तथा वैंक व्यालेन्सको विवरण ।

ख) आफूसँग वा आफ्नो नाममा रहेको नगद जवाहरात, सुन, चाँदीको परिमाण र अन्दाजी मूल्य ।

स्पष्टीकरणः

संयुक्त परिवारमा रहेको कर्मचारीले सम्पत्ति विवरण दाखिला गर्दा आफ्नो परिवारको प्रमुखको नाममा अथवा निजसँग रहेको सम्पत्तिको विवरण दिनुपर्नेछ ।

## परिच्छेद-८
## विभागीय कारवाही

८.१ सजाँयः

१) उचित र पर्याप्त कारण देखिएमा समितिका कर्मचारीलाई विभागीय कारवाही अन्तर्गत देहाय बमोजिम सजाँय गर्न सकिने छ ।

क) सचेत गराउने

ख) नैसिहत दिने

ग) तलब वृद्धि रोक्का गर्ने

घ) बढुवा रोक्का गर्ने

ङ) सेवाबाट हटाउने

२) निम्न लिखित अवस्थामा कर्मचारीलाई सचेत गराउन वा नैसिहत दिन सकिने छ ।

क) कर्मचारीलाई सुम्पिएको काम समयमै नगरेमा ।

ख) समितिको अरू कर्मचारीलाई काममा बाधा पुऱ्याएमा ।

ग) समितिको काम गर्ने वातावरणमा असर पर्ने गरी कुनै काम कुरा गरेमा ।

३) निम्न लिखित अवस्थामा कर्मचारीको दुई वर्षको तलव वृद्धि रोक्का गर्न सकिने छ :

क) काम सन्तोषजनक नभएमा,

ख) कार्यालयको समयमा लागूपदार्थ सेवन गरेमा,

ग) तोकिएको म्याद भित्र आफ्नो जिम्मामा रहेको नगदी, जिन्सी, बुझबुझारथ नगरेमा,

घ) विदा स्वीकृत नगराई पन्ध्र दिनसम्म कार्यालयमा अनुपस्थित रहेमा ।

४) निम्न लिखित अवस्थामा बढीमा दुई वर्ष बढुवा रोक्का गर्न सकिने छ :

क) आफ्नो काममा लापरवाही गरेमा,

ख) अनुशासनहीन काम गरेमा,

ग) आचरण सम्बन्धी विनियम उलंघन गरेमा,

घ) समितिको विनियम आदेशको पालन नगरेमा,

ङ) असुल उपर गर्नु पर्ने ठहरिएको नगद वा जिन्सी वेरूजु म्याद भित्र फछ्यौट नगरेमा,

च) झुटो व्यहोरा पेश गरी समितिलाई हानी नोक्सानी पुऱ्याएमा

५) निम्न लिखित अवस्थामा संस्थाको कुनै पनि कर्मचारीलाई समितिको सेवाबाट हटाउन सकिनेछ :

क) विदा स्वीकृत नगराई ९० दिनसम्म कार्यालयमा अनुपस्थित रहेमा,

ख) अयोग्यताको कारणले आफ्नो पदको काम कर्तव्य र जिम्मेवारी पूरा गर्न नसकेमा,

ग) बराबर अनुशासनहीन काम गरेमा,

घ) खराब आचरण भएमा वा आचरण सम्बन्धी विनियमहरू बराबर उलंघन गरेमा,

ङ) काममा जानाजानी लापरवाही गरेको कारण समितिको नगदी जिन्सी हानी नोक्सानी हुने काम गरेमा,

च) कार्यालयको समयमा बराबर लागू पदार्थको सेवन गरेमा,

छ) भ्रष्टाचार गरेमा वा भ्रष्टाचार गर्न प्रोत्साहित गर्ने कार्य गरेमा,

ज) फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भएमा ।

८.२ सजाँय दिने अधिकारी:

समितिको कर्मचारीलाई नियम १ को उपविनियम (१) को खण्ड (क), (ख)

र (ग) अनुसारको सजाँय दिनुपर्दा कार्यालय प्रमुखले दिन सक्नेछ । अन्य सजाँयको हकमा अध्यक्षले समितिको स्वीकृति लिई मात्र दिनेछ ।

८.३ पुनरावेदन सुन्ने अधिकारीः

विभागीय कारवाही अन्तर्गत सजाँय भएकोमा चित्त नबुझ्ने कर्मचारीले ३५ दिनभित्र निम्न बमोजिम पुनरावेदन दिन सक्नेछः

क) विनियम १ को उपविनियम (१) को खण्ड (क), ख) र (ग) अनुसारको वाहेक अन्य सजाँय उपर चित्त नबुझ्ने कर्मचारीले समिति समक्ष पुनरावेदन दिन सक्नेछ । यस्तोमा अध्यक्षले संचालक समितिको एक सदस्य सहित ३ जनाको एउटा छानविन समिति गठन गर्नेछ ।

ख) पुनरावेदन परेको अवस्थामा समितिले साधारणतया ३ महिना भित्र छानविन समितिले छानविन गरी सिफारिश गर्ने व्यवस्था राख्नुपर्ने निर्णय दिइसक्नु पर्नेछ ।

८.४निलम्बन गर्नेः

१) समितिको कर्मचारीलाई निलम्बन नगरी ओहदाको काम गर्न दिँदा संस्थाको हानी नोक्सानी हुने सम्भावना देखिएमा सोही व्यहोरा सहित कार्यकारी प्रमुखले बढीमा दुई महिनाको लागि निलम्बन गर्न सक्नेछ। यसरी निलम्बन गरेको व्यहोरालाई लगत्तै पछि बस्ने समितिको वैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

२) निलम्बन रहेका कर्मचारीले निलम्बनको अवधिभर खाइपाइ आएको मासिक तलव भत्ताको आधा रकम मात्र पाउनेछ । तर, निलम्बनमा रहेका कर्मचारीको अभियोग प्रमाणित हुन नसकी फुकुवा भएमा निलम्वनको अवधिमा उपर्युक्त बमोजिम निजले पाएको तलव भत्ता कट्टा गरी बाँकी रकम (वार्षिक वृद्धि हुने भएमा सो समेत) पुरै पाउनेछ। लागेको अभियोग प्रमाणित भइ सेवा मुक्त भएमा निलम्बनमा रहेको अवधि भरको अरू कुनै तलव पाउने छैन ।

३) निलम्बनको २ हप्ता दिन भित्र कर्मचारी उपरको कारवाही किनारा लगाउनु पर्नेछ । कुनै असाधारण अवस्था परी उक्त अवधि भित्र कारवाही किनारा लगाउन नसकिने भई निलम्बनको अवधि बढाउनु परेमा समितिको स्वीकृती लिई थप ३५ दिनसम्म निलम्बनको अवधि बढाउन सकिने छ ।

४) फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएका कर्मचारी त्यसरी थुनामा रहेको अवधिमा स्वतः निलम्वन भएको मानिनेछ । यसरी निलम्वन भएका

कर्मचारीले निलम्वनको अवधि भर कुनै तलव भत्ता पाउने छैन । तर, सफाइ पाएमा निलम्बन रहेको अवधिभरको पूरै तलव भत्ता (वार्षिक वृद्धि हुने भएमा सो समेत) पाउने छ ।

८.५ सजाँय सम्बन्धी कार्यविधि:

१) सजाँय दिन पाउने अधिकारीले कुनै कर्मचारीलाई सजाँयको आदेश दिनुभन्दा अघि कारवाही गर्न लागिएको कारणको उल्लेख गरी सो कर्मचारीलाई सूचना दिई निजलाई आफ्नो सफाइ पेश गर्ने मौका दिनु पर्दछ । यस्तो सूचना दिँदा निज माथि लगाइएको आरोप स्पष्ट रूपले किटिएको हुनुपर्दछ र प्रत्येक आरोप कुन कुरा र कारणमा आधारित छ, सो समेत खुलाउनु पर्दछ । तर, देहायका अवस्थामा कुनै कर्मचारीको सेवाको अन्त गर्न परेमा उपर्युक्त कार्यविधि अपनाउनु पर्ने छैन ।

क) परीक्षणकालको अवधिभित्र सेवाको अन्त्य गर्नुपरेमा नियुक्ति पाएका कर्मचारीलाई

२) कर्मचारीले पेश गरेको सफाई प्राप्त भएपछि निजलाई सजायँको आदेश दिनुभन्दा पहिले सजायँ दिने अधिकारीले निजलाई दिन लागेको सजाँयको सूचना दिनुपर्नेछ र प्रस्तावित सजाँय किन नदिने भनी उचित म्याद दिई निजबाट स्पष्टीकरण माग्नु पर्नेछ ।

३) सजाँय दिँदा लगाइएको आरोप र प्रस्तावित सजाँय समेतबारे एकै पटक स्पष्टीकरण माग गर्न सकिने छ ।

४) कर्मचारीले दिएको ठेगाना पत्ता नलागेमा वा सम्पर्क गर्न असम्भव भएमा कर्मचारीलाई सम्पर्क राख्न आउनु भनी कुनै प्रमुख पत्रिकामा उचित म्याद दिई सूचना प्रकाशित गरिनेछ र उक्त म्यादभित्र सम्पर्क स्थापित गर्न नआएमा मात्र उफदफा ३ को कार्यविधि अपनाउनु पर्ने छैन ।

८.६ पुनरावेदनको कार्यविधि:

१) पुनरावेदन दिँदा सजायँको आदेश दिने अधिकारी मार्फत दिनुपर्नेछ ।

२) सजाँयको आदेश दिने अधिकारीले पुनरावेदनको सम्बन्धीत रेकर्ड सहित पुनरावेदन गरिएको आधारको बारेमा आफ्नो विचार समेत खोली पुनरावेदन सुन्ने अधिकारी समक्ष पठाउनु पर्नेछ ।

८.७ पुनरावेदन सुन्ने अधिकारीले अपनाउनुपर्ने कार्यविधि:

१) पुनरावेदन सुन्ने अधिकारीले निम्न लिखित कुराको विचार गर्नुपर्नेछ

क) जुन आरोपको आधारमा सजाँय दिइएको हो सो प्रमाणित भइसकेको छ, छैन ?

ख) पेश गरिएका प्रमाणहरू कारवाही गर्नको निमित्त पर्याप्त छन्, छैनन ?

ग) सजाँय उपयुक्त छ, छैन ?

२) अधिकृत कर्मचारीको हकमा छानविन समितिको राय ठहर समेतको विचार गरी पुनरावेदन सुन्ने अधिकारीले सजाँयको बहाल कायम राख्न वा स्पष्ट गर्न सक्नेछ । तर तोकिएको सजाँय पर्याप्त नभएको भन्ने पुनरावेदन सुन्ने अधिकारीलाई लागेमा पुनरावेदन गर्ने कर्मचारीलाई बढी सजाँय किन नदिने भनी निजको स्पष्टीकरण लिई सोमाथि विचार गरी उचित आदेश दिन सकिने छ ।

८.८ पुनरावेदन खारेजी:

पुनरावेदन सुन्ने अधिकारीले पुनरावेदन खारेज गरेमा कारण सहित खारेज गरिएको सूचना सम्बन्धित कर्मचारीलाई लिखित रूपमा दिनुपर्नेछ ।

## परिच्छेद-९

## विविध

९.१ सेवा अवधिको अभिलेख:

प्रत्येक कर्मचारीहरूको कार्य सम्पादन मूल्यांकन प्रतिवेदन, सम्पत्ति विवरण, आचरण सम्बन्धी प्रतिवेदन, वैयक्तिक विवरण लगायत सेवा सम्बन्धी अध्यावधिक विवरणको अभिलेख सुरक्षित तवरले राख्नु पर्नेछ । वैयक्तिक विवरण राख्ने फारामको ढाँचा समितिले तोके बमोजिम हुनेछ ।

९.२ स्वीकृति वेगर सेवा छोड्न नपाइने:

समितिको कर्मचारीले नियुक्ति गर्ने अधिकारीको स्वीकृति वेगर समितिको सेवा छोड्न पाउने छैन । तर वाध्यतावश छोड्नु परेमा कम्तिमा एक महिना अगाडि सूचना दिनु पर्नेछ ।

९.४ राजिनामा:

१) कर्मचारीले राजिनामा गर्दा समितिलाई एक महिनाको पूर्व सूचना दिनुपर्नेछ। कर्मचारीले कुनै तालिम वा प्रशिक्षण लिँदा खास अवधिको सेवा गर्ने कवुलियत गरेको भए सो कवुलियको अवधि समाप्त नहुँदै राजिनामा गर्न चाहेमा निजले तालिम वा प्रशिक्षणको निमित्त समिति नेपाल सरकार वा विदेशी सरकार वा संस्थाले खर्च गरेको रकम दाखिला गरेमा मात्र निजको राजिनामा स्वीकृत गर्न सकिनेछ ।

२) उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजिनामा गर्ने कर्मचारीसँग असुल उपर गर्नुपर्ने नगदी जिन्सी जस्ता बाँकी वक्यौता केही भए सो बुझाएपछि मात्र राजिनामा स्वीकृत गरिने छ। राजिनामा दिएपछि नगदी जिन्सी बाँकी वक्यौता नबुझाई बस्ने कर्मचारीलाई राजिनामा दिएको मिति देखि वरबुझारथ नगरेसम्म अवधिको तलव भत्ता पाउने छैन।

३) यस विनियमावलीमा नलेखिएको विषयमा समितिको निर्णय बमोजिम हुनेछ र यो विनियमावलीमा उल्लेख भएका कुरामा यसै विनियमावली बमोजिम हुनेछ।

## अनुसुची-३

## सपथ ग्रहण फारामको नमूना

म ................................ ईश्वरको नाममा सपथ लिन्छु कि समितिको कर्मचारीको हैसियतले मलाई तोकिएको काम मेरो ज्ञान, विवेकले जानेबुझे सम्म इमान, धर्म तथा कर्तव्य सम्झी समिति प्रति वफादार रही भय, पक्षपात वा द्वेष नराखी, लोभलालच, मरमोलाहिजामा नलागी अनुशासनमा रही समितिको कर्मचारी सेवा शर्त तथा आर्थिक, प्रशासकीय विनियमावली तथा प्रचलित कानूनको व्यवस्थाको अधीनमा रही आफ्नो कर्तव्यको पालना गर्नेछु। मलाई ज्ञात हुन आएको समितिको कारोवार तथा गोप्य राख्नुपर्ने कुराहरू अधिकृत व्यक्ति वा कानूनले प्रदान गरेको अवस्थामा वाहेक अरु कसैलाई म सेवामा वहाल रहेको नरहेको जुनसुकै अवस्थामा पनि वा अप्रत्यक्ष रूपले भन्ने वा संकेत गर्ने छैन।

सपथ ग्रहण गर्ने कर्मचारीको

| | |
|---|---|
| नामः | नामः |
| दस्तखतः | दस्तखतः |
| मिति : | मितिः |
| सेवा : | पदः |
| श्रेणी/तह | कार्यालयः |

यज्ञडोल (जगडोल) सामुदायिक वन उपभोक्ता समूह (वन कार्ययोजना तथा विधान २०५५ को
संशोधन २०६४ दफा ६.११ अनुसार तयार पारिएको
आर्थिक विनियम, २०६४ को दोस्रो संशोधन २०६७

"लोकतन्त्र, शान्ति र राष्ट्रिय एकताको लागि"
नेपाल सरकारद्वारा घोषित
राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक)
पार्क निर्माण कार्यदल कार्यसम्पादन समिति
यज्ञडोल (जगडोल) सामुदायिक वन, गोकण-१ को विधान-२०६४ दोस्रो संशोधन २०६७

समितिले पारित गरेको मिति :
२०६४ पौष ११ गते बुधवार (शान्ति तथा पुनर्निर्माण मन्त्रालयको सभाकक्ष)

तयार गर्ने
श्रीमान् श्याम शर्मा, सहसचिव शान्ति तथा पुर्निर्माण मन्त्रालय
श्रीमान् हुम बहादुर के.सी, सदस्य कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय
श्री हरिकृष्ण श्रेष्ठ सदस्य
श्री प्रेमा थापा सदस्य
श्री त्रिलोचन पौड्याल सदस्य

विशेष सहयोगी :
राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक)
पार्क निर्माण कार्यदल कार्यसम्पादन समिति
यज्ञडोल (जगडोल) सामुदायिक वन, गोकर्ण-१ का अध्यक्ष श्री सुदर्शन सिग्देल

राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक)
पार्क निर्माण कार्यदल कार्यसम्पादन समिति
यज्ञडोल (जगडोल) सामुदायिक
वनको आर्थिक प्रशासन सम्बन्धी विनियम-२०६४ को दोस्रो संशोधन २०६७

<u>स्वीकृत भएको मिति</u> :

नेपाल सरकार मन्त्रिपरिषद्‌को निर्णय मिति : २०६४ ज्येष्ठ ११

मन्त्रिपरिषद् सामाजिक समितिको निर्णय मिति : २०६४ ज्येष्ठ २८

यज्ञडोल (जगडोल) सामुदायिक वन उपभोक्ता समूहको वन कार्ययोजना तथा विधान २०५५

वन कार्ययोजना तथा विधान पुनरावलोकन २०६१

वन कार्ययोजना तथा विधान संशोधन २०६४, दोस्रो संशोधन २०६७

नेपाल सरकार मन्त्रिपरिषद्‌को मिति २०६९ बैशाख ४ गतेको निर्णय तथा स्वीकृत गुरुयोजना बमोजिम

राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक), पार्क निर्माण तथा व्यवस्थापन समितिको स्वीकृत वन कार्ययोजना तथा पार्क व्यवस्थापन कार्ययोजना तेश्रो संसोधन विधान २०७२

अनुसार परिच्छेद ६ को धारा ६.११ बमोजिम

कर्मचारी (सेवा, सर्त) विनियम २०६४, दोस्रो संसोधन २०६७,

तेश्रो संसोधन २०७२

प्रस्तावना :

राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) पार्क निर्माण तथा व्यवस्थापन समिति गोकर्णेश्वर, न.पा-९, जगडोल, काठमाडौंको तेश्रो संसोधन विधान २०७२, ६ को दफा ६.११ ले दिएको अधिकार प्रयोग गरी समितिले देहायका विनियमहरू बनाएको छः।

## संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

१.संक्षिप्त नाम र प्रारम्भ

१) यो विनियमको नाम "राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक)" पार्क निर्माण तथा व्यवस्थापन समिति गोकर्णेश्वर, न.पा-९, जगडोल, काठमाडौंको आर्थिक प्रशासन सम्बन्धी विनियम-२०६४"को दोस्रो संशोधन २०६७, तेश्रो संसोधन २०७२ रहनेछ।

२) यो विनियम "समितिले" तोकेको मिति देखि लागू हुनेछ।

२ परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियममा,

क) "समिति" भन्नाले राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) पार्क निर्माण तथा व्यवस्थापन समिति गोकर्णेश्वर, न.पा-९, जगडोल, काठमाडौंको समितिलाई सम्झनु पर्छ।

ख) "विधान" भन्नाले राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) पार्क निर्माण तथा व्यवस्थापन समिति गोकर्णेश्वर, न.पा-९, जगडोल, काठमाडौंको विधान, २०६४ दोस्रो संशोधन २०६७, तेश्रो संसोधन २०७२ लाई सम्झनु पर्छ।

ग) "अध्यक्ष" भन्नाले समितिका अध्यक्षलाई सम्झनु पर्दछ।

घ) "आर्थिक वर्ष" भन्नाले प्रत्येक वर्ष श्रावण १ गते देखि आषाढ मसान्तसम्मको अवधिलाई सम्झनु पर्दछ।

ङ) "बजेट" भन्नाले समितिको अनुमानित वार्षिक आयव्यय सम्झनु पर्दछ।

च) "विविध कारोवार" भन्नाले नगद, बैंक खाता, खरिद भुक्तानी, पेश्की, दायित्व, आम्दानी, वित्तीय सहायता, चन्दा, सहयोग सम्बन्धी काम सम्झनु पर्दछ।

छ) "लेखा" भन्नाले विनियम अनुसार कारोवारको मौद्रिक अंक यथार्थ देखिने गरी खडा गर्नु पर्ने अभिलेख खाता सम्झनु पर्दछ।

ज) "मालसामान" भन्नाले सबै प्रकारका खर्च हुने वा नहुने कुनै प्रकारको सामग्री, पदार्थ र अन्य वस्तु सम्झनु पर्दछ।

झ) “भौतिक सम्पत्ति” भन्नाले घर, जग्गा आदि र यन्त्र औजार उपकरण, फर्निचर सवारी साधन समेत सम्झनु पर्दछ ।

ञ) “बैंक” भन्नाले केन्द्रीय समितिले आफ्नो आर्थिक कारोवार खाता एवं अन्य बैंक सम्बन्धी कार्य गर्नेलाई बैंक सम्झनु पर्दछ ।

ट) “विभाग” भन्नाले आर्थिक विभागलाई सम्झनु पर्दछ ।

परिच्छेद-२

कोषको व्यवस्था र संचालन

३. बजेट व्यवस्था

१ समितिले आर्थिक रूपमा आत्मनिर्भर भई आफ्नो कार्य संचालन गर्नका लागि आवश्यक कोषको व्यवस्था गर्ने छ ।

२ समितिले तोकेको कोष संचालन अध्यक्ष, महासचिव, सदस्य सचिव मध्ये १ जना र कोषाध्यक्षको संयुक्त दस्तखतबाट हुनु पर्नेछ ।

३ उक्त कोषको व्यवस्था केन्द्रीय समितिले निम्न तरिकाबाट जुटाउन सक्नेछ ।

क) साधारण सदस्यता शुल्क वापत उठेको रकम ।

ख) अन्तर्राष्ट्रिय सरकारी संस्था वा गैह्र सरकारी संस्था, व्यक्ति र संघ संगठनहरूबाट प्राप्त हुने अनुदान वा सहयोग प्राप्त रकम ।

ग) केन्द्रीय समितिका लागि उठाइएको रकम वा यसले आर्जेको अन्य रकम ।

घ) विभिन्न कार्यक्रम संचालन गर्दा प्राप्त रकम ।

ङ) नेपाल सरकारबाट अनुदान स्वरूप प्राप्त रकम ।

च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

४ यसका अतिरिक्त केन्द्रीय समितिले आवश्यक देखेमा अन्य कुनै तरिकाबाट पनि आर्थिक स्रोत जुटाउन सक्नेछ । तर उक्त स्रोत जुटाउनका लागि केन्द्रीय समितिबाट पनि स्वीकृति लिनुपर्नेछ ।

५ समितिको स्वीकृति वेगर जिल्ला समिति र स्थानीय समितिले कुनै पनि प्रकारको आर्थिक स्रोत जुटाउन सक्ने छैनन् ।

तर सदस्यता शुल्क र विशेष सदस्यता शुल्क वापतको रकम उठाउनमा यो विनियम अनुसार वाधा पुगेको मानिने छैन ।

६ समितिको स्वीकृति लिई जिल्ला समिति, स्थानीय समिति र आवद्ध संघहरूले आवश्यक कार्यका लागि स्रोत जुटाउन सक्नेछन् । तर स्रोतको आयव्ययको स्पष्ट विवरण काम समाप्त भएको १ महिनाभित्र केन्द्रीय समितिमा पठाउनु पर्नेछ । उक्त कार्यबाट खर्च भई बाँकी रहेको रकममध्येबाट जिल्ला समितिले केन्द्रीय समितिलाई १० प्रतिशत, स्थानीय समितिलाई १५ प्रतिशत रकम

उपलब्ध गराउनु पर्नेछ । आवद्ध संघहरूले समेत आफ्नो स्रोत जुटाउँदा समितिलाई पूर्व जानकारी गराउनु पर्नेछ ।

७ समितिले कुनै पनि आर्थिक विनियम बनाउँदा वा आर्थिक कारोवारका लागि स्वीकृति लिदा कोषाध्यक्षको राय र विभागको सिफारिशमा दिनुपर्नेछ ।

४. भैपरी आउने नगदी कोष

१ भैपरी आउने नगदी कोष कोषाध्यक्षको जिम्मामा रहनेछ । यस्तो कोषमा रू. १०,०००।- सम्म रहनेछ । (विधानमा व्यवस्था भए बमोजिम)

२ समितिले आर्थिक कारोवार गर्दा चेकद्वारा गर्नुपर्नेछ ।

तर आर्थिक कारोवारको शिलशिलामा नगदै रकम खर्च गर्नुपर्ने, पेश्की दिनुपर्ने तथा भुक्तानी दिनुपर्ने अवस्थामा अध्यक्ष वा महासचिव, सदस्य सचिवको आदेशबाट व्यक्ति वा संस्थासँग एक कारोवारमा बढीमा रू. ५,०००।- सम्म नगद कारोवार गर्न सक्नेछ ।

३ अपर्झट वा भैपरी आउने कार्यका लागि देहायका पदाधिकारीले विधान बमोजिम एक पटकमा निम्न बमोजिम खर्च गर्न सक्नेछन् ।

क) अध्यक्ष रू. २५,०००

ख) महासचिव, सदस्य सचिव, सदस्य सचिव रू. १२,०००

ग) कोषाध्यक्ष रू. ५,०००

घ) अन्य पदाधिकारीहरूले पनि विधानमा तोकिए बमोजिम खर्च गर्न सक्नेछन् ।

४ यस्तो भैपरी आउने नगदी तहविलबाट हुने नगदी कारोवारको खर्च विजक वा रसिद वा भरपाई प्रमाणित भएको हुनुपर्ने छ ।

५ भैपरी आउने नगदी तहविलबाट भएको कारोवारको जाँचबुझ अध्यक्ष, महासचिव, सदस्य सचिवले समय समयमा गर्नुपर्नेछ । यस्तो खर्चको फर्स्यौट १५ दिनभित्र गराउनुपर्नेछ । एक पटक नगदी कोषको लागि झिकेको रकम फछ्र्यौट नहुँदै पुनः झिक्न पाइने छैन ।

६ यसरी खर्च भएको रकम नियमित हुन नसकेमा खर्च गर्ने, गराउने पदाधिकारी वा सम्बन्धित व्यक्ति नै जिम्मेवार हुनुपर्नेछ ।

५. कल्याणकारी कोषको व्यवस्थाः

१ समितिप्रति आवद्ध सदस्यहरू आश्रित परिवारहरू तथा शुभेच्छुकहरूको कल्याणका लागि केन्द्रीय समितिले आवश्यक कल्याणकारी कोषको व्यवस्था गर्न सक्नेछ ।

२ समितिमा आम्दानी भएका रकममध्ये ५ प्रतिशत र अन्य कार्यक्रमबाट वचत

रकममध्ये घटिमा ५ प्रतिशत यस कोषमा जम्मा गर्नुपर्नेछ ।

३ यस कोषका लागि छुट्टै बैंक खाता खोल्नु पर्नेछ । कोषको संचालन अध्यक्ष वा महासचिव, सदस्य सचिव र कोषाध्यक्षको संयुक्त जिम्मेवारीबाट मात्र हुनेछ । कोष संचालन गर्ने सम्बन्धी अन्य व्यवस्था समितिले तोकिदिए बमोजिम हुनेछ ।

४ वैदेशिक भ्रमणबाट प्राप्त रकमबाट ५ प्रतिशत कल्याणकारी कोषमा जम्मा गर्नुपर्नेछ ।

## परिच्छेद ३
## लेखा पद्धति तथा खाता

६ लेखा पद्धति

समितिको सम्पूर्ण कारोवारको स्पष्ट अभिलेख राख्नु पर्नेछ, यसका लागि नगद आम्दानी, खर्च, पेश्की, जिन्सी र अन्य खाता र तोकिए अनुसारको शीर्षक र ढाँचामा कारोवार गराउनु पर्नेछ ।

७ भौचर र नगदी रसीद सम्बन्धी व्यवस्था

समितिको दैनिक नगद तथा जनरल कारोवारको लागि भुक्तानी लिँदा दिँदा नगदी रसिदको प्रयोग गर्नुपर्नेछ ।

८ नगद खाता

समितिलाई प्राप्त हुने नगद (डेविट) र केन्द्रीय समितिबाट खर्च हुने नगद (क्रेडिट) को नगद खातामा लेखा राख्नु पर्नेछ ।

९ आम्दानी खाता

समितिले विभिन्न स्रोतबाट आम्दानीको रूपमा प्राप्त हुन आएको रकमलाई मुख्यतः निम्न शीर्षकमा विभक्त गरी लेखा राख्नुपर्नेछ र आवश्यक परेमा समितिको स्वीकृति लिई अन्य शीर्षक खोल्न सकिने छ ।

क) पार्कमा प्रवेश गर्नका लागि समितिले लगाएको शुल्क

ख) सदस्यता शुल्क

ग) समितिको कार्यक्रम संचालन भएका स्थानमा रहेका समितिका घर, टहरा वा पसल बहालमा दिएवापत प्राप्त हुने रकम

घ) आवद्धता शुल्क

ङ) चन्दा वा सहयोग कमिशन

च) कमिशन

छ) व्याज

ज) कार्यक्रम संचालन आम्दानी

झ) लेवी

कुनै विशेष परियोजना वा कार्यक्रम संचालनको लागि प्राप्त रकमलाई कार्यक्रम संचालन आम्दानी अन्तर्गत सम्बन्धित परियोजना वा कार्यक्रमको उपशीर्षक खोली सोही शीर्षकमा रकम जम्मा गर्नुपर्नेछ ।

ञ) विविध

१० खर्च खाता

समितिका विभिन्न कार्यक्रम संचालन गर्न भएका सम्पूर्ण खर्चलाई मुख्यतया निम्न शीर्षकमा विभक्त गरी अभिलेख राख्नुपर्नेछ । आवश्यकता परेमा अन्य शीर्षक खोल्न सकिनेछ ।

क) कार्यालय खर्च, तलब भत्ता तथा पारिश्रमिक, दैनिक भ्रमण भत्ता, बिजुली/पानी, टेलिफोन, फ्याक्स, हुलाक टिकट, मसलन्द, छपाई, मर्मत, इन्धन/परिवहन, अतिथि सत्कार, घरभाडा खर्च, बैंक कमिशन खर्च, विज्ञापन खर्च, मिन्हा आर्थिक सहयोग, चन्दा पुरस्कार, विविध

ख) कार्यक्रम खर्च, सेमिनार, तालिम, निर्माण, पूँजिगत खर्च

ग) सांगठनिक खर्च, बैठक खर्च, महाधिवेशन/परिषद्/ अन्तर्क्रिया, पोष्टर/व्यानर/ब्रोसर र संगठन विस्तार

११ पेश्की खाता

समितिका पदाधिकारी वा अन्य व्यक्तिलाई विभिन्न प्रयोजनका निमित्त प्रदान गरिएको रकम र पेश्की फर्स्यौट हुँदाको रकमको लेजर अभिलेख यस खातामा राखिनेछ ।

१२ जिन्सी खाता

१) समितिको सम्पत्तिको रूपमा खरिद गरेको वा केन्द्रीय समितिलाई विविध ढंगबाट प्राप्त हुने अचल सम्पत्ति, फर्निचर, मेसिनरी, स्टेशनरी तथा अन्य जिन्सी सामानको लेखा जिन्सी खातामा राख्नुपर्नेछ ।

२) यस्तो प्रकारको लेखा राख्ने तथा सोको वार्षिक प्रतिवेदन तयार गर्ने काम कोषाध्यक्षको हुनेछ ।

३) खर्चको शीर्षकहरूमा एकरूपताका लागि कोड नं. तयार गरी जिल्ला समिति र स्थानीय समितिलाई परिपत्र गरी लागू गराउन सकिने छ ।

४) केन्द्र, जिल्ला र स्थानीय समितिले आफ्नो आम्दानी खर्चको वार्षिक लेखा परीक्षण गराउनु पर्नेछ ।

५) वार्षिक आम्दानी खर्चको प्रतिवेदन (लेखापरीक्षणको प्रतिवेदन सहित) आ-आफ्नो भेला, अधिवेशनबाट छलफल गराई पारित गर्नुपर्नेछ ।

## परिच्छेद-४

## आर्थिक विभागको काम, कर्तव्य र उत्तरदायित्व

१३ आर्थिक विभागको काम, कर्तव्य र उत्तरदायित्व समितिका विभिन्न कार्यक्रम संचालनार्थ आर्थिक साधन रस्रोतको व्यवस्था मिलाई सोको उचित परिचालन गर्नुका साथै केन्द्रीय समितिलाई आर्थिक रूपमा सुदृढ गराउनका लागि विभिन्न किसिमका आयमूलक कार्यक्रमहरूको तर्जुमा गरी कार्यान्वयनका लागि आवश्यक कदम चाल्ने छ। विभागको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

१) समितिको आय व्यय तथा आर्थिक कारोवारको प्रत्येक ३ (तीन) महिनामा आन्तरिक लेखापरीक्षण गरी कार्य समिति समक्ष पेश गर्ने।

२) समितिलाई आर्थिक रूपमा समेत सबल र सक्षम एवं व्यवस्थित तुल्याउन विभिन्न प्रस्ताव एवं सुझाव पेश गर्ने।

३) नियमितता, मितव्ययिता, प्रभावकारिता, औचित्यता र पारदर्शिता समेत विचार गरी आर्थिक कारोवार गराउन आवश्यक राय सुझाव उपलब्ध गराउने।

४ आर्थिक कारोवार सम्बन्धी कुनै खिचलो वा विवाद भएको अण्डमा आर्थिक विभागले आवश्यक राय, सुझाव केन्द्रीय समितिमा प्रस्तुत गर्न सक्नेछ।

## परिच्छेद-५

१४. जिल्ला, स्थानीय समिति र आवद्ध संघहरूका सन्दर्भमा

क) जिल्ला समिति, स्थानीय समिति र आवद्ध संघहरूलाई केन्द्रीय समितिले कुनै पनि रकम सम्बन्धित समितिको खातामा जम्मा हुने गरी पठाउनु पर्नेछ।

ख) समितिले कुनै पनि कार्य संचालनको लागि कुनै पनि व्यक्तिलाई रकम उपलब्ध नगराई सम्बन्धित समिति (जिल्ला, स्थानीय र आवद्ध संघ) लाई उपलब्ध गराउने।

ग) सम्बन्धीत जिल्ला समिति, स्थानीय समिति र आवद्ध संघले रकम खर्च गर्दा विधान बमोजिम नियम पुऱ्याई खर्च गर्ने र केन्द्रीय समितिलाई विल भरपाई पठाई फछ्र्यौट गर्नुपर्ने रकमको हकमा कार्यक्रम संचालन भई समाप्त भएको १५ दिनभित्र समितिमा पठाइसक्नु पर्नेछ र जिल्ला, स्थानीय तथा आवद्ध संघलाई खर्च गर्न दिएको एवं विल भरपाई केन्द्रीय समितिलाई नपर्ने गरी खर्च गरेको हकमा अध्यक्ष वा कोषाध्यक्षले पठाएको व्यक्तिबाट निरीक्षण गराउनु पर्नेछ।

## परिच्छेद-६

१५ माल सामान, यन्त्र उपकरण खरिद र छपाई

१ अधिकार प्राप्त अधिकारीको आदेश विना कुनै मालसामान खरिद गर्नु गराउनु

हुँदैन ।

२ अध्यक्षको आदेशबाट एकपटकमा रु. १०,०००।- सम्मको सामानको खरिद गर्नुपरेमा सिधै खरिद गर्न सकिनेछ ।

३ रु. १०,०००।- देखि माथि रु. ५०,०००।- सम्मको सामान खरिद गर्नुपरेमा कम्तिमा तीन वटा छुट्टाछुट्टै कोटेशन लिई मूल्य र गुणस्तर हेरी सबैभन्दा कम दर भाउमा दिने संस्थाबाट खरिद गर्न सकिनेछ ।

४ रु.५०,०००।-देखि रु.१,००,०००।-सम्मको मालसामान खरिद गर्नुपरेमा कोटेशन माग गरी आर्थिक विभागको समेत राय लिई विनियमानुसारका कोटेशन, गुणस्तर जाँची खरिद गरिनेछ ।

५ रु. १,००,०००।- भन्दा माथिको सम्पत्ति सामान खरिद गर्नुपरेमा समितिको निर्णय अनुसार खरिद गरिनेछ ।

## परिच्छेद-७

### १६ दैनिक भ्रमण भत्ता

१ समितिको विशेष कामका लागि समितिका पदाधिकारी वा अन्य सम्बन्धीत व्यक्तिलाई आवश्यकता अनुसार नेपाल अधिराज्यभित्र काजमा खटाउन वा भ्रमणको आदेश दिन सकिनेछ । तर यसरी काज खटाउँदा एक पटकमा ७ दिन भन्दा बढी खटाउन पाइने छैन ।

२ समितिका कामको सिलसिलामा काज खटिई जाँदा दैनिक रु. ३००।- भत्ता उपलब्ध गराउने । काज खटिई जाने व्यक्तिलाई स्थानीयस्तरमा बसोबासको व्यवस्था नभएको ठाउँमा लज खर्च वापत प्रति रात रु. ३००।- थप भत्ता दिइने छ ।

३ स्थानीय स्तरमा कार्यक्रम भएमा स्थानीय यातायात भत्ता मात्र उपलब्ध गराइने छ ।

४ तर लिखित भ्रमण आदेश वा स्वीकृति विना काज खर्च उपलब्ध गराइने छैन ।

### १७ स्रोत व्यक्ति

१ समितिसँग आवद्ध व्यक्ति भन्दा बाहिरबाटको स्रोत व्यक्तिको हकमा कार्यक्रम एवं स्रोत व्यक्तिको स्तर हेरी बढीमा प्रति सेसन रु. ५,०००।- सम्म उपलब्ध गराइने छ ।

२ कुनै कार्यक्रम संचालन गर्न जाँदा संयोजक भई जाने व्यक्तिलाई कार्यक्रम अवधिको संयोजन वापत दैनिक भत्ता रु. ५००।- दिइने छ ।

## परिच्छेद-८
## पेश्की र त्यसको फछ्र्यौट

१८ पेश्की र त्यसको फछ्र्यौट

१) अध्यक्षले समितिको कामको सिलसिलामा आवश्यक रकम कुनै सदस्य, व्यक्ति वा जिल्ला समिति र स्थानीय समितिलाई पेश्की उपलब्ध गराउन सक्नेछ। तर कुनै पनि व्यक्ति वा संस्थालाई सापटी स्वरूप रकम उपलब्ध गराइने छैन।

२) त्यसरी पेश्की दिनुपर्ने पर्याप्त कारण र समयमा फछ्र्यौट हुन सक्ने तर्फ विचार गरी मात्र दिनुपर्दछ।

३) पेश्की प्राप्त कर्ताले पेश्कीसँग सम्बन्धीत काम समाप्त भएको मितिले १५ दिनभित्र पेश्की फछ्र्यौट गरिसक्नुपर्नेछ। उपरोक्त समय भित्र पेश्की फछ्र्यौट नभए सम्म सोही पदाधिकारी, व्यक्ति वा जिल्ला समिति र स्थानीय समितिलाई पुनः पेश्की दिइने छैन।

४) प्रत्येक महिनाको अन्त्यमा फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको विवरण तयार गरी पेश्की फछ्र्यौट गर्ने, गराउने कोषाध्यक्षको जिम्मेवारी हुनेछ।

५) प्रत्येक आ.व.को मसान्त भित्र (विशेष अवस्थामा वाहेक) सम्बन्धीत संस्था तथा व्यक्तिले पेश्की हिसाब फछ्र्यौट गरिसक्नु पर्नेछ।

६) कार्य सम्पादन भएको मितिले तीन महिना भित्र पेश्की फछ्र्यौट नगर्ने पदाधिकारी वा सदस्यहरुलाई पेश्की फछ्र्यौट नभए सम्मका लागि कुनै पनि कार्यक्रममा सहभागि गराइने छैन।

## परिच्छेद-९

१९ बरबुझारथ

१) बरबुझारथ गर्नुपर्ने कर्तव्य र दायित्व भएका प्रत्येक पदाधिकारीले १५ दिन भित्र वरबुझारथ गरिसक्नु पर्नेछ।

२) बरबुझारथ हुँदा नगद, जिन्सी, मालसामान, सम्पत्ति कागजात जस्ता श्रेस्ता, लेखा आदि हानी नोक्सानी हुने देखिएमा जुन पदाधिकारीको लापरवाहीबाट हुन गएको हो, सो पदाधिकारीबाट उक्त रकम असुल गरिने छ।

३) बर बुझारथ गर्दा २ प्रति विवरण (अकर्ण तयार गरेर) बुझ्ने बुझाउने दुवैले सही गरी लिनु दिनु पर्नेछ।

## परिच्छेद १०
## विविध

२० सुविधा

समितिका पदाधिकारीलाई उपलब्ध गराइने सुविधाको हकमा समितिले तोके बमोजिम् हुनेछ ।

२१ संशोधन र व्यवस्था

क) समितिले आवश्यकता देखेमा यस विनियमको संशोधन वा व्याख्या गर्न सक्नेछ ।

ख) यो विनियम समितिबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२२ अधिकार प्रत्यायोजन

यो विनियम बमोजिम आवश्यक कार्य संचालन गर्न अध्यक्षले कोषाध्यक्ष, सदस्य सचिव, उपाध्यक्षलाई वा अन्य पदाधिकारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

२३ माग फाराम भर्नुपर्ने

समितिको कार्यालयको विभिन्न शाखा, उपशाखा अन्तर्गतका अन्य कार्यालय समेतलाई चाहिने सामानहरूको माग गर्नुपर्दा चाहिएको मालसामानको नाम र संख्या खोली माग फाराम कार्यकारी अध्यक्ष वा अधिकार प्रत्यायोजित अधिकारीको स्वीकृति समेत संलग्न राखी स्टोर किपरकहाँ पठाउनु पर्दछ । स्टोर किपरले यो मालसामान सम्बन्धित शाखा, उपशाखा कार्यालयलाई उपलब्ध गराउने छ ।

२४ आयकर कट्टी गर्ने

कुनै पनि कर्मचारीको तलवबाट प्रचलित नेपाल कानुन बमोजिम आयकर कट्टी गर्नुपर्ने रहेछ भने निजले पाउने तलबबाट आयकर कट्टी गरी दाखिला गरिनेछ ।

२५ बैठक भत्ता

समिति वा समितिबाट गठित उपसमिति वा पदपूर्ति समिति वा कार्यकारीणी अध्यक्षबाट गठित अन्य समितिका सदस्यहरूले समय समयमा समितिबाट तोकिदिए अनुसार बैठक भत्ता पाउन सक्नेछन् ।

२६ प्रचलित कानुन बमोजिम हुने

क) यो विनियममा लेखिए जति कुरामा सोही बमोजिम र अन्य कुरामा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

# ४. पार्क अध्ययन कार्यदलको प्रतिवेदन, शान्ति स्मारक निर्माण तथा शान्ति सम्मानको आवश्यकता, औचित्य र प्रक्रिया

**काठमाण्डौको जगडोल, चण्डेश्वरी रेन्जपोष्ट अन्तर्गतका सामुदायिक वनहरुमा शान्ति प्रवर्धनका लागि पार्क तथा स्मारक निर्माण सम्बन्धी अध्ययन कार्यको लागि कार्यदल गठन सम्बन्धी प्रस्ताव**

**१. पृष्ठभूमी**

नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०६४/२/११ गतेको बैठक र सामाजिक समितिको मिति २०६४/२/२८ गतेको बैठकबाट काठमाण्डौ जिल्ला गोकर्णेश्वरमा अवस्थित यज्ञडोल (जगडोल) सामुदायिक वन क्षेत्रमा स्वीकृत वन कार्ययोजना अनुसार बिगतमा चालिएका सबै प्रकारका आन्दोलन तथा ऐतिहासिक जनआन्दोलन २०६२/६३ मा सहादत प्राप्त गर्नुहुने शहीदहरुको सम्झनामा शहीद पार्क घोषणा गर्न राष्ट्रिय वनलाई राष्ट्रिय शहीद तथा निजामति पार्क घोषणा गर्ने र उक्त पार्कमा ताप्लेजुङ्ग जिल्लाको घुन्सा हेलिकप्टर दुर्घटनामा परी मृत्यु हुनुभएका स्वदेशी र विदेशी व्यक्तिहरुको सम्झनामा घुन्सा स्मृति स्मारक बनाउने निर्णय भई पार्क निर्माण कार्यदल कार्यसम्पादन समितिको गठन भएको थियो।

हाल शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट पार्क निर्माण सम्बन्धी कार्यहरुलाई तीव्रताका साथ अगाडि बढाइएको छ। पार्क निर्माण कार्यका लागि मन्त्रालय अन्तर्गत द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजनाको मातहतमा छुट्टै आयोजना इकाई कार्यालय स्थापना गरिएको छ। पार्कको मुख्य प्रवेशद्वारको निर्माण कार्य, पहुंच सडकको ट्र्याक निर्माण कार्य सम्पन्न भईसकेको छ भने कम्पाउण्ड वालको निर्माण कार्य भईरहेको अवस्था छ। पार्कका भित्री संरचनाहरुको निर्माणका लागि परामर्शदाताबाट गुरुयोजना तयार गरी विस्तृत डिजाईन र लागत अनुमान तयार गर्ने कार्य अन्तिम चरणमा रहेको छ। गुरुयोजना तयारीका क्रममा विभिन्न तह र चरणमा अन्तर्क्रिया र छलफलका कार्यक्रमहरुको आयोजना गरी सुझाव लिने कार्य भएको छ।

यसै सन्दर्भमा सम्माननीय प्रधानमन्त्री माधव कुमार नेपालज्यूको प्रमुख आतिथ्यमा मिति २०६७/४/१३ गते राष्ट्रिय शहीद तथा निजामति पार्क (स्मारक) गोकर्णको विस्तृत गुरुयोजनाको प्रस्तुतिकरण कार्यक्रम सम्पन्न भएको थियो। उक्त अवसरमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट काठमाण्डौ जिल्लाका जगडोल र चण्डेश्वरी रेन्जपोष्ट (गोकर्ण, चण्डेश्वरी, चुनीखेल, बालुवा, नयांपाटी, सुन्दरीजल र गागलफेदी गा.बि.स.हरु) अन्तर्गतका सबै सामुदायिक वनमा शान्ति प्रवर्धनका लागि राष्ट्रिय महत्वका व्यक्ति, समूह एवं संस्थाहरुको स्मृतिमा एकिकृत रुपमा पार्क तथा स्मारक निर्माण गर्न र सामुदायिक वनको विकास, विस्तार र दीगो व्यवस्थापन सम्बन्धमा अध्ययन गरी नेपाल सरकारलाई राय सुझाव पेश गर्न एक कार्यदल गठन गर्न निर्देशन भएको थियो। सम्माननीय प्रधानमन्त्रीज्यूको उक्त निर्देशन र राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक), पार्क निर्माण कार्यदल कार्यसम्पादन समिति गोकर्णको मिति २०६७/६/१२ को सिफारिस पत्र बमोजिम उक्त वनहरुमा राष्ट्रिय व्यक्तित्व, समुह एवं संस्थाहरुको सम्झनामा पार्क एवं स्मारक निर्माण गर्न एकिकृत रुपमा राय सुझाव दिने उद्देश्यले अध्ययन गर्न कार्यदल गठनका लागि यो प्रस्ताव तयार गरिएको छ।

**२. कार्यदलको संरचना**

जगडोल तथा चण्डेश्वरी रेन्जपोष्ट अन्तर्गत रहेका सामुदायिक वनहरुमा शान्ति प्रवर्धन गर्ने उद्देश्यले पार्क तथा स्मारक निर्माण गरी त्यसको विकास, विस्तार र दीगो व्यवस्थापनका लागि अध्ययन अनुसन्धान गरी नेपाल सरकारलाई राय सुझाव पेश गर्न देहाय बमोजिमका पदाधिकारी रहने गरी एक पार्क अध्ययन कार्यदल गठन गरिएको छ।

पार्क समिति, राजनितिक संयन्त्रका संयोजक श्री रामेश्वर फुंयाल - संयोजक
पार्क समिति, राजनितिक संयन्त्रका सह-संयोजक श्री मनु हुमागाई - सदस्य
पार्क समिति,का अध्यक्ष श्री सुदर्शन सिग्देल - सदस्य
सामुदायिक सेवा केन्द्रका उपाध्यक्ष वन प्रतिनिधी श्री न्हुच्छे नारायण श्रेष्ठ - सदस्य
राष्ट्रिय शहीद तथा निजामति पार्क आयोजना गोकर्णका आयोजना प्रमुख श्री शम्भु कार्की - सदस्य सचिव

कार्यदलको कार्यालय राष्ट्रिय शहीद तथा शान्ति पार्क, पार्क निर्माण कार्यदल कार्यसम्पादन समिति गोकर्णमा रहनेछ।

### ३. कार्यदलको कार्यक्षेत्र

पार्क अध्ययन कार्यदलले काठमाण्डौ जिल्लास्थित जगडोल, चण्डेश्वरी रेन्जपोष्ट अन्तर्गत रहेका सामुदायिक वनहरुलाई राष्ट्रिय व्यक्तित्व, समूह एवं संस्थाहरुको सम्झना र दीगो शान्तिको कामनाका लागि पार्क तथा स्मारकको रुपमा बिकसित गर्न संभाव्यता अध्ययन गर्ने कार्य गर्नेछ । यस क्रममा कार्यदलले बिभिन्न तह, पेशा, बर्ग र समुदायका व्यक्तिहरुसंग छलफल र अन्तर्कृया कार्यक्रम गर्नेछ । पार्क तथा स्मारक निर्माणका लागि संभाव्य ठहरिएका सामुदायिक वनहरुको बिस्तृत अध्ययन, अनुसन्धान गरी सो बमोजिम कार्ययोजना तयार गरी यस सम्बन्धमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई सिफारिस सहितको प्रतिवेदन पेश गर्नेछ ।

### ४. कार्यदलको पदावधि

पार्क अध्ययन कार्यदलको पदावधि गठन भएको मितिले १ महिनासम्म रहनेछ र उक्त समयावधिभित्र कार्यदलले पार्क तथा स्मारक सम्बन्धी बिस्तृत अध्ययन, अनुसन्धान, निरिक्षण, छलफल, अन्तर्कृया आदि कार्यहरु सम्पन्न गरी आफ्नो राय सुझाव सहितको लिखित प्रतिबेदन नेपाल सरकार, शान्ति तथा पुननिर्माण मन्त्रालयमा पेश गर्नेछ । बिशेष कारणबश तोकिएको समयभित्रै कार्य सम्पन्न हुन नसकेमा थप आर्थिक दायित्व सिर्जना नहुने गरी शान्ति तथा पुनर्निर्माण मन्त्रालयले कार्यदलको पदावधि थप गर्न सक्नेछ ।

### ५. सेवा र सुविधा

पार्क अध्ययन कार्यदलका पदाधिकारीहरुलाई बैठक भत्ता तथा बैठकमा सहभागी हुन आउंदा जांदा लाग्ने यातायात खर्च रकम उपलब्ध गराईनेछ । सेवा र सुविधा बापत लाग्ने खर्च तथा अध्ययन कार्यका लागि लाग्ने अन्य खर्च शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट उपलब्ध गराइनेछ । सो कार्यका लागि प्रस्तावित अनुमानित खर्च यसप्रकार रहेको छ ।

| सि.नं | विवरण | दर x संख्या | अनुमानित खर्च रकम रु. |
|---|---|---|---|
| १. | बैठक भत्ता (जम्मा बैठक संख्या ६) | ५०० x ७ x ५ | १७,५००/०० |
| २. | यातायात खर्च बापत प्रति बैठक प्रति व्यक्ति रु. ३००/०० | ३०० x ७ x ५ | १०,५००/०० |
| ३. | जगडोल, चण्डेश्वरी सामुदायिक वन पदाधिकारीहरुसंग अन्तर्कृया/छलफल कार्यक्रम (३ वटा, प्रति कार्यक्रम २० जनाका दरले) | | |
| | क. स्टेसनरी | १०० x ३ x २० | ६,०००/०० |
| | ख. खाजा/खाना | ५०० x ३ x २० | ३०,०००/०० |
| | ग. विविध | ५००० x ३ | १५,०००/०० |
| ४. | प्रतिबेदन तयारी | एकमुष्ठ | ५,०००/०० |
| ५. | स्टेसनरी, फोटोकपी आदी | एकमुष्ठ | १०,०००/०० |
| ६. | खाजा खर्च (कार्यदलको बैठकका लागि) | १५० x ७ x १५ | १५,७५०/०० |
| ७. | सहयोगी भत्ता | २०० x १० x १ | २,०००/०० |
| ८. | विविध | एकमुष्ठ | १५,०००/०० |
| | **जम्मा:** | | **१,२६,७५०/००** |

# खण्ड (ख) ३

# पार्क अध्ययन कार्यदलको प्रतिवेदन, शान्ति स्मारक निर्माण तथा शान्ति सम्मानको आवश्यकता, औचित्य र प्रक्रिया

मिति :- २०६७/९/११

माननीय शान्ति तथा पुनर्निर्माण मन्त्रीज्यू ,
शान्ति तथा पुनर्निर्माण मन्त्रालय,
सिंहदरवार, काठमाडौं , नेपाल ।

**विषय** : प्रतिवेदन पेश गरिएको सम्बन्धमा ।

नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०६७/६/१८ को निर्णयानुसार काठमाडौं जिल्लास्थित जगडोल र चण्डेश्वरी रेन्जपोष्ट अन्तर्गत सबै सामुदायिक वनहरुमा शान्ति प्रवर्द्धनका लागि पार्क/स्मारक निर्माण गर्ने तथा सामुदायिक वनको विकास, विस्तार र व्यवस्थापनका सम्बन्धमा अध्ययन गरी नेपाल सरकार समक्ष एकीकृत रुपमा सुझाव सहित प्रतिवेदन पेश गर्न **पार्क अध्ययन कार्यदल** गठन भएको । सो कार्यदलको कार्यवधि एक महिना तोकिएको । उक्त कार्यदलको निर्णयबाट स्थलगत अध्ययन भ्रमण, प्रतिवेदन लेखन लगायत कामका लागि आवश्यकता र औचित्यको आधारमा पार्क समितिका पदाधिकारी लगायत सरोकारवालाहरुलाई समेत आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गरी कार्यदलले आफ्नो कार्य अगाडि बढाएको छ ।

उक्त कार्यदलले कार्यक्षेत्रगत शर्तहरु (Terms of Reference) मा उल्लिखित रेन्जपोष्टहरुका अतिरिक्त लप्सिफेदी रेन्जपोष्ट अन्तर्गतका सामुयिक वनका पदाधिकारीहरु, स्थानीय राजनीतिक दलका नेताहरु, नागरिक समाज, अधिकारकर्मी लगायत समाजका प्रतिष्ठित व्यक्तिहरुबाट आफ्नो क्षेत्रका सामुयिक वनको समेत अध्ययन गरी नेपाल सरकार समक्ष प्रतिवेदन पेश गर्न माग भए बमोजिम ती क्षेत्रमा वसोवास गर्ने नागरिकहरुको माग र भावनालाई सम्बोधन गर्न कार्यदलले आवश्यकता महशुस गरी लप्सिफेदी रेन्जपोष्ट अन्तर्गतका सामुदायिक वनहरुको अध्ययन गरी राय प्रतिवेदन पेश गर्ने कार्यको लागि शान्ति तथा पुनर्निर्माण मन्त्रालय समक्ष पुन: एक महिनाको अवधि थप गर्न अनुरोध भएको । सो बमोजिम नेपाल सरकार (माननीय मन्त्रीस्तर)को मिति २०६७/७/२४ को निर्णयानुसार कार्यावधि थप भई यसै निवेदनकासाथ कार्यदलले आफ्नो राय सुझाव सहित माननीय मन्त्रीज्यू समक्ष यो प्रतिवेदन पेश गरेको व्यहोरा सादर अनुरोध गर्दछौं ।

प्रस्तुतकर्ता

| (रामेश्वर फुयाल) | (मनु हुमागाई) | (सुदर्शन सिग्देल) | (न्हुच्छेनारायण श्रेष्ठ) | (शम्भु कार्की) |
|---|---|---|---|---|
| संयोजक | सदस्य | सदस्य | सदस्य | सदस्य-सचिव |

१. पृष्ठभूमि

नेपाल सरकार, शान्ति तथा पुनर्निर्माण मन्त्रालय (माननीय मन्त्रीस्तर) को मिति २०६७/६/१८ को निर्णय बमोजिम काठमाडौं जिल्लाका जगडोल र चण्डेश्वरी रेन्जपोष्ट (गोकर्ण, चण्डेश्वरी, चुनीखेल, वालुवा, नयांपाटी, सुन्दरीजल र गागलफेदी गाविसहरू) अन्तर्गतका सबै सामुदायिक वनमा शान्ति प्रवर्द्धनका लागि राष्ट्रिय महत्वका व्यक्ति, समूह एवं संस्थाहरूको स्मृतिमा एकीकृत रुपमा पार्क/स्मारक निर्माण गर्न र सामुदायिक वनको विकास, विस्तार र दिगो व्यवस्थापन सम्बन्धमा अध्ययन गरी नेपाल सरकारलाई राय सुझाव पेश गर्न एक कार्यदल गठन भएको थियो । उल्लिखित सबै सामुदायिक वनहरूको स्थलगत अध्ययन गर्ने, सामुदायिक वनका पदाधिकारीहरू बीच अन्तर्क्रिया गर्ने, राजनीतिक दलका प्रतिनिधिहरू र नागरिक समाजका अन्य व्यक्तित्वहरूसंग छलफल गर्ने  कार्य सम्पन्न गरी विभिन्न कालखण्डका शहीदहरू तथा राष्ट्रिय व्यक्तित्वहरूको नाममा स्मारक तथा शान्ति प्रवर्द्धनका लागि पार्कका रुपमा विकास गर्न उपयुक्त देखिएका वनहरूको सिफारिस सहितको प्रतिवेदन नेपाल सरकार, शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा पेश गर्ने उद्देश्यले मिति २०६७/६/२६ देखि कार्यदलले कार्य प्रारम्भ गरेको थियो ।  कार्यदलले तोकिएको कार्यक्षेत्रभित्र रही स्थलगत भ्रमण, अन्तर्क्रिया/छलफल र अध्ययनका आधारमा यो प्रतिवेदन तयार गरेको छ । सहभागितात्मक पद्धतिबाट आएका राय सुझावहरूका आधारमा प्रतिवेदन तयार गर्ने कममा कार्यदलले उल्लिखित सामुदायिक वनहरूलाई ३ समूहमा विभाजन गरी प्रत्येक समूहमा एक/एक दिनको अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको थियो । अन्तर्क्रिया कार्यक्रममा राजनीतिक दलका प्रतिनिधिहरू, पूर्वजनप्रतिनिधिहरू, नागरिक समाज, अधिकारकर्मी, सञ्चारकर्मी, पेशाकर्मी, स्थानीय संघसंस्थाका प्रतिनिधिहरू, सामुदायिक वनका पदाधिकारीहरू, जिल्ला वन कार्यालयका कर्मचारीहरू तथा स्थानीय व्यक्तिहरूको सक्रिय सहभागिता रहेको थियो । पार्क/ स्मारकका लागि सिफारिस गर्दा अन्तर्क्रिया कार्यक्रमबाट प्राप्त भएका राय सुझावहरू, स्थलगत भ्रमणमा देखिएका तथ्यहरू र विगतमा सामुदायिक वनहरूले पार्क निर्माणका लागि गरेका प्रयासहरूलाई मुख्य आधार लिई प्रतिवेदन तयार पार्ने कार्य भएको छ ।

२. पार्क अध्ययन कार्यदल

२.१ कार्यदलको संरचना

जगडोल तथा चण्डेश्वरी रेन्जपोष्ट अन्तर्गत रहेका सामुदायिक वनहरूमा

शान्ति प्रवर्द्धन गर्ने उद्देश्यले पार्क/स्मारक निर्माण गरी त्यसको विकास, विस्तार र दिगो व्यवस्थापनका लागि अध्ययन अनुसन्धान गरी नेपाल सरकारलाई राय सुझाव पेश गर्न देहाय बमोजिमका पदाधिकारी रहने गरी पार्क अध्ययन कार्यदल गठन भएको थियो ।

पार्क समिति, राजनीतिक संयन्त्रका संयोजक श्री रामेश्वर फुयाल - संयोजक

पार्क समिति, राजनीतिक संयन्त्रका सह-संयोजक श्री मनु हुमागाई - सदस्य

पार्क समिति अध्यक्ष श्री सुदर्शन सिग्देल - सदस्य

सामुदायिक सेवा केन्द्रका उपाध्यक्ष/वन प्रतिनिधि श्री न्हुच्छे नारायण श्रेष्ठ - सदस्य

राष्ट्रिय शहीद तथा निजामती पार्क आयोजना गोकर्णका आयोजना प्रमुख श्री शम्भु कार्की - सदस्य सचिव

यसका अतिरिक्त पार्क अध्ययन कार्यदलको मिति २०६७/६/२५ गते बसेको बैठकले प्रतिवेदन तयारी गर्ने सन्दर्भमा काठमाडौ क्षेत्र नं. ३ र ४ बाट निर्वाचित सभासद्ज्यूहरू, स्थानीय राजनीतिक दलका संयोजकज्यूहरू, पार्क निर्माण कार्यदल कार्यसम्पादन समितिका पदाधिकारीहरू, जिल्ला वन अधिकृतहरूलाई आवश्यकता अनुसार बैठकमा आमन्त्रण गर्ने निर्णय गरेको थियो ।

२.२ कार्यदलको कार्यक्षेत्र

सामुदायिक वन विकास कार्यक्रम अन्तर्गत काठमाडौं जिल्लाका ८ वटा रेञ्जपोष्टहरूमध्ये यस पार्क अध्ययन कार्यदललाई काठमाडौं जिल्लास्थित जगडोल र चण्डेश्वरी रेन्जपोष्ट अन्तर्गत रहेका सामुदायिक वनहरूमा राष्ट्रिय व्यक्तित्व, समूह एवं संस्थाहरूको सम्झना र दिगो शान्तिको कामनाका लागि पार्क/स्मारकको रुपमा विकास गर्न संभाव्यता अध्ययन गर्ने गरी जिम्मेवारी दिइएको थियो । यसैगरी कार्यदललाई विभिन्न तह, पेशा, वर्ग र समुदायका व्यक्तिहरूसंग छलफल र अन्तर्क्रिया गर्ने र पार्क/स्मारक निर्माणका लागि संभाव्य ठहरिएका सामुदायिक वनहरूको विस्तृत अध्ययन अनुसन्धान गर्ने कार्य सम्पन्न गरी यस सम्बन्धमा शान्ति

तथा पुनर्निर्माण मन्त्रालयलाई सिफारिस सहितको प्रतिवेदन पेश गर्ने गरी कार्यक्षेत्र तोकिएको थियो ।

२.३ कार्यदलको समयावधि

पार्क अध्ययन कार्यदललाई नेपाल सरकार (माननीय मन्त्रीस्तर)को मिति २०६७/६/१८ को निर्णयानुसार गठन भएको मितिले १ महिनाको कार्यअवधि तोकिएको थियो । तर उक्त समयावधिभित्र राष्ट्रिय चाडपर्वहरू परेको हुनाले समयमा कार्यसम्पन्न गर्न नसकिएकोमा कार्यदलले माग गरे अनुसार शान्ति तथा पुनर्निर्माण मन्त्रालयको मिति २०६७/७/२४ को निर्णय बमोजिम १ महिनाको अवधि पुनः थप गरिएको थियो ।

३. अध्ययन विधि तथा सिफारिसका आधारहरू

पार्क अध्ययन कार्यदलले प्रथम चरणमा सामुदायिक वनहरूको स्थलगत भ्रमण तथा उक्त सामुदायिक वनहरूको स्वीकृत कार्ययोजना र विधानहरूको अध्ययन गरी प्रारम्भिक सूचनाहरू संकलन गरेको थियो। प्राप्त सूचनाहरूको आधारमा कार्यदलले विगतमा कुन-कुन सामुदायिक वनहरूमा पार्क/स्मारक निर्माणका लागि के कस्ता प्रयासहरू भएका रहेछन भन्ने बारेमा जानकारी हासिल गऱ्यो । कार्यदलले सामुदायिक वनको क्षेत्रफल, धरातलीय स्वरुप, हावापानी, उक्त वनमा जीव तथा वनस्पतिहरूको विविधता, सो क्षेत्रको विकासका लागि देखिएका अन्य संभावनाहरू, वन समितिहरूको सक्रियता तथा सामुदायिक वनमा आश्रित परिवार समेतका आधारमा कुन कुन सामुदायिक वन क्षेत्रमा कस्तो किसिमको पार्क/स्मारकका लागि उपयुक्त छ त्यसको प्रारम्भिक अनुमान गरेको थियो ।

यसैगरी कार्यदलले प्रथम चरणमा प्राप्त गरेका सूचना, जानकारी तथा तथ्यहरूका आधारमा सामुदायिक वन क्षेत्रका पूर्वजनप्रतिनिधिहरू, सरोकारवालाहरू, राजनीतिक दलका प्रतिनिधिहरू, वन समितिका पदाधिकारीहरू तथा वन उपभोक्ताहरूसंग छलफल तथा अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको थियो । जगडोल र चण्डेश्वरी रेन्जपोष्ट अन्तर्गत रहेका सामुदायिक वनहरूलाई ३ समूहमा विभाजन गरी प्रत्येक समूहमा एक/एक दिनका लागि अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो । यस कार्यक्रममा कार्यदल गठनको उद्देश्य तथा कार्यदलले प्रारम्भिक चरणमा प्राप्त गरेको सूचनाहरू र जानकारीको बारेमा छलफल भएको

थियो भने स्थानीय तहबाट व्यापक चासोकासाथ आआफ्ना धारणा, विचार तथा सुझावहरू प्राप्त भएको थियो ।

प्रारम्भिक चरणको जानकारी, सूचनाहरू तथा अन्तर्क्रिया कार्यक्रमबाट प्राप्त राय, सुझावहरूका बारेमा बैठकमा व्यापक छलफल भयो । प्रत्येक गाविसभित्र रहेका विद्यमान सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीहरूको क्रियाशीलता, राजनीतिक दलको प्रतिवद्धता, स्थानीय जनताको अभिरुची, पार्क/स्मारक निर्माणार्थ विगतमा निर्माण गरिएका भौतिक पूर्वाधारका प्रारुपहरू आदिलाई मध्यनजर गर्दै कार्यदलले कुन सामुदायिक वनमा कस्तो किसिमको पार्क/स्मारक निर्माण गर्न उपयुक्त हुन्छ भन्ने बारेमा सिफारिस सहितको प्रतिवेदन तयार गरेको छ ।

४. सामुदायिक वनहरू

४.१ जगडोल रेन्जपोष्ट अर्न्तगतका सामुदायिक वनहरू

यस रेन्जपोष्टको रेखदेख र  संरक्षणमा १४ वटा सामुदायिक वनहरू रहेका छन् । त्यसमध्ये ५०% अर्थात ७ वटा सामुदायिक वनले बालुवा गाविसको करिब ३८०० रोपनी क्षेत्रफल ओगटेको पाईयो । गुठ सल्लाघारी, गाम्चा, बाटुलेसीम, तीनडाँडा, आहालडाँडा चिहानडाँडा, चिसापानी भित्ता र दिदी-बहिनी ढुङ्गा, सामुदायिक वन बालुवा गाविसभित्र पर्दछन् । दूरीको हिसाबले यी सामुदायिक वनहरू काठमाडौंको चक्रपथदेखि लगभग १०-१२ कि.मी. टाढा रहेको देखिन्छ । मकैचौर, कागेश्वरी, कल्पवृक्ष र ईश्वरी गरी ४ वटा सामुदायिक वन गागलफेदी गाविसभित्र करिब २४० रोपनी क्षेत्रफल ओगटेर बसेको पाइन्छ । उक्त वनहरूमा पुग्नको लागि चक्रपथबाट १३-१४ कि.मी. टाढा रहेको देखिन्छ । बाँकी यज्ञडोल (जगडोल), गोकर्ण, पवित्र, भद्रबास र भण्डारी कुलायन, नयाँ पाटी, सामुदायिक वनले क्रमश : ४१२ रोपनी, ७२ रोपनी र ५१ रोपनी क्षेत्रफल ओगटेको छ ।

४.२ चण्डेश्वरी रेन्जपोष्ट अन्तर्गगतका सामुदायिक वनहरू

यस रेन्जपोष्टको रेखदेख र संरक्षणमा आईतबारे(बिष्णु बुढानिलकण्ठ गाविस), च्यानडाँडा महिला, पन्चकन्या माई ,प्रगति र डुकुर्नी (चपली भद्रकाली गाविस), थानेडाँडा, पुतलीडाँडा, रातो माटेडाँडा र भद्रकाली सामुदायिक वन (चुनिखेल गाविस) ,कपन टापु सामुदायिक वन (कपन गाविस) बालकुमारी सामुदयिक वन (साङ्ला गाविस) ईन्द्रायणी सामुदायिक वन (टोखा सरस्वती गाविस) र

सपनतीर्थ सामुदायिक वन (चण्डेश्वरी गाविस) गरी १३ वटा सामुदायिक वनहरू रहेका छन् । यी सामुदायिक वनहरूले करिव ४००० रोपनी क्षेत्रफल ओगटेको देखिन्छ ।

४.३ लप्सेफेदी  रेन्जपोष्ट अन्तर्गतका सामुदायिक वनहरू

यस रेन्जपोष्टको रेखदेख र  संरक्षणमा ४० वटा सामुदायिक वनहरू रहेका देखिन्छन् । यस रेन्जपोष्ट अन्तर्गगतका सामुदायिक वनहरूको कुल क्षेत्रफल करिव २९,५०० रोपनी रहेको छ । लप्सेफेदी गाविसभित्र धुल्बु, रातमाटेडाँडा, थाङ्साङडाँडा, लाप्सौराडाँडा, जहरसिंहपौवा, भूमिडाँडा, जुरेडाँडा, सिर्जनशील चौकी भन्ज्याङ्ग महिला, सल्लाघारी, सेतो भूमिस्थान, रयले, डाँडाकटेरी, च्यानडाँडा, देउरालीडाँडा न्यौपाने र साङ्गा चोक, च्यानडाँडा गरी १३ वटा सामुदायिक वनहरू पर्दछन् । नाङ्लेभारे गाविसभित्र मानेगैह्रो, आहालडाँडा, च्यानडाँडा , शितलढुङ्गा र पञ्चकन्यादेवी गरी ५ वटा सामुदायिक वन पर्दछन् । सुनटोल गाविसभित्र आलडाँडा, पानीघाट, विशंभरानारायण, खोरियापाखा, लम्बोडाँडा, कुसुम र तारातीर्थ गरी ७ वटा सामुदायिक वन पर्दछन् मुलपानी गाविसभित्र चखण्डोल, रजत तथा उद्यान र झुलकोपाखा गरी ३ वटा सामुदायिक  वनहरू छन् ।बज्रयोगिनी गाविसभित्र उग्रतारा, हरियाली, मणिलिङ्गेश्वर, लुमइदेवी महिला र कालिकादेवी गरी ५ वटा सामुदायिक वन छन् । इन्द्रायणी गाविसभित्र एउटा मात्र इन्द्रायणी सामुदायिक वन रहेको छ । पुकुलाक्षी गाविसभित्र सलम्बुदेवी  र पञ्चकन्यादेवी गरी २ वटा सामुदायिक वनहरू रहेका छन् । डाँछी गाविसभित्र कपुरबासे, कल्छाकोट, बाघधारा र फिरफिरे गरी ४ वटा सामुदायिक वन पर्दछन् ।

५. अध्ययन गरिएका सामुदायिक वनहरू

५.१ गागलफेदी गाबिसस्थित कागेश्वरी सामुदायिक वन

काठमाण्डौ जिल्लाको जगडोल रेन्जपोष्ट अन्तर्गत यस गाविसमा मकैचौर, कल्पवृक्ष, कागेश्वरी र ईश्वरी महिला सामुदायिक वनहरू पर्दछन । यी सामुदायिक वनहरूको कुल क्षेत्रफल करिव २४० रोपनी रहेको छ। काठमाडौं चक्रपथबाट करिब १५ कि.मी. उत्तरपूर्वमा रहेको यस क्षेत्रमा  करिब ९९ प्रतिशत तामाङ्गहरूको वस्ती रहेको छ। यी सामुदायिक वनहरूमध्ये काठमाडौं जिल्लाको गागलफेदी गाविस वडा नं. १ चिहानडांडामा अबस्थित करिव

८० रोपनी क्षेत्रफल रहेको कागेश्वरी सामुदायिक वनमा ऐतिहासिक दोश्रो जनआन्दोलन २०६२/६३ का शहिदहरू र दिवंगत राजनेताहरूको प्रतिमा (विश्वेश्वरप्रसाद कोइराला, पुष्पलाल, गणेशमान सिंह, मदन कुमार भण्डारी, मनमोहन अधिकारी) स्थापना गर्ने गरि मिति २०६४ बैशाख ११ गते नेकपा एमालेका तत्कालीन महासचिव सम्माननीय प्रधानमन्त्री माधवकुमार नेपालज्यू तथा जिल्ला विकास समिति, काठमाण्डौका पूर्व उपसभापति श्री रामेश्वर फुयालज्यूबाट संयुक्त रुपमा शिलान्यास गरिएको थियो । तत्पश्चात पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र जिल्ला विकास समिति काठमाडौंको लगानीमा प्रतिमाका लागि पेडेस्टल निर्माण गर्ने, सिंढी निर्माण गर्ने तथा पार्कसम्म पुग्ने सडकको ट्र्याक निर्माण गर्ने कार्य सम्पन्न भएको छ भने पार्क परिसरभित्र स्थानीय वासिन्दाहरूको सहयोग तथा दाताहरूको लगानीमा विभिन्न प्रजातिका हुर्किएका बिरुवाहरू रोप्ने कार्य समेत भएको छ। यस स्थानबाट सम्पूर्ण काठमाडौं उपत्यकाको दृश्यावलोकन गर्न सकिन्छ । साथै यो स्थान चिसापानी, गोसाईकुण्ड, हेलम्बु, नगरकोटसम्मको पर्यटकीय पदमार्गको महत्वपूर्ण नाकाको रुपमा रहेको छ । यस सामुदायिक वनको अन्य संभावनामा शिबपुरी राष्ट्रिय निकुन्जको सुन्दरीजलपूर्व मणिचुंड तीर्थस्थलसम्मको भागको करिव ५००० रोपनी क्षेत्रफल जमीन थप गरी पार्क तथा लालीगुरांस संरक्षण क्षेत्रको रुपमा विकास गर्न सकिने देखिन्छ।

### ५.२ लप्सेफेदी गाविसस्थित जहरसिंहपौवा सामुदायिक वन

यो सामुदायिक वन काठमाडौं जिल्लाको लप्सेफेदी गाविस वडा नं ४ र ६ मा अबस्थित छ। यस वन करिव ३००० रोपनी क्षेत्रफलमा फैलिएको छ । काठमाडौं जिल्लाको पूर्वमा रहेको यस स्थानबाट सिन्धुपाल्चोक र काभ्रे जिल्लाका धेरै भूभाग देखिनुका साथै जुगल हिमाल लगायत अन्य हिमश्रृंखलाहरूको दृश्यावलोकन गर्न उपयुक्त छ । यस वनमा विभिन्न प्रजातिका बोट बिरुवाहरू तथा जडिबुटी पाईन्छन । यो स्थान प्रशिद्ध पर्यटकीयस्थल नगरकोटको नजीक भएको हुंदा पदमार्गबाट आउने पर्यटकहरूका लागि समेत आकर्षणको केन्द्र बन्न सक्दछ। अन्य वनहरूको तुलनामा यो सामुदायिक वनमा पाईने जीव तथा वनस्पतिमा विविधता भएकाले यसलाई स्वदेशी तथा घुन्सा हेलिकप्टर दुर्घटनामा दिवङ्गत

हुनुभएका बिदेशी वनबिज्ञहरूको सम्झनामा घुन्सा स्मृति पार्कको रुपमा विकास गर्न उपयुक्त देखिन्छ ।

५.३ पुकुलाक्षी गाविसस्थित सलम्बुदेवी सामुदायिक वन

यो सामुदायिक वन काठमाडौं जिल्लाको पुकुलाक्षी गाविसको धेरै भाग तथा सुनटोल गाबिसको केही भागमा जम्मा ५०० रोपनी क्षेत्रफल जमिनमा फैलिएको छ । यस सामुदायिक वनमा काठमाडौं जिल्ला बिकास समितिले बि.सं २०४९ सालमा प्रथम जनआन्दोलन २०४६ का शहिदहरूको स्मृतिमा सलम्बु शहीद पार्कको रुपमा विकास गर्न कार्यक्रम बनाएको थियो । उक्त पार्कको शिलान्यास बि.सं. २०५३ सालमा भएतापनि यसको पूर्ण रुपमा कार्यान्वयन हुन सकेन । बि.सं. २०५४ मा निर्वाचित काठमाडौं जिल्ला विकास समितिले पार्क निर्माणको कार्य अगाडि बढाएको पाईयो । काठमाडौं चक्रपथबाट करिब १० कि.मी. पूर्वमा रहेको र कालोपत्रे सडकको पहुंच भएको यस वनलाई निजामती पार्क तथा बाल उद्यानको रुपमा विकास गर्न सकिने संभावना देखिन्छ ।

५.४ चुनीखेल गाविसस्थित पुतलीडांडा, रातोमाटे, थानेडांडा, भद्रकाली र चपली भद्रकाली गाबिसस्थित पञ्चकन्या सामुदायिक वन

काठमाडौं जिल्लाको चण्डेश्वरी रेन्जपोष्ट अन्तर्गत चुनिखेल र चपली भद्रकाली गाविसमा रहेका पुतलीडांडा, रातोमाटे, थानेडांडा, भद्रकाली र पञ्चकन्या सामुदायिक वनहरूको क्षेत्रफल करिव ३२०० रोपनी रहेको छ । काठमाडौं चक्रपथबाट करिव ४ कि.मि. उत्तरमा रहेको यो वनबाट काठमाण्डौ शहरको दृश्यावलोकन गर्न सकिन्छ । चुनीखेल सामुदायिक वनमा स्वर्गीय गिरिजाप्रसाद कोइरालाको स्मृतिमा पार्क तथा दिवङ्गत राजनेताहरूको प्रतिमा निर्माणका लागि अन्तर्कृया कार्यक्रममा सुझाव प्राप्त भएको र सोही बमोजिम सामुदायिक वनहरूबाट माग समेत भएको हुंदा उल्लेखित सामदायिक वनहरूमा स्वर्गीय गिरिजाप्रसाद कोइराला स्मृति पार्क र दिवङ्गत राजनेताहरूको प्रतिमा निर्माण गर्न उपयुक्त देखिन्छ ।

५.५ चपली भद्रकाली गाविस अन्तर्गत डुकुर्नी सामुदायिक वन

काठमाडौं जिल्ला वन चण्डेश्वरी रेन्जपोष्ट अन्तर्गत चपली भद्रकाली गाबिस वडा नं. १, ३ र ४ मा अवस्थित यस सामुदायिक वनको क्षेत्रफल करिव १४० रोपनी रहेको छ । चक्रपथको नारायणगोपाल चोकबाट करिव

३ कि.मी. दूरीमा रहेको यो वन बुढानिलकण्ठ नजिक पर्दछ । सम्बन्धित सामुदायिक वन समूहबाट माग भए बमोजिम यस वनमा पत्रकार शहीद स्मृति पार्कको रुपमा विकास गर्न उपयुक्त देखिन्छ ।

५.६ वालुवा गाविस अन्तर्गत चिसापानी, बाटुलेसिम, तिनडांडा सामुदायिक वन

काठमाडौं जिल्लाको जगडोल रेन्जपोष्ट अन्तर्गत वालुवा गाविसमा रहेका चिसापानी, बाटुलेसिम र तिनडांडा सामुदायिक वनहरूको क्षेत्रफल करिव १२०० रोपनी रहेको छ । उक्त सामुदायिक वनहरूमध्य चिसापानी, बाटुलेसिम र तिनडांडा सामुदायिक वनमा दशबर्षे जनयुद्ध तथा द्वन्दकालका शहीदहरूको स्मृतिमा पार्क तथा दिवङ्गत राजनेताहरूको प्रतिमा निर्माणका लागि माग भएकाले सोही बमोजिम विकास गर्न उपयुक्त देखिन्छ ।

५.७ वालुवा गाविस अन्तर्गत आलडांडा चिहानडांडा, गाम्चा र दिदीबहिनी सामुदायिक वन

काठमाडौं जिल्लाको जगडोल रेन्जपोष्ट अन्तर्गत वालुवा गाविसमा रहेका आलडांडा चिहानडांडा, गाम्चा र दिदीबहिनी सामुदायिक वनहरूको क्षेत्रफल करिव १४०० रोपनी रहेको र उक्त वनहरूमा तराई, मधेश र थरुहट आन्दोलनका शहीदहरूको स्मृतिमा पार्क र दिवङ्गत राजनेताहरूको प्रतिमा निर्माणका लागि माग भएकोले सोही बमोजिम पार्कको रुपमा विकास गर्न उपयुक्त देखिन्छ ।

५.८ भद्रबास गाविसस्थित पवित्र सामुदायिक वन

जगडोल रेन्जपोष्ट अन्तर्गत रहेको पवित्र सामुदायिक वनको कुल क्षेत्रफल करिब ७५ रोपनी रहेको छ । यो वन काठमाडौं चक्रपथबाट करिब १३ कि.मी. टाढा रहेको छ। यस वनमा द्वन्दकालका शहीदहरूको स्मृतिमा पार्क निर्माण गर्न संभाव्य देखिन्छ ।

५.९ जोरपाटी गाविसस्थित शिवपान्चायन धार्मिक वन

काठमाडौं जिल्ला जोरपाटी गाविस वडा नं. ५ मा करिव १० रोपनी क्षेत्रफलमा रहेको यस वनमा माग भए बमोजिम धार्मिक शहिदहरूको स्मृतिमा पार्क निर्माण गर्न सान्दर्भिक देखिन्छ ।

५.१० वालुवा गाविसस्थित गुठ सल्लाघारी सामुदायिक वन

जगडोल रेन्जपोष्ट अन्तर्गत वालुवा गाविस वडा नं. ५,६,७ र ८ मा रहेको यस सामुदायिक वनको जम्मा क्षेत्रफल करिव ११०० रोपनी रहेको छ। यस

वनमा बि.सं. २०४६ सालअघि शहादत प्राप्त गर्नुहुने अमर शहीदहरूको स्मृतिमा पार्क निर्माण गर्न उपयुक्त देखिन्छ।

६. पार्क/स्मारक निर्माणका लागि उपयुक्त ठानिएका वनहरू

पार्क अध्ययन कार्यदलले तोकिएको कार्यक्षेत्रभित्र रही विभिन्न तहबाट प्राप्त भएका सूचनाहरू, राय सुझावहरू र कार्यदलको बैठकमा भएका छलफलका आधारमा विभिन्न सामुदायिक वनहरूमा उपयुक्त पार्क/स्मारकहरूको बारेमा निर्णय गरेको छ। निर्णय बमोजिमका सामुदायिक वनहरू, उक्त वनमा सिफारिस गरिएको पार्क/स्मारक र सिफारिस गर्न पर्ने कारणहरू यस बमोजिम रहेका छन :-

७. सुझाव तथा सिफारिसहरू

यस प्रतिवेदनको बुंदा ६ मा सिफारिस गरिए बमोजिम सामुदायिक वनहरूलाई पार्क/स्मारकका रुपमा विकास गर्दै सामुदायिक वनको दिगो व्यवस्थापन गर्नका लागि निम्नलिखित सुझावहरू पेश गरिएको छ।

१. सामुदायिक वनहरूमा सिफारिस गरिए बमोजिम पार्क/स्मारक निर्माण गर्दा सम्बन्धित सामुदायिक वन समूहहरूले आफ्नो वन कार्ययोजना तथा विधान तदनुरुप संशोधन गर्न आवश्यक छ।

२. प्रतिवेदनले संभाव्य भनी सिफारिस गरेका पार्क/स्मारकका लागि स्थानीय तहबाट माग भई आएमा सोको लागि आवश्यक गुरुयोजना सहितका आयोजना प्रतिवेदन शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट तयार हुन सान्दर्भिक हुन्छ।

३. शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट हाल निर्माण भईरहेको राष्ट्रिय शहीद तथा निजामती पार्क जगडोल गोकर्णलाई केन्द्रीय पार्कको रुपमा विकास गर्दै अन्य सामुदायिक वनहरूमा निर्माण गरिने पार्कहरूलाई सहायक पार्कको रुपमा विकास गर्न उपयुक्त देखिन्छ।

४. सहायक पार्कहरूको गुरुयोजनाको तयारी लगायत अन्य पूर्वाधार निर्माणका लागि नेपाल सरकारले छुट्टै बजेटको व्यवस्था गर्न वाञ्छनीय हुन्छ।

५. पार्क/स्मारकका लागि निर्माण गरिने पूर्वाधारहरूले यसक्षेत्रको आर्थिक, सामाजिक, तथा समग्र विकासलाई योगदान पुऱ्याउने भएकोले एकीकृत योजना बनाउन आवश्यक देखिन्छ।

६. काठमाडौं जिल्लाभित्र रहेका र यस कार्यदलको कार्यक्षेत्रमा परेका सामुदायिक

वनहरूमा पार्क⁄ स्मारक निर्माण गर्दा यस भेगको ग्रामीण चक्रपथको निर्माणलाई समेत प्राथमिकता दिई प्रस्तावित पार्कहरू बीच यातायात सञ्जालको विकास गर्न जरुरी छ ।

७. शान्ति प्रवर्द्धनका लागि निर्माण गरिने पार्क⁄स्मारकहरूको निर्माण, सञ्चालन, रेखदेख तथा व्यवस्थापन जस्ता कार्यहरूमा स्थानीय शान्ति समितिहरूसंग समन्वय हुन जरुरी छ ।

८. उल्लिखित सिफारिस गरिएका पार्क⁄स्मारक सञ्चालन तथा व्यवस्थापनका लागि राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) निर्देशक समिति (बोर्ड) को काम, कर्तब्य र अधिकारको बुंदा नं. १८ बमोजिम नेपाल सरकारले छुट्टै नियमावली बनाउन आवश्यक छ । नियमावली निर्माण कार्यदलमा वन मन्त्रालय र पार्क निर्माण कार्यदल कार्यसम्पादन समितिका प्रतिनिधिहरूलाई समावेश गर्न आवश्यक छ ।

९. सामुदायिक वनको कुल क्षेत्रफलको बढीमा ५ प्रतिशत भूमिमा मात्र पार्क⁄स्मारकका लागि भौतिक पूर्वाधार निर्माण गरिनुपर्दछ, बांकी भागमा वृक्षरोपण जस्ता कार्यक्रमहरू सञ्चालन गर्न उपयुक्त हुन्छ ।

१०. विदेशबाट पाल्नुहुने विशिष्ट पाहुनाहरूलाई सहज ढङ्गले लैजानका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलदेखि बागमती नदीको किनारा हुंदै राष्ट्रिय शहीद तथा निजामती पार्क जगडोल गोकर्ण जोड्ने सडकलाई चारलेनको स्तरीय सडकको रुपमा विकास गर्नं आवश्यक छ । साथै चक्रपथ सुकेधाराबाट कपन कृण्ण मन्दिर, महानगरीय प्रहरी दङ्गा नियन्त्रण गण हुंदै राष्ट्रिय शहीद पार्क जोड्ने सबैभन्दा छोटो मार्गको स्तरोन्नतिका लागि नेपाल सरकारले प्राथमिकताक्रममा राखी बजेटको व्यवस्था हुन आवश्यक देखिन्छ ।

११. यस कार्यदलको कार्यक्षेत्रभित्र नपरेका काठमाडौं उपत्यकाभित्रका रामकोट-१ स्थित चापाकोट सामुदायिक वन, जीतपुरफेदीस्थित प्रशिद्ध भुवनेश्वरी मन्दिर रहेको सामुदायिक वन, भक्तपुर सुडाल गाविस र काभ्रेको टुकुचा गाविसस्थित वन, डांछी गाविसस्थित थलीको वन, दहचोक सामुदायिक वन, रामकोटको गणेशमान सामुदायिक वन र ललितपुरको बागमती किनारामा रहेको मनमोहन पार्कहरूमा समेत शान्ति प्रवर्द्धनका लागि पार्क⁄स्मारकका लागि अध्ययन हुन जरुरी छ ।

| क्र.सं. | सामुदायिक वनको नाम | प्रस्तावित पार्क/स्मारक | कैफियत |
|---|---|---|---|
| १. | गागलफेदी गाविसस्थित कागेश्वरी सामुदायिक वन | ऐतिहासिक दोस्रो जनआन्दोलन २०६२/६३ का शहीदहरु र दिवङ्गत राजनेताहरुको प्रतिमा (विश्वेश्वरप्रसाद कोइराला, पुष्पलाल, गणेशमान सिंह, मदनकुमार भण्डारी, मनमोहन अधिकारी) रहने गरी लोकतान्त्रिक शहीद पार्क | मिति २०६४/१/११ गते नेकपा एमालेका तत्कालीन महासचिव सम्माननीय प्रधानमन्त्री माधवकुमार नेपालज्यूबाट शिलान्यास भई कामको शुरुवात समेत भईसकेको। |
| २. | लप्सेफेदी गाविसस्थित जहरसिंहपौवा सामुदायिक वन | घुन्सा स्मृति पार्क | जुगल हिमाल लगायत अन्य हिमश्रृंखलाहरुको दृश्यावलोकन गर्न उपयुक्त तथा यस वनमा जैविक विविधता भएकोले घुन्सा स्मृति पार्कका लागि उपयुक्त रहेको। |
| ३. | पुकुलाक्षी गाविसस्थित सलम्बुदेवी सामुदायिक वन | निजामती पार्क तथा बाल उद्यान | सम्बन्धित सामुदायिक वन समूहबाट सोही बमोजिम माग भएको। |
| ४. | चुनीखेल र चपली भद्रकाली गाविसस्थित पुतलीडांडा, रातोमाटे, थानेडांडा, भद्रकाली र पञ्चकन्या सामुदायिक वन | स्वर्गीय गिरिजाप्रसाद कोइरालाको स्मृतिमा पार्क र अन्य दिवङ्गत राजनेताहरुको प्रतिमा | यस क्षेत्रको अन्तर्क्रिया कार्यक्रममा स्वर्गीय गिरिजाप्रसाद कोइरालाको स्मृतिमा पार्क र दिवङ्गत राजनेताहरुको प्रतिमा निर्माणका लागि माग भएको। |
| ५. | चपली भद्रकाली गाविस अन्तर्गत डुकुर्नी सामुदायिक वन | पत्रकार शहीद स्मृति पार्क | सम्बन्धित सामुदायिक वन समूहबाट सोही बमोजिम माग भएको। |
| ६. | वालुवा गाविस अन्तर्गत चिसापानी, बाटुलेसिम, तिनडांडा सामुदायिक वन | दशवर्षे जनयुद्धका शहीदहरुको स्मृतिमा पार्क र अन्य दिवङ्गत राजनेताहरुको प्रतिमा | सम्बन्धित सामुदायिक वन समूहबाट सोही बमोजिम माग भएको। |
| ७. | वालुवा गाविस अन्तर्गत आलडांडा चिहानडांडा, गाम्चा र दिदीबहिनी सामुदायिक वन | तराई/मधेश/थरुहट आन्दोलनका शहीदहरुको स्मृतिमा पार्क र अन्य दिवङ्गत राजनेताहरुको प्रतिमा | सम्बन्धित सामुदायिक वन समूहबाट सोही बमोजिम माग भएको। |
| ८. | भद्रवास गाविसस्थित पवित्र सामुदायिक वन | द्वन्द्वकालका शहीदहरुको स्मृतिमा पार्क | सम्बन्धित सामुदायिक वन समूहबाट सोही बमोजिम माग भएको। |
| ९. | जोरपाटी गाविसस्थित शिवपान्चायन धार्मिक वन | धार्मिक शहीदहरुको स्मृतिमा पार्क | स्थानीय तहबाट सोही बमोजिम माग भएको। |
| १०. | वालुवा गाविसस्थित गुठ सल्लाधारी सामुदायिक वन | २०४६ सालअघि शहादत प्राप्त गर्नुहुने शहीदहरुको स्मृतिमा पार्क | स्थानीय तहबाट सोही बमोजिम माग भएको। |

# शान्ति स्मारक निर्माण तथा शान्ति सम्मानको आवश्यकता, औचित्य र प्रक्रिया

नेपाल सरकार
शान्ति तथा पुनर्निर्माण मन्त्रालय
सिंहदरबार

# शान्ति स्मारक निर्माण तथा शान्ति सम्मानको आवश्यकता, औचित्य एवं प्रक्रिया

## १) परिचय

२००७ साल, २०४६ साल र २०६२/०६३ सालका यी सबै लोकतान्त्रिक आन्दोलनहरुमा शान्तिपूर्ण मार्गको अबलम्बन गरिएका छन् । यद्यपि, यस्ता आन्दोलनहरुमा शान्तिपूर्ण प्रक्रियाको अवलम्बन गर्दा गर्दै पनि तमाम जनधनको क्षति बेहोर्नु नपरेको भने होइन । पछिल्लो लोकतान्त्रिक आन्दोलनको सिलसिलामा २०५९ साल असौज १८ देखि यता लोकतन्त्रको स्थापना नहुन्जेल सम्म दुई दर्जन भन्दा वढी शहिदहरु घोषणा भइसकेका छन् । आन्दोलनका मैदानमा  हजारौं घाइतेहरु भए  र तिनीहरुलाई समेत राज्यको तर्फबाट राहत तथा सहयोग उपलब्ध गराइरहेको छ ।

लोकतान्त्रिक आन्दोलनको बलबाट स्थापित सातदलको सरकार, पुनर्स्थापित प्रतिनिधिसभा र यसले गरेका महत्वपूर्ण घोषणा र कार्यान्वयनहरु शान्ति स्थापनामा महत्वपूर्ण रहेका छन् । सातदल र नेकपा माओवादीको साझा सहमतिमार्फत् अन्तरीम संविधान,  अन्तरीम व्यवस्थापिका-संसद रअन्तरीम सरकार बनेको हो । यही सरकारमा द्वन्द्वको दीर्घकालीन समाधानका लागी शान्ति तथा पुनर्निर्माण मन्त्रालयको स्थापना गरियो । यसले जनआन्दोलनका शहिद, तिनका परिवार र घाइतेहरुको सम्मानको लागी राहत एवं आर्थिक सहयोग, उपचार खर्च लगायतका सुविधाहरु उपलब्ध गराईरहेको छ । द्वन्द्वबाट प्रभावितहरुको हित र सम्मानको लागी तथा जनआन्दोलनका शहिद, घाइते एवं सम्वन्धित परिवारलाई  सम्मान गर्दा शान्ति स्मारक तथा शान्ति बाटिका र शान्ति सम्मान अन्तर्गत विभिन्न किसिमले शहिद र तिनका परिवारहरु, जनआन्दोलनका घाइतेहरु, विभिन्न किसिमले आन्दोलनमा सहयोग पुऱ्याउने ब्यक्तिहरु, संघ संस्थाहरु, मानवअधिकारवादी, नागरिक समाज र संचारजगत समेतलाई अभिनन्दन, पुरस्कार जस्ता सम्मान गर्ने  कार्यक्रम समेत यस द्वन्द्वोत्तर सामाजिक पुनर्निर्माण परियोजनाले अगाडी सारेको छ जसले शान्ति स्थापना गर्ने कार्यमा अहम भूमिका निर्वाह गर्न सक्छ ।

## २) उद्देश्य

- लोकतन्त्रको संस्थागत विकास तथा शान्तिका लागी योगदान दिन लोकतान्त्रिक आन्दोलनका शहिद, तिनका परिवार, घाइतेहरु र जनआन्दोलनमा महत्वपूर्ण योगदान दिने व्यक्ति तथा विभिन्न संघ संस्थाहरुलाई पहिचानगरी सम्मान गर्ने र
- लोकतान्त्रिक आन्दोलनका शहिद, महत्वपूर्ण घटना तथा स्थानहरुको चिरस्मरणकालागी शान्ति स्मारक, स्तम्भ वा शान्ति वाटीका निर्माण गर्ने रहेका छन्।

## ३) औचित्य

लोकतन्त्र जनताको इच्छा अभिव्यक्ति हुने. माध्यम हो । यसर्थ लोकतन्त्रको प्राप्तिकोलागी सहादत प्राप्त गर्ने शहिदहरु र जनआन्दोलनका क्रममा भएका घाइतेहरुको स्मरण र सम्मान विना दीगो शान्ति संभव छैन । इतिहासमा मुलूकमा लोकतन्त्रको स्थापनाको लागी  आहूति दिने वीर महान् योद्धाहरुको सम्मानले नै शान्तिलाई निरन्तरता दिन्छ । यसर्थ, प्रत्यक्ष देखिने संझिने गरी शान्ति स्मारकहरु जस्ता प्रतिमा, मूर्ति, शहिद उद्यान, शहिद म्यूजियम लगायतका आवश्यक संरचनाको निर्माण गर्न सकिएमा शहिदहरु र लोकतान्त्रिक आन्दोलनको संस्मरण सर्वदा रहने देखिन्छ ।

वर्तमान सरकारले लोकतान्त्रिक आन्दोलनको मैदानमा घटेका महत्वपूर्ण घटनाहरुको विवरण संकलनगरी त्यसलाई संस्थागत रुपमा अभिलेखवद्ध गर्ने कार्यको थालनी गर्नु आफैमा प्रशंसनीय कार्य हो । शहिदका परिवारको सम्मान, लोकतन्त्र प्राप्तिका लागी भएका आन्दोलनहरुमा विशिष्ट योगदान दिने व्यक्ति, संस्था, समूहलाई उचित पुरस्कार, सम्मान गर्नु उपयुक्त हुन्छ । लोकतान्त्रिक आन्दोलनका महत्वपूर्ण घट्ना, व्यक्ति तथा स्थानको चीरस्मरणको लागी विभिन्न किसिमका शान्ति स्मारकहरुको निर्माण गर्न सान्दर्भिक देखिन्छ ।

## ४) आवश्यकता

शान्ति स्मारक निर्माण तथा शान्ति सम्मानको आवश्यकता निम्न आधारमा हेर्न सकिन्छ :

क) लोकतान्त्रिक आन्दोलनमा सहादत प्राप्त गर्ने वीर शहिदहरुको सम्मानले लोकतन्त्रप्रतिको निष्ठा वढ्ने, शहिदहरुप्रति सम्मान र लोकतन्त्र प्रति नै सकारात्मक मनोविज्ञान गराउने भएकोले,

ख) लोकतान्त्रिक आन्दोलनका मैदानमा भएका जनआन्दोलनका घाइतेहरु, महत्वपूर्ण योगदान दिने ब्यक्ति, संघ संस्थाहरुको पहिचान गरी गरीने सम्मानले सदा लोकतन्त्रप्रति आस्था रहिरहने र दीगो शान्ति स्थापनामा सहयोग रहने भएकोले

ग) लोकतान्त्रिक आन्दोलनका स्थान, व्यक्ति वा घटनाहरुको यथार्थ इतिहासलाई जीवन्त राखी भावी पुस्तालाई राष्ट्रप्रति नागरिक शिक्षा दिन पनि यस्ता कार्यक्रकको आवश्यकता देखिन्छ ।

## ५) शान्ति स्मारक निर्माण तथा शान्ति सम्मानका प्रक्रिया तथा संयन्त्रहरु

### ५.१. शान्ति स्मारक निर्माण

#### क) स्थल वा घटनाको पहिचान

लोकतान्त्रिक आन्दोलनका सन्दर्भमा भए गरेका घटनाहरुलाई पहिचान गर्न नितान्त आवश्यक छ । यसका लागी निम्न आधारहरु हुन सक्छन् :

- स्वतन्त्र रुपमा अध्ययन तथा अनुसन्धान गराउने र त्यसबाट प्राप्त निचोडको आधारमा त्यस्ता स्थल वा घटनाको पहिचान गर्न सकिन्छ
- जनआन्दोलनका क्रममा भएका घटनाहरुको प्राप्त भए सम्मका आधारहरु जुन राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतका मानवअधिकारवादी संघ संगठनका प्रतिवेदनहरु, सँचार क्षेत्रद्वारा प्रचार प्रसार गरिएका समाचार, प्रतिवेदन, फोटो ईत्यादिलाई लिन सकिन्छ ।
- तत्कालिन राज्य प्रशासनका विभिन्न निकायमा भए गरेका निर्देशन तथा निर्णयहरुलाई समेत आधार लिन सकिने हुन्छ ।
- राजनीतिक आन्दोलनका अध्ययन अनुसन्धान तथा प्रतिवेदनहरु, राज्यका तर्फबाट गठन गरिएका छानविन आयोग, राहत व्यबस्था समिति लगायतका विभिन्न निकायका श्रोतहरु रहन सक्छन् ।

#### ख) शान्ति स्मारक तथा पार्क निर्माण पहिचान

जनआनदोलनका क्रममा व्यापक रुपमा भएको दमन तथा शहिदहरुको स्मारक निर्माण तथा शान्ति पार्कको लागी उपयुक्त स्थानको पहिचान गर्न, वास्तविक तथा सत्य तथ्य आधारको खोजी गरी अवलम्वन गर्नु पर्ने हुन्छ । त्यसका लागी केन्द्रिय तथा स्थानीय शान्ति स्मारक निर्माण तथा शान्ति सम्मान समितिले स्थानीयस्तर देखि केन्द्रसम्म ब्यापक छलफल तथा अन्तर्क्रियाबाट पनि निर्क्यौल गर्न सकिन्छ ।

- स्वतन्त्र रुपमा अध्ययन तथा अनुसन्धान गराउने र त्यसबाट प्राप्त निचोडको आधारमा त्यस्ता स्थल वा घटनाको पहिचान गर्न सकिन्छ

- जनआन्दोलनका क्रममा महत्वपूर्ण भूमिका खेलेका मूख्य मूख्य शहर तथा स्थानहरु विशेषगरी काठमाडौ. उपत्यका भित्रका, विभिन्न स्थानहरु कलंकी शहिद चोक, वालाजु, चावेल, कोटेश्वर, पाटन, कीर्तिपुर, रत्नपार्क, घट्टेकुलो, वानेश्वर र उपत्यका वाहिर कास्की, चितवन, नवलपरासी, बाँके, वर्दिया, दाङ्ग, कैलाली, रुपन्देही, कपिलवस्तु, मकवानपुर, वारा,पर्सा, रौटहट, धनुषा, सप्तरी, मोरङ्, झापा, काभ्रे, पर्वत, वाग्लुङ्ग लगायतका स्थानहरुमा उपयुक्त हुने देखिन्छ ।
- जनआन्दोलनका मैदानमा घटना घटेका स्थानहरुको मापन गरी स्थानीय सरोकारवाला पक्षहरुसंग छलफलगरी निश्चित गर्न सकिने ।
- शहिदहरुको जिल्ला वा घर रहेको स्थानमा पनि निर्माण गर्न सकिने
- विदेशी नागरिक वा उपचारको क्रममा विदेशमा लैजाँदै गर्दा शहादत प्राप्त गरेकाहरुको लागी समेत घटनास्थलमा नै वा अन्य उपयुक्त स्थानमा तय गरी निर्माण गर्न सकिन्छ ।

समेत पर्ने गरी राय सुझाव तथा जानकारी लिन सकिन्छ । साथसाथै जनआन्दोलनका क्रममा सहादत प्राप्त गर्ने शहिद परिवार, जनआन्दोलनका घाइतेहरु, जनआन्दोलनमा प्रत्यक्ष रुपमा सहभागि रहेका नागरिक तथा व्यवसायिक संघ संगठनहरु वा व्यक्तिहरु समेतबाट जानकारी लिनु उपयुक्त हुने देखिन्छ ।

ग) ढाँचा

- जनआन्दोलनका २५ जना शहिदहरुको प्रतिमा निर्माण गर्ने एउटा छुट्टै स्थानको निर्क्यौल गरी शहिदग्राम बनाउने जहां सम्पूर्ण जन आन्दोलनका शहिदरुको तस्विर स्थापना गर्नुका साथै उनीहरुले लोकतन्त्रको आन्दोलनमा खेलेको भूमिकाको उल्लेख गर्दै शहिदसंग सम्बन्धित विविध पक्षको पहिचान गराउन सकिन्छ ।
- शहिदको स्मरणार्थ राष्ट्रिय स्तरमा एउटा उद्यान निर्माण गर्न, त्यसमा विशाल पोखरी राख्ने र पोखरीको वीचमा सहिद स्मारकहरु राख्न सकिन्छ । यस अर्न्तगत अलग अलग वा एउटै विशाल स्मारक निर्माण क्लगराउन सकिन्छ । स्थानको अभावले गर्दा अलग अलग गराउनु परेपनि एकै स्थानमा गराउन सकेमा यसको महत्व बढी सान्दर्भिक हुन सक्छ ।
- शहिदहरुको प्रतिमा सहितको एउटा विशाल स्मारक वा स्तम्भ बनाउन सकिन्छ, (नेपालको शहिदगेट भारतको ईन्डिया गेट(नयाँ दिल्ली), बंगलादशको राष्ट्रिय शहिद स्मारक, अमेरीकाको स्वतन्त्रता संग्रामको प्रतिमा आदि) ।
- लोकतान्त्रिक आन्दोलनका शहिदहरुको घटनास्थलमै अलग अलग शान्ति स्मारकहरु बनाउने, शहिद प्रद्युम्न चोक, कलंकी, शहिद हरिचोक, नेपालगंज र शहिद सेतुबिक चोक, नेपालगंज जस्ता निर्माणगर्न सकिने ।
- शहिदहरुको सम्पूर्ण स्मारकहरु र संबन्धित जानकारी समेत रहने गरी शहिदग्राम, शान्तिवाटीका निमार्ण गर्न सकिने ।
- लोकतान्त्रिक आन्दोलनका सन्दर्भमा महत्वपूर्ण घटनास्थलहरुमा शान्ति स्मारक वा शान्तिवाटीका निर्माण गन सकिने ।

यस वाहेक पनि शान्ति तथा शहिद संग्रहालय, शहिद भवन, शहिद विश्वविद्यालय, कलेज तथा पुरस्कार, शहिद सडक वा शहिद नगर जस्ता विभिन्न किसिमका निर्माण गर्न सकिन्छ ।

नोट: विश्वमा विभिन्न किसिमका शान्ति सम्बन्धि आधारहरु हेर्न सकिन्छ, उदाहरणको लागी, *चिल्ड्रेन्स पीस पेभिलियन* अर्थात् वाल शान्ति संग्रहालय, *मिजउरीमा, शान्ति विश्वविद्यालय,* १९८०, सयुक्त राष्ट्रसंघ, *ड्याटन् अन्तराष्ट्रिय शान्ति संग्रहालय, जापानीज पीस वेल* यो जापानी जनताको तर्फबाट संयुक्त राष्ट्रसंघ

लाई ८ जुन, १९५४ मा प्रदान गरिएको थियो । *नोवेल शान्ति पुरस्कार* जसमा पाँचवटा पुरस्कारहरु थिए यो स्वडीस उद्योगपति *अल्फ्रेड नोवेल*ले सुरुवात गरेका थिए । *शान्ति पुरस्कार सन् १९७५*मा *गेने वल्फेले* यस्ता शान्तिसंग संबन्धीत चीज तथा पुरस्कारहरु स्थापना गरिएका छन् ।

### घ) सरकारबाट सहयोग गर्ने तरीका, पद्धति

नेपाल सरकारले शान्ति तथा पुनर्निर्माण मन्त्रालय अन्तर्गत विभिन्न किसिमका नीति तथा कार्यक्रमहरु लागू गर्न सक्दछ । यसका लागी सरकारले यस्ता निर्माण तथा सम्मान कार्यहरुलाई विशाल तथा दूरगामी तथा ऐतिहासिक प्रभाव राख्नेगरी कार्यहरु गर्ने गरी निर्णय गर्न सकिन्छ ।

- नेपाल सरकारले शान्ति स्मारक तथा शान्ति सम्मान सम्बन्धी केन्द्रिय र स्थानीय तहमा समिति निर्माण गर्न सक्ने र त्यस अन्तर्गत रहने गरी विभिन्न किसिमका निर्माण तथा सम्मान कार्यहरु गर्ने वा गराउन सक्ने । आवश्यक परेमा यस बाहेक छुट्टै राष्ट्रियस्तरको शान्ति एकेडेमी बनाई त्यस मार्फत कार्य गर्न गराउन सकिने ।
- त्यसको काम कर्तब्य र अधिकार नबाझिने गरी तोक्न सकिने ।
- सम्बन्धित स्मारक तथा वाटिका निर्माण गराउँदा केन्द्रीय वा स्थानीय समिति स्वयंले वा स्थानिस्तरमा निर्माण समिति मार्फत गराउन सकिने ।
- त्यसको लागी, राष्ट्रिय तथा अन्तराष्ट्रिय, सरकारी तथा गैर सरकारी निकाय, निजी तथा सार्वजनिक क्षेत्रको समेत सहयोग जुटाउने गरी एउटा छुट्टै कोषको व्यवस्था गर्न सकिने,
- सरकारले यस्ता कार्यको संभावना तथा प्रभावको वारेमा आवश्यक पूर्व अध्ययन तथा अनुसन्धान गर्ने गराउने र त्यसको निचोडलाई लागू गर्न सकिने र
- यस्ता कार्यको लागी वार्षिक वजेटको व्यवस्था गर्न सकिनेक्छ ।

## ५.२ शान्ति सम्मान

### क) शान्ति सम्मान पहिचान

लोकतान्त्रिक आन्दोलनका क्रममा दिवंगत शहिद एवं तिनका परिवार/ घाइतेहरु, त्यस आन्दोलनमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा कुनै न कुनै किसिमले सहयोग पुऱ्याएका व्यक्ति, समुह, संघ संस्था, व्यवसायिक संघ संगठनहरु, मानव अधिकारवादी तथा नागरिक समाज, सरकारी तथा गैरसरकारी संघ संस्था वा प्रतिनिधिहरु. संचार क्षेत्र तथा ब्यक्ति, व्यक्तित्व सम्मान तथा अभिनन्दन गर्नु उपर्युक्त हुन्छ । त्यसका लागी निम्न वमोजिमको प्रक्रिया अबलम्बन गर्न सकिन्छ :

- जनआन्दोलनका घाइतेहरुलाई जनआन्दोलनका घाइतेको उचार निर्देश तथा व्यवस्थापन समिति २०६३ ले गरेको वर्गिकरण अनुसारका घाइतेहरु,
- जनआन्दोलनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै न कुनै किसिमले सहयोग पुऱ्याएका व्यक्ति, समुह, संघ संस्था, व्यवसायिक संघ संगठनहरु, मानव अधिकारवादी तथा नागरिक समाज, सरकारी तथा गैरसरकारी संघ संस्था वा प्रतिनिधिहरु र संचारजगत र स्वास्थ्य सम्बन्धी निकायहरु
- स्वतन्त्र तथा निष्पक्ष रुपमा अध्ययन तथा अनुसन्धान गराएर त्यसबाट प्राप्त निचोडको आधारमा पहिचान गर्न सकिने व्यवस्थ गर्न सकिन्छ ।

ख) शान्ति सम्मान गर्ने तरीकाहरू

अ) पुरस्कार, नगद, कदरपत्र तथा विभुषण (शान्ति पदक)

आ) अभिनन्दन तथा सम्मान

इ) शान्ति वृत्ति तथा भत्ता र प्रमाणपत्र (पहिला प्राप्त गरेको भए पनि यसै कार्यक्रम अन्तर्गत पार्ने)

ई) शहिद परिवार सम्मान तथा कदर पत्र (शहिद परिवारका सदस्यहरुलाई मात्र)

उ) शहिदको नाममा अलग अलग वा एउटै नाममा शहिद वा शान्ति स्मृति पुरस्कार स्थापना गरी दीगो शान्ति स्थापना र लोकतान्त्रिक आन्दोलनमा महत्वपूर्ण योगदान दिने व्यक्ति वा संघ संस्थाहरुलाई प्रदान गर्न सकिने

## ६) कार्यान्वयनका आधार

१) सवैलाई मान्यहुने गरी घटना, स्थान तथा शहिदहरुको शान्ति स्मारकहरु निर्माण गर्न सकिने,

२) केन्द्र देखि स्थानीय निकाय सम्म दुई वा तीन तहमा समितिहरु निर्माण गर्न सकिने,

३) सर्व प्रथम, जनआन्दोलनका शहिद, घाइते र स्थानहरुको तय गर्न सकिने त्यसका लागी सरकारले घोषणा गरेका शहिदहरु, घाइतेहरु र यथार्थ घटनाको विवरण पत्तालगाउन आवश्यक अध्ययन अनुसन्धान गर्न आवश्यक देखिने,

४) स्थानीय स्तरमा रहेका राजनैतिक दलहरु र सवै पक्षको सहभागितामा स्थानीयस्तरमा नै निर्क्यौल गर्न सकिने र

५) विभिन्न नागरिक, संघ संस्थाहरु, निजी तथा सार्वजनिक साझेदारीमा यस कार्यक्रमलाई अगाडि वढाएर विभिन्न किसिमका अक्षयकोष तथा पुरस्कारहरु प्रदान गर्न सकिन्छ ।

## ७) कार्यक्रमहरु

शहिदका परिवार, अङ्गभङ्ग भएका तथा घरबार गुमाएकाहरुको अवस्था कस्तो छ र उनीहरुले के चाहन्छन् भन्ने विषयमा अनुमान मात्र बाहेक अरु केही गर्न सकिएको छैन । त्यसैले उनीहरुको अवस्था अध्ययन गरी त्यस्ता व्यक्तिहरुले चाहेका न्यूनतम आवश्यकताहरु कसरी पुरा गर्न सकिन्छ भन्ने सम्बन्धमा राष्ट्र व्यापीरुपमा अध्ययन हुन आवश्यक छ । संचार माध्यमले वाहिर ल्याएका र सामान्य रुपमा जानकारी प्राप्त गरेका सूचनाका आधारमा वाहेक अन्य आवश्यक अध्ययन अनुसन्धान भएका छैनन् । यसर्थ स्वतन्त्र निष्पक्ष ढंगबाट समेत यसको अध्ययन गर्न आवश्यक देखिन्छ जसले गर्दा सम्पूर्ण सत्य तथ्यहरु वाहिर आउन सक्दछन ।

यस बाहेक, शहिदहरुको सम्मानका लागी छुट्टै समितिको आवश्यकता देखिन्छ र सो समितिलाई स्वतन्त्र रुपमा काम गर्न दिने वातवरणको सृजना गरीदिने व्यवस्था मिलाइदिनु उपर्युक्त देखिन्छ ।

## ८) कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

- जनआन्दोलनमा लोकतन्त्रको लागी सहादत प्राप्त गर्ने शहिदहरु तथा घाइतेहरु, लोकतान्त्रिक आन्दोलनका मैदानमा घटेका घट्नाहरुको चिरस्मरणको लागी शान्ति स्मारकहरुको निर्माण गर्ने तथा लोकतान्त्रिक आन्दोलनमा विभिन्न किसिमले योगदान गर्ने विभिन्न संघसंस्थाहरु, नागरिक समाज तथा व्यवसायिक संघसंगठनहरु र व्यक्ति वा समूहहरुलाई शान्ति सम्मान गर्ने भएकोले यी कार्यलाई सम्वन्धित सवै निकायले प्राथमिकताका साथ मूर्तरुप दिने व्यवस्था मिलाउन सकिने,
- यो कार्यक्रम कार्यान्वयनका लागी शान्ति प्रक्रियासंग सम्वन्धित रहेर शान्ति तथा पुनर्निमाण मन्त्रालयद्वारा गर्न सकिने,

- सरकारी (मन्त्रालय तथा निकायहरु) तथा यससँग सम्वन्धित इच्छुक गैर सरकारी संघ संस्था, स्थानीय तह, लोकतान्त्रिक आन्दोलनमा महत्वपूर्ण योगदान पुऱ्याउने संघ संगठन तथा व्यक्तिहरु, शहिद परिवार, जनआन्दोलनका घाइते, निजी क्षेत्र, स्थानीय समुदाय तथा नागरिकहरुको साझा सहमति, सहयोग र सहकार्यमा कार्यान्वयन गर्न सकिने,
- यस्ता किसिमका महत्वपूर्ण कार्य गर्नको लागी अन्तराष्ट्रिय संघसंस्था र नागरिकहरुको सहयोग जुटाउन सक्ने वातावरण मिलाउन सकिने,
- शान्ति स्मारकहरु तथा शान्ति सम्मान कार्यक्रमलाई स्थानीयस्तरबाट भइरहेका कार्यहरुको विवरण संकलन गरी अध्यावधिक राख्ने र यस्ता कार्यहरुको स्थानीय रुपमै व्यवस्था गर्ने र अनुगमन शान्ति तथा पुँननिर्माण मन्त्रालयद्वारा आवश्यक पक्षसंग मिलेर गर्न सकिने ।
- उपरोक्त व्यवस्था कार्यान्वयनका लागी आवश्यक पर्ने कार्यविधि तयार गरी जारी गर्न सकिने ।

## ९) संस्थागत संयन्त्र

लोकतान्त्रिक आन्दोलनको समयमा घटेका महत्वपूर्ण घटनाहरुको विवरण तथा तथ्याङ्ग संकलनगरी त्यसलाई संस्थागत रुपमा अभिलेखवद्धगरी शहिद तथा शहिदका परिवारको सम्मान, लोकतन्त्र प्राप्तिका लागी भएका आन्दोलनहरुमा विशिष्ट योगदान दिने व्यक्ति वा संस्थालाई उचित पुरस्कार, यस्ता व्यक्ति वा संस्थाहरुलाई प्रदान गर्नु पर्ने सहयोग जस्ता शान्ति सम्मान कार्यहरु गर्न र लोकतान्त्रिक आन्दोलनका महत्वपूर्ण घट्ना, व्यक्ति तथा स्थानको चिरस्मरणको लागी देशको उपयुक्त स्थानमा शान्ति स्मरणका लागी शान्ति स्मारक एवं पार्क निर्माण गर्ने लगायतका विभिन्न कार्यक्रम तर्जुमा र संचालन गर्ने संबन्धमा निर्देशन, समन्वय र अनुगमन गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन केन्द्रीय तथा स्थानीय तहमा शान्ति स्मारक तथा सम्मान समिति निर्माण गर्न उपयुक्त हुने देखिन्छ ।

## १०) निष्कर्ष

लोकतान्त्रिक प्रणालीमा मात्र नागरिक मूल्य मान्यताको कदर हुन्छ । यसर्थ लोकतन्त्रको प्राप्ति वा पुर्नस्थापनाको लागी महत्वपूर्ण आन्दोलनहरु हुने गरेका छन् । लोकतन्त्र स्थापना पश्चात् पनि यसको लागी बलिदानी गर्ने वीर शहिद, घाइते, घटना एव स्थानहरु र महत्वपूण योगदान दिने व्यक्ति वा संघ संस्थालाई सम्मान गर्न चीरस्मरण गर्न सकिएन भने त्यसले लोकतन्त्रलाई संस्थाकिकरण गर्न सक्दैन । परिणाम स्वरुप पुन: अरु आन्दोलन वा संघर्षहरु पनि हुन सक्दछन् । यसर्थ यस्ता दीगो शान्ति स्थापना गर्न शहिदहरु, महत्वपूर्ण घटना वा स्थानहरुको चीरस्मरणका लागी शान्ति स्मारकहरु, स्तम्भ, वाटीकाहरु स्थापना गर्न उपयुक्त हुन्छ । त्यस्तै शहिद परिवार, जनआन्दोलनका घाइतेहरु, र जनआन्दोलनमा महत्वपूर्ण योगदान दिने व्यक्ति, समूह, समुदाय, संघ संस्थाहरुलाई पहिचान गरी आवश्यक सम्मान गर्ने कार्य शान्ति स्थापनामा सहयोगी बन्न सक्छ ।

# खण्ड (ख) ४

# राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) पार्क निर्माण तथा व्यवस्थापन समितिको कार्यकारी सारांश

नेपाल सरकार

# अर्थ मन्त्रालय

बजेट तथा कार्यक्रम महाशाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :- ६२ राय/स(१)
च. नं. :- १५८६

मितिः जेठ १७, २०६७

**बिषय : सहमति सम्बन्धमा ।**

श्री शान्ति तथा पुननिर्माण मन्त्रालय,
सिंहदरवार ।

तहाँ मन्त्रालयको प.सं. २०६६/६७ च.नं. ४५१ मिति २०६७।१।७ को पत्रबाट "राष्ट्रिय शहिद तथा शान्ति पार्क (स्मारक) विकास समिति (गठन) आदेश २०६६" को सहमति माग भएको सम्बन्धमा पेश हुंदा निर्माण अवधिभर समिति गठन गर्न सहमति दिन नसकिने, निर्माण सम्पन्न भएर आय आर्जन हुन थाले पछि विकास समितिको गठनका लागि छलफल गर्न सकिने नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०६७।२।१६ को निर्णयानुसार जानकारीको लागि अनुरोध गरिन्छ ।

(सुरेन्द्र अर्याल)
शाखा अधिकृत

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११८०४, स. स. म. ४२११९९३, राजस्व म. ४२११८६७, वैदेशिक म. ४२११८३७
आ.का.वी.म. ४२११८२६, अनुगमन म. ४२११७७०, राजस्व प.स. ४२११३०६, कानून म. ४२११८१३
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट), ४२१११६५ (वैदेशिक)
ईमेल : admindivision@mof.gov.np वेब साईट : www.mof.gov.np

# रिाष्ट्रय शहीद तथा शान्ति पार्क (स्मारक), विस्तृत आयोजना प्रतिवेदनको कार्यकारी सारांश

वि.सं.२०६२/०६३ सालको दोश्रो जनआन्दोलन पश्चात भएको विस्तृत शान्ति सम्झौतापछि नेपालमा शान्ति स्थापना तथा पुनर्निर्माण गर्ने उद्देश्यले एउटा छुट्टै शान्ति तथा पुनर्निर्माण मन्त्रालय स्थापना भएको छ। यस मन्त्रालयले शान्ति प्रक्रियालाई अघि बढाउनुको साथै द्वन्द्वकालमा क्षति भएका संरचनाहरुको पुनर्निर्माण गर्ने कार्य गर्दै आईरहेको छ। यसै सिलसिलामा नेपाल सरकारको निर्णय बमोजिम गोकर्ण गाविसमा ऐतिहासिक लोकतान्त्रिक आन्दोलनको सम्झनामा "राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक)" निर्माण हुन लागेको छ। उक्त पार्क स्थापनाका मुख्य उद्देश्यहरु निम्न रहेका छन ।

क) दोश्रो जनआन्दोलन ऐतिहासिक क्षणहरुको अभिलेख राख्न ।

ख) राष्ट्र निर्माणमा प्राणको आहुति दिने शहीदहरुलाई अनवरत सम्मान तथा श्रद्धा व्यक्त गर्न ।

ग) सहादत प्राप्त गरेका राष्ट्रसेवक निजामति कर्मचारी तथा घुन्सा दुर्घटनामा दिवंगतभएका वनविज्ञहरुको सम्झना गर्न ।

घ) शान्ति तथा राष्ट्रिय एकताको सन्देश फैलाउन । उक्त पार्कको विस्तृत अध्ययन तथा डिजाइनको कार्य हालै सम्पन्न भएको छ ।

पार्क डिजाइन आवधारणा

पार्क डिजाइन निम्न अवधारणामा आधारित छ ।

ख सबैको समान पहुँच, सबै जातजाति, धर्मालम्बी, लिङ्ग, उमेर वर्ग आदिको समान पहुँच ।

ख नेपाली वास्तुकला :उद्यान भित्र बन्ने संरचनाहरु नेपाली वास्तुकलामा आधारित हुने ।

ख बढी टिकाऊ र मर्मत संभारमा कम खर्चिलो निर्माण सामाग्रीको प्रयोग ।

ख उद्यानको दीगो व्यवस्थापन तथा संचालन ।

गोकर्ण गाविसको गोकर्णेश्वर मन्दिरबाट पश्चिमको डाँडामा करीब ६५० रोपनी जग्गामा फैलिने प्रस्तावित पार्क (उद्यान) लाई निम्न क्षेत्रमा विभाजन गरिएको छ ।

स्मृति क्षेत्र (७२ रोपनी)

मूख्य स्मृति स्मारक रहने यो क्षेत्र उत्तर पश्चिमबाट दक्षिणपूर्वमा डाँडाको डिलबाट लम्बिएको छ । यसमा स्मारकको अलवा शान्ति पिरामिड, संग्रहालय, निजामति कर्मचारी स्मारक क्षेत्र तथा शान्तिस्तुप रहनेछन् । पैदल मार्ग, सार्वजनिक शौचालय, खानेपानी, बगैंचा आदि विभिन्न स्थानमा रहने छन् ।

मनोरञ्जन क्षेत्र (१७२ रोपनी)

डाँडाको उत्तर तिरको भिरालो जमिनमा घुन्सा स्मारक क्षेत्र विभिन्न प्रजातिका फूल तथा वोटविरुवाको बगैंचा, पिकनिक स्थलहरुको साथै मृगस्थली पनि रहनेछन् ।

संस्थागत क्षेत्र (५२ रोपनी)

यस क्षेत्रमा रेष्टुराँ तथा बहुउद्देश्यीय हल, सामुदायिक पसल तथा पार्क व्यवस्थापन कार्यालय आदि रहनेछन् तथा भविष्यमा सामुदायिक भवन ,सीप विकास तालिम केन्द्र अध्ययन केन्द्र आदि पनि रहनेछन् ।

धार्मिक क्षेत्र (१५ रोपनी)

दक्षिणपूर्वी क्षेत्रमा हालै जनसहयोगबाट निर्मित भगवती मन्दिर वरिपरि क्षेत्रको थप विकासको लागि सामुदायिक कार्यहरु संचालन गरिनेछ । माथि उल्लेखित क्षेत्रहरुले नसमेटीएको ३३९ रोपनी जग्गामा संरक्षित क्षेत्र तथा सहायक सेवा सुविधा जस्तै नर्सरी, फोहोर मैला व्यवस्थापन आदिको लागि छुट्टयाइएको छ ।

प्रस्तावित उद्यान गुरुयोजना

प्रवेशद्वार तथा पार्किङ्ग उद्यान परिसरको उत्तर पश्चिममा मूख्य प्रवेशद्वार प्रस्ताव गरिएको छ। यस प्रवेशद्वार सम्म पुग्न जोरपाटी-गोकर्ण सडकको वागमति नदी नजिकबाट ९ मी. चौडाइको करीब १ कि.मी. लामो छुट्टै सडकको प्रस्ताव गरिएकोमा हाल उक्त सडकको ट्र्याक खन्ने कार्य सम्पन्न भैसकेको छ । त्यसै गरी टिकटघर तथा सुरक्षाकक्ष समाविष्ट मुख्य प्रवेशद्वारको निर्माण कार्य सम्पन्न भैसकेको छ। प्रवेशद्वार छेऊको अर्को ढोकावाट पार्किङ्ग क्षेत्रमा पुग्न सकिन्छ जहाँ ६ माइक्रोवस, १० कार तथा २४ मोटरसाइकल अटाउन सकिन्छ। यस पार्किङ्ग क्षेत्रमा ५३४ आगन्तुकका सवारी साधन मात्र अटाउन सकिने र सार्वजनिक विदाका दिनमा आगन्तुकको संख्या बढी हुने भएकोले मुख्य प्रवेशद्वार पुग्नु अगावै दक्षिण पश्चिममा रहेको जमिनमा बाँकी पार्किङ्गको प्रस्ताव गरिएको छ। पिकनिकको लागि आउने आगन्तुकको लागि गोकर्णेश्वर मन्दिर नजिकै

पार्किङ्गस्थलको प्रस्ताव गरिएको छ ।

स्मारक क्षेत्र

५० मी. ११५ मी.मा फैलिने यस क्षेत्रमा तीन मुख्य अङ्गहरु रहने छन्:

क) शहीद प्रतिमास्थल

ख) शान्ति पिरामिड

ग) शहीद स्तम्भ स्मारक क्षेत्रको करीब मध्य भागमा प्रतिमास्थल रहनेछ, जहाँ लोकतान्त्रिक आन्दोलनको प्रतिकात्मक मूर्ति स्थापना गरिनेछ । सोको वरिपरि पोखरी, फाउण्टेन तथा चौर निर्माण गरिनेछ । चौरको चार कुनामा चारवटा कलात्मक शहीद स्तम्भ रहनेछन् । जहाँ विभिन्न कालखण्डमा सहादत प्राप्त गर्नु भएका शहीदहरुको नामावली कुँदिनेछ । स्मारक क्षेत्रको पूर्वी भागमा १८ मी.अग्लो शान्ति पिरामिड प्रस्ताव गरिएको छ जसको भित्र मण्डला तथा बुद्ध प्रतिमा रहनेछन् । पिरामिडको सबभन्दा माथिल्लो टुप्पा पारदर्शी बनाइनेछ जुन राति प्रज्वलित हुनेछ ।

संग्रहालय

स्मारक क्षेत्रबाट करीब १००मीटर पूर्व ओरालो लागेपछि २५ मीटरको व्यास रहेको डबल डोम आकारको दुइतले संग्रहालय रहनेछ । उक्त संग्रहालयको भुइतल्ला अर्धभूमिगत हुनेछ जसमा आन्दोलनका तस्वीर,मूर्ति, चित्र आदि रहने हल तथा श्रव्यदृश्यको लागि मिनि थियटर रहनेछन् । संग्रहालयको माथिल्लो तल्ला विशेष गरि पेन्टिङ्ग तथा फोटोहरुको लागि छुट्टयाएको छ । उक्त डोमको : मध्य भागमा एउटा विशाल घण्ट राखिनेछ ।

घुन्सा स्मारक क्षेत्र

मुख्य स्मारक क्षेत्रबाट उत्तर तर्फको सिढीबाट ओरालो लागेपछि अर्धवृत्ताकार आकारको चार तह भएको घुन्सा स्मारक क्षेत्र हुनेछ । जसको मध्य भागमा घुन्सा दुर्घटनामा दिवंगत हुनु भएका विशिष्ट व्यक्तिहरुको सम्झनामा स्मारक निर्माण हुनेछ भने विभिन्न तहमा फुलबारी तथा आगन्तुक बस्ने स्थलहरु हुनेछन् ।

निजामति स्मारक क्षेत्र

संग्रहालयवाट करीब १५० मी. ओरालो झरेपछि निजामति स्मारक क्षेत्रमा पुग्न सकिन्छ जहाँ बस्नको लागि प्यारापिट तथा स्मारकको लागि मध्य भाग छुट्टयाइएको छ ।

यसको अलवा उद्यानमा निम्न संरचनाहरु रहनेछन् ।

- रेष्टुराँ तथा बहुउद्देश्यीय हल भवन
- सामुदायिक पसल तथा पार्क व्यवस्थापन कार्यालय भवन
- सामुदायिक प्रहरी बिट
- सूचना केन्द्र, कोसेली घर तथा आगन्तुक प्रतिक्षालय
- सार्वजनिक धारा तथा शौचालय
- पिकनिक स्थल
- शान्ति स्तुप
- भ्यू टावर
- पैदल मार्ग तथा विश्रामस्थल


हाल उक्त क्षेत्रमा सल्लो प्रजातिका एकनासे रुखहरु रहेकोमा वनस्पति विकास (वन व्यवस्थापन) को लागि छुट्टै गुरुयोजना तयार गरिएकोछ, जसमा विद्यमान सल्लोलाई प्रजाति बोटबिरुवाले क्रमिक रुपमा प्रतिस्थापना गर्दै जाने दीर्घकालिन योजना रहेकोछ । साथै उद्यानका विभिन्न स्थानमा सदाबहार तथा मौसमी बगैंचाहरु पनि प्रस्ताव गरिएको छ । संस्थागत संरचना उद्यानको दीगो विकासको लागि दुई किसिमका संस्थागत प्रस्ताव गरिएको छ ।

क) कार्यान्वयन चरण

शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा माननीय मन्त्रीज्यूको अधक्ष्यतामा एक निर्देशन (वोर्ड) समिति रहनेछ । जसको मातहतमा द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण आयोजना रहनेछ। उक्त आयोजना अन्तर्गत प्राविधिक टोली सम्मिलित परियोजना कार्यान्वयन एकाई गठन गरिनेछ । पार्क निर्माण तथा व्यवस्थापन समितिको सल्लाह तथा सहयोगमा परियोजना कार्यान्वयन एकाई मार्फत निर्माण कार्यहरु सञ्चालन हुनेछन ।

**संगठन चार्ट**

**संस्थागत संरचना, परियोजना निर्माण संरचना**




ख) सञ्चालन चरण

उद्यानको निर्माण कार्य सम्पन्न भए पछि राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) विकास समिति गठन भई सो अन्तर्गत निर्देशन समिति (बोर्ड) तथा व्यवस्थापन समिति रहनेछ। नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०६७ जेठ १७ गतेको च.नं.१८७९ को पत्रानुसार निर्माण अवधिभर विकास समिति गठन गर्न नसकिन राय प्राप्त भए बमोजिम अर्को व्यवस्था नभए सम्म राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) पार्क निर्माण तथा व्यवस्थापन समितिले पार्कको नियमित सञ्चालनको लागि ७ वटा विभागहरु रहनेछन् भने राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक), पार्क निर्माण तथा व्यवस्थापन समिति अन्तर्गत सातवटा सल्लाहकार समिति रहनेछन्। सल्लाहकार समितिले नीति निर्माणको कार्य गर्दछ भने विभागले कार्यान्वयनको कार्य गर्दछ।

**संगठन चार्ट**

**संस्थागत संरचना, पार्क निर्माण तथा व्यवस्थापन संरचना**



परियोजना लागत

हाल निर्माण भैरहेका वा भैसकेका संरचनाहरु जस्तै मुख्य प्रवेशद्वार, प्रवेश मार्ग, सीमा पर्खाल, आदि समेत र भविष्यमा निर्माण हुने संरचना समेत गरी जम्मा परियोजना लागत रु.४६ करोड ७१ लाख हुने अनुमान गरिएको छ । बाँकी निर्माण कार्यहरुलाई निम्न पाँच प्याकेजमा विभाजन गरिएको छ ।

प्याकेज-१

क) पैदल मार्ग

ख) पानी टैंकी तथा सतह ढल

ग) अन्य गेट तथा गार्ड सेड

घ) पार्किङ्ग क्षेत्र

ङ) रिटेनिङ्ग पर्खाल

च) सार्वजनिक शौचालय

प्याकेज-२

क) स्मृति स्मारक शान्ति पिरामिड

प्याकेज-३

क) सूचना केन्द्र

ख) रेष्टुराँ हल

ग) पसल तथा कार्यालय घ)सामुदायिक भवन

प्याकेज-४

क) मूर्ति स्थल

ख) चार शहीद पार्क

ग) शान्ति स्तुप

घ) चैत्यहरु

ङ) वगैंचा

प्याकेज-५

क) पिकनिक क्षेत्र

ख) भ्यू टावर

ग) खानेपानी

घ) तारबार

ङ) आन्दोलन पार्क

च) टिकट घर

छ) भजन मण्डली

मुख्य सिफारिशहरु

१. उद्यान निर्माणको सम्पूर्ण जिम्मेवारी शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट बहन गरिनुपर्ने ।

२. पार्क सञ्चालनमा आउनु पूर्व निम्न दस्तावेजहरु बनाइनु पर्ने ।

क) पार्क सञ्चालन कार्यविधि

ख) प्रशासनिक तथा कार्यविधि नियमावली

ग) मर्मत सम्भार निर्देशिका

घ) क्षमता विकासयोजना

च) वातावरणीय व्यवस्थापन योजना

३. पार्क निर्माण पश्चात पार्क विकास समितिलाई सञ्चालनको जिम्मा दिइनु पर्ने ।

४. पार्कको स्वामित्वमा रहेको तर हाल सर्भेमा एकिन गर्न नसकिएको जग्गाहरु नापी विभागको सहयोगमा छुट्टयाई सोको समुचित सुरक्षा गरिनुको साथै सम्भव भएमा पार्कको उत्तरतिरको खोल्सीबाट पश्चिम जाने सडकको व्यवस्था गर्न आवश्यक कार्य अघि बढाउने ।

५. पार्क निर्माण तथा व्यवस्थापन समितिले गोकर्णेश्वर मन्दिर गुरुयोजना संग आवश्यक सहकार्य गरी एकिकृत रुपमा विकास कार्यहरु अघि बढाउने ।

६. साथै उक्त पार्क निर्माण तथा व्यवस्थापन समितिले जगडोल इलाका वन कार्यालय, चण्डेश्वरी र लप्सीफेदी इलाका वन कार्यालय अन्तर्गतका रहेका सम्बन्धित सामुदायिक वनहरुमा स्वीकृत १० वटा पार्कहरुको समेत संरक्षण र विकासमा आवश्यक पहलकदमी गर्ने ।

## राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक)

# पार्क निमार्ण तथा व्यवस्थापन समिति


## गोकर्णेश्वर न.पा.-९, जगडोल, काठमाडौं

### मूल्य सूची

| सि.नं. | विवरण | इकाई | दर |
|---|---|---|---|
| १ | काठ सवै जात (समूह भित्र) | क्यू.फिट | ३५०।- |
| २ | पतकर | प्रतिभारी | निःशुल्क |
| ३ | सुकेको दाउरा | प्रतिभारी | १००।- |
| ४ | हरियो दाउरा | प्रतिभारी | १५०।- |
| ५ | जडिबुट्टी | के.जी | समूहको निर्णयानुसार |
| ६ | भुईघाँस | प्रतिभारी | समूहको निर्णयानुसार |
| ७ | समूह सदस्य प्रवेश शुल्क | प्रति व्यक्ति | नलाग्ने |
| ८ | आगन्तुक प्रवेश शुल्क | प्रति व्यक्ति | १०।- |
| ९ | टहरा पानीको सुविधा सहित (पिकनिक) | प्रति टहरा | १,०००।- |
| १० | फलामेटहरा पानीको सुविधा सहित (पिकनिक) | प्रति टहरा | १,५००।- |
| ११ | फिल्म सुटिङ्ग ठूलो पर्दा | प्रति दिन | १,०००।- |
| १२ | फिल्म सुटिङ्ग सानो पर्दा | प्रति दिन | ५००।- |
| १३ | सामान्य गित छायाङ्कन | प्रति दिन | ५००।- |
| १४ | सामुदायिक पसल | प्रति महिना | समितिको निर्णयानुसार |
| १५ | मोटरसाईकल पार्किङ्ग | प्रति घण्टा | १०।- |
| १६ | मोटर ठूलो पार्किङ्ग | प्रति घण्टा | २०।- |

# डिजाईन अवधारणा:




## क्षेत्र विभाजन

- स्मृति क्षेत्र (७२ रोपनी)
- मनोरञ्जन क्षेत्र (१७२ रोपनी)
- संस्थागत क्षेत्र (५२ रोपनी)
- धार्मिक क्षेत्र (१५ रोपनी)

बाँकी ३३९ रोपनी जग्गामा संरक्षित क्षेत्र तथा सहायक सेवा तथा नर्सरी, फोहोर व्यवस्थापन आदिका लागि छुट्याइएको

# खण्ड (ख) ५

# जैविक विविधता वन तथा वातावरण, शैक्षिक सूचना

नेपाल सरकार
# वन तथा भू-संरक्षण मन्त्रालय
वातावरण महाशाखा

पत्रोत्तरमा पत्र संख्या र मिति उल्लेख हुन अपेक्षित छ ।

सचिव : ४२११५६७
वातावरण: ४२११८९२
प्रशासन: ४२११९२८
योजना: ४२११९३६
अनुगमन :४२११७४२
वैदेशिक:४२११८४२
फ्याक्स : ४२११८६८

पो.ब.नं. : ३९८७
सिहदरबार, काठमाडौं

पत्रसंख्या : वाता ०७०/७१
चलानी नम्बर : १९०
प्राप्त पत्र संख्या र मिति :

मिति: २०७०।११।१९

विषय: प्रतिवेदन पठाईएको सम्बन्धमा ।

श्री राष्ट्रिय शहिद तथा शान्तिपार्क (स्मारक),
पार्क निर्माण कार्यदल कार्यसम्पादन समिति, गोकर्ण - १, जगडोल, काठमाण्डौ ।

प्रस्तुत विषयमा राष्ट्रिय शहिद तथा निजामति पार्क क्षेत्र भित्रको जैविक विविधता, वन तथा वातावरण सम्बन्धी शैक्षिक सूचना एवं जानकारीको व्यवस्थापन गर्ने सन्दर्भमा माननीय वन तथा भू-संरक्षण मन्त्रीज्यूको अध्यक्षतामा मिति २०७०।६।६ मा वसेको वैठकको निर्णय वमोजिम गठित कार्यदलले प्रतिवेदन तयार गरी पेश गर्दा नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०७०।१०।२० को निर्णयवाट प्रतिवेदनमा उल्लेखित सुझाव कार्यान्वयनका लागि सो प्रतिवेदन तहाँ समितिको कार्यालयमा पठाउने निर्णय भएकोले उल्लेखित प्रतिवेदन थान १ (एक) यसैसाथ संलग्न राखी आवश्यक कारवाहीको लागि पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

राजेन्द्र ढुंगाना
सहायक वातावरण अधिकृत
जैविक विविधता शाखा

## १. प्रस्तावना :

माननीय वन तथा भू-संरक्षण मन्त्री टेक बहादुर थापा घर्तीज्यूको अध्यक्षतामा मिति २०७०।०६।०६ गते राष्ट्रिय शहीद तथा निजामती पार्कभित्र जैविक विविधता, वन र वातावरण सम्बन्धी शैक्षिक सूचना एवं जानकारी व्यवस्था सम्बन्धी छलफल भई वन तथा भू-संरक्षण मन्त्रालय, वातावरण महाशाखा प्रमुख श्री व्रज किशोर यादवको संयोजकत्वमा एक समिति गठन भई सो समितिले नेपाल सरकारले विभिन्न मितिमा गरेका निर्णयहरु अध्ययन एवं स्थलगत अवलोकन समेत गरी दुई महिनाभित्र राष्ट्रिय शहीद तथा निजामती पार्कभित्र जैविक विविधता, वन र वातावरण सम्बन्धी शैक्षिक सूचना एवं जानकारी दिन सकिने उपयुक्त प्रस्ताव पेश गर्ने निर्णय भए बमोजिम नेपाल सरकारले विभिन्न मितिमा गरेका निर्णयहरुको अध्ययन, स्थलगत अवलोकन एवं सरोकारवालाहरुसँग छलफल गरी यो प्रतिवेदन तयार गरिएको छ ।

## २.नेपाल सरकारबाट भएका निर्णयहरु :

२.१ नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६४/२/११ को बैठकबाट यज्ञडोल (जगडोल) सामुदायिक वन क्षेत्रभित्र शहीद पार्क तथा निजामती पार्क निर्माण सम्बन्धमा मन्त्रिपरिषदको सामाजिक समितिमा छलफल गरी समितिको निर्णय वमोजिम गर्ने निर्णय भए अनुसार सामाजिक समितिको मिति २०६४/२/२८ को निर्णयबाट देहाय बमोजिम गर्न निर्णय भएको ।

(क) काठमाडौं जिल्ला गोकर्णेश्वर - १ मा अवस्थित यज्ञडोल (जगडोल) सामुदायिक वन क्षेत्रभित्र रहेको २० हेक्टर क्षेत्रमा स्वीकृत वन कार्ययोजना अनुसार विगतमा सामन्ती राजतन्त्रका बिरुद्धमा र लोकतन्त्रका पक्षमा चालिएका सबै प्रकारका आन्दोलनहरु र ऐतिहासिक जनआन्दोलन २०६२/०६३ मा शहादत प्राप्त गर्नु हुने शहीदहरुको सम्झनामा शहीद पार्क घोषणा गर्ने ।

(ख) यज्ञडोल (जगडोल) सामुदायिक वन क्षेत्रको दक्षिणतर्फ रहेको सम्पूर्ण राष्ट्रिय वनलाई निजामती पार्क घोषणा गर्ने र उक्त पार्कमा ताप्लेजुङ्ग जिल्लाको घुन्सामा हेलिकप्टर दुर्घटनामा परेका स्वदेशी तथा विदेशी विशिष्ठ २४ जना व्यक्तिको सम्झनामा स्मृति स्मारक बनाउने ।

(ग) उल्लिखित पार्कहरु निर्माण कार्यदलको संरचना लोकतान्त्रिक आन्दोलनकारी दलहरुको सहमतिमा गठन गर्ने तथा सोको संयोजन जि.वि.स.काठमाडौंले गर्ने ।

(घ) उल्लिखित पार्कहरुको Master Plan तयार पार्ने भौतिक योजना तथा निर्माण मन्त्रालय र वन तथा भू-संरक्षण मन्त्रालयलाई जिम्मेवारी दिने र अन्य प्रारम्भिक कार्य सम्पन्न गर्न रु. १५ (पन्ध्र) लाख जिल्ला विकास समितिको कार्यालय, काठमाडौंलाई अर्थ मन्त्रालयबाट उपलब्ध गराउने ।

२.२ नेपाल सरकार (मन्त्रिपरिषद्) को सामाजिक समितिको मिति २०६९/१/४ को बैठकबाट "राष्ट्रिय शहीद तथा निजामती पार्क आयोजनालाई काठमाडौंको गोकर्णेश्वर गा. वि. स. १ मा अवस्थित यज्ञडोल (जगडोल) सामुदायिक वनको १७.४४ हेक्टर र सरकारद्वारा व्यवस्थित वनको ९.९७ हेक्टर गरी जम्मा २७.३७ हेक्टर वन क्षेत्रको जग्गा राष्ट्रिय शहीद तथा निजामती पार्क (स्मारक) निर्माणका लागि प्रयोग गर्न र सो वन क्षेत्रमा रहेका ४४५ गोटा सल्लाका रुखहरु हटाउन संलग्न अनुसूची-१ का शर्तहरु पालना गर्ने गरी स्वीकृति दिने" निर्णय भई जैविक विविधता, वन र वातावरण शैक्षिक सूचना एवं जानकारी सम्बन्धी शर्तहरु तपसिल अनुसार भएको पाइयो ।

**शर्त नं. ३**
वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि उपलब्ध गराउने कार्यविधि - २०६३ बमोजिम आयोजनाले वन क्षेत्र प्रयोग गरे वापतको २८ हेक्टर र आयोजना कार्यान्वयन गर्दा हटाउनु पर्ने रुख संख्याको १:२५ को अनुपातमा हुने बिरुवा संख्या ११,१२५ रोपण गर्न ७ हेक्टर (प्रति हेक्टर १६०० बिरुवाका दरले) गरी जम्मा ३५ हेक्टर क्षेत्रफलमा जिल्ला वन कार्यालय, काठमाडौंले तोकी दिएको स्थानमा स्थानीय हावापानी सुहाउँदो प्रजातिका बिरुवाहरु वृक्षारोपण गरी पाँच वर्षसम्म स्याहार, सम्भार, संरक्षण गरी सम्बन्धित जिल्ला वन कार्यालयलाई बुझाउनु पर्नेछ । आयोजनाले उक्त कार्य गर्न नसक्ने भएमा सोको लागि लाग्ने लागत अनुमान बमोजिमको रकम सम्बन्धित जिल्ला वन कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ र जिल्ला वन कार्यालयले वृक्षारोपण र संरक्षणको कार्य गर्नेछ ।

**शर्त नं. ४**
पार्क क्षेत्र प्रस्ताव बमोजिम नबढ्ने ५० प्रतिशत संरक्षित क्षेत्र (Reserve Area) को व्यवस्थापन गर्नु पर्ने छ ।

**शर्त नं. ५**
पार्कमा जैविक विविधता, वन र वातावरण सम्बन्धी शैक्षिक सूचना एवं जानकारीको व्यवस्था गर्नु पर्ने छ ।

**शर्त नं. ८**
काठमाडौं जिल्ला वन कार्यालय अन्तर्गतको जगडोल रेन्जपोष्ट कार्यालय भवन पार्क क्षेत्रमा पर्ने हुँदा संस्थागत संरचना निर्माण हुँदा उक्त भवन २ वर्षभित्र निर्माण गर्नु पर्ने छ ।

२.३ माननीय वन तथा भू-संरक्षण मन्त्री यदुवंश झाज्यूको प्रमुख आतिथ्यतामा मिति २०६९ /६/७ गते बसेको बैठकको निर्णय नं १ मा "नेपाल सरकार (मं.प.) को मिति २०६९।०१।४ को निर्णयबाट राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) क्षेत्र भित्रको संस्थांगत ५४ रोपनी (पार्कको स्वीकृत कार्य योजनामा ५२ रोपनी मात्र उल्लेख गरिएको ) क्षेत्रभित्र जैविक विविधता, वन र वातावरण तथा शैक्षिक अनुसन्धान केन्द्र स्थापना गर्ने र सो कार्यको नेतृत्व वन तथा भू-संरक्षण मन्त्रालयले लिने भन्ने निर्णय भएको ।

२.४ माननीय वन तथा भू-संरक्षण मन्त्री टेक बहादुर थापा घर्तीज्यूको अध्यक्षतामा वन तथा भू-संरक्षण मन्त्रालयको सभाकक्षमा मिति २०७०/६/६ गते बसेको बैठकले "नेपाल सरकार (मं.प.) को मिति २०६९/१/४ को निर्णयमा उल्लेख भए अनुसार राष्ट्रिय शहीद तथा निजामती पार्क, गोकर्णेश्वर गा.वि.स.- १ (यज्ञडोल) मा जैविक विविधता, वन वातावरण सम्बन्धी शैक्षिक सूचना एवं जानकारीको व्यवस्थापन गर्नुपर्ने र यस कार्यको अवधारणा स्पष्ट पारी भविष्यमा यस कार्यलाई कार्यान्वयनमा ल्याउन कस्तो खालको संरचनाहरु र प्रारुप आवश्यक पर्ने हो ? यस सम्बन्धी सम्बन्धित विज्ञहरु समेतसँग छलफल गरी २(दुई) महिनाभित्र सुझावहरु पेश गर्न वातावरण महाशाखा प्रमुखको संयोजकत्वमा निम्नानुसारको सदस्यहरु रहने गरी एक कार्य दल गठन गरिएको ।

| पद तथा संस्था | जिम्मेवारी |
|---|---|
| प्रमुख, वातावरण महाशाखा, वन तथा भू-संरक्षण मन्त्रालय | संयोजक |
| शान्ति तथा पुनर्निमाण मन्त्रालयको प्रतिनिधिको रुपमा<br>राष्ट्रिय शहीद तथा निजामती पार्क आयोजना इकाई कार्यालयका आयोजना प्रमुख | सदस्य |
| राष्ट्रिय प्रकृति संरक्षण कोषका प्रतिनिधि | सदस्य |

| | |
|---|---|
| राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका प्रतिनिधि | सदस्य |
| जिल्ला वन अधिकृत, जि.व.का., काठमाडौं | सदस्य |
| राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक), पार्क निर्माण कार्यदल कार्यसम्पादन समितिका प्रतिनिधि | सदस्य |

२.५ राष्ट्रिय शहीद तथा निजामती पार्कको शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट स्वीकृत गुरुयोजना (FINAL REPORT: VOLUME 1: MAIN REPORT) मा जैविक विविधता, वन र वातावरण, शैक्षिक सूचना सम्बन्धमा तपसिल अनुसारको व्यवस्था रहेको पाइयो :

तालिका-१

| क्र.सं. | विवरण | स्थान | कैफियत |
|---|---|---|---|
| १ | पाम वृक्षको रोपन | मूल प्रवेशद्वार भित्र शालिकहरु स्थापना क्षेत्र र सूचना/अफिस केन्द्रको अगाडि शाही पामको वृक्षहरु रोपण गरिने । | |
| २ | एजेलिया, क्यामेलिया र हाईड्रोनजियाको रोपन | शहीदहरुको शालिक स्थापना क्षेत्रको पछाडि तर्फ भिरालो क्षेत्रमा रोपण गरिने । | |
| ३ | गुँरास वनको स्थापना | पार्कको उत्तर-पश्चिम तर्फ रहेको भिरालो क्षेत्रमा गुराँस लगायतका फूल फुल्ने विरुवाहरु रोपण गरी मिश्रित वनको विकास गर्ने । | |
| ४ | उद्यान स्थापना | दक्षिण तर्फको क्षेत्रमा सौन्दर्यवर्द्धक वृक्षहरु रोपण गरी उद्यान विकास गर्ने । | |
| ५. | बुटयानी क्षेत्रको विकास | स्मृति सङ्ग्रहालयको दक्षिण तर्फ बुटयानहरु रोपण गरीसौन्दर्यता बढाउने । | |
| ६. | सडक क्षेत्रमा जैविक वार रोपण | सडक क्षेत्रको दुवै किनारा तर्फ जैविक वार रोपण गरी सडकको प्रदुषण रोकथाम गर्ने । | |
| ७ | सडक किनारमा वृक्षहरुको रोपण | पिपल चौतारीदेखि स्मृती संग्रहालयसम्म आवतजावत गर्ने सडक/वाटोको दुवै तर्फ मध्यम साइजका सौन्दर्यवर्द्धक वृक्षहरु रोपण गर्ने । | |
| ८. | लहरे प्रजातिको रोपन | सौन्दर्यवर्द्धक फूल फुल्ने लहरे प्रजातिहरु प्रस्तावित स्मृति क्षेत्रको उत्तरी सीमानामा रोपण गर्ने । | |
| ९ | चौरको विकास | आगन्तुक/पर्यटकहरु बढी संख्यामा आउन सक्ने भवनहरुका बीच खाली क्षेत्रहरुमा हरियो चौरको विकास गरीआकर्षण बढाउने । | |
| १०. | ढुङ्गे बगैंचाको निर्माण (Rock Garden) | चमेनागृह आसपासका क्षेत्रहरुमा Rock Garden विकास गर्ने । | |
| ११. | स्मृतिका लागि वृक्षारोपण | शहीद सङ्ग्रहालयको उत्तर तर्फ आफन्तहरुको सम्झनामा वृक्षहरु रोपण गर्ने । | |
| १२. | अति विशिष्ट व्यक्तिहरुबाट वृक्षारोपण | शहीद सङ्ग्रहालयको उत्तर तर्फको क्षेत्रमा विशिष्ठ व्यक्तिहरुबाट वृक्षारोपण गर्ने । | |

३

| क्र.सं. | विवरण | स्थान | कैफियत |
|---|---|---|---|
| १३. | मौसम अनुसारका फूलहरुको रोपन | संस्थागत क्षेत्रबाटकपन तर्फ जाने सडक माथिको क्षेत्रमा फूलहरुको रोपण गर्ने । | |
| १४. | वन्यजन्तुहरुको पालन | पानीढलोको उत्तर तर्फ अवस्थित खोटेसल्लाको वनलाई मिश्रित चौडापातेमा परिणत गरी वन्यजन्तुहरुको लागि (चराचुरुङ्गी समेत) उपयुक्त वासस्थान बनाउने । | |
| १५. | नर्सरी | हाल रेन्जपोष्ट रहेको दक्षिण तर्फ एक स्थायी नर्सरी सञ्चालन गरी आवश्यक पर्ने विभिन्न प्रजातिका विरुवाहरु उत्पादन गर्ने । | |

राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) को मूल प्रतिवेदन (FINAL REPORT: VOLUNE 1: MAIN REPORT) को संस्थागत क्षेत्रमा स्मृति क्षेत्र तर्फ फर्काएर चमेना गृह र त्यसको तल्लो तलामा बहुउद्देश्यीय हलको निर्माण, स्थानिय उत्पादनका वस्तुहरुको पसल र पार्क व्यवस्थापन कार्यालय भवन (नेपालीपन झल्कने किसिमका कलात्मक चित्रहरु राखी भिरालो छत (slope roof ) पारी) निर्माण गरिने उल्लेख गरिएको छ । आयोजनाको अन्तिम चरणमा संस्थागत क्षेत्रभित्र सामुदायिक भवन र सीप विकास केन्द्र निर्माण गरिने समेत उल्लेख गरिएको छ ।

**३. कार्यदलको विभिन्न मितिमा बसेको बैठकको निर्णय :**

३.१ कार्यदलका संयोजक व्रज किशोर यादवको संयोजकत्वमा मिति २०७०/६/ १७ गते बिहीबार बसेको बैठकले राष्ट्रिय शहीद तथा निजामती पार्क क्षेत्रको स्थलगत निरीक्षण एवं गुरु योजना लगायतका कागजातहरु अध्ययन गरी जैविक विविधता, वन र वातावरण सम्बन्धी शैक्षिक सूचना एवं जानकारी दिन आयोजनाको अवधारणा सम्बन्धी प्रतिवेदन २०७०/७/११ गते सोमबार बसेको बैठकमा पेश गर्ने निर्णय भएको ।

३.२ कार्यदलका संयोजक व्रज किशोर यादवको संयोजकत्वमा मिति २०७०/७/७ गते राष्ट्रिय शहीद तथा निजामती पार्कको संस्थागत क्षेत्र निर्माण गर्ने क्षेत्रको स्थलगत अवलोकन गरी राष्ट्रिय शहीद तथा निजामती पार्कको सभाहलमा बसेको बैठकमा संस्थागत क्षेत्र (५२ रोपनी) मा जैविक विविधता, वन र वातावरण, शैक्षिक सूचना एवं जानकारीको व्यवस्थापन के कसरी गर्न सकिन्छ भन्ने विषयमा उपस्थित सबै सदस्य एवं आमन्त्रित व्यक्तिहरुबाट सुझावहरु संकलन गरी मस्यौदा प्रतिवेदन तयारीका लागि राष्ट्रिय शहीद तथा निजामती पार्क (स्मारक) निर्माण कार्यदल कार्यसम्पादन समितिका प्रतिनिधि श्री त्रिलोचन पौड्याल, राष्ट्रिय शहीद तथा निजामती पार्क आयोजनाका प्रमुख श्री शम्भु कार्की र जिल्ला वन कार्यालय, काठमाडौंका उप-सचिव श्री नवराज काफ्लेलाई जिम्मा दिई १५ (पन्ध्र) दिनभित्र मस्यौदा प्रतिवेदन तयार गरी पेश गर्ने जिम्मेवारी दिइएको ।

**४. विकल्प सहितका प्रस्तावहरु**

राष्ट्रिय शहीद तथा निजामती पार्क भित्र जैविक विविधता, वन र वातावरण सम्बन्धी सूचना एवं जानकारीको व्यवस्था गर्ने सम्बन्धी सरोकारवाला एवं स्थानीय नागरिक समाजबाट प्राप्त सुझावहरुको आधारमा तयार पारिएको विकल्प सहितको प्रस्तावहरु:

**विकल्प - १**

संस्थागत क्षेत्र (५२ रोपनी) भित्र स्थानीयस्तरमा हुर्कन सक्ने वनस्पति एवं वन्यजन्तुहरुका जानकारीमूलक जैविक विविधता प्रदर्शनी स्थल स्थापना गरी प्रत्येक प्रजातिको नेपाली नाम, वानस्पतिक नाम, महत्व/प्रयोग सम्बन्धी विवरण प्रदर्शन गर्ने । जैविक विविधता सम्बन्धी व्रोसर, बुकलेट लगायतका अन्य सामग्रीहरु उत्पादन गरी आगन्तुकहरुलाई उपलब्ध गराउने ।

संस्थागत क्षेत्रको (५२ रोपनी) वर्तमान भू-उपयोगिता अवलोकन गर्दा उत्तर तर्फ करिव १५/१६ रोपनी क्षेत्रफलमा खोटे सल्लाका वृक्षहरुले ढाकेको देखियो, दक्षिण तर्फ भिरालो र खोल्सा-खोल्सी रहेको र उक्त क्षेत्रमा २०६३, २०६५, २०६६, २०६८ र २०६९ सालमा निजामती दिवसको अवसरमा वृक्षारोपण गरी हाल चार मीटरसम्म उचाईका वृक्षहरु रहेका छन् भने बीचमा करिव ५/६ रोपनी क्षेत्रफलमा फाट्टफुट्ट बिरुवाहरु रहेको अवस्था देखिन्छ । यसै गरी पश्चिम-उत्तरतर्फ क्षेत्र साँघुरिएर गएको र यसै भागमा पश्चिम जगडोल गाँउ तर्फजाने सडक समेत रहेको पाइयो । तसर्थ भैरहेका बोट बिरुवा, वृक्षहरु हटाई पुन:वृक्षहरु रोपी उद्यान स्थापना गर्न उपयुक्त नदेखिएकोले भएकै रुख बिरुवाहरुको संरक्षण व्यवस्थापन गरी आगन्तुकहरुलाई सो सम्बन्धी जानकारी उपलब्ध गराउन उपयुक्त हुने ।

**विकल्प -२**

संस्थागत क्षेत्रको बीच भागमा रहेको जगडोल जाने सडकको दक्षिणतर्फ करिव ५ रोपनी खाली क्षेत्रमा जैविक विविधता सूचना केन्द्रको निर्माण गरी सो क्षेत्रभित्र प्रवेश गरेपछि राष्ट्रिय शहीद तथा निजामती पार्क क्षेत्रको सबै क्षेत्रलाई समेट्ने गरी पर्खालको भित्तामा ८ X १२ फिट साईजको (आवश्यकता अनुसार साईज सानो ठूलो हुन सक्ने) नक्सा तयार पारी सो नक्सामा पार्क क्षेत्रभित्र सञ्चालन/संरक्षणमा रहेका सबै कार्यहरुलाई समावेश गरी सूचनामूलक (मूल सूचना बोर्ड) बोर्ड बनाई जानकारी दिने । मूल सूचना बोर्डको देब्रे तर्फबाट क्रमश: ६ X १० फिट लम्बाईसम्म (आवश्यकता अनुसार साइज सानो ठूलो हुन सक्ने) स्मृति क्षेत्र, मनोरञ्जन क्षेत्र, संस्थागत क्षेत्र, धार्मिक क्षेत्र, सङ्ग्रहालय, घुन्सा स्मारक क्षेत्र, निजामती स्मारक क्षेत्र आदिको सूचनामूलक जानकारी दिन सक्ने नक्सा/फोटोहरु राखी आगन्तुकहरुलाई पार्क सम्बन्धी जानकारी दिलाउने । जैविक विविधता सम्बन्धमा जैविक विविधता के हो ? जैविक विविधताको महत्व लगायत नेपालमा पाईने वनस्पति एवं वन्यजन्तुहरुको अवस्था, संकटापन्न वनस्पति एवं वन्यजन्तुहरुको बारेमा जानकारी, वन्यजन्तु संरक्षण सम्बन्धी विद्यमान कानूनी व्यवस्था र गैर-कानूनी कार्य गरेमा हुन सक्ने सजाय सम्बन्धी जानकारीमूलक सन्देश सम्प्रेषण हुने खालका वस्तुहरु प्रदर्शन गर्ने खालका संरचना निर्माण गर्न उपयुक्त हुने ।

सूचना केन्द्रको बीच भागमा पार्कका सम्पूर्ण स्थानहरु देखाउन सक्ने गरी उपयुक्त पदार्थबाट पार्कको Contour समेतको संरचना (3D Model) बनाई पार्कभित्र रहेका शहीद संग्रहालय, निजामती स्मारक, सूचना केन्द्र, शान्ति स्तुप, धार्मिक क्षेत्र, नर्सरी लगायत महत्वपूर्ण क्षेत्र समेट्न सूचनामूलक संरचना निर्माण गरी आगन्तुक/पर्यटकहरुलाई पार्क सम्बन्धी सूचना प्राप्त हुने मार्ग चित्रहरु राख्ने ।

आगन्तुक/पर्यटकहरुले सहजै वृक्षहरु पहिचान गर्नका लागि मानिसहरु आवत जावत गर्ने स्थानहरुमा रहेका वृक्षका काण्डहरुमा पाता झुण्डाई वृक्षको नेपाली नाम, वानस्पतिक नाम, महत्व/प्रयोग सम्बन्धी जानकारी लेखी राख्दा उपयुक्त हुने । यसै गरी मौसमी फूलहरु, बुट्यान र लहरे बोट बिरुवा लगाएको क्षेत्रमा समेत नेपाली नाम, वानस्पतिक नाम महत्व/प्रयोग सम्बन्धी विवरण लेखी प्रदर्शन गर्ने ।

यसै गरी आगन्तुकहरुलाई राष्ट्रिय शहीद तथा निजामती पार्क निर्माण गर्नुको औचित्य, पार्कमा विगत र हाल सञ्चालनमा रहेका कार्यहरु, जैविक विविधता एवं अन्य सूचनामूलक कार्यहरु श्रव्यदृश्य मार्फत देखाउन करिव १०० जना मानिस अट्न सक्ने श्रव्यदृश्य सभाहल निर्माण गरी सूचना प्रवाह गर्नुका साथै जैविक विविधता, वन वातावरण सम्बन्धी ब्रोसर, बुकलेट लगायतका सूचनामूलक सामग्रीहरु उत्पादन गरी वितरण गर्न उपयुक्त हुने ।

**विकल्प -३**

हाल रेन्जपोष्ट र वन नर्सरी रहेको स्थानमा (G4 gate) माथि विकल्प २ मा उल्लेख गरिए बमोजिमको जैविक विविधता सूचना केन्द्र, श्रव्यदृश्यको सभाकक्ष (Theater), वन कार्यालय भवन एवं वन नर्सरी निर्माण गर्न सकिने अवस्था देखिन्छ । यदि नर्सरी निर्माणका लागि त्यहाँ स्थानमा नपुग्ने अवस्था भएमा संस्थागत क्षेत्रको सूचना केन्द्र भवन बनाउन प्रस्ताव गरिएको क्षेत्रमा (विकल्प-२) वन नर्सरी स्थापना गरी बिरुवा उत्पादन गर्न मिल्ने । संस्थागत क्षेत्र दक्षिण-पश्चिम मोहडामा पारिलो क्षेत्र भएको हुँदा त्यहाँ गुणस्तरीय बिरुवा उत्पादनको लागि समेत उपयुक्त हुने ।

सामान्यतया सूचना केन्द पार्कहरुको प्रवेशद्वार नजीक स्थापना गरिएको पाइन्छ । यसरी सूचना केन्द्र प्रवेशद्वार नजीक स्थापना गरिंदा कुन क्षेत्रमा अवलोकन/अध्ययन गरिने हो सोको जानकारी सहजै प्राप्त भई आगन्तुक /पर्यटकहरुलाई सो क्षेत्रमा जान सजिलो हुन जान्छ । पार्कको मूल प्रवेशद्वार (G1 gate) नजीक शहीद सङ्ग्रहालय लगायत अन्य संरचनाहरु निर्माण हुँदै गरेकोले सो क्षेत्रमा सूचना केन्द्र स्थापना गर्न सकिने अवस्था देखिदैन । तसर्थ हाल रेन्जपोष्ट रहेको स्थानमा सूचना केन्द्र, वन कार्यालय भवन, श्रव्यदृश्य सभाकक्ष निर्माण गर्न सकिने अवस्था देखिन्छ ।

**नर्सरी सञ्चालन सम्बन्धी** :- नर्सरी सञ्चालनका लागि प्रत्येक वर्ष राष्ट्रिय शहीद तथा निजामती पार्कबाट रकम उपलब्ध गराउनु पर्ने र उत्पादन भएका बिरुवाहरु पार्कभित्र रोपण गरी सो क्षेत्रमा रहेका सामुदायिक वन तथा संघ संस्था/व्यक्तिहरु समेतलाई उपलब्ध गराउनु पर्ने । सडक किनार, पार्कभित्र मानिसहरुको भीडभाड लाग्ने स्थानहरुमा सानो बिरुवा लगाउँदा नोक्सान हुन जाने हुँदा केही वर्ष नर्सरीमा बिरुवाहरु हुर्काइ रोपण गर्नु पर्ने अवस्था समेत देखिएकोले नर्सरीमा नै केही वर्ष बिरुवाहरु हुर्काउने व्यवस्था हुनु पर्ने । नर्सरीको लागि आवश्यक पर्ने माटो, मल, नर्सरीमा प्रयोग हुने औजारहरु आदि भण्डारणका लागि एउटा भण्डार कोठा समेत बनाउनु पर्ने ।

**वृक्षारोपण सम्बन्धी** : नेपाल सरकार (मन्त्रिपरिषद) को सामाजिक समितिको मिति २०६९/१/४ मा भएको निर्णय बमोजिम वन विभाग र आयोजना बीच मिति २०६९/२/३० गते भएको सम्झौतापत्रको दफा-४ मा जिल्ला वन कार्यालय, काठमाडौंले तोकेको स्थानमा ३५ हेक्टर क्षेत्रफलमा स्थानीय हावापानी सुहाउँदो प्रजातिका बिरुवाहरु वृक्षारोपण गरी पाँच वर्षसम्म स्याहार, सम्भार गरी सम्बन्धित जिल्ला वन कार्यालयलाई बुझाउनु पर्नेछ । आयोजनाले उक्त कार्य गर्न नसक्ने भएमा सोको लागि लाग्ने लागत अनुमान बमोजिमको रकम सम्बन्धित जिल्ला वन कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ र जिल्ला वन कार्यालयले वृक्षारोपण र संरक्षण कार्य गर्ने छ भनी सम्झौतापत्रमा उल्लेख भए बमोजिम चालु आ.व. देखि एक स्थायी नर्सरी सञ्चालन गरी आगामी आषाढ/श्रावण महिनामा वृक्षारोपण कार्य गरिनु पर्ने ।

सम्झौतापत्रको दफा-९ मा जगडोल रेन्जपोष्ट भवन २ (दुई) वर्षभित्र निर्माण गरिने भनिएको हुँदा दुई तले भवन निर्माण गरिनु पर्ने । तल्लो तला तीन कोठाको (एक ठूलो हल र दुई कार्यालय कोठाहरु) र माथिल्लो तला (३,४ कोठा) कर्मचारीको आवास प्रयोजनका लागि निर्माण गरिनु पर्ने ।

नर्सरी रहेको स्थानमा आवास निर्माण गरिंदा २४ सै घण्टा नर्सरीको हेरचाह गर्न सकिने हुनाले स्तरीय बिरुवा उत्पादन गर्न सहयोग पुग्ने ।

**५.निश्कर्ष :**

नेपाल सरकार (मन्त्रिपरिषद्) सामाजिक समितिको मिति २०६९/१/४ को बैठकबाट राष्ट्रिय शहीद तथा निजामती पार्कभित्र जैविक विविधता, वन र वातावरण सम्बन्धी शैक्षिक सूचना एवं जानकारीको व्यवस्था गनु पर्ने निर्णय भएको । यसैगरी माननीय वन तथा भू-संरक्षण मन्त्री श्री यदुवंश झाज्यूको प्रमुख आतिथ्यमा भएको जैविक विविधता, वन, वातावरण सम्बन्धी शैक्षिक सूचना विषयक अन्तरक्रियात्मक कार्यक्रममा भएको मिति २०६९/६/७ को निर्णयमा पार्कभित्र जैविक विविधता, वन, वातावरण तथा शैक्षिक अनुसन्धान केन्द्र स्थापना गर्ने र सो को नेतृत्व वन तथा भू-संरक्षण मन्त्रालयले लिने भनि निर्णय समेत भएको । यी दुवै निर्णयहरु अध्ययन गर्दा मन्त्रिपरिषद्को निर्णयबाट शैक्षिक सूचना एवं जानकारीको व्यवस्था गरिनु पर्ने भन्ने उल्लेख गरिएको छ भने मा. मन्त्रीस्तरको निर्णयबाट शैक्षिक अनुसन्धान केन्द्र स्थापना गर्ने भनि निर्णय भएको सन्दर्भमा राष्ट्रिय सहिद तथा निजामती पार्क कार्य सम्पादन समितिका पदाधिकारीहरु, स्थानीय राजनितिक दलका प्रतिनिधिहरु, पार्क सम्बन्धी विशेषज्ञहरुसंगको छलफल एवं आयोजनाको श्रोत, साधन र दक्ष जनशक्ति एवं दिगो सञ्चालन तथा व्यवस्थापकीय क्षमता समेतको अध्ययन-विश्लेषण गर्दा जैविक विविधता, वन र वातावरण सम्वन्धी शैक्षिक सूचना एवं जानकारीको व्यवस्था गर्ने तर्फ मात्र अग्रसर हुन उपयुक्त हुने भएकोले सो का लागि विकल्प - ३ मा उल्लेख गरिए अनुसार शैक्षिक सूचना केन्द्र एवं श्रव्यदृष्य सभाहल समेतका निर्माण कार्य गर्न उपयुक्त हुन्छ ।

**संलग्न कागजातहरु:**

१. राष्ट्रिय शहीद तथा निजामती पार्क निर्माण सम्बन्धी नेपाल सरकार (मं.प.) सामाजिक समितिको मिति २०६४/२/२८ को निर्णयको प्रतिलिपि पाना - १

२. नेपाल सरकार (मं.प.) को मिति २०६९/१/४ को वन क्षेत्र उपलव्ध गराउने तथा संरचना निर्माण गरिने स्थानभित्र पर्ने रुखहरु हटाउने सम्बन्धी पत्र पाना-४

३.नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०६९/६/७ गते पार्कको सस्थागत क्षेत्रभित्र जैविक विविधता संरक्षण व्यवस्थापन सम्बन्धी निर्णयका पाना-४

४.नेपाल सरकार (मा.मन्त्रीस्तर)को मिति २०७०/६/६ गते बसेको बैठकको निर्णयका पाना-२

५.नेपाल सरकार (मं.प.)को मिति २०६९/१/४ को वन क्षेत्र उपलव्ध गराउने सम्बन्धी निर्णयानुसार श्री वन विभाग र राष्ट्रिय शहीद तथा निजामती पार्क आयोजना बीच भएको संझौताको प्रतिलिपि पाना -४

# खण्ड (ख) ६

# आई.ई.ई. प्रतिवेदन स्वीकृत कार्यकारी सारांश

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
# वन विभाग

☎ ४-२२७५७४, ४-२२०३०३, ४-२२१२३१, ४-२१६३७९, ४-२२१७४४
फ्याक्स : ४-२२७३७४
(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।)

प्राप्त पत्र संख्या र मिति :
पत्र संख्या ०६९/०७०
च.नं. : ११३४

बबरमहल,
काठमाडौं, नेपाल

मितिः २०६९।३।१७

विषयः IEE प्रतिवेदन स्विकृत भएको सम्वन्धमा ।

श्री राष्ट्रिय शहिदद तथा निजामती पार्क आयोजना इकाई कार्यालय
गोकर्ण, काठमाण्डौं

उपरोक्त विषयमा त्यस कार्यालयको च.नं.८० मिति २०६९।२।२९ को पत्र तथा जिल्ला वन कार्यालय काठमाण्डौंको च.न. २१४२ मिति २०६९।१।२५ को पत्र साथ प्राप्त राष्ट्रिय शहिद तथा शान्ती पार्क (स्मारक) को लागि श्री यज्ञडोल (जगडोल) सामुदायिक वन क्षेत्र भित्र रहेको १७.४ हे र सामुदायिक वन क्षेत्र बाहिर रहेको सरकारी वन क्षेत्र ९.९७ हे. क्षेत्रफल गरि २७.३७ हे. वन क्षेत्रमा पार्कको लागि भौतिक संरचना निर्माण गर्दा हटाउनु पर्ने रुखहरु सम्वन्धि प्रारम्भिक वातारणीय परिक्षण प्रतिवेदन उपर कारवाही हुदा प्रस्तावक श्री राष्ट्रिय शहिद तथा निजामती पार्क आयोजना इकाई कार्यालयले गोकर्णेश्वर गा.वि.स वा.न.१ अवस्थित श्री यज्ञडोल (जगडोल) सामुदायिक वन र सरकारी वन क्षेत्रको जग्गा २७.३७ हे भोगाधिकार माग गरेको मध्ये १.९३ हे वन क्षेत्रमा मात्र राष्ट्रिय शहिद तथा निजामती पार्कको भौतिक संरचना निर्माण तथा सो क्षेत्र भित्रको वनस्पति हटाउन र अन्य बाँकि क्षेत्रको वन तथा वनस्पतिको संरक्षण तथा व्यवस्थापन प्रस्तावक बाट नै गर्ने गरि यस विभागको मिति २०६९।३।१४ को निर्णयले प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्विकृत भएको व्यहोरा जानकारी गराइन्छ । स्विकृत IEE को एक प्रति प्रतिवेदन यसै साथ संलगन राखि पठाएको व्यहोरा अनुरोध छ ।

२०६९।३।१६
दिपक आचार्य
सहायक वन अधिकृत

बोधार्थ
श्री जिल्ला वन कार्यालय
काठमाण्डौं : जानकारीको लागि अनुरोध छ ।

# कार्यकारी सारांश

परिचय

नेपाल सरकारको मिति २०६४।२।११को निर्णयले जनआन्दोलन २०६२।६३का शहीदहरुको स्मृतिमा उपलब्ध गराईएको काठमाण्डौं जिल्लाको गोकर्णेश्वर गा.बि.स. वडा नं. १मा अवस्थित जगडोल (यज्ञडोल) सामुदायिक वनको १७.४४ हे. र सो सामुदायिक वनको दक्षिणमा रहेको सरकारवाट व्यवस्थित वनको ९.१७ हे. गरी कूल जम्मा २७.३७ हे. वन क्षेत्र राष्ट्रिय शहीद तथा निजामति पार्कको रुपमा उपलब्ध गराउने निर्णय भएकोमा सो पार्कलाई शान्ति तथा पुर्ननिर्माण मन्त्रालय मार्फत राष्ट्रिय प्राथमिता प्राप्त आयोजनाको रुपमा **राष्ट्रिय शहीद तथा शान्ति पार्क आयोजनाको** स्वरुपमा निर्माण, संचालन र व्यवस्थापन हुने उद्देश्यले सो पार्क उक्त स्थानमा निर्माण गर्न अन्य बिकल्प समेत नरहेको हुँदा वन ऐन २०४९को दफा ६८ अनुसार वन क्षेत्रको जग्गा भोगाधिकार लिई तहा पार्क स्थापना गर्न प्रस्ताव गरिएको छ । यस पार्कको निर्माण संचालन र व्यवस्थापन गर्दा प्रस्तावित कियाकलापले वन क्षेत्र तथा सो वरीपरीको भौतिक, जैविक , आर्थिक, सामाजिक लगायतका समग्र वातावरणमा के कस्ता अनुकूल एंव प्रतिकूल असरहरु पर्न आउछन र ती असरहरुको के कसरी न्यूनिकरण र व्यवस्थापन गर्न सकिन्छ भनी वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण (IEE)गर्न आवश्यक भइ वन बिभागको निर्देशनं अनुरुप वातावरणीय विशेषज्ञहरूको सहयोगमा वातावरण संरक्षण नियमावलीको प्रक्रिया पूरा गरी , संवन्धित निकाय वन बिभागवाट कार्यसूची ( TOR) समेत स्वीकृत लिई सोही कार्यसूचीका आधारमा यो IEE प्रतिवेदन तयार पारिएको छ ।

प्रस्ताव

यो प्रस्तावको प्रस्तावक श्री शान्ति तथा पुर्ननिर्माण मन्त्रालय,. द्वन्द्वोत्तर शान्ति एव पुर्ननिर्माण आयोजना,ववरमहल, काठमाण्डौं हो । यस प्रस्ताव सम्वन्धी मुख्य विवरणहरू **(Salient Features of the Porject)** तल बुदागत रूपमा प्रस्तुत गरिएका छन् –

क) आयोजनाको स्थान

व्यवस्थापन गर्ने पक्ष : श्री शान्ति तथा पुर्ननिर्माण मन्त्रालय, द्वन्द्वोत्तर शान्ति एंव पुर्ननिर्माण आयोजना,ववरमहल, काठमाण्डौं

स्थान : गोकर्णेश्वर गा.बि.स. १, जगडोल सामुदायिक वन,काठमाण्डौं

उँचाइ : १२०० देखि १४०० मि.

पार्कले प्रयोग गर्ने वनको क्षेत्रफल : २७.३७ हे. ( ६५० रोपनी )

पार्कले ओगटने भैतिक संरचनाको क्षेत्रफल : ४८ प्रतिशत

स्वामित्व : शान्ति तथा पुर्ननिर्माण मन्त्रालय

प्रतिकूल प्रभावको पहिचान र आँकलन गरी अनुकूल प्रभाव अधिकतम गर्न र प्रतिकूल प्रभाव न्यून गर्न उपायहरू सुझाइएका छन् । सुझाइएका उपायहरू राम्ररी कार्यान्वयन गर्न एक वातावरणीय व्यवस्थापन योजना पनि तयार गरी प्रतिवेदनमा समावेश गरि यस प्रतिवेदन ९ अध्यायहरूमा विभक्त गरिएको छ ।

## नीति, कानुन र मापदण्ड

यसअन्तर्गत वातावरण, वन र प्रचलित नीतिहरू र कानुनी व्यवस्थाको समीक्षा गरिएको छ । वातावरणसंग सम्वन्धित नीतिहरूमा आवधिक योजनाहरू पर्दछन् । यी नीतिहरूले विकास र संरक्षण बीच अन्तरसम्बन्ध रहेकोले ठूला विकास परियोजना सञ्चालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन (वा.प्र.मू.) गराउन जोड गरेका छन् । भौतिक पूर्वाधार निर्माण गर्दा वा.प्र.मू. गर्नुपर्ने कुरालाई आठौं योजना अवधिदेखि नै जोड दिइएको भए पनि त्यससम्बन्धी कानुन नहुँदा व्यवहारमा लागू गर्न नसकिएकोले नेपाल सरकारले २०५३ सालमा वातावरण संरक्षण ऐन र २०५४ सालमा नियमावली लागू गर्‍यो । यो संयन्त्रबाट विकास आयोजनाको वा.प्र.मू. अनिवार्य भए पनि त्यसको कार्यान्वयन भइरहेका छ भन्न नसकिने हुँदा दशौं योजनाले अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी बनाउन जोड दिएको सन्दर्भमा यसलाई कडाइका साथ पालना गरी नियमावलीले तोकेको अवधिभित्रै वातावरणीय परीक्षण गरिएमा मात्र वा.प्र.मू.को सार्थकता सिद्ध हुने देखिन्छ । त्यसैगरी वनसंग सम्बन्धित नीतिहरूमा वनविकास गुरुयोजना, २०४६, वनक्षेत्रको संशोधित नीति, २०५९ र जैविकविविधता रणनीति, २०५९ पर्दछन् । वनक्षेत्रको नीतिमा वन पैदावारमा आधारित आयोजना सञ्चालन गर्दा जैविक विविधता र पारिस्थितिकीय सन्तुलन कायम गर्न वा.प्र.मू. गर्नु पर्ने भनी औंल्याइएको छ । सोही कुरा जैविक विविधता रणनीतिले पनि दोहोर्‍याएको छ । तर उक्त नीतिहरूले वनक्षेत्रमा प्राथमिकता आयोजना सञ्चालन गर्नुपर्दा अख्तियार गर्नुपर्ने नीति सम्बन्धमा भने कुनै कुरा उल्लेख गरेको पाइँदैन ।

समीक्षा गरिएका सान्दर्भिक वातावरणीय कानुनमा वातावरण संरक्षण ऐन, २०५३ र नियमावली, २०५४ छन् । उक्त ऐनले तोकेका प्रस्तावहरूको प्रारम्भिक वातावरणीय परीक्षण वा वा.प्र.मू. नगराइ प्रस्ताव कार्यान्वयन गर्न नहुने गरी बन्देज लगाएको छ भने नियमावलीले वा.प्र.मू. गर्दा अपनाउनुपर्ने चरणबद्ध प्रक्रियाहरूको विस्तारसँग उल्लेख गरेको पाइन्छ । यी कानुन लागू भइसकेकोले तोकिएका आयोजनाहरूको वा.प्र.मू. अनिवार्य हुन गएको छ । यो एक सकरात्मक पक्ष हो तर हाल नियमावलीमा भएका कतिपय व्यवस्था भने अव्यवहारिक भएकाले वा.प्र.मू. प्रतिवेदन स्वीकृतिको लागि लामो समय लाग्ने हुँदा प्रस्तावकलाई ठूलो झन्झट बेहोर्नु परेको देखिन्छ । त्यसैगरी वनसम्बन्धी कानुनमा वन ऐन, २०४९ र वन नियमावली, २०५१ समीक्षा गरिएका छन् । यी कानुन वनको संरक्षण, सम्बर्द्धन र वनपैदावारको सदुपयोग गर्ने उद्देश्य राखी लागू भएको देखिन्छ । यस अतिरिक्त कुनै राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना सञ्चालनले वातावरणमा उल्लेखनीय प्रभाव नपर्ने भएमा राष्ट्रिय वन प्रयोग गर्न दिन सकिने भनी वन ऐन २०४९को दफा ६८मा प्रावधान पनि रहेको छ ।

यसअतिरिक्त अन्य कानुनको पनि समीक्षा गरिएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले संरक्षित भनी तोकेका वन्यजन्तुलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षलगायत सरकारद्वारा व्यवस्थित वन र सामुदायिक वनमा पनि हानि-नोक्सानी पुर्‍याउन नपाउने गरी बन्देज लगाएको छ । यस्तो व्यवस्थाले वन्यजन्तु संरक्षणमा ठूलो योगदान पुगेको पाइन्छ । त्यस्तै भू तथा जलाधार संरक्षण ऐन, २०३९ ले वनक्षेत्रलगायत जुनसुकै ठाउँलाई पनि भू-क्षय न्यून गर्न जलाधारक्षेत्र घोषणा गर्नसक्ने व्यवस्था गरेको भए पनि व्यवहारमा यो ऐन लागू हुन सकेको भने छैन

अन्तर्राष्ट्रिय स्तरमा प्राकृतिक स्रोत, जीव र वनस्पति संरक्षणप्रति नेपालले ऐक्यवद्धता जनाउन विभिन्न महासन्धिमाहरूमा भाग लिइ हस्ताक्षरसमेत गरेको छ । यसरी प्रतिवद्धता जनाए पनि महासन्धिमा उल्लेख भएका

राज्यले निर्वाह गर्नुपर्ने दायित्व नेपालले पूरा गरेको पाइँदैन यसले अन्तर्राष्ट्रिय स्तरमा नेपालको छविलाई धमिलो पारेको छ । वा.प्र.मू. प्रणालीलाई आन्तरिकीकरण गर्दै लैजान नेपालले राष्ट्रिय वा.प्र.मू. निर्देशिका, २०५० लगायत वनक्षेत्रको लागि वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५२ समेत लागू गरेको छ । वन व्यवस्थापनको लागि वनपैदावार बिक्री निर्देशिका, २०५७ र सामुदायिक वनको निर्देशिका २०५२ पनि लागू छन् ।

## वातावरणीय प्रभाव-पहिचान र न्यूनीकरणका उपायहरू

यस आयोजनाको सञ्चालनले पार्ने अनूकूल प्रभाव हेर्दा यसबाट स्थानीय रोजगारी श्रृजना हुने, पार्क संचालनबाट आम्दानी बढ्ने, धार्मिक सम्पदा संरक्षण र सम्र्वधन हुने , स्थानीय पर्यटन बिकास लगायत का प्रभावहरु बढ्ने देखिन्छ । त्यसरी नै प्रतिकूल प्रभाव तर्फ हेर्दा पार्क निर्माण गर्दा करीब ४०० रुखहरु कटान हुने , भू-उपयोग र भू-दृश्यमा परिवर्तन हुने, जमीन खन्दा माटोको थुप्रो लाग्ने, निर्माण समाग्री यत्रतत्र छरिँदा त्यस क्षेत्रको सौन्दर्यता घट्ने, मेशिनरी सञ्चालने ध्वनि प्रदूषण बढ्ने, वनको क्षेत्रफल घट्ने, बाहिरी कामदारबाट स्थानीय संस्कृति प्रभावित हनु सक्ने , निर्माणको क्रममा कामदार दुर्घटनामा पर्नसक्ने लगायत देखिन्छ । उल्लिखित अनुकूल प्रभाव बढाउन र प्रतिकूल प्रभाव न्यून गर्न निम्न किसिमका उपायहरू सुझाइएका छन्–

- कटान गरिने रुखहरुको स्थानमा १:२५ बृक्षरोपण गरिने । पार्कभित्र हरियाली बढाउने ।
- ५० प्रतिशत पार्क क्षेत्र संरक्षित रुपमा राखिने ।
- जैबिक बिबिधता बढावा दिने ।
- स्थानीय जनतालाई रोजगारी दिने ।
- पार्कको आयको निश्चित लाभ स्थानीय सामुदायिक वनलाई दिईने ।
- पहिरो रोकथाम र भुक्षय नियंत्रण गर्ने । आदि

## वातावरणीय व्यवस्थापन योजना

प्रतिवेदनको अध्याय ८ मा समावेश वातावरणीय व्यवस्थापन योजनालाई मूलतः अनुकूल प्रभाव बढाउने र प्रतिकूल प्रभाव न्यून गर्ने कार्यक्रम र बजेट, अनुगमनका कार्यक्रम र बजेट राखी प्रस्तुत गरिएको छ । यो योजनाको अवधिभरमा यसलाई स्थानीय स्तरको अनुगमन टोली निर्माण गरी सञ्चालन गरिने छ ।

व्यवस्थापन योजनामा प्रस्तावित अनुकूल प्रभाव बढाउने कार्यक्रमहरू र प्रतिकूल प्रभाव न्यून गर्नका लागि बार्षिक रु. १६,३०,००० ।- खर्च हुने अनुमान छ ।

## निष्कर्ष तथा सुझाव

काठमाण्डौको गोकर्णेश्वर १ को यज्ञडोल सामुदायिक वनमा निर्माण हुन लागेको यो राष्ट्रिय शहीद तथा शान्ति पार्क आयोजना पूरा भएपछि स्थानीय विकासमा टेवा पुग्ने, रोजगारी र आय आर्जन बढ्ने लगायतका सामाजिक आर्थिक पक्षहरुमा सकारात्मक प्रभावहरु पर्ने प्रबल संभावना रहेको देखिन्छ । यसबाट वनक्षेत्रको २७.३७ हे. जग्गा प्रयोग हुने भएपनि सो वन क्षेत्रको ५० प्रतिशत संरक्षीत रुपमा रहने हुँदा वातावरणमा खासै प्रतिकूल प्रभाव पार्ने देखिदैन । समग्रमा यो आयोजना वातावरणीय दृष्टिकोणबाट सम्भाव्य र स्थानीय जनताका लागि फायदाजनक भएको यस प्रतिवेदनको निष्कर्ष रहेको छ । तसर्थ यो प्रा.वा.प. प्रतिवेदन स्वीकृत भएमा यस आयोजना सन्चालनले पार्ने अनुकूल प्रभावलाई अधिकतम गर्ने र यसले पार्ने सामान्य किसिमका प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्ने उपायहरू कार्यान्वयन र तिनको अनुगमन समेत गराउने प्रतिवद्धता प्रस्तावकले व्यक्त गरेको देखिएकाले यो आयोजना कार्यान्वयनमा ल्याउन सुझाव प्रस्तुत गरिन्छ ।

# खण्ड (ग)

# वन दशक कार्यक्रम (२०७१-२०८०)

पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार

# वन तथा भू-संरक्षण मन्त्रालय

योजना महाशाखा

EX: पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाण्डौं

पत्र संख्याः- योजना/२०७३/७४/नं.
चलानी नं.:- ब.का. ४५३
प्राप्त पत्र संख्या र मितिः

मिति : २०७३/०८/११

विषयः कार्यदल गठन सम्बन्धमा ।

संयोजक श्री उपमहानिर्देक
वन संवर्द्धन महाशाखा, वन विभाग ।

प्रस्तुत विषयमा नेपाल सरकार (सचिवस्तर) को मिति २०७२/२/३१ को निर्णयानुसार स्वीकृत वन दशक कार्यक्रम २०७१ को बुँदा नं. १४ मा वन तथा भू-संरक्षण मन्त्री वा वन सचिवज्यूको संयोजकत्वमा वन दशक कोषको सचिवालय गठन गरी सो को संयन्त्र बनाउनु पर्ने भनि उल्लेख भएकोले संयन्त्र सहितको कार्यविधि प्रस्ताव तयार गर्ने र सो कार्यविधि १५ दिन भित्र स्वीकृतिको लागि पेश गर्ने भनि नेपाल सरकार (सचिवस्तर) बाट मिति २०७३/०९/०५ गतेको निर्णयानुसार निम्न बमोजिमको ९ सदस्यीय कार्यदल गठन गरिएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

**कार्यदल संरचना**

| | | |
|---|---|---|
| १. संयोजक | - उपमहानिर्देशक | वन सम्वर्धन महाशाखा, वन विभाग |
| २. सदस्य | - योजना अधिकृत | योजना महााखा, वन तथा भू-संरक्षण मन्त्रालय |
| ३. सदस्य | - उप-सचिव (कानून) | प्रशासन महाशाखा, वन तथा भू-संरक्षण मन्त्रालय |
| ४. सदस्य | - उप-सचिव (प्रा) | भू तथा जलाधार संरक्षण विभाग |
| ५. सदस्य | - उप-सचिव (प्रा) | वनस्पति विभाग |
| ६. सदस्य | - उप-सचिव (प्रा) | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग |
| ७. सदस्य | - उप-सचिव (प्रा) | वन अनुसन्धान तथा सर्वेक्षण विभाग |
| ८. सदस्य | - प्रतिनिधि | राष्ट्रिय शहिद तथा शान्ति पार्क (स्मारक) पार्क निर्माण तथा व्यवस्थापन समिति |
| ९. सदस्य-सचिव | - उप-सचिव (प्रा) | वन सम्बर्धन महाशाखा, वन विभाग |

(बलराम कँडेल)
योजना अधिकृत

**बोधार्थ**

श्री योजना महाशाखा, वन तथा भू-संरक्षण महाशाखा, सिंहदरबारः कार्यदलमा एकजना सदस्य मनोनयन गरी सहयोग गर्नुहुन ।
श्री प्रशासन महााखा, वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरबार : कार्यदलमा उपसचिव (कानून) लाई खटाई सहयोग गर्नुहुन ।
श्री वन विभाग बबरमहल कार्यदलमा एकजना सदस्य सचिव मनोनयन गरी सहयोग गर्नुहुन ।
श्री भू-तथा जलाधार संरक्षण विभाग, बबरमहल कार्यदलमा एकजना सदस्य मनोनयन गरी सहयोग गर्नुहुन ।
श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल : कार्यदलमा एकजना सदस्य मनोनयन गरी सहयोग गर्नुहुन ।
श्री वनस्पति विभाग, थापाथली कार्यदलमा एकजना सदस्य मनोनयन गरी, सहयोग गर्नुहुन ।
श्री वन अनुसन्धान तथा सर्वेक्षण विभाग बबरमहल कार्यदलमा एकजना सदस्य मनोनयन गरी सहयोग गर्नुहुन ।
श्री राष्ट्रिय शहिद तथा शान्ति पार्क (स्मारक) पार्क निर्माण तथा व्यवस्थापन समिति, जगडोल, काठमाडौं कार्यदलमा एकजना सदस्य प्रतिनिधि मनोनयन गरी सहयोग गर्नुहुन ।

पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार

# वन तथा भू-संरक्षण मन्त्रालय

EX: पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाण्डौ

पत्र संख्याः- ०७३/०७४
चलानी नं.:- ६८१
प्राप्त पत्र संख्या र मितिः

योजना महाशाखा

मिति : २०७३।१०।०३

श्रीमान् उपमहानिर्देशकज्यू,
वन सम्बर्धन महाशाखा, वन विभाग,
बबरमहल, काठमाडौं।

**विषयः प्रतिनिधि पठाइएको सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा नेपाल सरकार (सचिवस्तर)को मिति २०७२/०२/३१ को निर्णय अनुसार स्वीकृत 'वन दशक कार्यक्रम-२०७१' अन्तर्गत वन दशक कोषको सचिवालय गठनको लागि गठित कार्यदलको लागि 'राष्ट्रिय शहिद तथा शान्ति पार्क (स्मारक) पार्क निर्माण तथा व्यवस्थापन समिति' गोकर्णेश्वर-९, काठमाडौंको च.न. ४३, मिति २०७३/०९/२५ को पत्रानुसार सो समितिका अध्यक्ष श्री सुदर्शन सिग्देलज्यूलाई प्रतिनिधिको रुपमा पठाईएको व्यहोरा आदेशानुसार जानकारीका लागि अनुरोध छ ।

(नारायण प्रसाद पोखरेल)
स. योजना अधिकृत

पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार

# वन तथा भू-संरक्षण मन्त्रालय

योजना महाशाखा

EX: पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाण्डौ

पत्र संख्या:- योजना/ ०७१/७२

चलानी नं.:- १०६६

प्राप्त पत्र संख्या र मितिः

मिति : २०७२/०२/३२

विषयः प्रस्तावित कार्यक्रम सम्वन्धमा ।

श्री वन विभाग
बबरमहल ।

प्रस्तुत विषयमा राष्ट्रिय शहिद तथा शान्ति पार्क (स्मारक), गोकर्ण, काठमाण्डौंवाट तयार गरिएको तहाँ विभागवाट पेश भएको वन दशक कार्यक्रम-२०७१ अवधारणा तथा सुझाव सहितको प्रस्तवित कार्यक्रम नेपाल सरकार (सचिवस्तर) को मिति २०७२/२/३१ गतेको निर्णयानुसार स्वीकृत भएकोले जानकारीको लागि अनुरोध छ । उक्त प्रस्तावित कार्यक्रमको बुदाँ नं. ३ मा उल्लेखित वन्यजन्तु उद्दार उद्यान निमार्ण सम्वन्धि क्रियाकलाप र बजेट समेत हटाई कार्यालयको छाप सहितको कार्यक्रम पेश गर्नुहुन अनुरोध छ ।

(पशुपति नाथ कोइराला)
योजना अधिकृत

वोधार्थः
श्री राष्ट्रिय शहिद तथा शान्ति पार्क (स्मारक), गोकर्ण, काठमाण्डौं ।

सचिव : ४२११५६७, वातावरणः ४२११८९२, प्रशासनः ४२११८९१, योजनाः ४२११९३६, अनुगमनः ४२११८६४, वैदेशिकः ४२११८६२, फ्याक्स : ४२११८६८

# वन दशक कार्यक्रम -२०७१

(२०७१-२०८० सम्म)

## अवधारणा तथा सुझाव सहितको प्रस्तावित कार्यक्रम

तयार गर्ने :

राष्ट्रिय शहिद तथा शान्ति पार्क (स्मारक), गोकर्ण काठमाण्डौ

**पृष्ठभूमी :**

नेपाल सरकारले चालु आ.व.को वजेट वक्तव्य मार्फत वन दशक मनाउने (२०७१-२०८० सम्म ) घोषण गरेकोमा श्री वन विभागका महानिर्देशक ज्यूको अध्यक्षतामा मिति २०७१।७३ गते वैठक वसी उक्त कार्यकम लाई प्रभावकारी रुपले मनाउनका लागी राष्ट्रिय शहिद तथा शान्ति पार्क (स्मारक), गोकर्णका अध्यक्षज्यूको नेतृत्वमा समिति वनाई देश व्यापी रुपमा प्रचार प्रसार गरी कार्यकमलाई सफल वनाउने उद्देश्य लिएको छ । उपरोक्त वन दशक कार्यकमलाई सफल वनाउनका लागी निम्न अनुसारका कार्यहरु समावेश गर्न तथा पार्क क्षेत्रवाट शुभारम्मभ गर्न सुफाव गरिएको छ ।

**उद्देश्य:**

- सहभागितामुलक रुपमा वन दशक (२०७१-२०८०) कार्यकमलाई अगाडी बढाउने
- वन दशकको वारे चेतनामुलक कृयाकलाप सचाँलन गर्ने
- एक नगर अनेक उद्यान लाइ कार्यरुप दिने

**कार्यान्वयन तरिका:**

- स्थानिय स्तरमा माग सँकलन
- स्थानिय सँघ सस्थाको पहिचान र परिचालन
- श्रोतको पहिचान र परिचालन
- कार्यन्वयन चरण

**उपेक्षित उपलव्धी**

यस अवधारणा पत्रको कार्यान्वयन वाट जनमानसमा वन दशकको वारे सकरात्मक सन्देश प्रवाह हुनका साथै स्थानिय स्तरमा उद्यानको स्थापना हुनेछ । यस कार्यकमको लिपिवध्दताले यसको विस्तारमा सधाउ पुग्ने छ ।

**वन दशक कार्यकमलाई सफल वनाउनका लागी निम्न अनुसारका कार्यहरु गर्न उपयुक्त रहेको छ ।**

१. एक घर एक रुख कार्यकम तत्काल शुरु गरी यस गोकर्ण क्षेत्रमा रहेका जगडोल सा.व.का उपभोक्ता, पदाधिकारी, स्थानिय मानिसहरु पहिचान गरी ठुलो साईजका स्थानिय चाहना अनुसारका विरुवा निशुल्क उपलव्ध गराई घर दैलोमा वृक्षारोपण गर्न प्रोत्साहन गर्नु पर्ने ।

२. विद्यालय, संघसंस्था, सामुदायिक संस्था, सामुदायिक वन उपभोक्ता समूह आदीले सार्वजनिक पर्ती, नदी किनारका जग्गाहरुमा आआफनै प्रयासवाट वृक्षारोपण गरी वाटिका वनाउने प्रयास गरिरहेकोमा सो स्थानहरु पहिचान गरि संलग्न संस्थाहरु संग सहकार्य गरी रोपिएका क्षेत्रहरुको संरक्षण व्यवस्थापन गर्न तत्कालैवाट कार्य प्रारम्मभ गर्ने । सोको लागी आवश्यक अनुदान दिन उपयुक्त हुने । चालु आ.व.मा आत्तरखेलमा रहेको आईलेन्सि विद्यालयवाट माकलवारी वागमती किनारमा वन वाटिका वनाउने कार्यमा

(सुदर्शन सिग्देल)
अध्यक्ष

जिल्ला वन अधिकृत

राष्ट्रिय शहिद तथा शान्ति पार्क (स्मारक), सम्वन्धित टोल सुधार समिति र "हाम्रो जोरपाटी राम्रो जोरपाटी" लगायत संघसंस्थाको सहयोगमा गरिएको छ ।

साथै चालु आ.व.मा यस पार्क नजिक रहेका कम्तीमा ३ वटा विधालय तथा सामुदायिक संस्थाहरु संग सहकार्य गरी विधालय हाता भित्र , वागमती किनार,खाली पर्ती वन क्षेत्र , सार्वजनिक चौर, मन्दिर परिसर आदि सम्भावित क्षेत्रको पहिचान गरी शहरी वन विकासको थालनी गर्ने र सोको लागी आवश्यक वजेट उपलव्धं गराउने ।

३. पार्कभित्र स सानो क्षेत्रमा विगत देखि चालु आ.व.मा समेत वृक्षारोपण गरी वाटिका वनाइएकोमा सोको संरक्षण , व्यवस्थापनमा जोड दिई रेकर्ड अधावधिक गर्ने र स्कुले नानीहरुको इको क्लव ( Eco Club ) वनाई सहभागी गराउनु पर्ने ।

४. स्कुल संघ संस्थाहरु संग घोषित कार्यक्रमको वारेमा व्यापक प्रचार पसारका लागी अन्तकृया,छलफल ,गोष्ठी गर्नु पर्ने ।

५. पार्क भित्र चालु आ.व.वाट जनचाहना अनुसारका स्तरिय र ठुला साईजका सौन्दर्यमुलक विरुवा उत्पादन गरी निशूल्क वितरण गर्न आवश्यक वजेटको व्यवस्था मिलाई शुभारम्भ गर्नु पर्ने ।

६. कार्यक्रमको वारेमा पत्रिका, एफ एम, टेलिभिजन आदि संचार माध्ययम तथा कलाकर्मी समेतको संलग्नतामा कार्यक्रम वनाई व्यापक प्रचार प्रसार गरिनु पर्ने ।

७. चालु आ.व. मा शहिद पार्क र स्थानिय निकायहरु संग समन्वय गरी २ वटा उद्यान वनाउने कार्यको थालनी गर्नु पर्ने ।

८. शहरी उन्मुख क्षेत्रमा रहेका सा.व.हरुलाई उद्यान वनाउन प्रोत्साहन गरी आवश्यकता अनुसार कार्यक्रम संचालन गर्न अनुदान दिनु पर्ने ।

९. जनचाहना अनुसारका सौन्दर्यमुलक प्रजातीका ठुला साईजका विरुवाहरु निशूल्क वितरण गर्नका लागी सकेसम्म पार्ककै नर्सरीमा उत्पादन गर्ने र आवश्यकता अनुसार ठुलो साइजका विरुवा खरिद गरी वितरण गर्नु पर्ने ।

१०. वन दशक कार्यक्रम सफल पार्न वन कार्यालयमा उपलव्ध हुने वजेट तथा कार्यक्रम शहिद पार्क र अन्य सहयोगी निकायहरुको समन्वयमा संचालन गर्दै जानु पर्ने ।

११. वन दशक कार्यक्रम अर्न्तगत संचालित कृयाकलापको कार्यविधि २०७१ लाई राष्ट्रिय शहिद तथा शान्ति पार्क (स्मारक) पार्क निर्माण कार्य सम्पादन समितिको कार्ययोजनामा समायोजन गर्नु पर्ने ।

१२. राष्ट्रिय शहिद तथा शान्ति पार्क (स्मारक) निर्माण कार्यदल कार्यसम्पादन केन्द्रिय समिति ,गोकर्ण/वन दशक कार्यक्रम जैविक विविधता,वन वातावरण सम्वन्धि सूचना तथा पार्क विकास सन्जालको संस्थागत संरचनाको एकरुपता दिई स्वीकृत वन कार्ययोजना तथा पार्क व्यवस्थापन कार्ययोजनामा समावेश गर्नु पर्ने ।

(सुदर्शन खिग्देल)
अध्यक्ष

जिल्ला वन अधिकृत

१३. केन्द्रिय अनुगमण समितिमा शान्ती तथा पून निर्माण मन्त्रालय र राष्ट्रिय शहिद तथा शान्ति पार्क (स्मारक) समेत वाट एक एक जना प्रतिनिधी थप्नु पर्ने ।

१४. वन तथा भू-संरक्षण मन्त्री वा वन सचिव ज्यूको संयोजकत्वमा वन दशक कोषको सचिवालय गठन गरी सोको संयन्त्र वनाउनु पर्ने

१५. यो कार्यक्रम लागु भएका जिल्ला तथा स्थानहरुमा राष्ट्रिय शहिद तथा शान्ति पार्क (स्मारक) पार्क कार्य सम्पादन समितिको समन्वयमा कार्यान्वयन गर्नु पर्ने ।

**कार्यक्रमको संगठानात्मक तथा कार्यान्वयन तह स्टेरिगं कमिटी :**

राष्ट्रिय शहिद तथा शान्ति पार्क (स्मारक) वाट वन दशक कार्यक्रमलाई सफल वनाउनका लागी निम्न अनुसारको संस्थागत संरचना गठन हुन अनुसूचि १ मा प्रस्ताव गरिएको छ । उक्त कार्यक्रमलाई सफल वनाउनका लागी निम्न अनुसारका पदाधिकारी तथा वन प्राविधिकहरु सहितको कार्यान्वयन स्टेरिगं कमिती गठन गरिएको छ ।

| | | |
|---|---|---|
| संयोजक | श्री सुर्दशन सिग्देल | राष्ट्रिय शहिद तथा शान्ति पार्क (स्मारक) ,गोकर्ण |
| सदस्य | श्री त्रिलोचन पौडेल | " |
| सदस्य | श्री गोविन्द वहादुर श्रेष्ठ | " |
| सदस्य | श्री हरिकृष्ण श्रेष्ठ | " |
| सदस्य | श्री राजेश कुमार विष्ट | " |
| सदस्य | जिल्ला वन अधिकृत श्री अनुजराज शर्मा | जिल्ला वन कार्यालय, काठमाण्डौ |
| सदस्य | सहायक वन अधिकृत श्री अरुण कुमार गुप्ता | जगडोल ईलाका वन कार्यालय,गोकर्ण । |

**अनुगमण समिति :**


वन दशक कार्यक्रमको राष्ट्रिय शहिद तथा शान्ति पार्क(स्मारक) र वन विभाग तथा उच्च स्तरिय निकायवाट अनुगमण तथा मूल्याकंन गरिने छ ।

**प्रस्तावित कार्यक्रम :**

वन दशक कायकमले अपेक्षित उदेश्य हासिल गर्नका लागी चालु आ.व.२०७१।०७२ देखि राष्ट्रिय शहिद तथा शान्ति पार्क (स्मारक), गोकर्णबाट शुभारम्भ गरी राष्ट्र व्यापी रुपमा प्रचार प्रसारका लागी अनुसूचि २ मा प्रस्तावित कार्यक्रमका लागी वन विभाग र यस पार्कले सरोकारवालाहरुको व्यापक जनसहभागितामा आर्थिक श्रोत जुटाई कार्यान्वयन गर्दै जानेछ । संचालन गरिने कार्यक्रमवाट प्राप्त हुने अनुभव,प्राप्त हुने सुझाव तथा सफलताको आधारमा आगामी कार्यक्रमहरु तयार पारी लागु गर्दै लगिने छ ।

**वन दशक कार्यक्रम तथा राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक), पार्क निर्माण कार्यदल कार्यसम्पादन समिति**

## संस्थागत संरचना



अनुसूचि २

वन दशक २०७१

प्रस्तावित कार्यक्रम

आ.व. : २०७१/०७२

| सि.नं. | के काम गर्ने (कामको विवरण) | गरिने स्थान | कहिले गर्ने | परिमाण | अनुमानित लागत | सहभागी हुने संस्थाहरु | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | जन चाहना अनुसार स्तरिय विरुवा उत्पादनको लागी नर्सरी स्थापना / विरुवा उत्पादन गर्ने कार्य र विरुवा खरिद समेत | शहिद पार्क परिसर,गोकर्ण | दोश्रो चौमासिक वाट | ५०,००० गोटा | २०,००,०००। | यज्ञडोल सा.व.,गोकर्ण | वन विभाग, यज्ञडोल सा.व., राष्ट्रिय शहिद पार्क आयोजना | |
| २ | वन दशक सफल वनाउन शहिद पार्क भित्रको खाली स्थानमा वन वाटिका निमार्ण गरी शुभारम्भ गर्ने | शहिद पार्क | | १ | २,००,०००। | यज्ञडोल सा.व | वन विभाग | |
| ३ | वन्यजन्तु उद्दार उद्यान निमार्ण | शहिद पार्क | | १ | १०,००,०००। | यज्ञडोल सा.व. | वन विभाग,wwf ,रा.नि विभाग नेपाल ट्रष्ट आदि | |
| ४ | वन दशक कार्यक्रमवारे शैक्षिक निकाय, पत्रकार, नागरिक समाज,कलाकार तथा सरोकारवालाहरु समेत संग छलफल /अन्तक्रया | शहिद पार्क | | ३ | १,५०,०००। | यज्ञडोल सा.व. | वन विभाग | |
| ५ | कार्यक्रम तयार गरि एफ.एम ,पत्रिका,टेलिभिजन समेतवाट प्रचार प्रसार तथा सडक नाटक, एल्वम, गीत तयारी, सांस्कृतिक झाकी र सदभाव शान्तिदूत आदि । | उपयुक्त स्थान | | आ.अ. | २५,००,०००। | यज्ञडोल सा.व., कलाकार,पत्रकार,गायक आदि | वन विभाग, स्थानिय निकाय | |
| ६ | सार्वजनिक चौर,नदी किनार, मन्दिर, स्कूल हाता आदि क्षेत्रमा शहरी वन विकास | पहिचान गरेको स्थानमा | | ५ स्थानमा | १०,००,०००। | यज्ञडोल सा.व.,स्थानिय निकाय, सामुदायिक संस्थाहरु | वन विभाग, स्थानिय निकाय, संघसंस्थाहरु | |

जिल्ला वन अधिकृत

(सुदर्शन सिग्देल)
अध्यक्ष

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | गर्न वृक्षारोपण गर्ने कार्य | | | | | | | |
| ७ | शैक्षिक संस्था तथा अन्य संस्थाहरुवाट तयार गरिएको वन वाटिकाहरुको पहिचान ,संरक्षण तथा व्यवस्थापन गर्न अनुदान दिने | पहिचान गरेको स्थानमा | | १० | १०,००,०००। | यज्ञडोल सा.व.,शैक्षिक संस्था, सामुदायिक संघ संस्था | वन विभाग, स्थानिय निकाय, संलग्न संस्था | |
| ८ | सा.व.हरुमा उद्यान विकास गर्ने कार्यमा अनुदान कार्यक्रम | पहिचान गरेको सा.व.मा | | ५ | २५,००,०००। | यज्ञडोल सा.व.,स्थानिय सा.व.,स्थानिय निकाय ,सामुदायिक संस्था,क्लव | वन विभाग, स्थानिय निकाय आदि | |
| ९ | घोषित वन दशक कार्यक्रम प्रभावकारी कार्यान्यवनका लागी भ्रमण, उप समितिहरु गठन गर्ने कार्य | विभिन्न स्थान | | कार्यक्रम लागु भएका जिल्ला तथा न.पा.हरु | १५,००,०००। | यज्ञडोल सा.व.,राष्ट्रिय शहिद पार्क, स्थानिय निकाय,वन कार्यालय | वन विभाग | |
| १० | कार्य संचालन तथा व्यवस्थापन खर्च | शहिद पार्क | | आ.अ. | २,५०,०००। | यज्ञडोल सा.व. | वन विभाग | |
| ११ | निरिक्षण, अनुगमन तथा भम्रण खर्च | विभिन्न स्थान | | आ.अ. | ३,००,०००। | सहयोगी निकायका प्रतिनीधिहरु | वन विभाग | |
| १२ | विविध | | | | १,५०,०००। | | | |
| | | | कार्यक्रमको | जम्मा रकम | १,२५,५०,०००। | | | |

जिल्ला वन अधिकृत

(सुदर्शन श्रेष्ठ)
अध्यक्ष

# खण्ड (घ)

# खेलकूद ग्राम

नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

(..........................................शाखा)

कमलपोखरी, काठमाडौं
नेपाल ।

पत्र संख्या : १ प्र/०७०/०७१
चलानी नं. : ६६

मितिः २०७१।०४।१२

श्रीमान महानिर्देशकज्यू,
नापी विभाग, मिन भवन, काठमाडौं ।

**विषयः क्षेत्रफल सहित नक्शा उपलब्ध गराईदिने ।**

उपरोक्त सम्बन्धमा मुख्य सचिवज्यूको अध्यक्षतामा बसेको आयोजना सहजीकरण समितिको निर्णयानुसार यस मन्त्रालयका सह-सचिवको संयोजकत्वमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सह-सचिव समेत समावेश गरी गठन गरिएको अन्तर्राष्ट्रिय स्तरको खेलकुद पूर्वाधार निर्माणको लागि जग्गा खोजी गर्ने सम्बन्धी समितिले दिएको प्रतिवेदनमा उल्लेखित जग्गा मध्ये गोकर्णेश्वर, चुनिखेल र बालुवा गा.वि.स.मा पर्ने यज्ञडोल (जगडोल) सामुदायिक वन, गाम्चा सामुदायिक वन, पुतली डाँडा सामुदायिक वन, रातमाटे सामुदायिक वन, लगायतका जग्गा समेत उपयुक्त ठहऱ्याई प्रतिवेदन प्रस्तुत भएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

उक्त जग्गा समेतलाई विकास गर्न राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) पार्क निर्माण कार्यदल कार्यसम्पादन समितिलाई जिम्मा दिइएको र सो पार्कले तयार गरेको अवधारणा अनुसार सो क्षेत्र अन्तर्गत खेलकुद पूर्वाधारको समेत विकास गर्ने रहेको जानकारी हुन आएअनुसार सो क्षेत्रमा अन्तर्राष्ट्रियस्तरको रङ्गशाला लगायत खेलकुदका के कस्ता पूर्वाधार निर्माण गर्न सकिन्छ ? एकीन गरी कार्य अगाडि बढाउनुपर्ने भएको छ । साथै सो कार्यमा सहजीकरणको लागि राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) पार्क निर्माण कार्यदल कार्यसम्पादन समितिका महासचिव श्री त्रिलोचन पौड्याललाई समेत खटाईसकेको जानकारी गराउँछु ।

अतः उक्त उद्देश्यको लागि सो क्षेत्रको नापी नक्शा तथा क्षेत्रफल समेतको विवरण आवश्यक भएको हुँदा तहाँबाट आवश्यक प्राविधिकहरु खटाई नाप नक्शा तथा क्षेत्रफल एकिन गरी एक महिना भित्र पठाइदिने व्यवस्थाको लागि यस मन्त्रालयको मिति २०७१।४।१२ गतेको निर्णय (सचिवस्तर) अनुसार अनुरोध गर्दछु । प्राविधिक खटाउँदा लाग्ने खर्च यस मन्त्रालयबाट उपलब्ध हुने व्यहोरा समेत अनुरोध छ ।

४।१२
उप-सचिव

**बोधार्थ/कार्यार्थ :**
श्री राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक)
पार्क निर्माण कार्यदल कार्यसम्पादन समिति : आवश्यक सहयोग उपलब्ध गराईदिनु हुन ।

श्री त्रिलोचन पौड्याल,
महासचिव, राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक)
पार्क निर्माण कार्यदल कार्यसम्पादन समिति, गोकर्ण-१ जगडोल, काठमाडौं ।

टेलिफोनः ४४१६७८८ (क.प्र.), ४४१६५३१ (युवा), ४४१६७८१ (आ.प्र.) ४४१६७८३ (योजना), ४४१६१६५ (खेलकुद)
फ्याक्सः ४४१६४८९, ४४१६४५०, इमेलः info@moys.gov.np, वेभसाइटः www.moys.gov.np

"जनतालाई सम्मान र सेवाः सुशासनलाई टेवा"

नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

(योजना तथा वैदेशिक समन्वय शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या : ०७१/७२
चलानी नं. : ११५८

२०७१।११।०१

श्री वन तथा भू-संरक्षण मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

विषय :- जग्गा उपलब्ध गराउने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा नेपालमा अन्तर्राष्ट्रिय एवं राष्ट्रिय स्तरको वृहत खेलकुद प्रतियोगिताहरु संचालन गर्नको लागि उपयुक्त रंगशाला एवं खेलग्राम नभएको परिप्रेक्षमा रंगशाला लगायत खेलकुद पार्क निर्माण गर्नको लागि मुख्य सचिवज्यूको अध्यक्षतामा बसेको आयोजना सहजिकरण समितिको निर्णयानुसार यस मन्त्रालयका सह-सचिव श्री वैकुण्ठ प्रसाद काफ्लेको संयोजकत्वमा गठीत समितिले श्रीमान् मुख्य सचिवज्यू एवं अध्यक्ष आयोजना सहजिकरण समिति समक्ष मिति २०७०।०५।०४ मा प्रतिवेदन पेश गरेको हुँदा सो प्रतिवेदन समेत यसैसाथ संलग्न छ ।

साथै काठमाडौं जिल्ला स्थित गोकर्ण, बालुवा र चुनिखेल गा.वि.स.अन्तर्गत पर्ने सामुदायिक वन क्षेत्र एवं सो क्षेत्रसँगै रहेको सार्वजनिक पर्ति जग्गामा अन्तराष्ट्रिय खेलकुद स्थल निर्माण गर्न सम्भव रहे/नरहेको, सम्भव भए कुन क्षेत्रको के कति जग्गा लिँदा उक्त कार्य गर्न सकिन्छ भन्ने बारेमा अध्ययन गरी प्रतिवेदन पेश गर्न युवा तथा खेलकुद मन्त्रालयका उप-सचिव श्री सूर्य प्रसाद शर्माको संयोजकत्वमा गठन भएको समितिले मिति २०७०।१२।०९ मा पेश गरेको प्रतिवेदनको छायाँप्रति यसैसाथ संलग्न छ ।

माथि उल्लेखित दुबै प्रतिवेदनहरुले राष्ट्रिय शहिद तथा शान्ति पार्क (स्मारक) ले ओगटेको सम्बन्धित सामुदायिक वन क्षेत्रभित्रको जग्गामा नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयले भविष्यमा निर्माण गर्न चाहेको अन्तराष्ट्रिय स्तरको खेलकुद ग्राम (पार्क) निर्माण गर्न उपर्युक्त देखिएको भन्ने व्यहोरा सहितको प्रतिवेदन पेश हुन आएको छ ।

क्रमश: ...

फोन नं. :- ४२००५४२ (प्रशासन), ४२००५४३ (आ.प्र.), ४२००५४१ (खेलकुद)

नेपाल सरकार
# युवा तथा खेलकुद मन्त्रालय
(योजना तथा वैदेशिक समन्वय शाखा)

सिंहदरबार, काठमाडौँ
नेपाल ।

पत्र संख्या : ०७१/७२
चलानी नं. :

साथै उक्त पार्कले ओगटेको क्षेत्रमा खेलकुद पूर्वाधार निर्माण गर्ने सम्बन्धमा नापी कार्यालय चाबहिलबाट प्राविधिक टोलीले तयार पारेको नक्शाको क्षेत्रफलको आधारमा उक्त सामुदायिक वन क्षेत्रभित्र खेलकुद पूर्वाधार निर्माण गर्न पर्याप्त मात्रामा जग्गा देखिएको, राष्ट्रिय शहिद तथा शान्ति पार्क (स्मारक) को सहायक पार्क गुरुयोजनामा समेत खेलकुद पूर्वाधार विकास गर्ने अवधारणा स्वीकृत भएको उक्त स्मारकको प्रतिवेदन र उक्त स्थानमा खेलकुद पार्क निर्माण एवं विकास गर्न सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहको सहमति सहित निर्णय प्राप्त भएको हुँदा उक्त निर्णय पाना २८ र राष्ट्रिय शहिद तथा शान्ति पार्क (स्मारक) यज्ञडोल (जगडोल) सामूदायिक वन गोकर्ण, विस्तृत आयोजना प्रतिवेदन कार्यकारिणी शारांश समेत यसैसाथ संलग्न छ ।

यसै सन्दर्भमा काठमाडौं जिल्ला गोकर्णेश्वर नगरपालीका र बुढानिलकण्ठ नगरपालीका (साविकको बलुवा र चुनिखेल गाऊँ विकास समिति) क्षेत्रभित्र पर्ने गाम्चा सामदायिक वन, गुठ सल्लाघारी सामुदायिक वन, पुतलिडाँडा सामुदायिक वन र रातमाटे सामुदायिक वनक्षेत्रभित्र पर्ने अन्दाजि ७६६ रोपनी जग्गा अन्तराष्ट्रिय स्तरको खेलकुद ग्राम निर्माण गर्ने प्रयोजनको लागि नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयलाई उपलब्ध गराउने व्यवस्था मिलाउन आवश्यक प्रकृया अगाडी बढाउने भनि मिति २०७१।०७।०९ र २०७१।१०।२७ गते माननिय युवा तथा खेलकुद मन्त्री पुरुषोत्तम पौडेलज्यूको अध्यक्षतामा सम्बन्धित सरोकारवालाहरु समेतको उपस्थितिमा बसेको बैठकले गरेको निर्णयको छायाँप्रति पाना २ यसैसाथ संलग्न छ । अन्तराष्ट्रिय स्तरको रंगशाला निर्माण गर्न उक्त सामुदायिक वनक्षेत्रले ओगट्ने जग्गाहरु उपलब्ध गराउन सम्बन्धित सामुदायिक वनका पदाधिकारीहरु समेत सहमत भएको हुँदा सो को छायाँप्रति समेत यसै पत्रसाथ सलग्न छ । तसर्थ उल्लेखित क्षेत्रफल ओगटेको वन क्षेत्रभित्रको जमिन अन्तराष्ट्रिय स्तरको रंगशाला निर्माण गर्न आवश्यक पर्ने उल्लेखित जग्गा उपलब्ध गराउने सम्बन्धमा तहाँबाट सहमति उपलब्ध गराइ दिनु हुन निर्णयानुसार अनुरोध छ ।

(रामकृष्ण श्रेष्ठ)
शाखा अधिकृत

फोन नं. :- ४२००५४२ (प्रशासन), ४२००५४३ (आ.प्र.), ४२००५४१ (खेलकुद)

श्री राष्ट्रिय खेलकूद परिषद्,
त्रिपुरेश्वर, काठमाडौं ।

मितिः२०७०।१२।९

विषयः प्रतिवेदन प्रस्तुत गरिएको ।

**अध्ययनको विषयः**

युवा तथा खेलकूद मन्त्रालयको च न ९०९९ मिति २०७०।१०।९ को निर्देशन अनुसार काठमाडौं जिल्ला स्थित गोकर्ण, बालुवा र चुनिखेल गा.वि.स. अन्तर्गत पर्ने सामुदायिक वन क्षेत्र एवं सो क्षेत्र सँगै/नजिकै पर्ने सार्वजनिक पर्ति जग्गामा अन्तर्राष्ट्रिय खेलकूद स्थल निर्माण गर्न सम्भव रहे/नरहेको सम्भव भए कुन क्षेत्रको के कति क्षेत्रफलको जग्गा लिदा निर्माण गर्न सकिन्छ जग्गाको मोटामोटी क्षेत्रफल समेत उल्लेख गरी अध्यन प्रतिवेदन पेश गर्न राष्ट्रिय खेलकूद परिषद्बाट हामीलाई तोकिएको हुँदा निम्नानुसारको अध्ययन प्रतिवेदन प्रस्तुत गरेका छौः-

**अध्ययन विधिः**

अध्ययन टोलीले निम्नानुसारको अभिलेख तथा विधि प्रयोग गरि अध्ययन गरेको थियोः-

क. जग्गा खोजी गर्ने सम्बन्धमा यस अघि गठित समितिको प्रतिवेदन ।

ख. रंगशाला बनाउन के कति जग्गा आवश्यक छ सो सम्बन्धी राष्ट्रिय खेलकूद परिषद्बाट प्राप्त नक्सा ।

ग. वन उपभोक्ता समूह तथा राष्ट्रिय शहीद तथा शान्ति पार्क गोकर्ण, जगडोल पार्क निर्माण कार्यदल कार्यसम्पादन समितिका पदाधिकारी सदस्यहरु सँगको भेटघाट ।

घ. अध्ययन गर्ने क्षेत्रको स्थलगत भ्रमण तथा सामान्य नाप जाँच ।

१

ड. पार्क व्यवस्थापन कार्य योजना सम्बद्ध नेपाल सरकार तथा अन्य निकायहरुबाट भएका निर्णयहरु ।

उपर्युक्त तथ्यांक तथा अन्य स्रोतबाट प्राप्त तथ्यलाई आधार मानी अध्ययन गरिएको थियो ।

अध्ययन गर्दा निम्नानुसारको अवस्था विद्यमान रहेको देखिएको छः-

१. यस अघि २०७०।२।२० गते श्रीमान् मुख्य सचिवज्यूको अध्यक्षतामा बसेको आयोजना सहजिकरण समितिको बैठकले गरेको निर्णय अनुसार युवा तथा खेलकूद मन्त्रालयका तत्कालीन सह सचिव श्री बैकुण्ठ प्रसाद काफ्लेको संयोजकत्वमा गठित समितिले काठमाडौ उपत्यका र आसपासको क्षेत्रको अध्ययन अवलोकन गरि मिति २०७०।५।९ मा मुख्य सचिवज्यू समक्ष प्रतिवेदन पेश गरेको थियो ।

उक्त प्रतिवेदनले राष्ट्रिय शहीद पार्क (निजामती पार्क), जगडोल गोकर्ण क्षेत्र नजिकै पर्ने विभिन्न सामुदायिक वन क्षेत्रको जग्गाबारे निम्नानुसार सिफारिस गरेको थियो । "राष्ट्रिय शहीद तथा शान्ति पार्क (निजामती पार्क), जगडोल, गोकर्ण क्षेत्र नजिकै पर्ने पुतलीडाँडा र गाम्चा सामुदायिक वन काठमाडौ उपत्यकाको बाहिरी चक्रपथको रेखांकन गरेको स्थानको नजिकै रहेको र शिवपुरी राष्ट्रिय निकुन्ज बाहिरको क्षेत्रमा (निकुन्जलाई नछुने) अवस्थित भएको छ । प्रस्तुत प्रस्तावित पार्क एरिया सामुदायिक वन क्षेत्र रहेको जग्गा धरातलीय हिसावले अलि डाँडा परेको भएतापनि गिरिजाप्रसाद कोइराला राष्ट्रिय श्वास प्रश्वास उपचार केन्द्र (अस्पताल) निर्माण गर्न प्रस्तावित जग्गा रहेको सामुदायिक वनसँगै रहेको र प्राविधिकबाट अवलोकन गर्दा समेत पूर्वाधार निर्माण गर्न सकिने भनाई रहेको पाईयो ।

उक्त सबै यथार्थलाई विचार गर्दा र स्थलगत अवलोकन गर्दा बालुवा गा वि स वडा नं ८ को अं १०० रोपनी पर्तिजग्गा र गाम्चा सामुदायिक वनसँगैको केही आवादी जग्गा (अं ५० रोपनी) तथा गाम्चा सामुदायिक वन र पुतलीडाँडा सामुदायिक वनको गरी अन्दाजी ३५० रोपनी जग्गा उपलब्ध हुन सके अन्तर्राष्ट्रिय खेलकूद पूर्वाधार (रंगशाला समेत) निर्माण गर्न सकिने देखिन्छ । उक्त स्थानमा हाल पनि यातायात पुग्न सक्ने र त्यहाँबाट समग्र काठमाडौं उपत्यकाको दृश्यावलोकन समेत गर्न सकिने देखिन्छ ।

२

यसर्थ यो क्षेत्र समेत रंगशालाको लागि उपयुक्त हुने देखिन्छ तर यसको लागि प्राविधिक पक्षबाट समेत अध्ययन गरी सम्भाव्यताको आधारमा निर्णय हुनु पर्ने हुँदा एउटा प्राविधिक समितिको प्रतिवेदनको आधारमा निर्णय गर्न उपयुक्त हुन्छ । यो जग्गामा अन्तर्राष्ट्रिय मापदण्डको रंगशाला निर्माण गर्न स्थानीयवासीको सकारात्मक सहयोग हुने कुरा शान्तीपार्कका पदाधिकारीबाट जानकारी समेत प्राप्त भएको छ ।

२. राष्ट्रिय खेलकूद परिषद् निर्माण शाखाबाट प्राप्त गरिएको अन्तर्राष्ट्रिय स्तरको रंगशाला (४०००० दर्शक क्षमता भएको) को लागि आवश्यक पर्ने जग्गा र सोको सामान्य नक्सा समेत प्राप्त भएको छ । सो प्रतिवेदनमा खेलकुद परिषदबाट प्राप्त नक्सा र Google बाट download गरिएको नक्सा समेत संलग्न गरिएको छ ।

३. राष्ट्रिय शहीद तथा शान्तीपार्क (निजामती पार्क), जगडोलको विकासको लागि छुट्टयाईएको ६५० रोपनी जग्गाको विस्तृत गुरुयोजना अन्तर्गत खेलकूद क्षेत्रको लागि समेत जग्गा छुट्टयाइएको, राष्ट्रिय शहीद तथा शान्तीपार्क पार्क, निर्माण कार्यदल कार्यसम्पादन समितिलाई पार्क विकास गर्ने जिम्मा दिईएको समेत पाईन्छ । साथै उक्त कार्यदलले जगडोल रेञ्जपोष्ट अन्तर्गतका गोकर्ण, चण्डेश्वरी, चुनीखेल, बालुवा, नयाँपाटी, सुन्दरीजल तथा गागलफेदी गा.वि.स मा रहेका अन्य पार्कहरुको समेत संरक्षण र विकासमा आवश्यक पहलकदमी गर्ने समेत सिफारिस गरिएको विस्तृत गुरुयोजनालाई कार्यान्वयन गर्न अर्थ मन्त्रालयको समेत सहमतिमा शान्ति तथा पुनर्निर्माण मन्त्रालय, स्थानीय विकास मन्त्रालय र वन तथा भू-संरक्षण मन्त्रालयको समेत सैद्धान्तिक सहमति रहेको पार्क निर्माण कार्यदल कार्यसम्पादन समितिबाट प्रकाशित पुस्तकबाट जानकारी हुन आएको छ ।

अध्ययन गरिएको सामुदायिक वन वालुवा गा.वि.स. अन्तर्गत पर्ने गाम्चा सामुदायिक वन र गुठ सल्लाघारी सामुदायिक वनका साथै चुनिखेल गा.वि.स. अन्तर्गत पर्ने पुतलीडाँडा सामुदायिक वन क्षेत्र रहेको व्यहोरा समेत अध्ययनबाट थाहा हुन आएको छ ।

उपर्युक्त ३ वटा सामुदायिक वन क्षेत्र सहित ५ वटा पार्क क्षेत्रलाई विकास गर्ने कार्य अगाडि बढाउन तत्कालीन शान्ति तथा पुनर्निर्माण मन्त्री टोपबहादुर रायमाझीको अध्यक्षतामा मिति २०६९।८।८ मा बसेको बैठकले निर्णय गरेको पाईन्छ ।

यस्तै गरी तत्कालीन वन तथा भू-संरक्षण मन्त्री मुहम्मद वकील मुसलमानको अध्यक्षतामा मिति २०६८।८।६ मा बसेको बैठकले राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक), जगडोलको विस्तृत आयोजना प्रतिवेदन बारे जानकारी लिई सो पार्कलाई आवश्यक सहयोग गर्ने निर्णय गरेको पाईन्छ ।

३

साथै तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालको विशेष उपस्थितिमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट नियुक्त परामर्श दाताले मौजुदा गुरुयोजनालाई संशोधन/परिमार्जनको लागि तयार पारेको गुरुयोजना प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा भएको प्रस्तुतीकरणको अवसरमा तत्कालीन शान्ति तथा पुननिर्निर्माण मन्त्री रकम चेम्जोङबाट "सामुदायिक वनको दिगो व्यवस्थापन र शान्ति प्रवर्द्धनका लागि तयार भएको यज्ञडोल सामुदायिक वन गोकर्णको वन कार्ययोजना तथा संशोधित दोस्रो गुरुयोजना स्वीकृत गरी जगडोल र चण्डेश्वरी रेञ्जपोष्ट अन्तर्गतका सामुदायिक वनलाई समेत समावेश गर्न निर्देशन भएको । सो अवसरमा सम्माननीय प्रधानमन्त्रीज्यूको निर्देशन कार्यान्वयन गर्नका लागि नेपाल सरकार शान्ति तथा पुनर्निर्माण मन्त्रालय (मन्त्रीस्तर) को मिति २०६७।६।१८ को निर्णयले पार्क अध्ययन कार्यदल गठन भएको (रामेश्वर फुयालको संयोजकत्वमा)" समेत विभिन्न निर्णयबाट जानकारी हुन आएको छ ।

४. उपर्युक्त दफा ३ मा उल्लेख गरे अनुसार विभिन्न सामुदायिक वनलाई पार्क (उधान) को रुपमा विकास गर्न विभिन्न मन्त्रालयस्तरमा सहमति भई काम अगाडि बढेको र सो पार्कको अवधारणा भित्र खेलकूदको पूर्वाधार विकास गर्ने विषय समेत समावेश रहेको पाईएको छ ।

यसै सन्दर्भमा मुख्य सचिवज्यूको अध्यक्षतामा बसेको आयोजना सहजिकरण समितिको निर्णय अनुसार अन्तर्राष्ट्रियस्तरको खेलकूदको पूर्वाधार निर्माणको लागि जग्गा खोजी गर्ने निर्देशन दिएको र सो निर्देशन अनुसार गठित समितिले उल्लेखित चण्डेश्वरी रेञ्जपोष्ट अन्तर्गतको पूतलीडाँडा सामुदायिक वन र जगडोल रेञ्जपोष्ट अन्तर्गतको गाम्चा सामुदायिक वन तथा गुठ सल्लाघारी सामुदायिक वन क्षेत्रभित्र पूर्वाधार निर्माणको कार्य गर्न सकिने सिफारिस गरेको छ ।

५. यस कार्यदललाई उक्त दफा ४ मा उल्लिखित सामुदायिक वन क्षेत्र र सो नजिकैको सार्वजनिक जग्गा समेतको मोटामोटी नाप समेत गरी प्रतिवेदन प्रस्तुत गर्न निर्देशन दिए अनुसार अध्ययन गर्दा देहाय बमोजिम रहेको व्यहोरा देखिएको छ ।

क. स्थलगत अवलोकन गर्दा प्रस्तुत सामूदायिक बनहरुको अवस्थिती अलिडाडा र भिरालो परेको पाईयो । वनक्षेत्रहरुको सीमाना छुने गरी ग्राभेल मोटरबाटो समेत रहेको पाईयो र बाहिरी चक्रपथको लागि रेखांकन गरेको ठाउँसंग सामुदायिक वन जोडिएको भन्ने समेत जानकारी प्राप्त भएको छ ।

सचिवज्यूको उपस्थितिमा मिति २०७०।११।२७ गते शान्ति तथा पूनर्निर्माण मन्त्रालयमा बसेको पार्क निर्माण कार्यदल कार्य सम्पादन समितिको विस्तारित पूर्ण बैठकले अन्तर्राष्ट्रिय रंगशाला निर्माणका लागि राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) अन्तर्गतको हरित (सहायक) पार्कमा पर्ने सामुदायिक बनहरुमा प्रस्तावित अन्तर्राष्ट्रिय खेलकूद पार्क निर्माणको एकिकृत गुरुयोजना तयार गर्न युवा तथा खेलकूद मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरेको व्यहोरा उक्त कार्य सम्पादन समितिको च. नं. १०१ मिति २०७०।१२।४ को पत्रबाट जानकारी हुन आएको अवस्था रहेको छ ।

**सिफारिशः**

उपर्युक्त विभिन्न अवस्था तथा तथ्यहरुको अध्ययन विश्लेषणबाट कार्यटोलीले निम्न निष्कर्ष निकालेको हुदा सो अनुसार हुन सिफारिस गर्दछौं।

(क) पुतलीडाँडा सामुदायिक वन तथा गाम्चा सामुदायिक वन रहेको स्थानमा अन्तर्राष्ट्रिय स्तरको रंगशाला बनाउन आवश्यक पर्ने जग्गा (४०० मिटर ×३७० मिटर) उपलब्ध हुन सक्दछ । सो जग्गा नजिकै रहेको सार्वजनिक प्रति जग्गा (अंदाजी १०० रोपनी) समेत उपयोग गर्न वीचमा रहेको केही आवादी जग्गालाई समेत व्यवस्थापन गर्न उपयुक्त देखिन्छ ।

(ख) राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) को पार्क निर्माण कार्यदल कार्य सम्पादन समितिले उपर्युक्त 'क' मा उल्लिखित २ वटा सामुदायिक बनका साथै सोही सामुदायिक बन सँग जोडिएका गुठ सल्लाघारी सामूदायिक बन, रातमाटेडाडा सामूदायिक वन लगायत एउटै स्थानमा रहेका सामूदायिक वन रहेको क्षेत्रमा ४००० बर्ग मिटर क्षेत्रफलका दरले जग्गा प्राप्त गरि ८/१० वटा Sports Venue निर्माण गर्न सकिन्छ ।

(ग) माथी खण्ड क र ख मा उल्लेखित सामूदायिक बन क्षेत्रलाई छुने गरी पश्चिम पट्टि मोटर बाटो (ग्रावेल) रहेको छ भने पूर्व पट्टिको भागमा समेत मोटर बाटो रहेको र मूल सडकबाट थप मोटर बाटोको लागि सर्भे भै रहेको, (स्थानीय समूदाय एवं पार्कको पहलमा) जानकारी प्राप्त भएको हुँदा सो क्षेत्र यातायातको हिसावले समेत उपयुक्त देखिन्छ ।

(घ) उपरोक्त सामूदायिक वन क्षेत्रलाई खेलकुद ग्राम (उद्यान) को रुपमा समेत विकास गर्न शान्ति तथा पूनर्निर्माण मन्त्रालय, बन तथा भू-संरक्षण मन्त्रालय तथा युवा तथा खेलकूद मन्त्रालयको संयुक्त पहलमा Pre- Feasibility Study गरी एकीकृत विस्तृत गुरुयोजना बनाउने

६

गुरुयोजना अनुसार शहिद पार्क विकासको जिम्मा शान्ति तथा पूनः निर्माण मन्त्रालय, खेलकुद स्थल निर्माणको जिम्मा युवा तथा खेलकुद मन्त्रालयले र सामूदायिक वन सम्बन्धी बनको विषयमा बन मन्त्रालयले हेर्ने गरि कार्य विभाजन हुन र युवा तथा खेलकुद मन्त्रालयले समग्र कार्यक्रमको नेतृत्व लिन उपयुक्त देखिन्छ ।

**प्रतिवेदन प्रस्तुतकर्ता**

१. सुर्य प्रसाद शर्मा
युवा तथा खेलकुद मन्त्रालय (हाल सह सचिव सामान्य प्रशासन मन्त्रालय)

२. अरुण उपाध्याय, शाखा प्रमुख, निर्माण शाखा, राष्ट्रिय खेलकुद परिषद

३. संजिव आचार्य, इन्जिनियर, रा.खे.प. त्रिपुरेश्वर ।

**सन्दर्भ सामाग्री**

१. आयोजना सहजिकरण समिति समक्ष मिति २०७०।५।९ मा पेश भएको अन्तराष्ट्रिय स्तरको खेलकूद पूर्वाधार निर्माणको लागि जग्गा खोजी गर्ने सम्बन्धी प्रतिवेदन ।

२. राष्ट्रिय खेलकूद परिषदबाट तयार गरिएको अन्तराष्ट्रिय स्तरको रंगशालाको मोटामोटी नक्सा स्केच तथा गुगलबाट Download गरि निकालिएको नक्सा ।

३. जे एण्ड आर कन्सल्ट प्रा.लि. को सहयोगमा तयार गरिएको पूतलीडाडा तथा गाम्चा सामूदायिक बन क्षेत्रको Elevation Difference समेत देखिने मोटामोटी नापी नक्शा ।

४. शान्ति मन्त्रालय, बन मन्त्रालय तथा पार्क निर्माण कार्यदल कार्यसम्पादन समितिबाट विभिन्न मितिमा भएका निर्णयहरु ।

५. पार्क निर्माण कार्यदल कार्य सम्पादन समितिले युवा तथा खेलकुद मन्त्रालयलाई लेखेको मिति २०७०।५।२० र २०७०।१२।४ को पत्रहरु ।

**बोधार्थ/कार्यार्थ**

श्री युवा तथा खेलकुद मन्त्रालय,
कमलपोखरी, काठमाडौं ।